# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS – NEPALI

## SEMESTER-III

# लोकवार्ता र नेपाली लोक साहित्य

## NEP (DE)-PG-C-303

# BLOCK-1

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:
The Registrar,
University of North Bengal,
Raja Rammohunpur,
P.O.-N.B.U., Dist-Darjeeling,
West Bengal, Pin-734013,
India.
Phone: (O) +91 0353-2776331/2699008
Fax: (0353) 2776313, 2699001
Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in
Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.

This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# लोकवार्ता र नेपाली लोक साहित्य

## BLOCK – 1


एकाइ – **1,** लोकवार्ताको परिचय, स्वरूप र विशेषता ......................................**7**

एकाइ - 2, लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध, लोकवार्ता अध्ययनको औचित्य..................................................................**33**

एकाइ - 3, लोकवार्ता - अध्ययनको क्षेत्र, सीमा र विस्तार, लोकवार्ताको विविध प्रकार ..........................................................................**67**

एकाइ - 4, लोक साहित्यको परिचय, स्वरूप र विशेषता........................**96**

एकाइ - 5, लोक साहित्यका विधाहरू र वर्गीकरणका आधार...............**126**

एकाइ - 6, लोक साहित्यका विविध विधाहरूको स्वरूप रवैशिष्ठ्यको अध्ययन ........................................................................................**167**

एकाइ - 7, लोक साहित्यको सामाजिक र सांस्कृतिक परिप्रेक्ष्य...........**199**


## BLOCK – 2


एकाइ - ८: लोक साहित्य अध्ययनको परम्परा र यसका विविध अध्ययन पद्धति

एकाइ - 9: तुलनात्मक पद्धति र रूपतत्ववादी पद्धति

एकाइ - 10: संरचनावादी पद्धति र भूगोल - ऐतिहासिक पद्धति

एकाइ - 11: नेपाली लोकवार्ता, लोक संस्कृति र नेपाली लोक जीवनको परिचय

एकाइ - 12: नेपाली लोकवार्ताका विविध प्रकार

एकाइ - 13: नेपाली संस्कृतिका मूलभूत घटकहरू

एकाइ - 14: नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य

# BLOCK 1 लोकवार्ता र नेपाली लोक साहित्य

यस **लोकवार्ता र नेपाली लोक साहित्य** अन्तर्गत रहेको यस प्रभाग - 1 लाई हामी यसरी अध्ययन गर्न सक्छौं -

**एकाइ - 1, लोकवार्ताको परिचय, स्वरूप र विशेषता ।**

यस एकाइमा लोकवार्ताबारे विषद रूपमा सर्वेक्षणात्मक अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लोकवार्ताको सामान्य परिचय केलाउँदै लोकवार्ताको अर्थ र परिभाषा आदिको अध्ययन गरिने छ । यसका साथै लोकवार्ताको स्वरूप लोकवार्ताको विशेषताबारे पनि एकाइमा अध्ययन - विश्लेषण गरिने छ ।

**एकाइ** 2 **लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध, लोकवार्ता अध्ययनको औचित्य ।**

यस एकाइमा लोकवार्ताबारे नै विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लोकवार्ताको सामान्य परिचय दिएर लोकवार्ताको अर्थ र परिभाषालाई पनि अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्धलाई अध्ययन गर्दै लोकवार्ता अध्ययनको औचित्यलाई विषद रूपमा यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ** 3 **, लोकवार्ता - अध्ययनको क्षेत्र, सीमा र विस्तार, लोकवार्ताको विविध प्रकार ।**

यस एकाइमा लोकवार्ताको सीमा र विस्तार, लोकवार्ताको विविध प्रकारबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्दा लोकवार्ताको अवधारणा दिएर लोकवार्ता अध्ययनको क्षेत्रको अध्ययन यस एकाइमा गरिने छ । यसका अतिरिक्त लोकवार्ताको सीमा र विस्तार साथै लोकवार्ताको विविध प्रकारको पनि यस एकाइमा चर्चा गरिएको छ ।

**एकाइ** 4 **लोक साहित्यको परिचय, स्वरूप र विशेषता ।**

यस एकाइमा लोक साहित्यलाई अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लोक साहित्यको अवधारणालाई केलाउँदै लोक साहित्यको अर्थ र परिभाषाबारे अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यति मात्र नभएर लोक साहित्यको स्वरूप र लोक साहित्यको विशेषतालाई पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ - 5, लोक साहित्यका विधाहरू र वर्गीकरणका आधार ।** यस एकाइमा लोक साहित्यका विविध विधाहरूबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लोक साहित्यको सामान्य परिचय दिएर लोक साहित्यको अवधारणाबारे विस्तृत रूपमा अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त लोक साहित्यका विविध विधाहरू र लोक साहित्यका वर्गीकरणका आधारहरू सम्बन्धि पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ - 6, लोक साहित्यका विविध विधाहरूको स्वरूप र वैशिष्ठ्यको अध्ययन ।**

यस एकाइमा लोक साहित्यका विविध विधाहरूको स्वरूपबारे विशेष रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लोक साहित्यको सामान्य परिचयबारे अध्ययन - विश्लेषण गर्दै लोक साहित्यका विविध विधाहरूको स्वरूपलाई यस एकाइमा अध्ययन गरिने छ । यसका अतिरिक्त लोक साहित्यका वैशिष्ठ्यको अध्ययन सम्बन्धि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ - 7, लोक साहित्यको सामाजिक र सांस्कृतिक परिप्रेक्ष्य ।**

यस एकाइमा लोक साहित्यको सामाजिक पक्ष र सांस्कृतिक पक्ष आदिबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ समाज शब्दको अर्थ र परिभाषा र संस्कृति शब्दको अर्थ र परिभाषाको अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यस बाहेक लोक साहित्यको सामाजिक पक्ष विस्तृत रूपमा अध्ययन गर्दै लोक साहित्यको सांस्कृतिक पक्षबारे पनि यस एकाइमा गरिएको छ ।

# एकाइ – 1, लोकवार्ताको परिचय, स्वरूप र विशेषता

**संरचना**

1.0 उद्देश्य

1.1 परिचय

1.2 लोकवार्ताको परिचय

1.3 लोकवार्ताको स्वरूप

1.4 लोकवार्ताको विशेषता

1.5 उपसंहार

1.6 सार

1.7 अनुशीलनी

1.8 अतिरिक्त अध्ययन

1.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 1.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोकवार्ताको सामान्य परिचय
- लोकवार्ताको अर्थ र परिभाषा
- लोकवार्ताको स्वरूप
- लोकवार्ताको विशेषता

## 1.1 परिचय

सबैभन्दा महत्त्वपूर्ण कुरा, लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जाति विशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ । त्यसैले उसको व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा, उनीहरूको जीवन पद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ। लोकवार्तागत अध्ययन र अनुसन्धानलाई अगाडि बढाएर लागु आजको सन्दर्भमा प्रत्येक जातिको कर्तव्य हुन जान्छ । स्व सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग मानिसले गर्नु सक्नुपर्छ।

कुनै पनि देश र राष्ट्रको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन । बाटो, पुल, विद्यालय बनेर मात्र होइन न्नुपर्छ । मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । यसैले वर्तमानमा लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिको संरक्षण र जगेराको निम्ति सबै जागरूक हुनु नितान्त जरूरी देखिन्छ । लोकवार्ता, लोकजीवन र अभौतिक सांस्कृतिक सम्पदा सबै मानवको सम्पत्ति हो । अङ्ग्रेजी भाषामा प्रयुक्त ‘फोकलोर’ शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको लोकवार्ताले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ । ‘लोक’ पूर्वपद लागेर ‘लोकवार्ता’, ‘लोकसंस्कृति’, ‘लोकजीवन’, ‘लोकसाहित्य’ जस्ता समस्तशब्दहरूको निर्माण भएको छ । ‘लोक’ शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ ।

संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर (लोक + घञ् (अ) = लोक) बनेको यो धातुको अर्थ ‘देख्नु’ वा ‘हेर्नु’ हुन्छ । त्यो हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा ‘लोकजीवन’ भन्न सकिन्छ । लोकवार्ता अन्तर्गत भौतिक संस्कृति

(भाँडावर्तन, कलाकौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् ।

## 1.2 लोकवार्ताको अर्थ र परिभाषा

साधाऱम अर्थमा लोकवार्ता भन्नाले लोकसित सम्बन्धित घटकलाई बुझिन्छ । लोक र वार्ता दुई शब्दको योगले बनिएको लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोक जीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ ।

प्रथमत: **लोकवार्ता** भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ । लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।

मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने

Notes

भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । लोकवार्ता धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो ।  तर धेरै जस्तो पिछडिएको राष्ट्रको अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन सकेको पाइँदैन । यही कारणले गर्दा सहजमार्ग अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई नै अन्तम सत्य मान्दै आएको छौं । कुनै पनि पश्चिमा अध्यनको साँचो वा मापदण्डमा ढालेर गरिने अध्ययन प्रणालीले हाम्रो राष्ट्रियतामा आधारित मूल्यपरम्परालाई पूर्ण न्याय गर्न सक्दैन ।

लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । आजको सन्दर्भमा लोकवार्ता एउटा जातिको घरोहर, संस्कृति, सभ्यता आदिलाई बचाएर राख्नो दर्पण साथै महत्वपूर्ण विषय पनि बनेको छ । यसले कुनै पनि जाति, राष्ट्र, सभ्यता, संस्कार, समुदाय आदिको स्पष्ट पहिचान अभिव्यक्त गर्ने गर्दछ । पाश्चात्य जगतमा लोकवार्ता विभिन्न वाद, आन्दोलन, धारा आदि भन्दा धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो ।

मूलतः मानव र मानवताको संरक्षण एवं संवद्र्धनका लागि निर्मित साहित्य, कला, दर्शन, सङ्गीतलगायत यावत् गतिविधि र क्रियाकलापहरू तथा मानवीय जीवनपद्धति सबै लोकवार्ताभित्रै अटाउँछन् । ज्ञान-विज्ञान दुवैलाई समेट्ने सांस्कृतिक सन्दर्भबाटै मानव जाति र सिङ्गो विश्व मानव समुदाय परिचालित हुनेहुँदा लोकवार्ताभित्र मानव समुदायले गर्ने सम्पूर्ण आध्यात्मिक - भौतिक गतिविधि र क्रियाकलाप पर्छन् ।

लोकवार्तासम्बन्धी विविध घटकहरू रहेको हुन्छ । ती हुन् -

(१) ईस्वरीय लोक

(२) लोकविश्वास

(३) लोकप्रचलित संस्कृति

(४) लोकमान्यता

(५) लोकोक्ति

(६) गायन, वादन र नर्तनमा आधारित लोकसंस्कृति

(७) चाडपर्व, तीर्थ, व्रत, जात्रा आदिमा आधारित लोकसंस्कृति

ईश्वरसँग सम्बद्ध विभिन्न गतिविधि एवं क्रियाकलापलाई ईश्वरीय लोकवार्ताअन्तर्गत समावेश गर्न सकिन्छ । ईश्वरीयता भनेको अमूर्त एवं अलौकिक शक्तिमा विश्वास गर्नु हो । प्राचीन कालदेखि नै मानिस प्रत्यक्ष एवं परोक्ष रूपमा ईश्वरीय चिन्तनसँग प्रभावित रहेको छ । यसप्रकारको लोकवार्ता प्रस्तुति प्रार्थना, आराधना, पूजाआजा, मन्दिरको दर्शन, व्रत तथा विपद्का समयमा ईश्वरको पुकारा गरी ईश्वरमाथि आस्था र भरोसा गरेको सन्दर्भबाट अभिव्यक्त भएको पाइन्छ । (2) लोकप्रचलित विश्वास जनजीवनमा परम्परादेखि नै अमीट छाप पार्ने गरी प्रचलनमा रहेका विभिन्न संस्कारजन्य सन्दर्भहरूलाई लोकप्रचलित विश्वासअन्तर्गत राखिन्छ । मानव समाजमा लोकप्रचलन, सामाजिक अन्धविश्वास, भाग्यवाद, किरिया हाल्ने प्रचलन आदि अनेक सन्दर्भहरूलाई समेटिएको पाइन्छ । नेपाली समाजमा कुमारी घरमा हुने भोजमा पूर्वकुमारीलाई निम्तो आउनु , कुमारीलाई देवी मानिनु वा उबाट सबैले टीका थाप्नु , पूर्णिमाको दिन चिबहाल, देउताघर र मन्दिरमा बत्ती दिनु , बिहेको बेला ढोकामा पञ्चबुद्ध र कलशको चित्र बनाउनु , जन्मदिनमा दहीचिउरा बाँड्नु , आफन्तको मृत्यु हुँदा भोकै बस्नुपर्ने आदि लोसविश्वास हुन् ।

अन्धविश्वास विभिन्न प्रकारका सामाजिक अन्धविश्वासहरू पुरुव्यौली सम्पत्तिका रूपमा एक पुस्ताबाट अर्को पुस्तामा मौखिक वा श्रुतिपरम्पराका रूपमा हस्तान्तरण भइरहेका हुन्छन् । शिक्षित तथा युवा पुस्ताले यस्ता अन्धविश्वासहरूलाई अस्वीकार गर्न खोजे पनि तिनले कुनै न कुनै रूपमा समाजमा स्थान पाइरहेका छन् । वास्तवमा व्यक्ति जस्तोसुकै शिक्षित र सभ्य भए पनि समाजमा प्रचलित अन्धविश्वासबाट विमुख भई त्यसलाई पूर्ण रुपमा अस्वीकार गर्न सक्दैन । बाहिरी देखावटी रूपमा अस्वीकार गरेजस्तो देखिए पनि तिनका मनमा यस्ता संस्कारहरूले जन्मजात रूपमै घर बनाइसकेको हुन्छ । नेपाली समाजमा देवी - देवताको दोष लागेको सम्झेर चिना देखाउन खोज्नु , मानिसलाई बोक्सीले सताउने, बोक्सीलाई डाम्ने विचारको प्रस्तुति गर्नु , कुनै औषधीले ठीक पार्न सकेन भनेर गुभाजुलाई झारफुक गर्न लगाउनु , मोहिनी लगाएर केटीलाई जालमा पार्ने प्रयास गर्नु , बिहेको जन्तीमा चिराग बोकेर हिँड्नु आदि अन्धविशावस हुन् ।

भाग्यवाद अन्तर्गत प्रत्येक मानिस आफ्नो जीवनमा अनेक उद्देश्यका साथ यात्रा गरिरहेको हुन्छ । यात्राको दौडानमा अनेकौं प्रयत्न गर्दा पनि सबै स्थितिमा मानवले सफलता हासिल गर्न सक्तैन । यस्तो स्थितिमा निराशाबाट बच्न ऊ आफ्नो शक्तिभन्दा बाहिरको अलौकिक एवं अमूर्त शक्तिको सहारा लिन खोज्दछ । यसप्रकारको शक्तिमध्ये भाग्यवाद पनि एक हो । यसले मानिसका बा≈य क्रियाकलाप एवं विश्वास दुवैमा प्रभाव पारेको हुन्छ । नेपालीहरूमा मेरो कस्तो भाग्य हो यो, सब भाग्यको खेल हो, म कस्ती अभागिनी, मेरै भाग्यमा मलाई छोडिदेऊ, मेरो कर्ममा त्यस्तो भोग गर्ने लेखेको रहेनछ, जसको खप्परमा जे लेखेर ल्याएको छ त्यही हुन्छ आदि भाग्यवाद हो, जो लोकवार्तासित रहेको हुन्छ ।

नेपाली समाजमा किरिया हाल्ने प्रचलन पाइन्छ । आफ्ना भनाइहरूलाई जोड दिएर त्यसमाथि अरूलाई विश्वास पैदा गराउन मानिसले किरिया खाने, प्रतिज्ञा गर्ने आदि काम गर्दछ । नेपाली समाजमा लोकप्रचलित संस्कृति विधमान रहेको पाइन्छ । समाजमा उच्च, मध्यम र निम्नवर्गका मानिसहरूको बसोबास रहन्छ । समाजमा बसोबास गर्ने विभिन्न वर्गका व्यक्तिहरूमा पाइने आनीबानी, क्रियाकलाप, चालचलन, लवाइखवाइ आदि गतिविधिहरूसँग सम्बद्ध व्यवहारलाई वर्गीय संस्कृतिभित्र समावेश गर्न सकिन्छ । वर्गअनुरूप प्रयुक्त हुने नेपाली भाषाका उच्चतम, उच्च, मध्य र निम्न आदरार्थी सबै रूपको भाषिक विन्यास गरी भाषाका माध्यमबाट समेत लेखकहरूले वर्गीय संस्कृतिलाई स्वाभाविक रूपमा सहजतापूर्वक अगि सारेका छन् । लोकोक्तिलाई लोकवार्ताको प्रमुख घटक मानिन्छ । नेपाली समाजमा विभिन्न प्रकारका लोकोक्ति पनि प्रयुक्त छन् । लोकोक्तिको प्रयोग गर्दा कतिपय लोकोक्तिहरू सामाजिक प्रचलनबमोजिम नै प्रयुक्त भएका छन् भने कतिपयलाई केही भिन्न ढङ्गले प्रस्तुत गरिएको छ । संस्कृतिकै अभिन्न अङ्गको रूपमा लिइने यस्ता लोकोक्तिको प्रयोगमा जीवन्तता, सहजता र स्वाभाविकता पाइन्छ र यिनले यस उपन्यासलाई सहज, स्वाभाविक, कलात्मक बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् । तपाईंको मुखमा दुधभात, हाड नभएको जिब्रो फट्कार्न पाए पुग्यो आदि लोकोक्तिहरू हुन् ।
गायन, वादन र नर्तनलाई जुनसुकै लोकसंस्कृतिको अभिन्न अङ्ग मानिन्छ । कसै - कसैले त यिनलाई मात्र संस्कृति पनि भन्ने गर्छन् । वस्तुतः यी मात्र संस्कृति नभएर यी पनि संस्कृतिभित्र पर्दछन् । नेपाली जातिमा ब्यान्ड बाजा बजाउने, धिमे बाजा बजाउने, लाने बेलामा टुमटुम छ्याँ, टुमटुम छ्याँको धुन बजाउने आदि प्रसङ्गको उल्लेखबाट

वादनसम्बन्धी लोकसंस्कृतिको प्रस्तुत भएको पाइन्छ भने महाकाली, भक्कु भैरवका नाच आदि नृत्यसम्बन्धी संस्कृतिको प्रस्तुति पाइन्छ । चाडपर्व, तीर्थ, व्रत, जात्रा आदिमा आधारित लोकसंस्कृति विभिन्न जातजाति, धर्म र सम्प्रदायका व्यक्तिहरूबाट मनाइने विभिन्न चाडपर्व, तीर्थ, व्रत, जात्रा आदि सम्बद्ध जाति वा राष्ट्रको संस्कृतिका अभिन्न अङ्ग हुन् । नेपाल बहुभाषी, बहुजाति र बहुधर्मी मानिसहरूले बसोबास गर्ने मुलुक भएको हुँदा यहाँ विभिन्न प्रकारका चाडपर्व, जात्रा आदि पनि प्रशस्त मात्रामा रहेका छन् । अझ त्यसमा पनि काठमाडौंको नेवारी समाज त चाडपर्व, जात्रा आदिका लागि विशेष उल्लेखनीय रहेको छ ।

## 1.3 लोकवार्ताको स्वरूप

प्रथमत: **लोकवार्ता** भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ । लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।

मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ ।

लोकवार्ता धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो । तर धेरै जस्तो पिछडिएको राष्ट्रको अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन सकेको पाइँदैन । यही कारणले गर्दा सहजमार्ग अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई नै अन्तम सत्य मान्दै आएको छौं । कुनै पनि पश्चिमा अध्यनको साँचो वा मापदण्डमा ढालेर गरिने अध्ययन प्रणालीले हाम्रो राष्ट्रियतामा आधारित मूल्यपरम्परालाई पूर्ण न्याय गर्न सक्दैन ।

पश्चिमी जगतमा धेरै अगाडिदेखि श्रुतिपरम्पराहुँदै प्रचलनमा रहेको लोकवार्तामा जातीय चित्र, दृष्टि, अवधारणा आदि मुखरित भएको छ कि छैन ? यो प्रश्नको उत्तर खोज्दै आएको देखिन्छ । अहिले आएर लोकवार्ताविद्हरू महिला अनुभवमाथि केन्द्रित हुँदै विभिन्न सांस्कृतिक सन्दर्भहरूमा उनीहरूले गरेका विविध अनुभव र अभिव्यक्ति बारे अध्ययन गर्न थालेका छन् । सन् 1960 को नारी स्वातन्त्रतावादी आन्दोलनबाट आएका नारी आन्दोलनका पक्षधर लोकवार्ता अध्ययेताका साथै नारी लोकवार्ताकारहरूले लोकवार्ता अध्ययनको क्षेत्रबिस्तार तथा यसको कार्यप्रक्रियाको पुनःपरिभाषित गर्ने उद्देश्यबाट पूर्वस्थापित मान्यतामाथि प्रश्न उठाउन थाले । यसरी प्रवेश गरेको नारीवादी आन्दोलनलाई यदा - कदा नेपाली समाजमा नारीले भोग्दै आएका सही अर्थका समस्या नारी सशक्तिकरण, शोषण अत्याचारबाट मुक्ति, स्वास्थ्यशिक्षा र अवसरका समानताजस्ता नारी स्वतन्त्रताको अर्थमा भन्दा बढी उपभोक्तावादी जीवनशैली, अभ्यास र उन्मुक्ततततालाई नारीवादी आन्दोलन ठान्ने प्रवृत्ति बढिरहेको देखिएको छ ।

"संस्कृतिलाई साध्यको दास होइन, यो ती साध्य स्वयम्का लागि सामाजिक आधारका रूपमा हेरिनुपर्दछ ।" भन्ने स्वीकार गर्दै वर्ल्ड कमिसन अन कल्चर एन्ड डेभलपमेन्ट (1995) ले संस्कृतिले मानवीय अस्तित्वको अर्थ दिने हुँदा विकासका आधुनिक आयाममा मानव विकासका अभौति अर्थात् सांस्कृतिक पक्षको समान महत्व रहने कुरालाई महत्व दिएको यहाँ स्मरणीय छ ।

यिनै पृष्ठभूमिमा वर्तमान नारीवादी आन्दोलनले उठाएका विषहरूमा नेपाली लोकवार्ताले कतिसम्म आवाज दिएको छ, तिनमा नारी आवाजको प्रतिनिधित्व भएको छ छैन भन्ने जस्ता प्रश्न स्वाभाविक हुन् ।

सामान्य अध्ययनमा समेत यसको उत्तरमा सकारात्मक सङ्केत पाइन्छ । नेपाली जातीय संस्कार र संस्कृतिका विविध पक्षमा कतिपय असल र आवश्यक तत्वहरू विद्यमान् रहेका छन् । तर पनि यस भित्रका पितृसत्तात्मक चिन्तन र शक्ति नियन्त्रणको मनोविज्ञानले उत्पन्न गरेको नारी तथा पुरुषबीचको असमानता, द्वन्द्व, नारी उत्पीडन, हिंसा, बालविवाह, बहुविवाह, अनमेल विवाहजस्ता दमन र थिचोमिचोलाई थोरै भए पनि नेपाली लोकवार्ताले स्वर दिएको प्रष्ट छ । समाजमा जुन मात्रामा उत्पीडन र अत्याचार हुन्छ, त्यही मात्रामा नभए पनि यस्ता चिन्तनप्रवृत्तिका विरुद्ध केही न केही विरोध र विद्रोहले निकास खोजेकै हुन्छ । लोकजीवनका अनुभव, अनुभूति र समस्याहरूको परम्परागत अभिव्यक्तिका माध्यम लोकसाहित्यका विविध विधामा झिनै भएपनि ती असमानता, उत्पीडन आदिलाई लिएर आवाज उठ्नु स्वाभाविक हो; र ती आवाज पश्चिमी नारीवादको आन्दोलन उठ्नुभन्दा धेरै अगाडिदेखि नै मुखरित हुँदै आएका हुन् ।

यस आलेखको उद्देश्य यी समग्र प्रश्न र पक्षहरूको विस्तृत अध्ययन गर्नु

होइन, यसतर्फ विद्वत् वर्गको ध्यान आकृष्ट गर्नु मात्र हो । किन भने हाम्रो सन्दर्भमा गर्नु पर्ने धेरै काम बाँकी नै छ । आजसम्म हामीले सबै कुरा अरुकै धारणा, दृष्टिकोण र सन्दर्भमा विकसित सिद्धान्त -अवधारणाको आधारमा गर्दै आएका छौं ।

त्यसैले हाम्रो आफ्नो सन्दर्भमा विगत केलाउनु र सांस्कृतिक-सामाजिक आन्दोलनको इतिहासमाथि थप र गंभीर अध्ययन विश्लेषणको आवश्यकता बारे ध्यानाकर्षण गर्नु नै यसको उद्देश्य हो । लोकसाहित्य जनहृदयको उद्गार८ भएकोले यसमा नरी शोषण र त्यसरी शोषित नारीको मुक्तिकामी स्वरले वाणी पाउनु अत्यन्त स्वाभाविक छ । मानिसले आफ्नो भूल गल्तीबाट पाएका शिक्षाहरू तथा आफूले जीवनसङ्घर्षमा पाएका अनुभवहरूलाई लोकसाहित्यको रूपमा सँगालिदिएको छ ।9 यसले लोकजनको सुख-दुःख, हर्ष विस्मात र समाजका आर्थिक, सामाजिक विसङ्गतिहरूलाई लोकवार्ताका विभिन्न विधा मार्फत वाण्ीा दिँदै आएको छ । तिनै लोकसाहित्यका मध्यमबाट प्राचिन लोकजीवनले भोग्दै आएका मनका विषाद्, सामाजिक विसङ्गति, नारीले भोग्नु परेका कष्ट र प्रताडना आदिलाई मनग्गे आवाज दिएर लोकसाहित्यले यस विपरित जनचेतना वृद्धि गर्दै सुधारका लागि जनमत निर्माण गर्नमा सहयोग पु¥याउँदै आएको छ ।

## 1.4 लोकवार्ताको विशेषता

लोकवार्ता, लोकजीवन र अभौतिक सांस्कृतिक सम्पदा सबै मानवको सम्पत्ति हो । अङ्ग्रेजी भाषामा प्रयुक्त ‘फोकलोर’ शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको लोकवार्ताले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ । ‘लोक’

पूर्वपद लागेर 'लोकवार्ता', 'लोकसंस्कृति', 'लोकजीवन', 'लोकसाहित्य' जस्ता समस्तशब्दहरूको निर्माण भएको छ । 'लोक' शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ ।

संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर (लोक + घञ् (अ) = लोक) बनेको यो धातुको अर्थ 'देख्नु' वा 'हेर्नु' हुन्छ । त्यो हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा 'लोकजीवन' भन्न सकिन्छ । त्यसैले त्यही 'लोक' का समान्य जनीवनले स्वतःस्फूर्त रूपमा गर्ने गरेका अभिव्यक्ति, सिर्जना, विधिव्यवहार, रहनसहन, अर्थात् लोकजीवनका सामान्य जनसमुदायको समष्टिगत ज्ञानवैभव लोकसंस्कृति वा लोकवार्ता हो । लोकवार्ता अन्तर्गत भौतिक संस्कृति (भाँडावर्तन, कलाकौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् ।

लोकजीवनसँग युगानुकूल भएर आफ्नै आत्मा र आफ्नै मुटुको स्पन्दनमा आफ्ना जीवनशैलीलाई सरस र सुन्दर तथा सुखमय र कल्याणामय बनाउनका खातिर तिनीहरूद्वारा सिर्जना गरिएको मनोवैज्ञानिक अभिव्यक्तिले लोक संस्कृतिको रूपधारण गर्न पुग्यो जसभित्र थरी थरीका लोकविश्वास, लोकमान्यता र लोकपरम्पराहरू, लोकरीतिरिवाज र लोकप्रथाहरू तथा उखानटुक्का, गाउँखानेकथा, दन्त्यकथा, लोकगीत आदि समावेश हुन आउँदछन् । सङ्क्षेपमा भन्नुपर्दा संस्कृति मानवीय सचेत सिर्जना र व्यवहारका यावत कुरा समाहितगर्ने समग्र मानवीय शिल्पचातुर्य हो, जुनभाषा, चिह्न, सङ्केत, विश्वास, परम्परा, भेषभूष, खानपान, रहनसहनआदिका रूपमा मूर्तिकरणहुन्छ । प्रत्येक जाति, प्रत्येक ठाउँ र प्रत्येक देशको आफ्नै परम्परागत व्यवहार हुन्छ र यसैबाट जातीय

तथा समष्टिगत राष्ट्रिय सभ्यताको निर्माण हुन्छ । अनन्तपूर्वदेखि आचारविचार आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरुप झल्कने मौलिक संस्कृति कला - साहित्य, दर्शन - भाषा, धर्म - सामाजिक रीतिस्थिति आदि मूल्य - परम्पराको माध्यमबाट विकसित लोकवार्ता राष्ट्रिय सभ्यताको बाहक पनि हो ।

लोक कथा जस्ता लोकवार्ताले परम्परा निर्वाह मात्र नगरेर परम्पराको निर्माण पनि गर्ने गर्दछ । कुनै पनि समाज जड हुँदैन । त्यसमा गलत परम्परालाई विस्थापित गर्ने नयाँ परम्परा निर्माणको प्रक्रिया निरन्तर चलि नै रहेको हुन्छ । त्यो परम्परा निर्माणको यात्रा नेपाली समाजमा पनि निरन्तर चलिरहेको छ र त्यसमा आवश्यक विरोध र विद्रोहको बीजरूपलाई लोकसाहित्यले यथार्थपरक तथा अनुभूतिजन्य लोकवाणीका माध्यमले सिञ्चन गर्दै आएको छ । समाजमा कुनै पनि नयाँ परम्परा निर्माणका लागि विरोध र विद्रोह आवश्यक हुन्छ र नेपाली लोकसाहित्यमा प्रकट भएका आवश्यक नारी छट्पटी, असन्तुष्टी, विरोध र विद्रोहको स्वरले पनि प्रत्यक्ष-परोक्षमा गलत परम्पराको विरोधमा सचेतता निर्माण गर्दै आएकोछ; नयाँ परम्पराको निर्माणमा लोकचेतना बढाउने काम गर्दै आएको छ । महाभारतको जुवाको खालमा हारिएकी द्रैपदीको “आफैं हारेर दास बनेका पतिले आफूलाई खालमा थाप्ने अधिकार कसरी पाए” भन्ने आशयको विद्रोही प्रश्नदेखि आजका चेलीबेटी बेचबिखन र वैदेशिक रोजगारीमा पराइ भूमि पुगेर भोगेका यातनाका लोकअभिव्यक्तिहरूलाई के हाम्रो पूर्वीय सन्दर्भमा नारीवादी चेतनाको स्वर मान्न सकिँदैन ? लोकवार्ताका विधा लोककथा, लोकगीत - लोकपद्य, लोकगाथा, लोकनाट्य, लोकोक्ति, उखान, टुक्का, गाउँखाने कथालगायत सबैमा नारी शोषण र विद्रोहको केही न केही झिल्को भेटिन्छ ।

लोकवार्तामा जनजीवनको पीडा - सङ्षको सामाजिक यथार्थ समाहित हुन्छ । झ्याउरे गीत, देउडा, घाँसेगीत, आदिमा अभिव्यक्त मानव जीवनका दुःख - पीडा र त्यसबाट खोजिएका मुक्तिकामनाका भावले नारी आन्दोलन शङ्खघोष गरेका छैनन् र ? हेरौं तलका दुई लोकगीत जसले जन्मदेखि नै दुःःख भोग्दै आएका मानव जीवनको यो असन्तुष्टिमा त्यसबाट मुक्तिको छट्पटी प्रष्टै देखिन्छ -

एउटा दानो जामिरैको तीन बिसौची चुक,
जम्र्याइदेइ दुःखैछन् मङ्न कैल हुनन् सुख ।
और सबै बझाङकी मै एक्ली छान्नाकी,
कैलै सुदिन फर्कन्ना कि इसाइ दिन् जान्ना कि ?

लोकगीत - लोकगाथामा बहुविवाह, बालविवाह, दाइजोप्रथा र जारीप्रथा, चेलीको धन खाने प्रचलन, एकलमहिलाको अवस्था, सतीप्रथा घरेलु हिंसा आदि नारी समस्याका प्राय सबै पक्षको सजीव चित्रणद्वारा सामाजिक यथार्थको प्रकटीकरण गरिनुका साथै तिनका माध्यमबाट यस्ता असमानताजन्य नारी जातिको उत्पीडनको विरोधमा समेत लोकमतको सिर्जना गर्न प्रत्यक्ष - परोक्ष योगदान पुराएका छन् । जस्तो गण्डकी प्रदेशमा प्रचलित लोकनाटक घाटुमा पति राजाको मृत्युपश्चात रानी अम्वावतीको शतीगमन जस्ता प्रसङ्गले कालान्तरमा शती प्रथा उन्मूलन गर्ने चेतनाको विकासमा केही न केही योगदान गरेन होला त ? यसरी नै हरिमल्ल राजा र भव मल्ली रानीको गाथा होस् वा मनकोइला रानीको गाथा, यस्ता प्राय लोकसाहित्यले नारीवादी आन्दोलन चासोका विषय बालविवाह र वहुविवाहजस्ता लोजीवनका नकारात्म पक्षले राम्ररी अभिव्यक्ति पाएका छन् । जस्तोः

एकबीस पाँचैका हरिमल्ल राजा

चर पुगी पाँचैकी भव मल्ली रानी

यी दुईको विवाह भयो ।

माथि नै उल्लेख गरियो, गरीवीले ल्याएका खरावीहरूमध्ये जारी प्रथा र चेलीको धन खाने प्रचलन पनि हो । जारी बुझाउने वाध्यतामा कतिले घरबार गुमाउनु परेको छ, कतिले यसको नाजायज फाइदा उठाइरहेका पनि छन् । यरी नै चेलीको धन खानेजस्ता कुप्रथले अनमेल विवाह मात्र होइन मुखमोजिमको धन बुझाउन नसक्ने बाबसआमाका कति चेलीहरू वर नपाएर अविवाहितै रहनु परेका घटना नेपाली समाजका यथार्थ हुन् । यी कुप्रथा र तिनका दुष्प्रभावहरूलाई नेपाली लोकगीतले प्रशस्त मात्रामा स्थान र वाणी दिएका छन् । ती आवाजले नारीमाथि भइरहेका यस्ता कुप्रथाको अन्त्यका लागि परोक्ष जनमत सिर्जना गर्ने काममा अवश्य नै धेरथोर सहयोग पुराएको हुनुपर्छ । यो प्रयासलाई नेपाली सन्दर्भमा पश्चिमा नारीवादी आन्दोलनभन्दा पनि अगाडिदेखि चलेको लोकआन्दोलन मान्दा फरक नपर्ला ? जारी प्रथा र चेलीको धन खाने प्रथासम्बन्धी यी दुई लोकगीतका उदहरण हेरौं -

काँलाई छ बालेको बत्ती काँलाई छ देवती

पैसा छन् ता छन्काई लैजा मेरा नाउँको खेती ।

कलेना मुख्येकी चेली मालभन्नी मालै हो

मुख्खेकी धनचडी भै गै अरुखी कालै हो ।

सुरुमैं भनेजस्तो हाम्रो जस्तो पिछडिएको राष्ट्रको अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन नसकेको कारणले गर्दा सहज मार्गको अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई सहजै स्वीकार गर्दै आएका छौं । नारीवादी दृष्टिकोण

तथा नारी शोषण, लिङ्गभेद र मुक्तिका सम्बन्धमा पनि यो कुरा लागू हुन्छ । यही पृष्ठभूमिमा यहाँ श्रुतिपरम्पराबाट पश्चिमी नारीवादी आन्दोलनभन्दा धेरै अगाडिदेखि प्रचनमा रहेको लोकवार्तामा नारीवादी दृष्टिकोण वा नारी शोषण र नारी मुक्तिको कामना मुखरित भएको छ कि छैन भन्ने कुरा सरसरती हेर्ने सामान्य उद्देश्य राखिएको छ ।

नेपाली समाजमा सहरी जनसंख्याको सम्पन्न तथा नवधनिक वर्गको एउटा हिस्सा आधुनिक नारीवादका नाउँमा बाहिरी संस्कृतिको अन्धाधुन्द अनुकरण गरिरहेको छ । यही समाजको अर्को सर्वाधिक ठूलो हिस्सा आर्थिक सामाजिक शोषणको हतियारका रूपमा विकसित गलत संस्कार र व्यवहारलाई नै वास्तविक संस्कृति ठानेर अझै शोषण - उत्पीडनको जीवन भोगिरहेको छ । अमेरिकी नेतृत्वले अघि बढाएको खुला बजार अर्थव्यवस्था र भूमण्डलीकरण प्रक्रियासँगै विकसित भएको उपभोक्तावादको छद्म प्रभाव नारीवादी आन्दोलनमा समेत पर्दै गएको छ । तसर्थ यस्ता दुष्प्रभावबाट बच्न र सही अर्थमा नारी मुक्तिका लागि सशक्तिकरण प्रयासका साथै नारीवादी आन्दोलनलाई हाम्रो आफ्नै सामाजिक धरातलीय मूल्य अनुरुपको सही बाटो दिन हाम्रा आफ्नै परम्परागत प्रयासबारे शोधखोज र अध्ययन तर्फ थप प्रयास जरुरी छ ।

लोकगीत, उखान - टुक्का, लोककथा, लोकगाथा, लोक कविता, गाउँ खाने कथा, लोकनाटक आदि बिभिन्न रूपमा लोकवार्तामा व्यक्त हुँदै आएको छ । लोकवार्ता वा लोकसाहित्य आमजनताको पहुँचमा रहेको हुन्छ । यो जीवनसंस्कार, मृत्युसंस्कार, विवाहसंस्कार, कृषि कार्य, मेलापात, बनपाखा आदि स्थानहरूमा स्वतःस्फूर्त व्यक्त भइरहेको हुन्छ । समयसन्दर्भ मिलाएर गाइने लोकगीत, दोहोरी, गाइने, घा"से, असारे रोपाई आदि गीतहरूको ठूलो अर्थ हुन्छ । त्यस्तै बिभिन्न संस्कारहरूमा विधि, नियम,

आदि कुराहरूको परम्परा व्यक्त हुन्छ । तिनीहरूले इतिहास र पुर्खालाई पनि अवगत गराउने काम गर्दछन् । बनपाखामा गाइने गीतहरूबाट मर्मस्पर्शी भाव स्वतःस्फूर्त व्यक्त हुने गर्दछ । नेपाली समाजमा विशेष गरेर गाउ"घरमा सर्वसाधारण, हली, गोठाला, किसानहरूले गीत, कथा वा उखानटुक्काको माध्ययमबाट आफ्नो भनाइलाई अप्रत्यक्ष रूपले प्रतिकात्मक रूपमा व्यक्त गर्छन् । गोठाला, खेतालाहरू वनपाखा पखेरामा घा"स दाउरा लिन जा"दा आउ"दा गाइने झ्याउरे गीतहरू अत्यन्त मार्मिक हुन्छन् ।

नेपाली समाजमा पहिले पहिले झ्याउरे गीत गाउने चलन (दोहोरी गीत) थियो । प्रायजसो गीतहरू मायाप्रीतिकै हुन्थे । जीवनमा मानिसले झेलिरहेका कठिनाइको बारेमा झ्याउरे गीतको माध्यमबाट प्रकट गर्ने प्रचलन थियो र अहिले पनि कहींकहीं छ । सर्वसाधारण मान्छेहरू चार्डपर्व मेलाहरूमा आफ्ना वेदना र पीरमर्काहरू झ्याउरे गीतको माध्यमबाटै प्रकट गर्छन् । लोकसाहित्य, गीत, कथा, नाटक, उखानटुक्का आदिको माध्ययमबाट मानिसहरूले शासनव्यवस्थाका विरूद्ध आफ्ना विचारहरू राखेको पाइन्छ । कतिपय गीतहरू शासनप्रणालीप्रति व्यङ्ग गरेर समाजमा परिवर्तन ल्याउने काम पनि हुन्छ । पहिलेपहिले लोकगीत र लोककथा तथा लोकनाटकहरूमा व्यक्त हुने धारणाले शासकवर्गलाई घोचपेच, सामाजिक कुरीतिको पर्दाफास गर्ने काम धैरै नै हुने गरेको पाइन्छ । उहिलेको सामन्ती युगमा स्वतन्त्र र खुला ढङ्गले मानिसहरूले विचार राख्न नपाएपछि लोकसाहित्यलाई माध्ययम बनाएर एक अर्कामा सूचना प्रवाह गर्ने र असन्तुष्टि बा"ड्ने काम हुन्थ्यो ।

लोकसाहित्यको माध्ययमबाट शत्रुपक्षको बद्ख्वाइ" गर्ने परम्परालाई नेपाली लोकगीति परम्परामा रोइला भनेर बुझ्न सकिन्छ । शत्रुलाई

होच्याउनुपर्दा, आलोचना गर्दा वा आफ्नो पक्षलाई जागरूप तुल्याउनका लागि पनि लोकगीत, लोकनाटक, लोककथा आदि लोकसाहित्यको व्यापक प्रयोग हुने गरेको पाइन्छ ।नेपालमा पंचायती व्यवस्थाको निरंकुश दमनका बेला रक्तिमका साथै अन्य बिभिन्न कलाकारहरूले निरंकुश पंचायती व्यवस्थाको जुवामुनि नेपाली जनताले भोगेका पीडा, अन्याय, अत्याचारको विरूद्धमा जनतालाई चेतनशील बनाउने रे संगठित गर्ने अभियानमा ऐतिहासिक भूमिका रहेको छ ।

गीत संगीतको माध्यमबाट चराचर जगतलाई बुझ्ने, जनताको शत्रु को हो मित्र को हो ? भन्ने कुरा सर्वासधारण जनतलाई संगीतकोको माध्यमबाट जति चा"डो विषयवस्तु बुझाउन सकिन्छ, लामालामा भाषण, ठूला ठूला बौद्धिक प्रवचनबाट बहुसंख्यक शोषित पीडित जनतलाई सम्झाउन, बुझाउन मुस्किल पर्दछ । लोकसाहित्यमा उखानटुक्का धेरै शक्तिशाली हुन्छ । यसको अर्थलाई सर्वसाधारण जनताले सजिलै व्यक्ताउन सक्दछन् । सजिलै गरी सर्वसाधारण जनताको पहु"चमा रहने र सजिलै बुझिने भएकोले उखानटुक्का लोकप्रिय रहन गएको हो । उखानटुक्काको धेरै पहिलेदेखि प्रचलन छ । यसको प्रयोग संसारभरि नै हुन्छ । तर सबैले गर्न सक्दैनन् । यसको माध्ययमबाट भन्न खोजेको कुरालाई छोटकरी र साङ्केतिक रूपमा बुझाउन सकिन्छ । उखान टुक्का एउटा प्रतिकात्मक शब्द पनि हो । नेपाली समाजमा साधारण मान्छेदेखि लिएर ठूला-ठूला बुद्धिजीवीहरू लेखक साहित्यकारहरूले पनि आफ्नो भनाइलाई समाजमा बुझाउन उखान टुक्काको प्रयोग गर्दछन् । कसैले "एउटा उखान टुक्का भन त" भनेर कर लगाएर उखान टुक्का आउन्न । सबै ठाउ"मा सबै परिस्थितिमा उखान टुक्का उपयुक्त हु"दैन र त्यसो हुनाले कर्ताले पनि त्यसरी उखान टुक्का हाल्दैन । तर सन्दर्भवश आफूले भनेको भनाइलाई

पुष्टि गर्नेबेलामा भने  कहिलेका“ही उखान टुक्का फुर्ने गर्दछ । उखान टुक्कामा व्यङ्ग्य, पुष्टि आदि पक्षहरू घनिभूत भएर रहेका हुन्छन् । त्यसैले कहिलेका“ही समाज, शासक र शत्रुपक्षलाई सीधा बचनबाट आक्रमण गर्नुपर्ने हु“दैन, उखानटुक्काले मात्रै पनि अर्थ प्रष्ट पार्ने काम गर्दछ र जनता जागरूप हुने गर्दछन् । त्यस्तै गाउ“खाने कथा, नाटकहरूको प्रदर्शन, लोककथाहरूले पनि नैतिक शिक्षा उपलब्ध गराउनका साथै परिवर्तनका लागि चेतना प्रदान गर्ने काम गर्दछन् ।

सर्वसाधारण र निरक्षर जनताले कलात्मक साहित्यलाई बुझ्न सकिरहेका हु“दैनन् । त्यसैले उनीहरूले मौखिक साहित्यलाई बढी रूचाउ“छन् । किनभने त्यो साहित्य भनेको लोकसाहित्य नै हो । माथि चर्चा भइसकेको छ कि लोकसाहित्य लोकजीवनको रहनसहन, संस्कार र कार्यव्यवहारको अभिव्यक्तिको रूपमा अगाडि आएको हुन्छ र यो जनजिब्रोमा जीवित भइरहेको हुन्छ । त्यसरी लोकसाहित्यले समाज परिवर्तनको लागि ठूलो भूमिका खेलेको कुरा प्रष्ट छ ।

साहित्य जुन प्रकारको भएपनि हरेक क्षेत्रमा काम गर्दा दृष्टिकोणको पक्षमा स्पष्ट हुनुपर्छ । दृष्टिकोण सही भएको खण्डमा मात्र साहित्यको अभिव्यक्ति मानवताका पक्षमा हुनसक्दछ । दृष्टिकोण भनेको जीवन, जगत, जनता, स्वतन्त्रता, अधिकार, न्याय, समानता आदि पक्षलाई मानवजातिको समृद्धि र हितस“ग जोडेर हेर्ने वा यिनीहरूबाट अलग पारेर विचार गर्ने वा हेर्ने विपरित दार्शनिक धारणाहरू हुन् । जसले मानवहितको विषयलाई सबैभन्दा माथि राखेर विचार गर्दछ, त्यसअनुसार आफ्नो कार्ययोजना अगाडि बढाउ“छ, त्यो उच्च र सही दृष्टिकोण हो । ठीक त्यस्तै प्रकारले दृष्टिकोणको कुरा कलाकारहरूमाथि पनि लागू हुन्छ

। दृष्टिकोण सही भए कलाकारको लोकगीत वा कलात्मक कविताले जनतालाई अग्रगतिमा हिडाउनका लागि योगदान दिन सक्दछ ।

## 1.5 उपसंहार

संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर (लोक + घञ् (अ) = लोक) बनेको यो धातुको अर्थ 'देख्नु' वा 'हेर्नु' हुन्छ । त्यो हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा 'लोकजीवन' भन्न सकिन्छ । लोकवार्ता अन्तर्गत भौतिक संस्कृति (भाँडावर्तन, कलाकौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् ।

**लोकवार्ता** भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ । लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जाति विशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ । त्यसैले उसको व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा, उनीहरूको जीवन पद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ। लोकवार्तागत अध्ययन र

अनुसन्धानलाई अगाडि बढाएर लागु आजको सन्दर्भमा प्रत्येक जातिको कर्तव्य हुन जान्छ । स्व सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग मानिसले गर्नु सक्नुपर्छ।

कुनै पनि देश र राष्ट्रको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन । बाटो, पुल, विद्यालय बनेर मात्र होइन न्नुपर्छ । मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । यसैले वर्तमानमा लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिको संरक्षण र जगेराको निम्ति सबै जागरूक हुनु नितान्त जरूरी देखिन्छ । लोकवार्ता, लोकजीवन र अभौतिक सांस्कृतिक सम्पदा सबै मानवको सम्पत्ति हो । अङ्ग्रेजी भाषामा प्रयुक्त 'फोकलोर' शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको लोकवार्ताले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ । 'लोक' पूर्वपद लागेर 'लोकवार्ता', 'लोकसंस्कृति', 'लोकजीवन', 'लोकसाहित्य' जस्ता समस्तशब्दहरूको निर्माण भएको छ । 'लोक' शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ ।

## 1.6 सार

यस प्रखण्डमा **लोकवार्ताको परिचय, स्वरूप र विशेषता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर (लोक + घञ् (अ) = लोक) बनेको यो धातुको अर्थ 'देख्नु' वा 'हेर्नु' हुन्छ ।

- यही हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा 'लोकजीवन' भन्न सकिन्छ ।
- लोकवार्ता अन्तर्गत भौतिक संस्कृति (भाँडावर्तन, कलाकौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् ।
- **लोकवार्ता** भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ।
- लोकवार्ताले मानवका सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ ।
- लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भए बेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।
- लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जाति विशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ ।
- मानवको व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा, उनीहरूको जीवन पद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ।
- लोकवार्तागत अध्ययन र अनुसन्धानलाई अगाडि बढाएर लागु आजको सन्दर्भमा प्रत्येक जातिको कर्तव्य हुन जान्छ ।
- स्व सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग मानिसले गर्नु सक्नुपर्छ।

- ❖ कुनै पनि देश र राष्ट्रको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन । बाटो, पुल, विद्यालय बनेर मात्र होइन मान्नुपर्छ । मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । यसैले वर्तमानमा लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिको संरक्षण र जगेराको निम्ति सबै जागरूक हुनु नितान्त जरूरी देखिन्छ।
- ❖ लोकवार्ता, लोकजीवन र अभौतिक सांस्कृतिक सम्पदा सबै मानवको सम्पत्ति हो । अङ्ग्रेजी भाषामा प्रयुक्त 'फोकलोर' शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको लोकवार्ताले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ ।
- ❖ 'लोक' पूर्वपद लागेर 'लोकवार्ता', 'लोकसंस्कृति', 'लोकजीवन', 'लोकसाहित्य' जस्ता समस्तशब्दहरूको निर्माण भएको छ । 'लोक' शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ ।

यस प्रखण्डको अध्ययनले **लोकवार्ताको परिचय, स्वरूप र विशेषता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकवार्ताको परिभाषा र यसको स्वरूप र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 1.7 अनुशीलनी

1. लोकवार्ताको अर्थबारे चर्चा गर्दै यसको परिभाषाबारे टिप्पणी प्रस्तुत गर्नुहोस् ।
2. लोकवार्ताको जन्म कहिले र कहाँबाटबाट भएको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।
3. लोकवार्ताको स्वरूपबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. लोकवार्ताको वैशिष्ट्यबारे अध्ययन प्रस्तुत गर्नुहोस् ।

5. लोकवार्ताको पृष्ठभूमिबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. लोकवार्ताको विशेषताबारे चर्चा गर्दै यसको उपयोगिता र महत्वलाई चिनाउनुहोस् ।

7. आजको सन्दर्भमा लोकवार्ताको महत्त्व र मूल्य के कस्तो रहेको छ ? आफ्नो तर्क प्रस्तुतु गर्नुहोस् ।

८. लोकवार्ताको मुख्य - मुख्य घटकबारे विश्लेषण गर्नुहोस् ।

9. नेपाली लोकवार्ता सम्बन्धि अध्ययन गर्दै नेपाली लोकवार्ताका विविध बान्कीहरूलाई चित्रण गर्नुहोस् ।

10. लोकवार्ता र लोकसाहित्यमा रहेको समान्ता र भिन्नतालाई खुट्याउनुहोस् ।

## 1.8 अतिरिक्त अध्ययन


1. भट्टराई, गोविन्दप्रसाद (डा.) - नारीवादी समालोचना ।

2. भट्टराई, गोविन्दप्रसाद (डा.) - पश्चिमी बलेसीका बाछिटा ।

3. नेपाली साहित्यकोश, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, 2055 ।

4. नेपाली बृहत् शब्दकोष, वि. सं. 2060, नेराप्रप्र ।

5. उपाध्याय, कृष्णदेव - लोकसाहित्यकी भूमिका, इलाहवाद ।

6. चालिसे, विजय - डोटेली लोकसंस्कृति र साहित्य ।

7. दिवस, तुलसी - नेपाली लोककथाः केही अध्ययन ।

८. गिरी, जीवेन्द्रदेव - लोक साहित्यको अवलोकन ।

9. गिरी, जीवेन्द्रदेव - नेपाली लोक साहित्यमा जन जीवन ।

10. उपाध्याय, कृष्णदेव - लोक साहित्य की भूमिका ।

11. थापा, दिनबहादुर - गलाकोट क्षेत्रमा प्रचलित लोकगीतहरुको सर्वेक्षण र अध्ययन ।

12. थापा, धर्मराज र हंसपुरे सुवेदी - नेपाली लोकसाहित्य ।

13. पन्त, कालीभक्त - हाम्रो सांस्कृतिक इतिहास ।

14. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।

15. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - नेपाली लोक साहित्यको रूपरेखा ।

16. पौड्याल, राजेन्द्र - नेपाली लोकगीतको परम्परा र विकास ।

17. पौड्याल, षडानन्द - नेपाली लोकगीतमा धवलागिरि अञ्चलको योगदान : एक अध्ययन ।

1८. मल्ल, राधिका - म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन ।

19. बन्धु, चूडामणि - लोकसाहित्य ।

20. राणा, युद्धवीर - नेपाली समाज र संस्कृति ।

21. शर्मा, जनकलाल - हाम्रो समाज र संस्कृति ।

22. गुरूङ, एम. एम. - बिर्सिएको संस्कृति ।

## 1.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

१. लोकवार्ताको सामान्य परिचय ।

.........................................................................................
.........................................................................................
.........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

Notes

२. लोकवार्ताको परिचयात्मक अध्ययन ।

..........................................................................................
..........................................................................................
..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. लोकवार्ताको स्वरूप ।

..........................................................................................
..........................................................................................
..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. लोकवार्ताको विशेषता ।

..........................................................................................
..........................................................................................
..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.4 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

५. लोकवार्ता र नारीवाद ।

..........................................................................................
..........................................................................................
..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.4 को खण्डअन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 2, लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध, लोकवार्ता अध्ययनको औचित्य

**संरचना**


2.0 उद्देश्य

2.1 परिचय

2.2 लोकवार्ताको अर्थ र परिभाषा

2.3 लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध

2.4 लोकवार्ता अध्ययनको औचित्य

2.5 उपसंहार

2.6 सार

2.7 अनुशीलनी

2.8 अतिरिक्त अध्ययन

2.9 मूल्यबृद्धिको निम्ति उत्तर


## 2.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोकवार्ताको सामान्य परिचय
- लोकवार्ताको अर्थ र परिभाषा
- लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध
- लोकवार्ता अध्ययनको औचित्य

## 2.1 परिचय

लोकवार्ता श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । पश्चिमी संसारमा लोकवार्ता धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो । **लोकवार्ता** शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जातिविशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ। त्यसैले उसको व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिले उनीहरूको जीवन - पद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ । लोकवार्तागत अध्ययन र अनुसन्धानलाई अगाडि बढाएर हाम्रो सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग गर्नुपर्छ । कुनै पनि देशको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन । यसको निम्त मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ।

**लोकवार्ता** भनेको प्राचीन कुरा मात्र होइन, वर्तमानको पनि हो र वर्तमानको मात्र होइन, भविष्यसम्म जाने कुरा पनि हो। लोकवार्ता र संस्कृतिहरूलाई हेर्दा हामीले जहिले पनि गाउँको, किसानहरूको, नपढेकाहरूको वा मानौँ विकासमा पहुँच नपाएकाहरूको सम्पदाका रूपमा

हेर्ने गर्छौं, होइन त्यो। प्रविधिको विकाससँगसँगै सांस्कृतिक विकासले पनि आफ्नो रूपमा परिवर्तन ल्याउने र आफ्नो प्रवृत्ति र प्रकृतिमा परिवर्तन आउँछ र आउनु पनि पर्छ। त्यो समय, स्थान र कालअनुसार अगाडि बढ्नै पर्छ र गतिशील हुनै पर्छ। संस्कृति भनेको स्थिर, उभिरहने वा एकै ठाउँमा बसिरहने वस्तु होइन, त्यसमा गतिशीलता हुनुपर्छ। त्यसले समय र आवश्यकताअनुसार संस्कृतिलाई गतिशील बनाएर अगाडि लान्छ र मान्छेको जीवनपद्धतिमा आउने परिवर्तनसँगै त्यसलाई अझ गणग्राही र गुणसम्पन्न गराउनमा यसको सदुपयोग गर्नुपर्छ।

## 2.2 लोकवार्ताको अर्थ र परिभाषा

लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीति - रिवाजलाई लोकवार्ता भनिन्छ ।

लोकवार्ता श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । पश्चिमी संसारमा लोकवार्ता धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो । **लोकवार्ता** शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ।

लोकवार्ता कुनै नयाँ अवधारणा नभएकोले यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । धेरै जस्तो पिछडिएको राष्ट्रको अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन सकेको पाइँदैन । यही कारणले गर्दा सहजमार्ग अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई नै अन्तम सत्य मान्दै आएको छौं ।

धेरै अगाडिदेखि श्रुतिपरम्पराहुँदै प्रचलनमा रहेको लोकवार्तामा लोकको जीवन्तता, पहिचान, परिचय आदि लुकेको हुन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जातिविशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ। त्यसैले उसको व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिले उनीहरूको जीवन - पद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ । लोकवार्तागत अध्ययन र अनुसन्धानलाई अगाडि बढाएर हाम्रो सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग गर्नुपर्छ । कुनै पनि देशको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन । यसको निम्त मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ।

## 2.3 लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध

लोकवार्ताले विभिन्न ज्ञानानुशासनको क्षेत्रमा अमिट सम्बन्ध रहने गर्दछ । यसले यी अनुशासनहरूमा सदैव प्रगाढ सम्बन्ध राख्ने हुनाले लोकवार्ताको महत्व र मूल्य प्रत्येक जाति, समुदाय, राष्ट्रको निम्ति सर्वेपरी रहेको हुन्छ । विशेषगरेर लोकवार्ता मानव जातिको घरेहर र जातीय पहिचानको दर्फण समेत भएकोले आज संसारमा यसको जगेरा र संरक्षणमा व्यक्तिहरू मात्र नलागेर सरकारी र निजी निकायहरू पनि लागिपरेका छन् । उदाहरणको निम्ति नेपाल देशलाई लिन सकिन्छ ।

नेपालमै पहिलोटक मध्य पश्चिमाञ्चल क्षेत्रका विश्वविद्यालयमा लोकवार्ता विज्ञान विषय पढाइ हुने भएको छ। मानविकी तथा समाजशास्त्र संकायअन्तर्गत स्नातकोत्तर तहमा फढाइ हुने लोकवार्ता विषयको गत वर्ण वि. सं. 2075 को शुक्रबारका दिन एक कार्यत्रमबीच उद्घाटन विराटनगरमा गरिएको थियो। पाठ्यक्रम निर्माता प्रा. चूडामणि बन्धले यस कार्यक्रममा लोकवार्तामा समाजको विषयबारे अध्यापन र लोकवार्तासित सम्बन्धित विविध ज्ञानुमुलक तथ्यहरूको खोजी हुने बताएका थिए । यो विषयले समुदायलाई सचेत र सजग गराउनेतर्फ जोड दिने उनको भनाइ छ। 'यो विषयको क्षेत्र व्यापक छ,' उनले भने, 'समाजमा अनुपयुक्त विषयलाई तोड्नेछ।' लोकवार्तामा संस्कृति, प्रकृति र मानवसँग सम्बन्धित विषयको इतिहासदेखि अहिलेसम्म तथा वर्तमान परिस्थितिको अध्यापन गराइने उनले जनाएका थिए।

नेपाल बहुसांस्कृतिक मुलुक भएको भन्दै उनले बहुसांस्कृतिक सम्पदाको अध्ययन तथा संरक्षणमा यसले टेवा पुऱ्याउने बताएका छन्। कर्णाली प्रदेश मात्र नभई मुलुककै संस्कृतिको संरक्षण र प्रवर्द्धनमा लोकवार्ता

विषय प्रभावकारी हुने उनको भनाई पाइन्छ । लोकवार्ताको तत्काल प्रथम र दोस्रो सेमेस्टरको पाठ्यक्रम तयार पारिएको विषयविज्ञ जीवेन्द्रदेव गिरीले बताएका छन्। 'किताब तयार भएको छैन,' उनले भने, 'पाठ्यक्रममा कुन विषय कहाँबाट प्राप्त गर्न सकिन्छ उल्लेख गरिएको छ।' उनले मानविकीका विषय ओरालो लाग्दै गएकामा दुःख व्यक्त गरेका थिए। कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री दल रावलले लोकवार्ता विषय कर्णालीको भूगोल र परिवेशका लागि उपयुक्त हुने पनि बताएका छन् । उनले प्रदेश सरकारका तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि जनाएका छन् । अन्तरक्रियामा विद्यार्थीहरूले नयाँ विषय पढाइ भए पनि गन्तव्य नभेटिएको गुनासो गरेका थिए। यसअघि पनि फराकिलो क्षेत्र भएको भन्दै धेरै विषयको अध्यापन सुरु गरिए पनि उपलब्धिमूलक नभएको उनीहरूको भनाइ छ। विद्यार्थीले जुनसुकै क्षेक्रमा टिक्ने जनशत्ति तयार हुनेगरी विषयवस्तु छनोट हुनुपर्ने बताएका छन् ।

नेपाल प्रज्ञा - प्रतिष्ठान, नेपाल सङ्गीत नाट्य प्रज्ञा - प्रतिष्ठान **लोकवार्ता परिषद्** नेपाल लगायत स्थानीय सङ्घ - संस्थाहरुको संयुक्त आयोजनामा वि. सं. 2072 माघ 7 र ८ गते सल्यानमा लोकवार्ता सम्बन्धी कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको सभापति समीर शाह, प्रमुख अतिथि उपकुलपति डा. वुष्णुविभु धिमिरे, विशिष्ट अतिथिहरू नर्मदेश्वरी सत्याल, प्राज्ञ पवित्रा घर्ती मगर, प्रा. डा. प्रेम कुनार खत्री, डा. जयराज पन्त, साहित्यकार खगेन्द्र सङ्ग्रौला, डा. चूडामणि बन्धि आदिको उपस्थिति रहेको थियो । सुन्दर प्राकृतिक वातावरणमा लोकवार्ता गोष्ठी भव्य रूपमा सम्पन्न भएकोमा हर्ष प्रकट गर्दै कार्यक्रमको सफलताको कामना गर्नु भएको थियो । नेपाल प्रज्ञा - प्रतिष्ठानले

लोकवार्ताको संरक्षण र विकासमा विशेष महत्त्व दिँदै आएको र भविष्यमा पनि दिँदै रहने विश्वास उहाँले दिलाउनु भएको छ ।

विशेष अतिथि प्राज्ञ नर्मदेश्वरी सत्यालले नेपाल प्रज्ञा - प्रतिष्ठानसँगको संयुक्त आयोजनामा स्थानीय निकायहरु उत्साहित भई आफ्नो ठाउँ र जिल्लाको गरिमा बढाउन लोकवार्ताका विभिन्न विषय सम्बन्धी कार्यपत्र प्रस्तुतिका साथै बहु जातीय सांस्कृतिक नृत्यहरु प्रस्तुत गरी अनुकरणीय काम गर्नु भएकोमा आफ्नो र प्रज्ञा - प्रतिष्ठानका तर्फबाट धन्यवाद दिएका छन् । उहाँले प्रज्ञा - प्रतिष्ठानले भाषा, साहित्य, दर्शन शास्त्र, सामाजिक शास्त्र, अनुवाद र संस्कृतिका क्षेत्रमा लक्षित कार्यक्रमहरु सम्पन्न गर्न उद्देश्य मिल्ने सङ्घ - संस्थाहरुसँग सहकार्य गर्दै कार्यक्रम गरेको जानकारी दिएका थिए । यस कार्यक्रममा प्रस्तुत गरिने कार्यपत्रहरुले समयोचित नभएका कुरीतिहरु त्याग्न र असल परम्पराको संरक्षण गर्न सहयोग पु¥याउने  भन्दै यस्ता कुराहरुलाई जनतामाझ पुराउन पहल गर्नु पर्नेमा पनि उहाँले जोड दिनु भएको छ । कार्यक्रममा नेपाल सङ्गीत नाट्य प्रज्ञा - प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्ती मगरले सल्यानको लोक संस्कृतिको विशिष्टतामाथि प्रकाश पार्दै गीत प्रस्तुत गरेका थिए ।

वरिष्ठ साहित्यकार खगेन्द्र सङ्ग्रौला, कथाकार नयनराज पाण्डेले सो कार्यक्रममा आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तोता र कार्यपत्रहरु यस प्रकारका रहेका थिए  - खर्कबहादुर बुढा ‘सल्यानमा प्रचलित कला संस्कृतिको सामान्य चिनारी’, डाधु.व्रप्रसाद भट्टराई ‘पाल्पा अर्गलीमा गाइने फागु गीतको सन्दर्भपरक अध्ययन’, पूर्ण भण्डारी ‘पङ्कज’ ‘सल्यान जिल्लाको लिखित साहित्यको रूपरेखा’, प्रतीक ‘इच्छुक’ शर्मा ‘समृद्धिको आधारः सल्यानको पर्यटन’, डा भक्त राई.‘किरात राई

जातिमा प्रचलित मदिरा संस्कृति', मणिराज शर्मा 'राउटे जातिको लोक जीवन', डा. मधुसुदन गिरी 'मध्य पश्चिमको साहित्यिक अवस्था', मनोहर लामिछाने 'सल्यान जिल्लाको लोक साहित्य' र प्रा. डा. जयरात पन्त 'नेपाली लोकवार्ताको परिचय र महत्व' आदि ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जातिविशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ। त्यसैले उसको व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिले उनीहरूको जीवन - पद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ । लोकवार्तागत अध्ययन र अनुसन्धानलाई अगाडि बढाएर हाम्रो सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग गर्नुपर्छ । कुनै पनि देशको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन । यसको निम्त मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ।

**लोकवार्तालाई पहिचान र विकाससँग जोडेर हेर्नुहुन्छ ।**

त्यसैले लोकवार्ताको अध्ययन नाच, कथा, गीतको सङ्कलनमा मात्र हुँदैन। यसको संरक्षण र प्रवर्द्धन कसरी गर्नुपर्छ। जातिविशेषको विशेषता, के कुरामा उनीहरू सफल हुन सक्छन्, के काममा उनीहरू अगाडि बढ्न सक्छन्, त्यतैतिर उनीहरूलाई संलग्न बनाउनुपर्छ। स्थानीय र राष्ट्रिय विकासमा थालनीदेखि नै उनीहरूलाई कसरी संलग्न गर्ने, उनीहरूलाई कसरी अपनत्व दिने, त्यहाँका विद्यालयलाई त्यहाँका नागरिकले थाहा पाउन्, हाम्रै भावी सन्ततिलले पढ्ने ठाउँ हो, बाटो त्यही स्कुल जाने बाटो हो, बनिसकेपछि त्यसको सुरक्षा र बन्दा पनि त्यसलाई बलियो बनाउन नागरिक चेतनाले काम गर्छ। त्यस कारण, लोकवार्ता र संस्कृतिको

अध्ययनमा देशको विकासको सन्दर्भ, अनि त्यति मात्र नभएर जातिगत पहिचान र अस्मिताको सन्दर्भ र उनीहरूले पाउनुपर्ने सांस्कृतिक अधिकार तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा पनि हामी लाग्नुपर्छ भन्ने चेतना विकसित गर्नुपर्छ। यो क्रमशविकसित हुँदै गएको छ र मान्छेहरू सचेत : हुँदै आएका छन्।

**लोकवार्ता** भनेको प्राचीन कुरा मात्र होइन, वर्तमानको पनि हो र वर्तमानको मात्र होइन, भविष्यसम्म जाने कुरा पनि हो। लोकवार्ता र संस्कृतिहरूलाई हेर्दा हामीले जहिले पनि गाउँको, किसानहरूको, नपढेकाहरूको वा मानौँ विकासमा पहुँच नपाएकाहरूको सम्पदाका रूपमा हेर्ने गर्छौं, होइन त्यो। प्रविधिको विकाससँगसँगै सांस्कृतिक विकासले पनि आफ्नो रूपमा परिवर्तन ल्याउने र आफ्नो प्रवृत्ति र प्रकृतिमा परिवर्तन आउँछ र आउनु पनि पर्छ। त्यो समय, स्थान र कालअनुसार अगाडि बढ्नै पर्छ र गतिशील हुनै पर्छ। संस्कृति भनेको स्थिर, उभिरहने वा एकै ठाउँमा बसिरहने वस्तु होइन, त्यसमा गतिशीलता हुनुपर्छ। त्यसले समय र आवश्यकताअनुसार संस्कृतिलाई गतिशील बनाएर अगाडि लान्छ र मान्छेको जीवनपद्धतिमा आउने परिवर्तनसँगै त्यसलाई अझ गणग्राही र गुणसम्पन्न गराउनमा यसको सदुपयोग गर्नुपर्छ।

नेपाली लोकवार्ता तथा संस्कृति समाजको आयोजनामा सातौं अन्तर्राष्ट्रिय लोकवार्ता कङ्ग्रेस 27 गते मङ्सिर 2076 मा चलेको थियो । यसलाई हेर्दा लोकवार्ता हाम्रै समाजमा चलेर आइको लोक नै ‘न्यारेटिभ’ भइसकेको बुझिन्छ। यो लोकवार्ता समाज तथाकथित मूल प्रवाहदेखि बाहिर पनि चलेको थियो । अर्जुन अप्पादुराईले ‘फियर अफ् स्मल नम्बर’ (सन् 2006) - मा भने जस्तै लोकवार्ता सेलुलर एनर्जी वा मूलाधार

बिहरेको संस्थाको शाक्तिको रूपमा पनि चलेको पाइन्छ । हामी नेपालीहरू जस्ता अरु पनि 'सेलुलर' शक्ति लिएर संस्था चलिआएका छन्। यो खुलेको बेलादेखि नै हो, नेपालमा लोकतान्त्रिक परिवर्तन कहिले चक्रवात, कहिले उपलब्धि अनि कहिले व्यर्थका कोलाहल हुँदै आएको हो। माओवादी युद्ध चल्यो, यो खुलेको 2 वर्षपछि। सबैतिर विचलन, सतर्कता, हत्या र अपहरणका कथाहरू आइबसे। हामीले लोकवार्तालाई माओवादीदेखि सरकारका मानिसहरूसम्म यो सबैले बुझ्नु र रक्षा अनि प्रबर्द्धन गर्नुपर्ने संस्था हो भन्न छाडेनौं।

फ्रान्सेली अध्येता **मेरी लुई लकौंत**ले सुदूर पश्चिमको दलितहरूको घुट्के लोक प्रस्तुतिलाई माआवादीले कसरी आफ्नो आन्दोलनको सिलसिलामा प्रयोग गरे भन्ने आफ्नो अल्मोरामा छापिएको किताबमा लेखेकी छन्। अर्को अर्थमा लोकवार्ता र यसको प्रयोग अनेकौं किसिमले भएको पाइन्छ। सरकारमा हुनेहरूले पनि संस्कृतिको एउटा काम सम्झेर, एकेडेमीहरूले पनि एकाध प्रकाशन गरेर, विश्वविद्यालयका एकाध पाठमा लोकवार्ता राखेर लोकवार्तालाई अन्य ज्ञानानुशासनसित जोड्ने प्रयास गरेको देखिन्छ। स्वतन्त्र काम गरेर आफ्ना साहित्य विभागमा केही लोकवार्ताका पाठहरू पनि कतिपय विद्वानहरूले राखेको पाइन्छ । यो क्रम आज पनि जारी नै छ। उदाहरणका निम्ति लोकवार्ता समाजका अध्यक्ष कवि तुलसी दिवस र महामन्त्री डा. चूडामणि बन्धु एक-एकवटा तेर्सा झोला झुन्ड्याएर सरकार र संस्थाहरूका घरदलानमा पुगेर सहायता माग्दै यसका सम्मेलन गर्ने क्रममा लागिरहेका पाउँछौं । यी दुई विद्वानलाई भारत, बंगलादेश, पाकिस्तान आदि देशका लोकवार्ता समाज र विश्वविद्यालयले बोलाइ पनि रहने गर्छन् । बन्धु भारका विभिन्न विश्वविद्यालयहरूमा र दिवस युरोप र एसियाका निकै देशमा गएका छन्।

लोकवार्ताका संस्था र मानिससँग यी दुई विद्वानको धनिष्ठ परिचय भएकोले लोकवार्ता कङ्ग्रेससित निकै गाढा नाता रहेको पाइन्छ । यस्तै सम्पर्कको सिलसिलामा केही वर्ष पहिले फिनल्यान्डको राजदूतावासबाट केही लोक समूहहरूको अध्ययन गर्नलाई सम्झौता गरेर केही आर्थिक सहयोग पाएको थियो। समूहहरू बनाएर गोपाली, आठपहरिया राई, दनुवार, थारु, मेचे र गन्धर्वका लोकजीवन शैली, चलन र संगीतका अध्ययन गरेका थिए । प्रत्येकका किताब र क्यासेटहरू पनि बनाएको पाइन्छ। लोकवार्ता समाजमा रुद्रलक्ष्मी श्रेष्ठ लगायत 10/11 जना रहेको छ, तर थोरैले खटिएर काम गर्ने लोकपरम्परा छ, यसमा। पछिल्लो समय एउटा साना काँटीका एकेडेमिक र भाषाशास्त्री भीमनारायण रेग्मी यसका सचिव भएका थिए। यी अहिले नेपाली भाषाशास्त्र समाजका अध्यक्ष पनि हुन्। यिनले लगभग एक्लै नेपाली फोकलोरको आन्तरिक सञ्चालन कर्म गर्ने गरेका छन्। आफ्ना कार्यपत्रको निम्ति उनले छानेका विषयहरू सर्वथा नौला हुन्छन्।

लोकवार्ता समाजका यसरी गरिएका सेमिनारहरूमा नेपालका कुनै सम्बन्धित संस्थाले सम्बोधन नगरेका विषयहरू आउँछन्। मूलरूपमा लोकवार्ता एउटा गतिशील विषय भएको हुनाले यसमा आएका परिवर्तनहरू सबै समावेश गरेर यसका विषय छान्ने हो। तीमाथि देश र विदेशबाट सहभागीहरूले कार्यपत्र प्रस्तुत गर्छन् र सहभागी हुन्छन्। फोकलोरका विषयहरूका विस्तार हुँदैछन्। जर्मन समाजशास्त्री युर्गेन हेबरमासले भनेजस्तै फोकलोरको आमवृत्त वा 'पब्लिक स्फेयर' बढिरहेको छ। त्यो दिनदिनै महत्त्वपूर्ण हुँदैछ। अहिले साहित्य अध्ययनमा पनि 'एन्थ्रापोसेन' वा भूप्रकृति र मानिस जनिन विषयको प्रयोग हुँदैछ। एक्काइसौं शताब्दीको त्यो चिन्तन हो। अहिले पृथ्वी माता ठूलो कष्टमा परेकी

छन्। भूक्षय, जातिहरूको बिचल्ली र निर्वासन, बाल - बालिकाको वर्णन गर्न नसकिने शोषण र हत्या, युद्धपिपासु र अन्धशक्तिले उन्मत्त नेताहरूको उदय र तिनका नीतिले ल्याएका ठूला संकट छन्। यी सबै कुराले लोकजीवन र वार्ताहरूमा ठूलो असर परेको छ।

फोकलोर अविनाशी विषय हो, किनभने यो मानिसको भित्री सिर्जनशील शक्तिसँग जोडिएको छ। मानिसको ऊर्जा मिथकको फिनिक्स पंक्षी जस्तो खरानी भएर थुप्रो लागे पनि त्यहीँबाट फेरि पानी हुँदै अनि नाद भएर उही आकारमा उठ्छ। मानिसको यही शक्ति फोकलोरको अन्तर्यमा रहेको छ। फोकलोर कङ्ग्रेसले ‘यो सम्मेलन पनि पहिलेका सम्मेलनहरूझैँ लोकवार्ता, संस्कृति, लोकसाहित्य, समाजशास्त्र, मानवशास्त्र, सङ्गीतशास्त्र, भाषाविज्ञान, पर्यटन, इतिहास, भूगोल, कम्प्युटर विज्ञान, इन्जिनियरिङ जस्ता विभिन्न विधासँग सम्बन्धित शिक्षक, विद्यार्थी, अनुसन्धाता तथा अमूर्त सांस्कृतिक सम्पदाका प्रयोगकर्ता तथा संवाहकहरूको आफ्ना अनुसन्धान, प्रयोग, रवैशिष्ट्यहरूबारे मन्थन गर्ने साझा मञ्च हुनेछ’ भनेर जानकारी दिनुको अन्तर्य त्यही हो।

नेपालमा लोकवार्ताको अन्तर्यमा रहेको शक्ति नर - नारी, बाल - बालिकामा छ भन्ने बुझ्न सक्यौं भने हामीले यसको आन्तरिक गतिशीलतालाई बुझ्छौं। नेपालमा दिनदिनै प्रशासन, सरकार राजनीतिक दलहरू यो लोकवार्ताले प्रतिनिधित्व गरेको शक्तिबाट टाढा हुँदै गएका कैयौं बलिया उदाहरणहरू हामी देख्न सक्छौँ। सिधै नदेखिने तर अन्तर्यमा अत्यन्त प्रभावकारी किसिमले प्रयोग भएका केही विषयलाई हेर्‍यौं भने त्यो प्रस्ट देख्न सकिन्छ। धेरै उदाहरण लिने ठाउँ नभएकोले अहिले भर्खरै सम्पन्न दक्षिण एसियाली देशहरूको खेल वा सागको उदाहरण लिन सक्छौँ। 51 स्वर्ण पदक र 1 सय ९८ अन्य पदक जित्ने नेपाली

खेलाडीहरूको सामर्थ्य तिनको निजी सिर्जनशील सामर्थ्य हो। विशद परिस्थितिमा पनि सिर्जनशील नेपाली नर - नारी र तिनले बाँचेको लोकजीवन र लयको शक्ति हो त्यो। हाम्रा जीवनमा यो विषय अत्यन्त महत्त्वपूर्ण छ। किनकि साधारण नेपाली जनमा रहेको सिर्जनशीलतालाई आफ्नै धुन र आसेपासे पुँजीवादी प्रपञ्चमा व्यस्त सरकार र राजनीतिक दलहरूले बुझ्न नसक्नु एउटा यथार्थ भएको छ।

आजको समयमा फोकलोर माथिका छलफल, अध्ययन र सहभागिताले माथि भनिएका प्रकट हुन खोजिरहेका सरल र सिर्जनशील कालिक चेतनालाई प्रतिनिधित्व गर्छ। नेपालका लोकसंस्कृति, चलन, कला, संस्कृति र साहित्यका बहुल चरित्र छन्। ती अत्यन्त सिर्जनशील र जीवनमुखी छन्। मानिसहरूले विभिन्न कालमा लोकचेतनाका प्रयोग गरिआएका छन्। अहिले दार्शनिक र साहित्यिक चिन्तनमा सरलता, सिर्जनशील लोकचेतनाका प्रयोग हुनलागेका छन्। जलवायु परिवर्तन र संकट विषयका छलफलहरूले उद्घाटन गर्ने विषय लोकवार्ता नै हो। नेपालको सन्दर्भमा भन्दा नेपालका लोकचलन, संस्कृति र जीवनशैलीमा परिवर्तन आएका छन्। अहिलेको नेपालको सन्दर्भमा लोकवार्ता र सरल जीवनको सिर्जनशील पक्षको पहिचान सबभन्दा आवश्यक विषय हो।

नेपाली भाषा, साहित्य, कला, संस्कृति र लोकसाहित्यको खोज अनुसन्धान एवं तिनीहरुको समीचिन संरक्षण, सम्वद्र्धन र उन्नयन गर्ने उद्देश्यका साथ वि. सं. 2071 मा स्थापित **फोकलोर कङ्ग्रेस संस्था**ले मौलिक रुपरेखा सहित ‘शमी’ साहित्यिक मासिक पत्रिकाको प्रकाशन प्रारम्भ गरेक पनि छ । यस पत्रिकाको पहिलो अङ्कमा नेपाली साहित्यका विशिष्ट धरोहर शताब्दी वाङ्यमय पुरुष सत्यमोहन जोशी र राष्ट्रकवि माधवप्रसाद घिमिरेको 100 वर्ष प्रवेशका सन्दर्भमा उहाँहरुको

योगदानबारे विशेष सामग्री समावेश गरिएको छ । यस अतिरिर्त गत वर्ष नेपालमा कला, साहित्य तथा सस्कृति राष्ट्रिय महोत्सब महोत्सवमा जिल्लामा लोप हुदै गएका टप्पा, ह्युपा, वनगाडि, मयुर नाँच, सेरङ्गे, सोरठी, पञ्चेवाजा लगायतका बिभिन्न लोक भाका, सस्कृती र नाचको प्रदर्शन गर्दै नगर परिक्रमा गरिएको घटनाले लोकवार्ताको अन्य ज्ञानानुशासनसित घनिष्ठ सम्बन्ध रहेको प्रतीत हुन्छ ।

यसरी नै नेपालीमा गत वर्षनै मध्य - पश्चिमाञ्चल साहित्य परिषद काठमाडौँ, लोकवार्ता परिषद नेपाल, नेपाल प्रज्ञा प्रतिष्ठान काठमाडौँ, सल्यानी कला साहित्य तथा संस्कृति राष्ट्रिय महोत्सव, राप्ती साहित्य परिषद सल्यान, होलिष्टीक हेल्थ प्रालि र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान काठमाडौँको आयोजनामा लोकवार्ताबारे विभिन्न महोत्सव भएको पाइन्छ । यस्तै महोत्सवहरू मध्ये लोकवार्ता परिषद नेपालको महत्सवमा बरिष्ठ लेखक खगेन्द्र संग्रौलाले राजनिति र साहित्यको सम्वन्धका बारेमा प्रष्ट पारेका थिए । यस्तै लोकबार्ताका अध्यक्ष तथा प्राध्यापक डा. जयराज पन्तले लोकबार्ताका बारेमा उल्लेख गरेको थिए भने कार्यक्रममा प्रेस काउन्सीलका पुर्व अध्यक्ष पत्रकार नारायण प्रसाद शर्मा, संसदको लेखा समितिका सभापति तथा एमाले पोलिटव्युरो सदस्य प्रकाश ज्वाला, एकिकृत माओवादीका केन्द्रिय सदस्य टेक बहादुर बस्नेत, प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद आचार्य, साहित्यकार मोहलाल चन्द आधार लगायतले सल्यानको कला संस्कृतिको बारेमा चर्चा पनि भएको थियो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपती डा. बिष्णु बिभु घिमिरेले लोकसाहित्यको संरक्षणमा अग्रसर हुन आग्रह गर्दै लोक साहित्यका बारेमा

प्रतिष्ठानले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । जिल्लाको लोकसंस्कृति बचाउन जिल्लाबासिहरु नै उत्साहित हुन पर्नेमा उनले जोड दिएकोले लोकवार्ता हामी मानवको निम्ति अतिआवश्यक कुरा रहेको बुझिन्छ । वर्तमानमा हरेक जातिका मौलिक चिनारी झल्काउने शब्दहरू, लोकप्रचलनहरू आदिको लोप हुन थालेको हुँदा लोकवार्ता कोशमा नेपालका सातवटै प्रदेश, सतहत्तरवटै जिल्ला र सातसय त्रिपन्नवटै स्थानीय तहमा बसोवास गर्ने विभिन्न जाति र ती जातिमा प्रचलित लोकवार्तासँग सम्बन्धित भाषिक अभिव्यक्तिको अध्ययन, अनुसन्धान र अभिलेखीकरण गर्नु जरूरी देखिन्छ । यसर्थ सदस्य सचिव प्रा. जगत्प्रसाद उपाध्यायले प्रज्ञा - प्रतिष्ठानले आजसम्म नभएका प्राज्ञिक कामहरूको खोजी गरेर सम्पन्न गर्ने लक्ष्यअनुरूप नै लोकवार्ता कोश निर्माण गर्न लागिएको जानकारी दिएका पनि छन् । यो ‘लोकवार्ता कोश’ आगामी डेढ वर्षभित्रमा निर्माण गरी आउँदो आर्थिक वर्षको अन्त्यमा प्रकाशन गर्ने लक्ष्य राखिएको कुरा साहित्य (बालसाहित्य र लोकवार्ता) विभाग प्रमुख प्राज्ञ डा. देवी नेपालले बताएका छन् ।

देवीले बताएअनुसार ‘लोकवार्ताका क्षेत्रमा लामो समयदेखि काम गर्दै आउनु भएका डा. भक्त राई, डा. ध्रुव भट्टराई, प्रतिभा पुन, दिव्येश्वरी जोशी र वीरबहादुर महतोको पाँच सदस्यीय सम्पादक समूहबाट उक्त कार्यको प्रारम्भिक काम सम्पन्न भएपछि डा. जगमान गुरुङ, प्रा.डा. प्रेम खत्री, प्रा.डा. चूडामणि बन्धु, प्रा.डा. मोतीलाल पराजुली, प्रा.डा. जीवेन्द्रदेव गिरीलगायतको विज्ञ समूहसँगको गहन परामर्शपछि यस कार्यलाई अन्तिम रूप दिइने छ । साथ - साथै प्राज्ञ नेपालले आगामी छ महिनामा नेपालका सातै प्रदेश र दार्जिलिङदेखि बर्मासम्मका नेपाली लोककथाहरूको

सङ्कलन गरी 'प्रज्ञा नेपाली लोककथा' नामक बृहत् ग्रन्थ प्रकाशन गर्ने कामको पनि थालनी भइसकेको थप जानकारी दिएका छन्।

'हाम्रो परम्परा हाम्रो पहिचान' नारासहित सम्पन्न तीन दिने सम्मेलन प्रदेश नम्बर 1 भोजपुरको सदरमुकाम, अरुण पौवादुम्मा गाउँपालिका र दिङ्गलामा सम्पन्न भएको हो । सम्मेलनमा लोकवार्तासम्बन्धी विविध पक्षका 61 वटा गोष्ठीपत्र प्रस्तुत गरिएका थिए । साथै सहभागीलाई भोजपुरका टक्सार, प्याउली गढी, दिङ्लालगायतका ऐतिहासिक, पुरातात्विक, धार्मिक क्षेत्रको अवलोकन, निरीक्षण गराइएका थिए । सदरमुकाममा भव्य ऱ्यालीसहित सुरु भएको सम्मेलनको अन्तिम दिन नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति कुलप्रसाद कोइरालाको प्रमुख आतिथ्यता रहेको थियो । घोषणापत्रमा भोजपुर सदरमुकाम जोड्नेलगायत विभिन्न गाउँपालिकाका सडकहरु तत्काल निर्माण गर्नु पर्ने, षडानन्द-योगमाया विश्वविद्यालय तथा प्राज्ञिक प्रतिष्ठान स्थापना गर्नु पर्ने माग गरिएको छ । त्यसैगरी त्रिभुवन विश्वविद्यालयले लोकवार्ता विषय पठनपाठन व्यवस्था गर्नुपर्ने माग गरिएको छ ।

लोकवार्ता परिषद् नेपालको भोजपुरमा सम्पन्न आठौं सम्मेलन समापन समारोहमा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति कुलप्रसाद कोइराला, परिषद्का अध्यक्ष प्रा.डा. प्रेमकुमार खत्री, भोजपुर क्याम्पसका प्रमुख डा. रोहितकुमार श्रेष्ठलगायत । यसरी नै नेपालमै पहिलोपटक मध्यपश्चिम विश्वविद्यालय, कर्णाली प्रदेश सुर्खेतमा 'लोकवार्ता विज्ञान' विषयको अध्ययन अध्यापन शुरु भएको छ । मानविकी तथा समाजिक शास्त्र सङ्कायअन्तर्गत मध्यपश्चिम विश्वविद्यालय सुुर्खेतले सोमबारबाट 'लोकवार्ता विज्ञान' को अध्ययन अध्यापन शुरु गरेको हो । चार सेमेष्टरमा शिक्षण गराइने उक्त विषयको अवधि दुई वर्ष हुने

मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डिन खोपीराम लम्सालले जानकारी दिएका छन् । नेपालमै पहिलोपटक कर्णालीबाट नौलो विषय 'लोकवार्ता विज्ञान' शुरुआत हुनुले गौरवान्वित बनाएको बताउँदै डिन लम्सालले भन्नुभयो, "यसको अध्ययन अध्यापनले यहाँको मौलिक संस्कार, संस्कृति, सम्पदा र सभ्यताको मात्र अनुसन्धान हुने छैन, समुदायमा विद्यमान जनबोली, सामाजिक विश्वास, कला, साहित्य, विभिन्न पर्व, धर्म र परम्परागत प्रथाहरुको खोज र अन्वेषण पनि गर्नेछ।"

"कर्णाली बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विविधतायुक्त प्रदेश हो", उहाँले थप्नुभयो, "यसको अध्ययन अध्यापनले यहाँको इतिहास, पुरातत्व र संस्कृतिलाई उत्खनन, पहिचान, संरक्षण, संवद्र्धन र प्रवद्र्धन गर्ने उद्देश्य राखिएको छ ।" त्यसका साथै कर्णाली प्रदेशमा अवस्थित मध्यपश्चिम विश्वविद्यालयले अन्तर्राष्ट्रिय पहिचान दिने जनशक्ति उत्पादन गर्ने उहाँको जिकिर थियो । उहाँका अनुसार प्राचीन सिल्करोड, सिञ्जा सभ्यता र कर्णालीको मौलिक संस्कृतिको समेत अध्ययन अनुसन्धान हुुने भएकाले नयाँ आयाम थपिने छ । पहिलोपटक प्रारम्भ गरिएको 'लोकवार्ता विज्ञान'ले कर्णाली र नेपाल मात्र नभई दक्षिण एशियाकै परम्परागत संरचना, संस्कृति, संस्कार र मौलिकताको खोज अनुसन्धानसहित राष्ट्रियताको बोध गराउने जनाइएको छ । हाम्रो त्यतिबेलाको खोजी भनेको ठेट लोकगीत थियो । त्यसैले विशुद्ध लोकभाकालाई प्राथमिकता दिन्थ्यौं । फत्तेमान र तारादेवीले गाएको 'घिन्ताङमा घिन्ताङ मादलै बज्यो ढोल बज्यो दुम्दुम्ती' भन्ने गीत पनि त्यही क्रममा संकलन भएको हो । यो गीत आठपहरिया राईको लोकगीत हो । यसलाई च्याब्रुङ गीत पनि भन्छौं ।

त्यसै बेला मेरी बहिनी समी जोशी टेलिभिजनमा काम गर्थिन् । उनले 'माछा मारी हुर्रा' भन्ने भन्ने गीतमा नाचेकी थिइन् । त्यो गीत विराटनगरमा निकै लोकप्रिय भएको थियो । कार्यक्रममा नुपुर भट्टाचार्य गीत गाएकी थिइन् । पछि उनकै श्वरमा रेकर्ड पनि भयो । त्यस्तै हामीले त्यो बेला गाउँघरमा बेठी लगाउँदा, रोपाईं गर्दा, दाईं हाल्दा तथा अन्य काम गर्दा गाइने गीतहरू पनि संकलन गर्‍यौं । त्यसमा छोटो भाकाका चुट्का र लामा भाकाका लम्बरी दुवै प्रकारका गीतहरू थिए ।

## 2.4 लोकवार्ता अध्ययनको औचित्य

वर्तमान समयमा लोकवार्ता अध्ययनको औचित्य संसारका सबै जातिका निम्ति सर्वोपरि रहेको देखिन्छ । लोकवार्ता हामी मानवको पहिचार र परिचय मात्र नभएर साझा सम्पत्ति पनि  हो । यसैले यसको अध्ययन औचित्यपूर्ण रहेको ठहर्दछ । लोकवार्तामा पर्ने हामी नेपाली जातिको विजया दशमी पर्व/महोत्सवलगत्तै पछाडि आम नेपालीका घरदैलो प्रवेश हुने यमपञ्चक तिहार आफैं विशिष्ट महत्ववाहक बनेको छ । यमपञ्चक तिहारको विशेष महत्व दिदी - बहिनी मात्रले आफ्ना दाजुभाइलाई बर्सेनि मायालु - स्नेही सगुनसहित सजीवनमा उपहारसहित गरिने सम्मानजनक पूजन - अभिवादन - अभिनन्दन उत्सव ठहर्छ । यसरी नै कागतिहार, कुकुर तिहार, गाई तिहार, लक्ष्मी पूजा, गोरु पूजा, गोवर्धन पूजापछि भाइटीका मनाइने परम्परा हामी नेपाली जातिमा छ।

हाम्रा दिदी - बहिनीका एक्लो प्यारो भाइ मरनासन्न बिरामी परेको दर्दनाक स्थितिबाट मुक्ति पाउन यमराजलाई विनम्र अनुनय विनयद्वारा अभिभूत भई काग - तिहारदेखि भाइटीकासम्मै निरोगी, आरोग्यवान्

गराएको लोकवार्ता छ। प्रत्येक चाडपर्वसित यस्तै तर फरक - फरक जनजिब्रोमा लोककथन झुन्डिएका हुन्छन् । यी सबैके ज्ञान हामीलाई लोकवार्ताबाटै प्राप्त हुने हुनाले लोकवार्ता अध्ययनको औचित्य महिमामण्ठित रहेको देखिन्छ । यी र यस्तै लोकवार्ताको पृष्ठभूमिका आधारहरू संस्कृति र सांस्कृतिक संस्कार पौराणिक र पारम्परिक कहलिन पुगेको छ। पौराणिक र पारम्परिक बन्नुका अरूअरू कारण पनि नभएका होइनन्। प्रसंगवश यमपञ्चक तिहारको भाइटीकासित सटिएका जनधारणा मात्र उल्लेख गर्नु उपयुक्त ठानें, मानें ! प्रसंगवश वैदिक सूत्रमा आधारित यमपुरी, यमलोक यस मत्र्यमण्डल-पृथ्वीका हामीजस्ता मरणशील नरनारी चेतनशील प्राणी भयौं। यिनका इहलौकिक जीवनलाई सदासर्वदा कर्मनिष्ठ राख्न प्रेरित गरिरहनु उपयुक्त मानी परलोकको सृजनामूलक अवधारणा पनि सञ्चित भए गरिएका छन्। पारलौकिक अवधारणा पनि सिर्जित छन्। आत्मतत्व अजर-अमर रहेको भागवतगीताको अध्याय श्लोकले स्पष्ट्याउँछ यसरी :

**नैनं छिन्दन्ति शस्त्राणि, नैनं दहति पावक,**

**न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः।।**

अर्थात् न आत्मालाई शस्त्रहरूले नै छिनाल्न सकिन्छ, न त आगोले नै भस्म गर्न सक्छ, न मुसलधारे पानीका बहाबले नै बगाउने बल राख्छ, न त आँधीबेहरीले नै तितरवितर पार्ने क्षमता राख्छ। आत्मतत्वको स्वरूप यस्तो रहेको छ। मृत्युपछि दैहिक लीला समाप्त हुन्छ। तर अजर - अमर तत्वले मानिस प्राणीले सन्देहमा गरेका कर्तव्यच्युत अकर्म-परपीडा, दुष्कर्म, पापाचारको परलोक - यमपुरीमा दुःखकष्ट भोगिन्छ। यमलोकमा त्यस्ता पापात्मालाई असह्य वेदना भोग गराइन्छ। सत्कर्म, सुकार्य लोक

उपकार गर्ने धारणा जगाई जिउने जीवन पालना गर्ने, गराउने प्रेरणामूलक सन्देश बोक्दो सूक्ति हुन् यी। यमपञ्चक पर्व कुनै हदसम्म यमलोक र यमराजपरक छ। यस प्रसंगलाई यहीं एक क्षण हामी काग, कुकुर, गाई/लक्ष्मी, गोरु-गोवर्धन पूजाको प्रसंग चलाउनु उपयुक्त ठानौं। चराचर जीव-जन्तु, पशुधनहरूलाई समेत मानव प्राणीकै कोटीमा ठम्याई समान सम्मान सूचक व्यवहार गर्नुपर्ने, संस्कार पालना नगरिनहुने मूलभूत कुरा यिनभित्र लेसिएका छन्।

संस्कृतिजन्य प्रायः व्यवहार र चलन, परम्पराभित्र जीवन-जगत् सटिक मूल्य-मान्यता अन्तरनिहित रहेका हुन्छन्। जीवन-जगत्का लागि हामीले नै चराचर सबैै प्रकारका जीवजन्तु परिपालन गरी रक्षा नगरी व्यापक रूपमा आमूल वातावरण र प्रत्येक समाज र राष्ट्र«हरूका आआफ्नो पर्यावरण सन्तुलित नराखी हुन्न, राख्नैपर्छ। हाम्रो समाजमा अद्यावधिक नै काग जीवलाई सन्देशवाहक प्राणीका रूपमा ग्रहण गरिएको छ। हुन पनि कागलाई सूचक प्राणीको रूपमा स्थापित गर्नुका आधार अनेक भेटिन्छन्। पारम्परिक समाजमा अहिले एक्काइसौं शताब्दीमा झैं सूचना, सञ्चार र इन्टरनेट, रेडियो, टेलिभिजनको नामनिसाना थिएनन्। त्यस पौराणिक कालका निमित्त काग पक्षी नै सर्वमान्य सम्वाहक सूचक प्राणी हुनु अस्वाभाविक थिएन। काग पक्षीको अन्तरक्षमता पनि त्यस्तै थियो र अझै छ।

सामान्य रूपमा कागका का... का... बोली/ ध्वनि/आवाज जे भनिए नि सामान्य, असामान्य, अद्भुत/विस्मयकारी/विनाशसूचक अशुभ र शुभलक्षण सूचक ध्वनि आवर्तन, प्रत्यावर्तन गर्न सक्ने क्षमतावान् पक्षी हो। यसको प्रत्यक्ष प्रत्याभूति गराउन हाम्रै एक नेपाली युवा स्कुल,

कलेजहरू घुमिफिरी कागकै स्वरकण्ठ/बोली निकाली कागहरू बसेकै ठाउँमा भेला गराउने, कोलाहल स्वरसहित उडाउन लगाउने चमत्कार गरेको आफैंले भुक्तमान गरेको अनुभूति कुम्ल्याएको कुम्लो छ। काग प्रजातिका पक्षीको स्वर संयोजन बुझ्न सकिने ज्ञान आर्जन गरे थें ! विस्मयकारी त्यस क्षणले कागमा भविष्य सूचक चेत उनको मनमस्तिष्कमा विद्यमान रहेको पत्यारिलो ढाडस दिएछ मलाई। स्वानवली/कुकुर पूजाको दिन बिहानै घरघरमा सँघार पुज्छन् कुकुर प्राणीलाई। कुकुरको महिमा अपरम्पार छ। तिनका घ्राण/सुँघ्ने शक्ति क्षमतावान् छ। सुँघेरै मात्र पनि उनले दोषी-निर्दोेषी छुट्ट्याउन सक्ने क्षमता विश्वव्यापक छ। उनका रात्रि दृष्टि अहिले विज्ञान विषयक चमत्कार नै प्रमाणित छन्।

इमानदारी र कर्तव्यनिष्ठ गुण-संस्कार सर्वविदित छन्। कुकुर पूजनका मर्म नितान्त सटिक, सार्थक रहेका छन्। अहिले आएर हाम्रा यी प्राचीन तर जीवन संस्कारयुक्त सांस्कृतिक अनुसरण अर्थबोधबिना मात्र परम्परा धान्ने साधना रहे, बचेर संकटग्रष्ट रहेका छन्। त्यसमा अन्तरनिहित मर्म विश्लेषण हुन छाडे कालान्तरमा हाम्रा सांस्कृतिक संस्कार अन्धविश्वासमा परिणत हुनेछ। गाई पूजनलाई लक्ष्मी पूजासरह नै मनन गरी मानिआएका छौं अद्यावधिक नै। गाई सुशील, सान्त र बिनाहानिकारक प्राणी रहेको छ। आफ्नो दूध दुहाउँछ। दूध दुहाएर बाल, वृद्ध, अस्वस्थ युवा सबैलाई पौष्टिक आहार दिई पोषण गर्छन्। जीवन्तसम्म गोबर दिई मलमूत्रद्वारा समाज कल्याणमा सार्थक योगदान दिन्छन्। गोबर ग्यास, गोमूत्र वैज्ञानिक मल, ऊर्जा उत्पादक तत्व, गोमूत्र रासायनिक मात्र नभई वैज्ञानिक प्राकृत उपचार साधनाका आधार आदि साबितिएका छन्। अवसानपछि पनि छाला, हाड, सिङ, खुरहरू औद्योगिक प्रयोगका र उपयोगी साधन बनिरहेका हुन्छन्। सम्भवतः यी र यस्तै अनेक

आधारशिला विश्लेषण गरी नेपाली मनीषी मस्तिष्क पुञ्जहरूले गाईलाई हाम्रो नेपालको राष्ट्रिय जीवजन्तु निर्धारण गरिएथे। यी हुन् तेजेश्वबाबु ग्वंगः का सांस्कृतिक विवेचना ! औकातभरिको सौगात भन्छु आम पाठक, विश्लेषक, शिक्षण समुदायका आम मननशील पाठक समाजलाई तिहारको ...!

गोवर्धन पूजा - गोरु पूजन ! साथै पर्वतीय देशका पहाडहरूको पनि पूजन ! पहाड पूजन गर्नुको अर्थ विन्यास जंगल सुरक्षण..। जंगल मंगल ..! मंगल यसनिमित्त कि त्यहाँ अनेक अनमोल जडिबुटी छन्। हराभरा घाँस, रूख, बिरुवा, पातपतिंगर सबथोक पाइन्छन्। खेती गर्ने कृषिप्रधान मुलुकले यस्ता अनेक जडिबुटीको अजस्र स्रोत रहेका पर्वत शृंखलाका पूजा नगरी के गर्ने..? गोवर्धन गर्न यी हराभरा श्रेणी र शृंखलाको पूजा नगरी साध्य हुन्न...! पुर्खाले चेतनशील चिन्तन गरी गोवर्धन पूजाको संस्कारयुक्त संस्कृति रोपे, संस्थापन गरेथे। संस्कार र संस्कृति अन्ध परम्परा हुन्नन्, रहन्नन्। तिनै त मर्म र अन्तरंग हुन्छन्। मात्र हाम्रा दिव्य चक्षु उघ्रिनुपर्छ। मात्र चर्मचक्षु पर्याप्त रहन्नन्...! त्यसरी वैज्ञानिक उपकरण आविष्कार भइनसकेका आदिम कृषिवाला जीवन सभ्यता र संस्कृति युगमा गोरु नजोती सुखै थिएन।

आफ्नो जीवन आधार रहेको खेती - किसानीका निमित्त हलो जोत्नुपर्ने गोरु संरक्षण, संवद्र्धन नगरी कसरी उद्देश्य प्राप्ति हुन्छ। तत्कालीन समाजले रोपे हुन् ! संस्कार र संस्कृतिले युगीन मर्मका सन्देश बोक्छन्। मात्र हामीमा बोधितत्व स्फुरण हुन सकेको, भइसकेको, हुनुपर्ने फरक अवस्था हाम्रा हुन्। बोधितत्वको प्रस्फुरणले बृहत् विश्लेषण क्षमता प्रदान गर्छ... ! सम्भवतः यिनै बोधितत्व सँगालेर नेवार समुदायले गोवर्धन

पूजाकै दिन म्हपूजा/आपूmलाई आफैंले सम्मानपूर्ण आरती लगाई आत्मा देह-शरीर र देहभित्रका अदृश्य अन्तरआत्मालाई पनि पूजा/अर्चन गर्दछन्। आफूलाई आफैंले दीप प्रज्ज्वलन गरेर, आपूmलाई आफैंले देदिप्यमान गरी आत्मदर्शन, आत्मचिन्तन, विश्लेषण गर्ने साधनास्वरूप म्हपूजा संस्कृतिको संस्कार मनाइन्छ। यी र यस्तै अरु संस्कारभित्र गहिरो जीवनदर्शन अन्तरनिहित हुन्छन्। तिनका स्वाद लिन सक्ने क्षमता हासिल गर्नु त हो सांस्कृतिक परिशिलनलको मूल मन्त्र ..! यति महान् आत्मबोधि ज्ञानप्रति सांस्कृतिक संस्कार परिपालन हुने गरिने दिनकै अवसरमा चन्द्रमासका प्रतिपदाकै अवसरमा नेपाल सम्वत्का आरम्भिक मुहूर्त रहेको छ।

यमपञ्चक तिहारका अन्तिम सूत्राधार भाइटीका संस्कृति पालन ! दिदी - बहिनीले दाजु - भाइलाई आपसमा स्नेह सम्मानका टीका लगाउने संस्कार रहेको... दिदी - बहिनी तथा दाजु - भाइबीच आपसमा स्नेह - सम्मोहनका टीको आदानप्रदान गर्नु हाम्रा मौलिक पारिवारिक, सामुदायिक सामाजिक, सामूहिक संस्कार यो। चाडपर्व संस्कृति घर जहान परिवारसँग गाँसिएर सामूहिक नेपाली राष्ट्रिय सांस्कृतिक पर्व धुप, दीप, नैवेद्यको रूपान्तरण चाडपर्व रहेको छ। सेलरोटी, मिष्ठान्न-मिठाइहरू, सार्थक शुभेच्छाका प्रतीक बनेका रसदार फलफूलहरू दीर्घायु कामनाका प्रतीकस्वरूप काजु, पेस्ता, कागजी बदाम, दाँतेबखर दाना, युगीन चकलेट-टफी, मसलादार पान सगुनका प्रतीक हुन्।

जजंका-जनाई-उपवित-धागोको माला-पुष्पमाला आदि सगुन उपहार भाइटिकाका मूलभूत सामग्री सराजाम ! दाजुभाइमा दिइने यी उपहार साथै उनीहरूले पनि दिदीबहिनीलाई सक्दो उपहार आदान-प्रदान गरिनु भ्रातृ-

भगिनी शुभेच्छा साटासाट हुनु-गर्नुको उदाहरण..! यसका साथसाथै भाइटीकाका साइत समय, विधि तरिका आ-आफ्नै पारिवारिक पृष्ठपोषण रहे बनेका हुनु समुदाय अनुरूप सामुदायिक विधान बनेका हुन्छन्। नेवार समुदायबीच भाइटीका अगावै मण्डप बनाउने संस्कार जुटेको छ। प्रत्येक परिवारका कुलघरान अनुरूप मण्डपहरू निर्माण गरिने संस्कार बनेका छन्। मल्ल कुलीन घरानहरू टीको थाप्ने पात्रलाई बीच बसाई ठूलो अण्डाकार मण्डप तयार पार्छन्। मण्डपका चारै दिशा पूर्व, पश्चिम, उत्तर, दक्षिण दियो बालिन्छन्। मध्य भागमा लामो एक एक जोडी तोरीको तेलमा भिजाएको सलेदो-दीप प्रज्वलन गरिन्छन्। मानौं दीपप्रज्वलन संस्कार उज्वल जीवन भविष्य कामनाका सार्थक प्रतीकात्मक विम्बबोधक बनेका हुन्, छन्...! लाग्छ- त्यस मण्डपका चारै दिशाामा प्रज्ज्वलित दियो यमराजका लागि प्रतिबन्धित तान्त्रिक सीमारेखा हुन् !

लोकवार्ता अध्ययनको औचित्यलाई बुझेर **नेपालको** धनकुटा क्याम्पसमा यसबारे पढाउन सुरु भएको पाइन्छ । त्यसपछि काठमाडौको पद्‍म्मकन्या क्याम्पसमा पनि लोकवार्ताबारे पढाउन सुरू भएको छ । लोकगीतसँगको गहिरो नाता र त्यसको महत्व बुझेर नेपाली लोकसंगीतलाई पनि नेपाली संगीतको पाठ्यक्रममा समावेश गरेर पढाउनुपर्छ भन्ने दृष्टिकोण विद्वानहरूले राखेका छन् । यसको पाठ्यक्रम पनि निर्माण गरियो छ । त्यसपछि नै नेपालमा संगीतमा लोकसंगीतलाई पनि समावेश गरेर अध्ययन गर्न थालिएको हो । पहिले त यो अतिरिक्त क्रियाकलापको बिषयमात्रै थियो । पछि गएर संगीत बिषयको पाठ्यक्रमको अभिन्न अंग नै बन्यो । त्यसै क्रममा लोकनृत्यलाई पनि नृत्यको पाठ्यक्रममा समावेश गरेर अध्ययन गर्न थालियो । त्यसपछि स्नातकोत्तरको साहित्यको पाठ्यक्रममा नेपाली लोकसाहित्य पनि समावेश गरियो ।

लोकसाहित्यअन्तर्गत लोककथा, लोकगाथा, उखान टुक्का, गाउाखाने कथा आदि समावेश गरेर अध्यापनको थालनी भयो ।

पहिला नेपाली समाजमा लोकगीतलाई सामाजिक, साँस्कृतिक, राजनीतिक वा आर्थिक क्षेत्रको सूचकको रुपमा हेर्ने दृष्टिकोण विकास भएको थिएन । हामी लोकगीतलाई भावुक भएर मन त पराउँथ्यौं, मनोरञ्जन त लिन्थ्यौं । त्यसलाई हामी जनगीत, ग्रामगीत पनि भन्ने गर्थ्यौं । तर त्यसको पनि सामाजिक, साँस्कृतिक विकाससँग सम्बन्ध हुन्छ भन्ने धारणाको विकास भएको थिएन । त्यसैले पछि तुलसी दिवसले काठमाडौं आइसकेपछि ‘नेपाली लोकगीत : एक ऐतिहासिक मूल्याकन’ भन्ने लेख लेखका थिए । त्यसले नेपाली लोकगीतलाई अवधारणागत रूपमा अध्ययन, अनुसन्धान, व्याख्या र विष्लेषण गर्नुपर्छ भन्ने दृष्टिकोण अघि बढाउन सहयोग पुग्यो । त्यस्तै 024 सालमा ‘नेपालमा लोकवार्ता : एक गतिशील वैज्ञानिक शाश्त्र’ भन्ने लेख लेखेर छपाएँ । त्यो नेपालको लोकवार्ताको क्षेत्रमा लेखिएको पहिलो लेख हो । त्यसबेलासम्म नेपालमा लोकवार्ता एउटा अध्ययनको विधाको रूपमा विकास भएको थिएन । नेपालमा लोकवार्ताको सामग्रीहरू त प्रशस्त मात्रामा थिए । त्यसो त लोकवार्ताको दृष्टिकोणले हेर्दा नेपाल एउटा जीवित संग्रहालय नै हो । तर पनि लोकवार्ताको विभिन्न विधाहरूको वैज्ञानिक संकलन भएको थिएन । तिनीहरूको व्याख्या र विष्लेषण भएको थिएन । तिनीहरूको सिद्धान्तको प्रतिपादन भएको थिएन । र, तिनीहरूलाई निश्चित पद्दतिअनुसार अध्ययन गर्ने परम्परा विकसित भइसकेको थिएन ।

लोकगीतमा समाजको प्रचलन, आस्था पनि प्रतिविम्बित हुने गर्दछ । त्यसो त त्यो सन्दर्भ बुझ्न कुन क्षेत्र, जाति, भाषाको लोकगीत हो भन्ने

बिषयको सान्दर्भिक व्याख्यासहित संकलन गर्नु आवश्यक छ । त्यो सन्दर्भलाई जनाउन नै लोकगीतमा स्थानीय वनजंगल, खोलानाला, रूखपात, पशुपन्छी आदिको सन्दर्भहरू प्रयोग गरिन्छ । उदाहरण -

***अरुणै तरो बरुणै तरो, सुनकोशी तर्नु छ***

***आमाको कोखमा जनमै लिएँ कहाँ गइ मर्नु छ***

यो गीत अरुण बरुणको छेउमा बसोबास गरेका मान्छे वा त्यहाँ पुगेको मान्छेलेमात्रै गाउन या बुझ्न सक्छ ।

***हिमालैचुली त्यो पल्लोपटि सुकेको पराल छ***

***घरमा स्वास्नी, छोराको पास्नी, मन मेरो बराल्छ***

यो गीतमा हिमालको कुरा आएको छ । यसले हिमालसँग सम्बन्ध भएको स्थानीय क्षेत्रको बिषय बोलेको छ ।

***सेतीले ल्यायो धूलो र मैलो कालीले गेगरू***

***काकरी भए चिरनु हुन्थ्यो, हृदय के गरूँ***

अब सेती र कालीको कुरा आउनेबित्तिकै यो पूर्वको परिवेशमा गाइने गीत त हुन सक्दैन । त्यस्तै गीतहरू पनि विभिन्न प्रकारका हुन्छन् । त्यसले पनि त्यसको अर्थ र समाजसँगको सम्बन्धमा प्रभाव व्यक्त गरेको हुन्छ । महिलाहरूले गाउने, महिलाहरूको विभिन्न उमेर समूहले गाउने, विभिन्न जातिले गाउने, पुरुषले गाउने, महिला र पुरुषले गाउने, प्रश्नोत्तर

गर्ने, जुहारी खेल्ने आदि गीतले भिन्न-भिन्न अर्थ र सन्दर्भ बोक्छ । त्यस्तै व्रत बस्दा गाउने, घाासपात गर्दा गाउने, रोपाईं गर्दा गाउने, ढिकीजाँतो गर्दा गाउने, खेतमा काम गर्दा गाउने गीतले त्यही सन्दर्भलाई समेटेको हुन्छ । त्यस्तै ऋतुकालीन गीत, चाडपर्वसँग सम्बन्धित गीतले पनि त्यहाँको समाजलाई जोडेको हुन्छ । त्यस क्रममा इतिहासका कुराहरू पनि लोकगीतमा आउने गर्दछ ।

***हिमालैचुली त्यो पल्लोपटि जोरजोरै सल्ला छ***

***मातृकाबाबु खुस्किए भन्ने बहुतै हल्ला छ***

मातृकाप्रसाद कोइरालाको मृत्यु भएको सन्दर्भमा यो लोकगीत त्यही समयमा रचिएको हो । यसले इतिहासको एउटा खण्डको प्रतिनिधित्व गरेको छ । त्यस्तै चेतनाको कुरा पनि लोकगीतमा आउाछ । लैंगिक अधिकारका लागि लोकगीतमा पहिलेदेखि नै आवाज उठ्ने गरेको थियो ।

विशेषत: लोकवार्ताको दुई वटा खण्ड छ, एउटा मौखिक र अर्को अमौखिक । मौखिक अन्तर्गत लोकगीत पर्छ । यो केवल मनोरञ्जन गर्ने साधनमात्रै होइन, समाजको विकासक्रमको सूचक पनि हो । जसलाई प्रष्ट पार्न अध्ययन र अनुसन्धान गर्दा समाजसँगको सम्बन्धलाई केलाउनुपर्छ । त्यसो गर्न अध्ययनको क्रममा वैज्ञानिकता अपनाउनुपर्छ । र, त्यसको सान्दर्भिक सूचनाहरू संकलन गर्नुपर्छ । जस्तो मैले गन्धर्वहरूको अध्ययन गर्ने क्रममा 022/23 सालतिर 'कहाँ गयो मामाको छोरी टप्पै टिपेर लैजाउँला' भन्ने गीत सुनो । मलाई अचम्म लाग्यो - हाम्रो त मामाको छोराछोरी त दाजुभाइ दिदीबहिनी हुन्छन्, हाडनाता नै पर्छ । कसरी टप्पै

टिपेर लाने कुरा आयो ? अध्ययन गर्दा थाहा भयो, त्यो जातिमा मामा चेला र फूपू चेला विवाह हुादोरहेछ । त्यही भएर पो त्यस्तो गीत गाइएको रहेछ । त्यसैले सन्दर्भअनुसार गीतको व्याख्या र विष्लेषण गरिएन गीतको अर्कै अर्थसमेत लाग्छ । त्यसैले लोकगीतको अध्ययन गर्दा सूचनामा कुन जाति, कुन ठाउँ, कुन सन्दर्भमा संकलित भएको हो भन्ने स्पष्ट हुन जरुरी छ । तब मात्रै त्यसको विष्लेषण र व्याख्या सही हुन सक्छ । सही व्यख्या र विष्लेषणले नै लोकगीतलाई समाज विकासको सूचक प्रमाणित गर्न सक्छ ।

## 2.5 उपसंहार

लोकवार्ता, लोकजीवन र अभौतिक सांस्कृतिक सम्पदा सबै मानवको सम्पत्ति हो । अङ्ग्रेजी भाषामा प्रयुक्त 'फोकलोर' शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको लोकवार्ताले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ भने समकालीन विश्वमा विकसित प्रभावशाली सिद्धान्तहरूमध्ये एउटा प्रमुख समाजवैज्ञानिक सिद्धान्त मानिने 'नारीवाद' ले नारीको सामाजिक, आर्थिक, राजनीति र समग्र अवस्थाको सुधारका लागि उपयोगर्ने उद्देश्यका साथ समाजमा नारी र पुरुषको विद्यमान् अवस्थाको विश्लेषण गर्दछ । 'लोक' पूर्वपद लागेर 'लोकवार्ता', 'लोकसंस्कृति', 'लोकजीवन', 'लोकसाहित्य' जस्ता समस्तशब्दहरूको निर्माण भएको छ ।

'लोक' शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ । संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ्  **अ** प्रत्यय लागेर (लोक+घञ् अ =लोक) बनेको यो धातुको अर्थ  'देख्नु' वा 'हेर्नु' हुन्छ । त्यो हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा

'लोकजीवन' भन्न सकिन्छ । त्यसैले त्यही 'लोक' का समान्य जनीवनले स्वतःस्फूर्त रूपमा गर्ने गरेका अभिव्यक्ति, सिर्जना, विधि व्यवहार, रहन - सहन, अर्थात् लोकजीवनका सामान्य जनसमुदायको समष्टिगत ज्ञानवैभव लोकसंस्कृति वा लोकवार्ता हो । लोकवार्ता अन्तर्गत भौतिक संस्कृति (भाँडा - वर्तन, कला - कौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् ।

लोकवार्ता र यसको प्रयोग अनेकौं किसिमले भएको पाइन्छ। सरकारमा हुनेहरूले पनि संस्कृतिको एउटा काम सम्झेर ,एकेडेमीहरूले पनि एकाध प्रकाशन गरेर ,विश्वविद्यालयका एकाध पाठमा लोकवार्ता राखेर लोकवार्तालाई अन्य ज्ञानानुशासनसित जोड्ने प्रयास गरेको देखिन्छ। स्वतन्त्र काम गरेर आफ्ना साहित्य विभागमा केही लोकवार्ताका पाठहरू पनि कतिपय विद्वानहरूले राखेको पाइन्छ । यो क्रम आज पनि जारी नै छ। वर्तमान समयमा लोकवार्ता अध्ययनको औचित्य संसारका सबै जातिका निम्ति सर्वोपरि रहेको देखिन्छ । लोकवार्ता हामी मानवको पहिचार र परिचय मात्र नभएर साझा सम्पत्ति पनि हो । यसैले यसको अध्ययन औचित्यपूर्ण रहेको ठहर्दछ । लोकवार्तामा पर्ने हामी नेपाली जातिको विजया दशमी पर्वमहोत्सवलगत्तै पछाडि आम नेपालीका घरदैलो / प्रवेश हुने यमपञ्चक तिहार आफैं विशिष्ट महत्ववाहक बनेको छ । यमपञ्चक तिहारको विशेष महत्व दिदी - बहिनी मात्रले आफ्ना दाजुभाइलाई बर्सेनि मायालु - स्नेही सगुनसहित सजीवनमा उपहारसहित गरिने सम्मानजनक पूजन - अभिवादन - अभिनन्दन उत्सव ठहर्छ । यसरी नै कागतिहार, कुकुर तिहार, गाई तिहार ,लक्ष्मी पूजा, गोरु पूजा , गोवर्धन पूजापछि भाइटीका मनाइने परम्परा हामी नेपाली जातिमा छ।

## 2.6 सार

यस प्रखण्डमा **लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध, लोकवार्ता अध्ययनको औचित्य**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ 'लोक' शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ।
- ❖ संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ् **अ** प्रत्यय लागेर (लोक+घञ् अ =लोक) बनेको यो धातुको अर्थ 'देख्नु' वा 'हेर्नु' हुन्छ ।
- ❖ हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा 'लोकजीवन' भन्न सकिन्छ । त्यसैले त्यही 'लोक' का समान्य जनीवनले स्वतःस्फूर्त रूपमा गर्ने गरेका अभिव्यक्ति, सिर्जना, विधि व्यवहार, रहन - सहन, अर्थात् लोकजीवनका सामान्य जनसमुदायको समष्टिगत ज्ञानवैभव लोकसंस्कृति वा लोकवार्ता हो ।
- ❖ लोकवार्ता अन्तर्गत भौतिक संस्कृति (भाँडा - वर्तन, कला - कौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् ।
- ❖ फोकलोर अविनाशी विषय हो, किनभने यो मानिसको भित्री सिर्जनशील शक्तिसँग जोडिएको छ।
- ❖ मानिसको ऊर्जा मिथकको फिनिक्स पंक्षी जस्तो खरानी भएर थुप्रो लागे पनि त्यहीँबाट फेरि पानी हुँदै अनि नाद भएर उही आकारमा उठ्छ। मानिसको यही शक्ति फोकलोरको अन्तर्यमा रहेको छ।
- ❖ मानिसहरूले विभिन्न कालमा लोकचेतनाका प्रयोग गरिआएका छन्। अहिले दार्शनिक र साहित्यिक चिन्तनमा सरलता, सिर्जनशील लोकचेतनाका प्रयोग हुनलागेका छन्।

- ❖ जलवायु परिवर्तन र संकट विषयका छलफलहरूले उद्घाटन गर्ने विषय लोकवार्ता नै हो। नेपालको सन्दर्भमा भन्दा नेपालका लोकचलन, संस्कृति र जीवनशैलीमा परिवर्तन आएका छन्।
- ❖ अहिलेको नेपालको सन्दर्भमा लोकवार्ता र सरल जीवनको सिर्जनशील पक्षको पहिचान सबभन्दा आवश्यक विषय हो।
- ❖ हाम्रा दिदी - बहिनीका एक्लो प्यारो भाइ मरनासन्न बिरामी परेको दर्दनाक स्थितिबाट मुक्ति पाउन यमराजलाई विनम्र अनुनय विनयद्वारा अभिभूत भई काग - तिहारदेखि भाइटीकासम्मै निरोगी, आरोग्यवान् गराएको लोकवार्ता छ।
- ❖ प्रत्येक चाडपर्वसित यस्तै तर फरक - फरक जनजिब्रोमा लोककथन झुन्डिएका हुन्छन् । यी सबैके ज्ञान हामीलाई लोकवार्ताबाटै प्राप्त हुने हुनाले लोकवार्ता अध्ययनको औचित्य महिमामण्ठित रहेको देखिन्छ ।

यस प्रखण्डको अध्ययनले **लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध, लोकवार्ता अध्ययनको औचित्य**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकवार्ताको अवधारणा र यसको अन्य ज्ञानानुशासनसितको सम्बन्ध, अध्ययनको औचित्य सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 2.7 अनुशीलनी

1. लोकवार्ताको अर्थबारे चर्चा गर्दै यसको परिभाषाबारे टिप्पणी प्रस्तुत गर्नुहोस् ।
2. लोकवार्ताको अन्य ज्ञानानुशासनसित कस्तो सम्बन्ध रहेको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।
3. लोकवार्ताको स्वरूपबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।
4. लोकवार्ताको वैशिष्ट्यबारे अध्ययन प्रस्तुत गर्नुहोस् ।

5. लोकवार्ताको पृष्ठभूमिबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. लोकवार्ताको विशेषताबारे चर्चा गर्दै यसको उपयोगिता र महत्वलाई चिनाउनुहोस् ।

7. आजको सन्दर्भमा लोकवार्ताको महत्त्व र मूल्य के कस्तो रहेको छ ? आफ्नो तर्क प्रस्तुतु गर्नुहोस् ।

८. लोकवार्ताको मुख्य - मुख्य घटकबारे विश्लेषण गर्नुहोस् ।

9. नेपाली लोकवार्ता सम्बन्धि अध्ययन गर्दै नेपाली लोकवार्ताका विविध बान्कीहरूलाई चित्रण गर्नुहोस् ।

10. लोकवार्ताका अध्ययनको औचित्यबारे एउटा टिप्पणी लेख्नुहोस् ।

## 2.8 अतिरिक्त अध्ययन


1. भट्टराई, गोविन्दप्रसाद (डा.) - नारीवादी समालोचना ।

2. भट्टराई, गोविन्दप्रसाद (डा.) - पश्चिमी बलेसीका बाछिटा ।

3. नेपाली साहित्यकोश, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, 2055 ।

4. नेपाली बृहत् शब्दकोष, वि. सं. 2060, नेराप्रप्र ।

5. उपाध्याय, कृष्णदेव - लोकसाहित्यकी भूमिका, इलाहवाद ।

6. चालिसे, विजय - डोटेली लोकसंस्कृति र साहित्य ।

7. दिवस, तुलसी - नेपाली लोककथाः केही अध्ययन ।

८ .गिरी, जीवेन्द्रदेव - लोक साहित्यको अवलोकन ।

9. गिरी, जीवेन्द्रदेव - नेपाली लोक साहित्यमा जन जीवन ।

10. उपाध्याय, कृष्णदेव - लोक साहित्य की भूमिका ।

11. थापा, दिनबहादुर - गलाकोट क्षेत्रमा प्रचलित लोकगीतहरुको सर्वेक्षण र अध्ययन ।

12. थापा, धर्मराज र हंसपुरे सुवेदी - नेपाली लोकसाहित्य ।

13. पन्त, कालीभक्त - हाम्रो सांस्कृतिक इतिहास ।

14. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।

15. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - नेपाली लोक साहित्यको रूपरेखा ।

16. पौड्याल, राजेन्द्र - नेपाली लोकगीतको परम्परा र विकास ।

17. पौड्याल, षडानन्द - नेपाली लोकगीतमा धवलागिरि अञ्चलको योगदान : एक अध्ययन ।

1८. मल्ल, राधिका - म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन ।

19. बन्धु, चूडामणि - लोकसाहित्य ।

20. राणा, युद्धवीर - नेपाली समाज र संस्कृति ।

21. शर्मा, जनकलाल - हाम्रो समाज र संस्कृति ।

22. गुरूङ, एम. एम. - बिर्सिएको संस्कृति ।

## 2.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

६. लोकवार्ताको सामान्य परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. लोकवार्ताको अर्थ र परिभाषा ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

९. लोकवार्ता अध्ययनको औचित्य ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.4 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

१०. लोकवार्ता अध्ययनको निम्ति नेपाल देशले गरेका पहलहरू ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.2 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 3, लोकवार्ता - अध्ययनको क्षेत्र, सीमा र विस्तार, लोकवार्ताको विविध प्रकार

**संरचना**

3.0 उद्‌देश्य

3.1 परिचय

3.2 लोकवार्ताको अवधारणा

3.3 लोकवार्ता अध्ययनको क्षेत्र

3.4 लोकवार्ताको सीमा र विस्तार

3.5 लोकवार्ताको विविध प्रकार

3.6 उपसंहार

3.7 सार

3.8 अनुशीलनी

3.9 अतिरिक्त अध्ययन

3.10 मूल्यबृद्‌धिको निम्ति उत्तर

## 3.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोकवार्ताको अवधारणा
- लोकवार्ता अध्ययनको क्षेत्र
- लोकवार्ताको सीमा र विस्तार
- लोकवार्ताको विविध प्रकार

## 3.1 परिचय

साधाऱम अर्थमा लोकवार्ता भन्नाले लोकसित सम्बन्धित घटकलाई बुझिन्छ । लोक र वार्ता दुई शब्दको योगले बनिएको लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोक जीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्‌वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ ।

प्रथमत : **लोकवार्ता** भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्य - मान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्‌धति र चिन्तनधारलाई पनि समेट्छ । लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।

मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्‌वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ ।

लोकवार्ता धैरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै

आएको अभौतिक सम्पदा हो । तर धेरै जस्तो पिछडिएको राष्ट्रको अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन सकेको पाइँदैन । यही कारणले गर्दा सहजमार्ग अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई नै अन्तम सत्य मान्दै आएको छौं । कुनै पनि पश्चिमा अध्यनको साँचो वा मापदण्डमा ढालेर गरिने अध्ययन प्रणालीले हाम्रो राष्ट्रियतामा आधारित मूल्यपरम्परालाई पूर्ण न्याय गर्न सक्दैन ।

लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । आजको सन्दर्भमा लोकवार्ता एउटा जातिको घरोहर, संस्कृति, सभ्यता आदिलाई बचाएऱ राख्नो दर्पण साथै महत्वपूर्ण विषय पनि बनेको छ । यसले कुनै पनि जाति, राष्ट्र, सभ्यता, संस्कार, समुदाय आदिको स्पष्ट पहिचान अभिव्यक्त गर्ने गर्दछ । पाश्चात्य जगतमा लोकवार्ता विभिन्न वाद, आन्दोलन, धारा आदि भन्दा धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो ।

## 3.2 लोकवार्ताको अवधारणा

अङ्ग्रेजी भाषामा प्रयुक्त 'फोकलोर' शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको **लोकवार्ता** शब्दले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ भने समकालीन विश्वमा विकसित प्रभावशाली सिद्धान्तहरूमध्ये एउटा प्रमुख समाजवैज्ञानिक सिद्धान्त मानिने 'नारीवाद' ले नारीको सामाजिक, आर्थिक, राजनीति र समग्र अवस्थाको सुधारका लागि उपयोगर्ने उद्देश्यका साथ समाजमा नारी र पुरुषको विद्यमान् अवस्थाको विश्लेषण

गर्दछ । 'लोक' पूर्वपद लागेर 'लोकवार्ता', 'लोकसंस्कृति', 'लोकजीवन', 'लोकसाहित्य' जस्ता समस्तशब्दहरूको निर्माण भएको छ ।

'लोक' शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ । संस्कृत व्याकरण अनुसार लोक दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ) बनेको यो धातुको अर्थ (लोक=(अ) घञ्+लोक)'देख्नु' वा 'हेर्नु' हुन्छ । त्यो हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा 'लोकजीवन' भन्न सकिन्छ । त्यसैले त्यही 'लोक' का समान्य जनीवनले स्वतःस्फूर्त रूपमा गर्ने गरेका अभिव्यक्ति, सिर्जना, विधिव्यवहार, रहनसहन, अर्थात् लोकजीवनका सामान्य जनसमुदायको समष्टिगत ज्ञानवैभव लोकसंस्कृति वा लोकवार्ता हो ।

संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर (लोक + घञ् (अ) = लोक) बनेको यो धातुको अर्थ 'देख्नु' वा 'हेर्नु' हुन्छ । त्यो हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा 'लोकजीवन' भन्न सकिन्छ । लोकवार्ता अन्तर्गत भौतिक संस्कृति (भाँडावर्तन, कलाकौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् । लोकजीवनसँग युगानुकूल भएर आफ्नै आत्मा र आफ्नै मुटुको स्पन्दनमा आफ्ना जीवनशैलीलाई सरस र सुन्दर तथा सुखमय र कल्याणामय बनाउनका खातिर तिनीहरूद्वारा सिर्जना गरिएको मनोवैज्ञानिक अभिव्यक्तिले लोकसंस्कृतिको रूपधारण गर्न पुग्यो जसभित्र थरी थरीका लोकविश्वास, लोकमान्यता र लोकपरम्पराहरू, लोकरीतिरिवाज र लोकप्रथाहरू तथा उखानटुक्का, गाउँखानेकथा, दन्त्यकथा, लोकगीत आदि समावेश हुन आउँदछन् । सङ्क्षेपमा भन्नुपर्दा संस्कृति मानवीय सचेत सिर्जना र व्यवहारका यावत कुरा समाहितगर्ने

समग्र मानवीय शिल्पचातुर्य हो, जुनभाषा, चिह्न, सङ्केत, विश्वास, परम्परा, भेषभूष, खानपान, रहन - सहन आदिका रूपमा मूर्तिकरणहुन्छ। प्रत्येक जाति, प्रत्येक ठाउँ र प्रत्येक देशको आफ्नै परम्परागत व्यवहार हुन्छ र यसैबाट जातीय तथा समष्टिगत राष्ट्रिय सभ्यताको निर्माण हुन्छ । अनन्तपूर्वदेखि आचारविचार आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरुप झल्कने मौलिक संस्कृति कला - साहित्य, दर्शन - भाषा, धर्म - सामाजिक रीतिस्थिति आदि मूल्यपरम्पराको माध्यमबाट विकसित लोकवार्ता राष्ट्रिय सभ्यताको बाहक पनि हो । साधारम अर्थमा लोकवार्ता भन्नाले लोकसित सम्बन्धित घटकलाई बुझिन्छ । लोक र वार्ता दुई शब्दको योगले बनिएको लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोक जीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ ।

मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । लोकवार्ता धैरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो । तर धैरै जस्तो पिछडिएको राष्ट्रको

अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन सकेको पाइँदैन । यही कारणले गर्दा सहजमार्ग अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई नै अन्तम सत्य मान्दै आएको छौं । कुनै पनि पश्चिमा अध्यनको साँचो वा मापदण्डमा ढालेर गरिने अध्ययन प्रणालीले हाम्रो राष्ट्रियतामा आधारित मूल्यपरम्परालाई पूर्ण न्याय गर्न सक्दैन ।

## 3.3 लोकवार्ता अध्ययनको क्षेत्र

संसारको कहीँकतैको पनि लोकवार्ता कसैसँग मेल खाँदैन। सबैको आ - आफ्नै क्षेत्र हुन्छ । लोकवार्ता र लोक संस्कृति भनेको त्यो हो, जसले देशको प्राकृतिक, पर्तावरण र सम्पदामा एक - अर्कासित जोडिएर महत कार्य गर्दछ । संस्कृतिको क्षेत्रमा कोही अग्लो, कोही पुड्को, कोही मोटो र कोही पातलो हुँदैन, सबै समान हुन्छन्। सांस्कृतिक रूपले कुनै जातिको संस्कृति उच्च वा कुनै जातिको निम्न हुन्छ भन्नेमा मेरो विश्वास छैन। त्यस कारण हाम्रो संस्कृति हाम्रो आफ्नै प्रकारको छ, यो अरूसँग तुलना गरेर यो चाहिँ माथि, यो चाहिँ तल, यो चाहिँ उपयुक्त, यो चाहिँ अनुपयुक्त भन्ने दृष्टिकोण नै सांस्कृतिक अध्ययनको क्षेत्रमा गलत हुन्छ।

**संस्कृति जस्तै लोकवार्ता पनि परिवर्तन हुँदै जाने भए हामीले यस विषयलाई कसरी लिने**? आफ्नो संस्कृतिलाई सबल बनाउने, प्रगतिशील तुल्याउने, मानव कल्याण र अरूको हितका लागि उपयुक्त बनाउने कार्य अरूले आएर गर्दैन, हामीले आफैं गर्नुपर्छ। त्यो संस्कृतिको परिवारले पनि सक्रिय भएर अगाडि बढ्नुपर्छ र हामीहरूको जातजातिको विभिन्न भाषाभाषिका बोल्नेलाई समाजको आफ्नो सांस्कृतिक मूल्यलाई संरक्षण

गर्ने अधिकारलाई सुरक्षा दिनुपर्छ। त्यहीअनुसार तिनको पहिचानलाई अगाडि बढाउनुपर्छ। आफ्नो संस्कृतिसँग परिचित हुनु, त्यसको विशेषतलाई बुझ्नु र थाहा पाउनु र त्यसको विशेषतालाई कुन - कुन रूपमा निरन्तरतै दिनु, कुनमा रूढीवादी हुन्छ र मुक्ति पाउन सकिन्छ भन्ने कुराको अध्ययन लोकवार्तामा गरिने गरिन्छ ।

लोकवार्ताका विविध प्रकारहरू लोकगीत - लोकगाथामा बहुविवाह, बालविवाह, दाइजोप्रथा र जारीप्रथा, चेलीको धन खाने प्रचलन, एकलमहिलाको अवस्था, सतीप्रथा घरेलु हिंसा आदि प्राय सबै पक्षको सजीव चित्रणद्वारा सामाजिक यथार्थको प्रकटीकरण गरिनुका साथै तिनका माध्यमबाट यस्ता असमानताजन्य मानव उत्पीडनको विरोधमा समेत लोकमतको सिर्जना गर्न प्रत्यक्ष-परोक्ष योगदान पुराएका छ । जस्तो गण्डकी प्रदेशमा प्रचलित लोकनाटक घाटुमा पति राजाको मृत्युपश्चात रानी अम्वावतीको शतीगमन जस्ता प्रसङ्गले कालान्तरमा शती प्रथा उन्मूलन गर्ने चेतनाको विकासमा केही न केही योगदान गरेन होला त ? यसरी नै हरिमल्ल राजा र भव मल्ली रानीको गाथा होस् वा मनकोइला रानीको गाथा, यस्ता प्राय लोकसाहित्यले नारीवादी आन्दोलन चासोका विषय बालविवाह र वहुविवाहजस्ता लोजीवनका नकारात्म पक्षले राम्ररी अभिव्यक्ति पाएका छन् । यी सबैको अध्ययन क्षेत्र लोकवार्ता नै हुन् ।

## 3.4 लोकवार्ताको सीमा र विस्तार

**लोकवार्ता** भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको

हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ । लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।

मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । लोकवार्ता धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो । तर धेरै जस्तो पिछडिएको राष्ट्रको अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन सकेको पाइँदैन । यही कारणले गर्दा सहजमार्ग अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई नै अन्तम सत्य मान्दै आएको छौं । कुनै पनि पश्चिमा अध्यनको साँचो वा मापदण्डमा ढालेर गरिने अध्ययन प्रणालीले हाम्रो राष्ट्रियतामा आधारित मूल्यपरम्परालाई पूर्ण न्याय गर्न सक्दैन ।

पश्चिमी जगतमा धेरै अगाडिदेखि श्रुतिपरम्पराहुँदै प्रचलनमा रहेको लोकवार्तामा जातीय चित्र, दृष्टि, अवधारणा आदि मुखरित भएको छ कि छैन ? यो प्रश्नको उत्तर खोज्दै आएको देखिन्छ । अहिले आएर लोकवार्ताविद्हरू महिला अनुभवमाथि केन्द्रित हुँदै विभिन्न सांस्कृतिक सन्दर्भहरूमा उनीहरूले गरेका विविध अनुभव र अभिव्यक्ति बारे अध्ययन गर्न थालेका छन् । सन् 1960 को नारी स्वातन्त्रतावादी आन्दोलनबाट

आएका नारी आन्दोलनका पक्षधर लोकवार्ता अध्ययेताका साथै नारी लोकवार्ताकारहरूले लोकवार्ता अध्ययनको क्षेत्रबिस्तार तथा यसको कार्यप्रक्रियाको पुनःपरिभाषित गर्ने उद्‌देश्यबाट पूर्वस्थापित मान्यतामाथि प्रश्न उठाउन थाले । यसरी प्रवेश गरेको नारीवादी आन्दोलनलाई यदा - कदा नेपाली समाजमा नारीले भोग्दै आएका सही अर्थका समस्या नारी सशक्तिकरण, शोषण अत्याचारबाट मुक्ति, स्वास्थ्यशिक्षा र अवसरका समानताजस्ता नारी स्वतन्त्रताको अर्थमा भन्दा बढी उपभोक्तावादी जीवनशैली, अभ्यास र उन्मुक्ततताालाई नारीवादी आन्दोलन ठान्ने प्रवृत्ति बढिरहेको देखिएको छ ।

“संस्कृतिलाई साध्यको दास होइन, यो ती साध्य स्वयम्का लागि सामाजिक आधारका रूपमा हेरिनुपर्दछ ।” भन्ने स्वीकार गर्दै वर्ल्ड कमिसन अन कल्चर एन्ड डेभलपमेन्ट )1995 (ले संस्कृतिले मानवीय अस्तित्वको अर्थ दिने हुँदा विकासका आधुनिक आयाममा मानव विकासका अभौति अर्थात् सांस्कृतिक पक्षको समान महत्व रहने कुरालाई महत्व दिएको यहाँ स्मरणीय छ ।

यिनै पृष्ठभूमिमा वर्तमान नारीवादी आन्दोलनले उठाएका विषहरूमा नेपाली लोकवार्ताले कतिसम्म आवाज दिएको छ, तिनमा नारी आवाजको प्रतिनिधित्व भएको छ छैन भन्ने जस्ता प्रश्न स्वाभाविक हुन् ।

सामान्य अध्ययनमा समेत यसको उत्तरमा सकारात्मक सङ्केत पाइन्छ । नेपाली जातीय संस्कार र संस्कृतिका विविध पक्षमा कतिपय असल र आवश्यक तत्वहरू विद्‌यमान् रहेका छन् । तर पनि यस भित्रका पितृसत्तात्मक चिन्तन र शक्ति नियन्त्रणको मनोविज्ञानले उत्पन्न गरेको नारी तथा पुरुषबीचको असमानता, द्‌वन्द्‌व, नारी उत्पीडन, हिंसा, बालविवाह, बहुविवाह, अनमेल विवाहजस्ता दमन र थिचोमिचोलाई थोरै

भए पनि नेपाली लोकवार्ताले स्वर दिएको प्रष्ट छ । समाजमा जुन मात्रामा उत्पीडन र अत्याचार हुन्छ, त्यही मात्रामा नभए पनि यस्ता चिन्तनप्रवृत्तिका विरुद्ध केही न केही विरोध र विद्रोहले निकास खोजेकै हुन्छ । लोकजीवनका अनुुभव, अनुभूति र समस्याहरूको परम्परागत अभिव्यक्तिका माध्यम लोकसाहित्यका विविध विधामा झिनै भएपनि ती असमानता, उत्पीडन आदिलाई लिएर आवाज उठ्नु स्वाभाविक हो; र ती आवाज पश्चिमी नारीवादको आन्दोलन उठ्नुभन्दा धेरै अगाडिदेखि नै मुखरित हुँदै आएका हुन् ।

यस आलेखको उद्देश्य यी समग्र प्रश्न र पक्षहरूको विस्तृत अध्ययन गर्नु होइन, यसतर्फ विद्वत् वर्गको ध्यान आकृष्ट गर्नु मात्र हो । किन भने हाम्रो सन्दर्भमा गर्नु पर्ने धेरै काम बाँकी नै छ । आजसम्म हामीले सबै कुरा अरुकै धारणा, दृष्टिकोण र सन्दर्भमा विकसित सिद्धान्त - अवधारणाको आधारमा गर्दै आएका छौं ।

आज नेपाली सन्दर्भमा प्रचलित यो पश्चिमा नारीवादी आन्दोलन सम्भवतः छिमेकी देश भारत हुँदै हामीकहाँ प्रवेश गरेको हुनुपर्दछ । यसरी लोकवार्ताको विकासका लागि अत्यन्त आवश्यक पक्ष रहे पनि नारीवादी सिद्धान्त र यसको पहुँचको निकटतालाई भने भर्खरैजस्तो मात्रै मान्यता दिइएको पाइन्छ । अहिले आएर लोकवार्ताविद्हरू महिला अनुभवमाथि केन्द्रित हुँदै विभिन्न सांस्कृतिक सन्दर्भहरूमा उनीहरूले गरेका विविध अनुभव र अभिव्यक्ति बारे अध्ययन गर्न थालेका छन् । सन् 1960 को नारी स्वातन्त्रतावादी आन्दोलनबाट आएका नारी आन्दोलनका पक्षधर लोकवार्ता अध्ययेताका साथै नारीलोकवार्ताकारहरूले लोकवार्ता अध्ययनको क्षेत्रबिस्तार तथा यसको कार्यप्रक्रियाको पुनःपरिभाषित गर्ने उद्देश्यबाट पूर्वस्थापित मान्यतामाथि प्रश्न उठाउन थाले । यसरी प्रवेश गरेको

नारीवादी आन्दोलनलाई यदाकदा नेपाली समाजमा नारीले भोग्दै आएका सही अर्थका समस्या नारी सशक्तिकरण, शोषण अत्याचारबाट मुक्ति, स्वास्थ्यशिक्षा र अवसरका समानताजस्ता नारी स्वतन्त्रताको अर्थमा भन्दा बढी उपभोक्तावादी जीवनशैली, अभ्यास र उन्मुक्ततताताई नारीवादी आन्दोलन ठान्ने प्रवृत्ति बढिरहेको देखिएको छ । “संस्कृतिलाई साध्यको दास होइन, यो ती साध्य स्वयम्का लागि सामाजिक आधारका रूपमा हेरिनुपर्दछ ।” भन्ने स्वीकार गर्दै वल्ड कमिसन अन कल्चर एन्ड डेभलपमेन्ट त्वको अर्थ दिने हुँदा ले संस्कृतिले मानवीय अस्ति (1995) विकासका आधुनिक आयाममा मानव विकासका अभौति अर्थात् सांस्कृतिक पक्षको समान महत्व रहने कुरालाई महत्व दिएको यहाँ स्मरणीय छ।

नेपाली जातीय संस्कार र संस्कृतिका विविध पक्षमा कतिपय असल र आवश्यक तत्वहरू विद्यमान् रहेका छन् । तर पनि यस भित्रका पितृसत्तात्मक चिन्तन र शक्ति नियन्त्रणको मनोविज्ञानले उत्पन्न गरेको नारी तथा पुरुषबीचको असमानता, द्वन्द्व, नारी उत्पीडन, हिंसा, बालविवाह, बहुविवाह, अनमेल विवाहजस्ता दमन र थिचोमिचोलाई थोरै भए पनि नेपाली लोकवार्ताले स्वर दिएको प्रष्ट छ । समाजमा जुन मात्रामा उत्पीडन र अत्याचार हुन्छ, त्यही मात्रामा नभए पनि यस्ता चिन्तनप्रवृत्तिका विरुद्ध केही न केही विरोध र विद्रोहले निकास खोजेकै हुन्छ । लोकजीवनका अनुुभव, अनुभूति र समस्याहरूको परम्परागत अभिव्यक्तिका माध्यम लोकसाहित्यका विविध विधामा झिनै भएपनि ती असमानता, उत्पीडन आदिलाई लिएर आवाज उठ्नु स्वाभाविक हो; र ती आवाज पश्चिमी नारीवादको आन्दोलन उठ्नुभन्दा धैरै अगाडिदेखि नै मुखरित हुँदै आएका हुन् । यस आलेख वा अध्ययन सामग्रीको उद्देश्य

यी समग्र प्रश्न र पक्षहरूको विस्तृत अध्ययन गर्नु होइन, यसतर्फ विद्वत् वर्गको ध्यान आकृष्ट गर्नु मात्र हो । किन भने हाम्रो सन्दर्भमा गर्नु पर्ने धेरै काम बाँकी नै छ । आजसम्म हामीले सबै कुरा अरुकै धारणा, दृष्टिकोण र सन्दर्भमा विकसित सिद्धान्त-अवधारणाको आधारमा गर्दै आएका छौं । त्यसैले हाम्रो आफ्नो सन्दर्भमा विगत केलाउनु र सांस्कृतिक-सामाजिक आन्दोलनको इतिहासमाथि थप र गंभीर अध्ययन विश्लेषणको आवश्यकता बारे ध्यानाकर्षण गर्नु नै यसको उद्देश्य हो ।

लोकसाहित्य जनहृदयको उद्गार भएकोले यसमा नरी शोषण र त्यसरी शोषित नारीको मुक्तिकामी स्वरले वाणी पाउनु अत्यन्त स्वाभाविक छ । मानिसले आफ्नो भूल गल्तीबाट पाएका शिक्षाहरू तथा आफूले जीवनसङ्घर्षमा पाएका अनुभवहरूलाई लोकसाहित्यको रूपमा सँगालिदिएको छ ।9 यसले लोकजनको सुख-दुःख, हर्ष विस्मात र समाजका आर्थिक, सामाजिक विसङ्गतिहरूलाई लोकवार्ताका विभिन्न विधा मार्फत वाणी दिँदै आएको छ । तिनै लोकसाहित्यका मध्यमबाट प्राचिन लोकजीवनले भोग्दै आएका मनका विषाद्, सामाजिक विसङ्गति, नारीले भोग्नु परेका कष्ट र प्रताडना आदिलाई मनग्गे आवाज दिएर लोकसाहित्यले यस विपरित जनचेतना वृद्धि गर्दै सुधारका लागि जनमत निर्माण गर्नमा सहयोग पु¥याउँदै आएको छ । लोकथाजस्ता लोकसाहित्यले परम्परा निर्वाह मात्र नगरेर परम्पराको निर्माण पनि गर्ने गर्दछ ।

कुनै पनि समाज जड हुँदैन । त्यसमा गलत परम्परालाई विस्थापित गर्ने नयाँ परम्परा निर्माणको प्रक्रिया निरन्तर चलि नै रहेको हुन्छ । त्यो परम्परा निर्माणको यात्रा नेपाली समाजमा पनि निरन्तर चलिरहेको छ र त्यसमा आवश्यक विरोध र विद्रोहको बीजरूपलाई लोकसाहित्यले

यथार्थपरक तथा अनुभूतिजन्य लोकवाणीका माध्यमले सिञ्चन गर्दै आएको छ ।

समाजमा कुनै पनि नयाँ परम्परा निर्माणका लागि विरोध र विद्रोह आवश्यक हुन्छ र नेपाली लोकसाहित्यमा प्रकट भएका आवश्यक नारी छट्पटी, असन्तुष्टी, विरोध र विद्रोहको स्वरले पनि प्रत्यक्ष-परोक्षमा गलत परम्पराको विरोधमा सचेतता निर्माण गर्दै आएकोछ; नयाँ परम्पराको निर्माणमा लोकचेतना बढाउने काम गर्दै आएको छ । महाभारतको जुवाको खालमा हारिएकी द्रैपदीको "आफैं हारेर दास बनेका पतिले आफूलाई खालमा थाप्ने अधिकार कसरी पाए" भन्ने आशयको विद्रोही प्रश्नदेखि आजका चेलीबेटी बेचबिखन र वैदेशिक रोजगारीमा पराइ भूमि पुगेर भोगेका यातनाका लोकअभिव्यक्तिहरूलाई के हाम्रो पूर्वीय सन्दर्भमा नारीवादी चेतनाको स्वर मान्न सकिँदैन ? लोकसाहित्यका विधा लोककथा, लोकगीत-लोकपद्य, लोकगाथा, लोकनाट्य, लोकोक्ति, उखान, टुक्का, गाउँखाने कथालगायत सबैमा नारी शोषण र विद्रोहको केही न केही झिल्को भेटिन्छ । लोकसाहित्यमा जनजीवनको पीडा - सङ्षको सामाजिक यथार्थ समाहित हुन्छ । झ्याउरे गीत, देउडा, घाँसेगीत, आदिमा अभिव्यक्त मानव जीवनका दुःख - पीडा र त्यसबाट खोजिएका मुक्तिकामनाका भावले लोकवार्ताको स्वरूप पनि खुच्याउन सकिन्छ ।

## 3.5 लोकवार्ताको विविध प्रकार

लोकवार्ताका विविध प्रकारहरू हुन्छन् । यसको मुलभूत भेद वा प्रकारहरूलाई यहाँ निम्नरूपमा यसरी अध्ययन गरिएको छ -

### 3.5.1 लोककथा –

लोकसाहित्यका विविध विधाहरू मध्ये लोककथा प्रमुख विधा हो । यो गाउँघरमा कामकाजबाट फुर्सद मिलेपछि वसिवियाँलो गर्न र ज्ञानगुन पाउन कथा भन्ने र सुन्ने चलनसँगै अघि बढेको पाइन्छ । लोककथा कुनै समाज तथा संस्कृतिमा परापूर्वकाल देखि मौखिक तथा लिखित रूपमा चलिआएको कथा हो । लोककथामा समाजका सास्कृतिक परम्परा तथा चालचलन सहितका दन्त्यकथा, परी कथा, चुटकिला, ऐतिहासिक कथा आदि समावेस गरिएको पाइन्छ ।

लोककथाको उत्पतिबारे कुनै पनि तिथिमिति स्पष्ट हुदैन र यसका लेखक पनि हुदैनन् किनभने यो मानवसभ्यता तथा लोकभाषासँग बिकसित हुदै सामुहिक रुपमा एक गलाबाट अर्को गला हुदै आजको रुपसम्म आइपुगेको हो । यसरी तत्कालिक समाजको धार्मिक, सामाजिक एवं साँस्कृतिक मान्यता र परम्पराको जीउँदो रुप लोककथा हो । नेपाली वृहद शब्दकोष अनुसार 'परम्परादेखि लोक जीवनमा मौखिक रुपले चलि आएको कथालाई लोककथा भनिन्छ ।' त्यस्तै गरी अमरकोशको अनुसार 'खासगरी जुगौं जुग देखि जनताको मुखमुखै एकनासले चलि आएका काल्पनिक घटना प्रधान कथालाई लोककथा भनिन्छ ।' त्यसैले लोककथा भन्नाले तपाई हाम्रो माझमा मौखिक रुपले चलि आएको कथा भन्ने बुझिन्छ । यसरी लोककथा र समाजका विच नङ र मासुको जस्तो सम्बन्ध रहेको देखिन्छ । यो कुनै व्यक्ति तथा देशको उपज नभई विश्वकै सम्पदा मानिन्छ ।

भौगोलिक स्थिति, जाति, संस्कृति आदिको कारणले फरक फरक भए पनि तात्विक रुपमा एकै हुन्छ । प्राय: जसो नेपाली लोककथामा 'एकादेश' बाट शुरु गर्ने र कथाको अन्तमा सुन्नेलाई सुनको माला,

भन्नेलाई फूलको माला आदिबाट कथा टुङ्ग्याउने गरिन्छ । लोककथाहरु पशुपंक्षी, बोट विरुवा, भूत प्रेत, पौराणिक धार्मिक, साँस्कृतिक ऐतिहाँसिक, उपदेशात्मक, साहस सु¥याई, दैवी, हास्यव्यंगात्मक मनोरञ्जनात्मक इत्यादि प्रकारका हुन्छन् । जो मार्फत लोक जीवनले बौद्धिक ज्ञान, नैतिक सन्देश र मनोरञ्जन पाउँछन् । यसको मूल थलो समाज हो जो जीवनजगतकै सेरोफेरोमा चहार्दै घुम्छ र पुस्ता प्रतिपुस्ता सर्दै जान्छ ।

लोककथालाई सुन्ने कथा, दन्त्य कथा का साथै कर्णाली र सुदुर पश्चिम क्षेत्रमा सिल्लोक पनि भनिन्छ । नेपाली लोक कथाहरु हाम्रो पैत्रिक सम्पति हुन् । नेपालका प्राकृतिक भण्डार   हुन् । नेपाली लोककथाले लोक संस्कृति तथा राजा महाराजा, देवी देवता, मठ मन्दिर, पशुपंक्षी, वनस्पति आदिको कथा प्रस्तुत गरेको पाइन्छ । जहाँ हुन नसक्ने कुराहरु पनि सम्भव भएको देखिन्छ । खासगरी बूढाबूढीहरुले आफ्ना सन्तानहरुलाई भुलाउन, फकाउन र मनोरञ्जन दिन यस्ता कथाहरु भनिएको पाइन्छ । जस्तैः खीरपाक ताउली, सिस्नेकीरा, कन्जुस बुढी, ठूला ढुंगाको दैत, स्याल र बाघ, पैकेलोको कथा आदि । यसरी लोककथा परम्परा देखि सुनाइदै आएको लोकजीवनको श्रुति स्मृतिमा आउने कथा हो । आजकल लोककथामा समय सापेक्ष थपघट हुनुका साथै आधुनिकताको पनि प्रभाव परेकोछ । तर, यसको रुप, सौन्दर्य नबिगारी जस्ताको तस्तै लिखित रुपमा संरक्षण गर्नु हाम्रो ठूलो कर्तव्य मानिनेछ।

### 3.5.2 लोकगाथा -

लोकगाथालाई विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान तथा अन्वेषकहरुले विभिन्न परिभाषा दिएका छन् । जि. एल. क्रिटिज लोकगाथा कथा भनिएको गीत हो । अथवा अर्को दृष्टिकोणवाट भन्नु पर्दा लोकगाथा

भनेको गीतमा भनिएको कथा हो । एफ. वी. गुमर लोकगाथा अवैयक्तिक सामग्री भएको गेय पद्म हो । उत्पत्तिका दृष्टिले यो नृत्यसँग सम्वन्धित हुन्छ । फ्रेन्क सिजविक लोकगाथा लोकको सम्पत्तिका रुपमा रहेको सरल आख्यानात्मक गीत हो र हस्तान्तरण सरल मौखिकरुपमा हुन्छ । इन्साइक्लोपिडिया व्रिटानिका लोकगाथा अज्ञात रचनाकार भएको पद्म शैलीको नाम हो । यसमा साधारण कथा शृङ्खला र अभिप्राय हुन्छ । मौखिक प्रशारणका लागि उपयुक्त श्लोकमा लोकगाथा कलात्मक सुक्ष्मतारहित हुन्छ ।

इन्साइक्लोपिडिया अमेरिकाना लोकगाथा सरल आख्यानात्मक प्रगीत हो । ज्ञान वा अज्ञान उत्पत्ति भएको लोकगाथा कथा भनिएको गीत हो । प्रा. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल कुनै प्रसंग वा घटनावलीको मौखिक वा श्रुति परम्पराद्धारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अज्ञात रचनाकारको आख्यानात्मक गीत संरचनालाई लोकगाथा भनिन्छ । मोतिलाल पराजुली लोकगीतका तरलतम् भाव र हृदयपक्षको तिक्षणता सँगसगै मानव भोगाइका मर्मस्पर्शी कथा व्यथा बोकेर लयात्मक सांगीतिक ध्वनि छर्दै एउटा कलात्मक विद्याको सृजना हुन्छ, त्यो कलात्मक विद्या लोकगाथा हो । डा. कृष्णदेव उपाध्याय जनसाधारणका मौखिक परम्परामा प्रचलित कथात्मक गीतलाई लोकगाथा भनिन्छ ।

लोकगाथा उत्पत्ति सम्बन्धि विभिन्न मतहरु देखा परेका छन् । ती मतहरुलाई प्रा. डा. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलद्वारा लिखित 2063 सालमा विद्यार्थी पुस्तक भण्डार भोटाहिटी बाट प्रकाशित लोक वार्ता विज्ञान र लोक साहित्यको पृष्ठ 15८ देखि 161 सम्म सविस्तार दिइएको छ । तिनै मतहरु र मोतिलाल पराजुलीद्वारा लिखित तथा

श्रीमती तारादेवी पराजुलीद्वारा 2049 सालमा प्रकाशित नेपाली लोकगाथा को पृष्ठ 30 मा दिइएको भारतिय लोक साहित्यका मर्मज्ञ डा. कृष्णदेव उपाध्यायको लोकगाथाको उत्पत्ति सम्बन्धि समन्वयात्मक सिद्धान्तलाई आधार मानेर तिनलाई मोटामोटी रुपमा तीन वर्गमा विभाजन गर्न सकिन्छ ।

**समुदायबादी सिद्धान्त** ः-लोकगाथाको रचनामा समाज वा जातिको भूमिका स्वीकार गरेर यसको उत्पत्तिको सिद्धान्त प्रतिपादन गर्ने विद्वानहरुमा ग्रिम अग्रपंक्तिमा रहेका छन् । उनले यसको उत्पत्तिमा सम्पूर्ण समाजको भूमिका रहेको मत अघि सारेका छन् । यसैको निरन्तरताका रुपमा गुमरको समुदायवादले कुनै निश्चित समुदायको भूमिकालाई यसको उत्पत्तिको आधार मानेको छ भने स्टेन्थलको जातिवादी सिद्धान्तले समाज भावना संस्कार, रीतिरिवाज परम्परा समान हुने एउटै जातिका मानिसहरुवाट यसको उत्पत्ति भएको हो भन्ने मत अघि सारेका छन् ।

**ब्यक्तिबादी सिद्धान्त** ः- लोकगाथाको उत्पत्ति वा रचना कुनै न कुनै व्यक्तिवाट भएको हो भनेर मान्ने मत जसमा विसप पर्सीको चारणवाद, स्लेगलको व्यक्तिवाद चाइल्डको व्यक्क्तित्वहिन व्यक्तिवादले यसको रचनामा कुनै न कुनै प्रकारले व्यक्तिको भूमिकालाई दर्शाउँछ ।

**समन्वयवादी सिद्धान्त** ः- भारतीय लोकगाथाका मर्मज्ञ डा. कृष्णदेव उपाध्यायले लोकगाथाको उत्पत्ति सम्वन्धमा समन्वयवादी सिद्धान्त अपनाएका छन् । उनका अनुसार समाजमा प्रचलनमा रहेका गाथाहरु रचनामा कुतै व्यक्ति त कतै समुदायको योगदानको झलक स्पष्ट पाउन

सकिन्छ । आदिम जाति हरुमा सामुहिक मनोरञ्जनको परम्परा रहेकोले समुदायका सवैे जना एकै ठाँउमा भेला भएर उत्सव मनाउने क्रममा गाथाहरुको रचना भएको पाईएको छ, भने कतै चारणहरुद्वारा सासकहरुको स्तुति परम्परामा गाथाको रचना भएको कारणले व्यक्तिपनि यसको रचनाकार भएको मानिन्छ ।

यसरी विचार गर्दा जवदेखि मान्छेले चेतनाको अनुभव गर्‍यो । त्यही बेला देखि गाथाको जन्म भएको मान्ने गरिन्छ । मानविय विकास क्रमको आदिम अवस्थामा उसले भोगेका वा सामना गर्नु परेका प्राकृतिक विपत्तिहरुवाट मुक्ति पाउन वा आफ्नो रक्षा गर्न कुनै अज्ञात शक्तिको आविष्कारको कल्पना गर्‍यो र त्यसको स्तुति गर्न थाल्यो । यसरी धर्मगाथाको जन्म हुन गयो होला जसको जल्दो बल्दो उदाहरण कतिपय आदिवासीहरुमा प्रकृति पूजाको परम्परा यधपि कायम रहेको पाउन सकिन्छ । भने हिन्दुहरुको पौराणिक ग्रन्थ ऋग्वेदमा पनि उषा सूक्त लगायतका गाथाहरु प्रचलित र प्रख्यात छन् । यसरी हेर्दा गाथाहरुको उत्पत्ति कुनै अज्ञात शक्ति वा प्रकृतिको स्तुति गाथाहरुवाटै कालान्तरमा लोकगाथाहरुको रचना भएको हो भन्न सकिन्छ ।

## 3.5.3 बालकथा –

आख्यानात्मक गद्य विधाअन्तर्गत स्वदेशी एवं विदेशी लोककथाका अतिरिक्त पौराणिक कथा, नीति कथा, जातक कथा, साहसी कथाका साथै सामाजिक एवं विज्ञानपरक मौलिक बालकथाहरूसमेत गरी हजारौ सङ्ख्यामा बालकथाहरू छापिएको देखिन्छ । यसमा 'कमिक्स' स्वरूपको चित्रकथा शुरुदेखि हालसम्म नै प्रकाशित हुँदै आएको छ । 'व्यक्ति', 'व्यक्तित्व', 'प्रेरणा', 'जीवनी', 'समयसमय अनुहार', 'आविष्कार',

'इतिहास' जस्तास्तम्भहरूबाट यसले सयौँको सङ्ख्यामा स्वदेशी एवं विदेशी प्रसिद्ध व्यक्तित्वबारे बालपाठकलाई जानकारी गराउँदै बालपयोगी जीवनीलाई अघि बढाएको छ । सयौँको सङ्ख्यामा विभिन्न स्थान, सांस्कृतिक परम्परा एवं मूर्त सम्पदासँग बालबालिकालाई परिचित गराएको छ । यही क्रममा संसारका विभिन्न अनौठा प्राणी, उपयोगी वनस्पति तथा वातावरणीय जानकारीयुक्त आलेख प्रकाशित गरेको मुनाले विज्ञानका विविध शाखा, प्रशाखाका बारेमा उत्पन्न बालउत्सुकतालाई साम्य पार्ने प्रयास पनि गरेको छ । मुनामा बालपद्य अन्तर्गतका बालकविता, बालगीत, लघुबालकाव्यहरू प्रौढ र बालबालिका दुवैबाट प्रस्तुत भएका छन् । 32 पृष्ठको पहिलो अङ्क र 64 पृष्ठको वर्तमान अङ्कमा कविता सङ्ख्या झन्डै समान हुनु त्यति उपयुक्त नभए पनि मुनाले बालपद्यलाई आफ्ना सबै अङ्कमा प्राथमिकता भने दिएकै छ । मुनामा पहिलो पाइला टेकी हाल कविताका क्षेत्रमा स्थापित भएका कैयाँै सर्जकहरू हुन सक्छन् । यस बारेमा खोजी हुनु अझ उपयुक्त देखिन्छ । मुनाले प्रति अङ्क चारदेखि आठ वटासम्म कथा छापेर नेपाली बालकथाको विकासमा महत्वपूर्ण योगदान पुराएको छ । यसमा मूलतः लोककथा र आधुनिक कथाले पहिलो प्राथमिकता पाएका छन् भने पौराणिक कथा, नीति कथा, जातक कथा, विज्ञान कथाका अतिरिक्त यसले पहिलो अङ्कदेखि हालसम्म नै 'शीर्षक विनाको कथा' शीर्षकको स्तम्भ नै राखी बालकथाका विविध स्वरूपलाई प्रत्येक अङ्कद्वारा विस्तार गरेको देखिन्छ । तथापि यसमा प्रकाशित अधिकाँश कथाहरू औपदेशिक भारबाट थिचिएका छन् । त्यसैले पनि भविष्यमा

बालमनोविज्ञानपरक एवं बालसमस्यामा केन्द्रित मनोरञ्जनात्मक, मौलिक बालकथाहरूले बढी प्राथमिकता पाउनुपर्ने देखिन्छ ।

शब्दको तुलनामा चित्रको अनुपात 60 प्रतिशतभन्दा बढी भएको प्रायः 5-7 वर्षका बालबालिकाका लागि लक्षित गरी लेखिएको चित्रकथा अचेल बालसाहित्यको मात्र विशिष्ट विधाका रूपमा स्थापित भएको छ । मुनामा पहिलो अङ्कदेखि हालसम्म पनि चित्रकथा स्तम्भले निरन्तरता प्राप्त गरको देखिन्छ । यसमा हालसम्म करिब तीन सय वटा चित्रकथा प्रकाशित छन् (कमिक्स) । तीमध्ये केही मात्र मौलिक छन् भने अधिकांश पञ्चतन्त्र, जातक कथा, धार्मिक पौराणिक कथा वा विदेशी प्रसिद्ध कथामा आधारित छन् । हालसाल 'ठुटे बाघ' शीर्षकमा मौलिक कथा प्रस्तुत गर्न थालेकाले यसमा केही नवीनता थपिएको देखिन्छ । हाँसो नै चुट्किलाको मूल ध्येय वा लक्ष्य भएकाले बालबालिकाहरू चुट्किला सुन्दै हाँस्न र भन्दै हँसाउन लालायित रहन्छन् । सम्भवतः यही कारणले मुनाले प्रत्येक अङ्कमा 'रमाइलो गरौँ' 'सँगै हाँसौँ','आऊ ठट्टा गरौँ', 'भिटामिन' जस्ता स्तम्भहरूद्वारा चित्रमय वा चित्ररहित दुईदेखि पाँच-सातवटासम्म बालचुट्किलाहरू प्रकाशन गर्दै आएको छ । यसबाहेक यसमा फरक छुट्याउने र रङ भर्ने स्तम्भमा दिइएका केही चित्रहरू पनि हास्यप्रधान नै छन् । गाउँखाने कथा पनि नेपाली लोकवार्ताको बुद्धि विलास गर्ने प्रिय विधा हो । ग्रामीण नेपाली समाजमा प्रायः सुत्नु अघि बालबालिकासँग बसी गाउँखाने कथाको अड्को भन्ने र त्यसको अर्थ खुलाउन लगाउने प्रचलन रहेको पाइन्छ । यही कारणले पनि मुनाले 'लाउँछौ कि अर्थ, दिन्छौ गाउँ', ' गाउँखाने कथा' जस्ता शीर्षकमा 5, 7वटा गाउँखाने कथाहरू व्यतिक्रमित रूपमै भए पनि प्रकाशन गर्दै आएको छ ।

यीमध्ये विधागत दृष्टिले बालकविता सबैभन्दा बढी करिब दुई हजार छन् भने यसपछि बालकथा, बालनिबन्ध, बालसंस्मरण, बालनियात्रा, बालचुट्किला,बालचित्रकारिता, बालनाटकको क्रम रहेको छ । शब्दका साथै बालबालिकाले कुचीका माध्यमबाट पनि आफ्नो सिर्जनात्मक क्षमता प्रस्तुत गर्दै मुनालाई सघाएको देखिन्छ । हालसाल 'मेरो कुची' स्तम्भ राखी मुनाले बालचित्रात्मक सहभागितालाई प्राथमिकता दिएको छ । 'पाठकका आँखामा मुना' 'मुनालाई पत्र' जस्ता स्तम्भलाई प्राथमिकताका साथ प्रायः पहिलो पृष्ठमा प्रकाशनगरी मुनाले बालपाठकहरूलाई उच्च स्थान प्रदान गर्दै आएको छ । समयसमयमा राखिएका 'मुना ज्ञान मञ्च', 'डाक्टरलाई प्रश्न', 'शीर्षक के हो', 'पत्र लेखौँ साथी बनाऔँ', 'अङ्कजाल प्रतियोगिता', 'कसले धेरै शब्द बनाउन'े, 'फरक छुट्ट्याऊ' जस्ता स्तम्भहरूको निर्देशनअनुरूपको कार्य गरी सक्रिय पाठकका रूपमा बालबालिकाहरूले सहभागिता जनाउँदै आएका छन् । हालसाल 'साथीलाई सन्देश', 'जन्मोत्सव', 'विचार मञ्च', 'साथी बन्ने हैन त'? जस्ता स्तम्भहरू थप गरी मुनाले बालसहभागितामा वृद्धि गर्ने सोच बनाएको देखिन्छ ।

### 3.5.4 **लोकगीत** –

आधुनिक साहित्यको माउ भनेको लोकसाहित्य हो । लोकसाहित्यको माउ लोकोक्ति र लोकगीतहरु हुन् । भक्त राईका अनुसार लोकसाहित्यको लोकपद्य अन्तरगत पर्ने प्रमुख विधा लोकगीत हो । संसारका प्रायः सबै भाषामा, सबै मुलुकमा यसको प्रचलन रहेको देखिन्छ । लोकगीतलाई लोकसाहित्यको सबैभन्दा प्राचिन विधा मानिन्छ । संसारमा भाषाले लेख्यरुप प्राप्तगर्न अगावै मानिसले वाणीको प्रयोग गर्न थाले, यसैबेलादेखि लोकगीतको प्रयोग भएको देखिन्छ ।

लोकगीत नै लोकजीवनको रागात्मक स्वतः स्पूmर्त सरल एवम् लयात्मक प्रस्तुति हो । आदिवासी जनजाति कोइँच सुनुवार साहित्यको उत्पत्ति पनि यिनै लोकोक्ति र लोकगीतहरु नै हो । विशेषगरी आमा बजुले वाचन गरेका कथा, गीत, थैँका, क्लाइँदास र नाअÞसोे, पोइँबो-ग्याँमिले भन्दै आएका सासि मुक्दुमका कथा सालाक, पूर्खा प्रार्थना पिदार, शाँदार गीतहरु नै आदिवासी जनजाति कोइँच साहित्यको जग हो । यिनै कथ्य परम्परामा बाँचीरहेको तर नेपाली साहित्यीक आकाशमा गुम्नाम एक विधाको नाम हो थेअनि । कुनै एक बिषयबस्तुलाई टेकेर अर्को बिषयको गुण र महत्वलाई व्याख्या गर्ने थेअनिमा विम्व तथा प्रतिकहरुका साथ मिथकको प्रयोग आदिमकालदेखि नै लोक जनजिब्रोमा श्रुति र स्मृतिको रुपमा रहँदैबस्दै आएको पुरानो लोकसाहित्य हो ।

## 3.6 उपसंहार

लोकवार्ता भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ। लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ । लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले

लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । लोकवार्ता मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो ।

हाम्रो जस्तो पिछडिएको राष्ट्रको अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन सकेको पाइँदैन । यही कारणले गर्दा सहजमार्ग अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई नै अन्तम सत्य मान्दै आएको छौं । कुनै पनि पश्चिमा अध्यनको साँचो वा मापदण्डमा ढालेर गरिने अध्ययन प्रणालीले हाम्रो राष्ट्रियतामा आधारित मूल्यपरम्परालाई पूर्ण न्याय गर्न सक्दैन । नारीवादी दृष्टिकोण तथा नारीशोषण, लिङ्गभेद र मुक्तिका सम्बन्धमा पनि यो कुृरा लागू हुन्छ । त्यसैले पश्चिमी नारीवादी आन्दोलनभन्दा धेरै अगाडिदेखि श्रुतिपरम्पराहुँदै प्रचलनमा रहेको लोकवार्तामा नारीवादी दृष्टिकोण वा नारी शोषण र नारी मुक्तिको कामना मुखरित भएको छ कि छैन ? यो प्रश्नको उत्तर खोजिनु आवश्यक छ । नारीवादी लेखन पश्चिमबाट शुरुभएको भन्ने मान्यता रहे पनि हाम्रो लोकवार्तामा नारीवादी दृष्टिकोणको प्रशस्त मात्रामा अभिव्यक्त भएका छन् । यस तथ्यले पनि गम्भीर अध्ययनको अपेक्षा गर्दछ । हाम्रा लोवार्ताविद्हरूको ध्यानाकर्ष गर्नु मात्र हो यो आलेखको ।

लोकवार्ता, लोकजीवन र अभौतिक सांस्कृतिक सम्पदा सबै मानवको सम्पत्ति हो । अङ्ग्रेजी भाषामा प्रयुक्त 'फोकलोर' शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको लोकवार्ताले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ । 'लोक' पूर्वपद लागेर 'लोकवार्ता', 'लोकसंस्कृति', 'लोकजीवन', 'लोकसाहित्य' जस्ता समस्तशब्दहरूको निर्माण भएको छ । 'लोक' शब्दको प्रयोग

जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ । लोक कथा जस्ता लोकवार्ताले परम्परा निर्वाह मात्र नगरेर परम्पराको निर्माण पनि गर्ने गर्दछ । कुनै पनि समाज जड हुँदैन । त्यसमा गलत परम्परालाई विस्थापित गर्ने नयाँ परम्परा निर्माणको प्रक्रिया निरन्तर चलि नै रहेको हुन्छ । त्यो परम्परा निर्माणको यात्रा नेपाली समाजमा पनि निरन्तर चलिरहेको छ र त्यसमा आवश्यक विरोध र विद्रोहको बीजरूपलाई लोकवार्ताले यथार्थपरक तथा अनुभूतिजन्य लोकवाणीका माध्यमले सिञ्चन गर्दै आएको छ । समाजमा कुनै पनि नयाँ परम्परा निर्माणका लागि विरोध र विद्रोह आवश्यक हुन्छ र लोकवार्तामा प्रकट भएका आवश्यक मानवका छट्पटी, असन्तुष्टी, विरोध र विद्रोहको स्वरले पनि प्रत्यक्ष-परोक्षमा गलत परम्पराको विरोधमा सचेतता निर्माण गर्दै आएकोछ; नयाँ परम्पराको निर्माणमा लोकचेतना बढाउने काम गर्दै आएको छ ।

## 3.7 सार

यस प्रखण्डमा **लोकवार्ता - अध्ययनको क्षेत्र, सीमा र विस्तार, लोकवार्ताको विविध प्रकार**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ लोकवार्ता भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ।
- ❖ लोकवार्ताले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ। लोकवार्ता कुनै नयाँ अवधारणा होइन ।

- लोकवार्ता मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।
- मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ ।
- लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ।
- लोकवार्ता मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो ।
- लोकवार्ता, लोकजीवन र अभौतिक सांस्कृतिक सम्पदा सबै मानवको सम्पत्ति हो । अङ्ग्रेजी भाषामा प्रयुक्त 'फोकलोर' शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको लोकवार्ताले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ ।
- 'लोक' पूर्वपद लागेर 'लोकवार्ता', 'लोकसंस्कृति', 'लोकजीवन', 'लोकसाहित्य' जस्ता समस्तशब्दहरूको निर्माण भएको छ ।
- 'लोक' शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ । लोक कथा जस्ता लोकवार्ताले परम्परा निर्वाह मात्र नगरेर परम्पराको निर्माण पनि गर्ने गर्दछ । कुनै पनि समाज जड हुँदैन ।
- समाजमा कुनै पनि नयाँ परम्परा निर्माणका लागि विरोध र विद्रोह आवश्यक हुन्छ र लोकवार्तामा प्रकट भएका आवश्यक मानवका छट्पटी, असन्तुष्टी, विरोध र विद्रोहको स्वरले पनि प्रत्यक्ष - परोक्षमा

गलत परम्पराको विरोधमा सचेतता निर्माण गर्दै आएकोछ; नयाँ परम्पराको निर्माणमा लोकचेतना बढाउने काम गर्दै आएको छ ।

यस प्रखण्डको अध्ययनले **लोकवार्ता - अध्ययनको क्षेत्र, सीमा र विस्तार, लोकवार्ताको विविध प्रकार**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकवार्ताको अवधारणा र यसका अध्ययनको क्षेत्र, सीमा र विस्तार, यसका विविध प्रकार सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 3.8 अनुशीलनी

1. लोकवार्ताको अर्थबारे चर्चा गर्दै यसको परिभाषाबारे टिप्पणी प्रस्तुत गर्नुहोस् ।

2. लोकवार्ताको उत्पत्ति कहिले र कहाँबाट भएको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकवार्ताको स्वरूपबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. लोकवार्ताको अध्ययनको क्षेत्रबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस् ।

5. लोकवार्ताको सीमा र विस्तारबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. लोकवार्ताको विशेषताबारे चर्चा गर्दै यसको उपयोगिता र महत्वलाई चिनाउनुहोस् ।

7. आजको सन्दर्भमा लोकवार्ताको महत्त्व र मूल्य के कस्तो रहेको छ ? आफ्नो तर्क प्रस्तुतु गर्नुहोस् ।

८. लोकवार्ताको मुख्य - मुख्य प्रकारहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

9. नेपाली लोकवार्ता सम्बन्धि अध्ययन गर्दै नेपाली लोकवार्ताका विविध बिशेषताहरूलाई चित्रण गर्नुहोस् ।

10. लोककथा, लोकगाथा, लोकसंस्कृति, लोकनृत्य आदिबारे टिप्पणी लेख्नुहोस् ।

## 3.9 अतिरिक्त अध्ययन


1. भट्टराई, गोविन्दप्रसाद (डा.) - **नारीवादी समालोचना ।**

2. भट्टराई, गोविन्दप्रसाद (डा.) - **पश्चिमी बलेसीका बाछिटा ।**

3. **नेपाली साहित्यकोश,** नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, 2055 ।

4. **नेपाली बृहत् शब्दकोष**, वि. सं. 2060, नेराप्रप्र ।

5. उपाध्याय, कृष्णदेव - **लोकसाहित्यकी भूमिका, इलाहवाद ।**

6. चालिसे, विजय - **डोटेली लोकसंस्कृति र साहित्य ।**

7. दिवस, तुलसी - **नेपाली लोककथाः केही अध्ययन ।**

८ .गिरी, जीवेन्द्रदेव - **लोक साहित्यको अवलोकन ।**

9. गिरी, जीवेन्द्रदेव - **नेपाली लोक साहित्यमा जन जीवन ।**

10. उपाध्याय, कृष्णदेव - लोक साहित्य की भूमिका ।

11. थापा, दिनबहादुर - गलाकोट क्षेत्रमा प्रचलित लोकगीतहरुको सर्वेक्षण र अध्ययन ।

12. थापा, धर्मराज र हंसपुरे सुवेदी - नेपाली लोकसाहित्य ।

13. पन्त, कालीभक्त - हाम्रो सांस्कृतिक इतिहास ।

14. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।

15. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - नेपाली लोक साहित्यको रूपरेखा ।

16. पौड्याल, राजेन्द्र - नेपाली लोकगीतको परम्परा र विकास ।

17. पौड्याल, षडानन्द - नेपाली लोकगीतमा धवलागिरि अञ्चलको योगदान : एक अध्ययन ।

Notes

1८. मल्ल, राधिका - म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन ।

19. बन्धु, चूडामणि - लोकसाहित्य ।

20. राणा, युद्धवीर - नेपाली समाज र संस्कृति ।

21. शर्मा, जनकलाल - हाम्रो समाज र संस्कृति ।

22. गुरूङ, एम. एम. - बिर्सिएको संस्कृति ।

## 3.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

११. लोकवार्ताको सामान्य परिचय ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. लोकवार्ताको अवधारणा ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१३. लोकवार्ताका अध्ययनको क्षेत्र ।

.......................................................................................

.......................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४. लोकवार्ताको सीमा र विस्तार ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.4 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

१५. लोकवार्ताका विविध प्रकार ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.5 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 4, लोक साहित्यको परिचय, स्वरूप र विशेषता

**संरचना**

4.0 उद्देश्य

4.1 परिचय

4.2 लोक साहित्यको अर्थ र परिभाषा

4.3 लोक साहित्यको स्वरूप

4.4 लोक साहित्यको विशेषता

4.5 उपसंहार

4.6 सार

4.7 अनुशीलनी

4.8 अतिरिक्त अध्ययन

4.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 4.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोक साहित्यको अवधारणा
- लोक साहित्यको अर्थ र परिभाषा
- लोक साहित्यको स्वरूप
- लोक साहित्यको विशेषता

## 4.1 परिचय

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)' लोक ' शब्द बनेको हो । जसको अर्थ हुन्छ - हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा 'जन ' ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । हितेन सह सहित ' - 'सहितस्य भाव साहित्य ' अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो ।

लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ । सामान्यतया भाषाको गुण अथवा अवगुण जे भने पनि जस्तो सुनिन्छ त्यस्तो लेखिदैँन । त्यसैले लोकसाहित्यमा जे बोलिन्छ, जे गरिन्छ, त्यसलाई त्यही रुपमा लिपि वा लेख्य रूपमा उतार्न सकिन्दैन । यस साहित्यको लेखन र प्रदर्शनमा नाटकीकरण हुनु भनेको कुनै पनि जातिका लोक साहित्यको लोप वा मृत्यु हुनु भनेको जस्तै हो । किनभने लोकसाहित्य श्रुतिमा बाँचेको हुन्छ । मानसखण्ड लोकसाहित्य श्रुति र परम्परामा बाँचेको छ भने धर्मसंस्कृतिसँग मानसखण्ड लोकसाहित्यको अन्योन्याश्रित सम्बन्ध रहेको छ । संस्कृति अर्थात् धर्म लोकसाहित्यको आत्मा हो । धर्म विना संस्कृति र संस्कृति बिना लोकसाहित्य जीवित रहदैँन ।

## 4.2 लोक साहित्यको अर्थ र परिभाषा

मनसँग सम्बन्धित भाव वाचक नाम मानस हो । पूर्वीय दर्शनानुसार ब्रह्माजीले भित्री हृदयबाट निर्माण गरेको क्षेत्र मानस हो। सृष्टिको आरम्भ

मानस धर्तीबाट भएको हो । जसको एक प्रमाणका रुपमा मानसखण्ड मानसखण्ड काली-कर्णालीमा मात्र पाइने आदिम जाति निषाद (राउटे) लाई लिन सकिन्छ । जहाँ पहिलो चोटी मानुषको सृष्टि भएको थियो त्यसको त्यसकिो एक खण्ड मानसखण्ड र त्यस खण्डको संस्कृति (र साहित्य) विश्वको प्राचीन संस्कृति मध्ये एक हो । यहाँको साहित्यमा वैदिक का साथसाथै लोकायतको प्रभाव परेको पाइन्छ । यीद दुवै साहित्यको सम्मिश्रणले मानसखण्ड लोकसंस्कृतिको निर्माण भएको पाइन्छ । क्लिष्ट वैदिक वार्ता (संस्कृति र साहित्य) लाई सरल लोकायतको जलप दिएर लोकवार्ताको निर्माण भएको छ । लोकवार्ताको कुनै आधार ग्रन्थ हुदैंन । यो ठाउँ अनुसार परिष्कृत परिमार्जित र परिवर्तित हुदैँ जान्छ । श्रुति परम्परामा आधारित हने हुनाले लोकसाहित्य संस्कृतिलाई कठपुराण लोकधर्म, लोकायत, लोकाचार, लोकवार्ता आदि नाम दिन सकिन्छ ।

**कल्पित: श्रुतिमूलो वामूलो लोकै धृत सदा ।**

**देशादिधर्मः सः ज्ञेयो देशे देशे कुलेकुले ।।**

शुक्रनीति श्रुति परम्परामा आधारित लोकले धारण गरेका मान्यताहरु जसको मूल वेद होस् वा नहोस् ती प्रत्येक देश र कुल परम्परामा चलिआएका रीतिरिवाज लाई देशादि धर्म अर्थात् लोकधर्म भनिन्छ । लोकधर्म नै लोक साहित्य र लोकसंस्कृतिका आधार हो । त्यसैले तं शास्त्रहरुमा यद्यपि शुद्धं लोक विरुद्धं नाकरणीयं नाचरणीयम् भनिएको छ ।

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)‘ लोक ’ शब्द बनेको हो । जसको अर्थ हुन्छ - हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा ‘जन ’ ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । हितेन सह सहित ’ - ‘सहितस्य भाव

साहित्य ' अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो । यो बनावटी हुदैँन । लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ ।

मानस खण्ड लोकसाहित्य श्रुति र परम्परामा बाँचेको छ भने धर्म - संस्कृतिसँग लोकसाहित्यको अन्योन्याश्रित सम्बन्ध रहेको छ । संस्कृति अर्थात् धर्म लोकसाहित्यको आत्मा हो । धर्म विना संस्कृति र संस्कृति बिना लोकसाहित्य जीवित रहदैंन । लोकसाहित्यको विशेषता नै रचनाकार अज्ञात रहनु हो । यसमा पनि रचनाकार ज्ञात  हुदैँन । लोकसमाजले पुस्तापुस्तामा हस्तान्तरण गर्दै यसको परम्परा निरन्तर चलिरहेको ) पाईन्छ । लोकसाहित्यले जब लिखित रुप लिन्छ त्यसले शिष्ट साहित्यतिर उन्मुख हुने बाटो तय गर्दछ । त्यसैले यसको विशेषता नै मौखिक परम्परामा जीवित रहनु हो । धमारी पनि मौखिकरुपमा हस्तान्तरण हँुदै लोकसमाजमा विद्‌यमान रहेको पाईन्छ ।

लयात्मकताले लोककाब्य श्रुतिरम्य बन्दछ र यसले लोकलाई प्रभावित बनाउने क्षमता राख्छ । यसमा स्वतन्त्र लोकछन्दको प्रयोग हुन्छ र यो गेयात्मक हुन्छ । लोकसाहित्यले प्रशस्त मौलिकता बोकेको हुन्छ र त्यो मौलिकता स्थानिय भाषा संस्कृति, परिवेश रहनसहनका कारणले देखापर्दछ । धमारीले पनि भौगोलिक दूरी र अवस्थिति अनुसार प्रशस्त स्थानियताको रङ्ग बोकेर मौलिक भेदसहित संयोजित रहेको पाउन सकिन्छ ।

## 4.3 लोक साहित्यको स्वरूप

'लोक' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो । डा. कृष्णदेव उपाध्याय भन्छन्- प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो ।

डा. वासुदेव त्रिपाठीका अनुसार सारांशमा जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो । योगी नरहरिनाथका अनुसार लोक व्यवहारमा, लोकहितका लागि, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । माधव घिमिरेले लोकसाहित्यको चरित्रको बारेमा काव्यात्मक पारामा भन्छन्- 'सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा' । धर्मराज थापा र हंसपुरे सुबेदी भन्छन्- लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । तुलसी दिवस भन्छन्- सही अर्थमा लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतित्रिम्ब मात्र

नभएर सम्बाहक पनि हो । सरस्वती घिमिरे भन्छिन् - वेद भन्नु नै लोक साहित्य हो ।

यसरी माथिका परिभाषाहरूले हाम्रा वेद अर्थात् मुन्धुमलाई साहित्य अर्थात् लोक साहित्य मानेको छ । बुँदागत रूपमा लोक साहित्यसम्बन्धी चिन्तनको सार टिपोट यसरी गर्न सकिन्छ -

1. यो युगौं युगदेखि श्रुति परम्परामा जीवित रहेको हुन्छ ।

2. यो सरल वाणीमा लोकानुभूतिको अभिव्यक्ति हो ।

3. यो लोकजीवन तथा संस्कृतिको सम्बाहक हो ।

4. यो आदिमता र नवीनताको संगम पनि हो ।

5. यो लेख्य साहित्य पूर्व पीठिका हो ।

6. यो शास्त्रीय बन्धन विहीन निरन्तर परिवर्तनशील सहजानुभूति युक्त मौखिक साहित्य हो ।

लिखित साहित्य मात्र साहित्य होइन । लिपिको आविष्कार हुनुपूर्व संसारका हरेक भाषामा अलिखित लोक साहित्य समृद्ध थियो । यसरी यसको मूल सम्बन्ध लिपीसंग नभई भाषासंग भएको देखिन्छ । लोकसाहित्यको सर्वकालिक मूलतम् स्वरूपगत विशेषताहरू पनि यसप्रकार छन् -

1. रचयिता अज्ञात रहनु,

2. मौखिक एवं परम्परागत हुनु,

3. सर्वाङ्गीण सामाजिक परम्पराको उद्‌वोधन,

4. सचेत अलंकरणबाट मुक्त प्राकृतता,

5. कोरा औपदेशिकताको अभाव,

6. ऐतिहासिकता र लोकसंस्कृतिको बाहक हुनु ।

स्कृति र लोकसाहित्यमा आफ्नो मूल क्षेत्र बनाएर जीवनका धेरै क्षणहरू साहित्यिक जगत्मा समर्पित तुल्याई सिर्जनामा मन लगाइरहने धेरै स्रष्टाहरू नेपालीमा पनि छन् । उनीहरूले लोकसाहित्य अन्तर्गतका लोकशब्दका खोजीमा निरन्तर आफूलाई सम्प्रेषित तुल्याउन पाउँदा गौरव अनुभव गर्ने भाइसाबले लोककथाका मर्महरू, लोकसंस्कृतिका गाथाहरू, लोकपरम्पराका मान्यताहरू, लोकमानसिकताका भावनाहरू, लोकभाषाका मिठासहरू आफ्नो कलममार्फत प्रस्तुत गर्न जाँगर चलाएका छन् । यस अतिरिक्त यी विद्‌वानहरूले कविता, उपन्यास, नियात्रा, नाटकमा समेत कलम चलाएर आफ्नो साहित्यिक भावनालाई सिर्जनामा रूपान्तरण गरेका छन्। उदाहरणको निम्ति वासुदेव भट्‌टलाई लिन लकिन्छ । उनले आफूलाई भाइसाबका रूपमा चिनाइसकेपछि थुप्रै साहित्यिक सिर्जनामा आफ्नो डोबहरू सम्प्रेषित गरिसकेका छन्। वैतडीजस्तो अति विकट जिल्लामा जन्म पाएर पनि यिनले सुदूरपश्चिमाञ्चलको लोकसाहित्यको परिचय गराउँदै लोकसाहित्यको अन्वेषण गर्न र गराउन आफूलाई समर्पित तुल्याएका छन्।

हाल यिनी महेन्द्रनगरमा बसोबास गर्दै राष्ट्रिय पहिचान देखाउन सक्रिय रूपले सङ्घर्षरत छन्। वि.सं. 2000 असार 15 गते पिता जैयराज भट्ट र माता द्वारिकादेवी भट्टका छोरा भई जन्मेका वासुदेव भट्टले निकै सङ्घर्ष, परिश्रम गरी आफूलाई त्यस क्षेत्रका चर्चित व्यक्तित्वका रूपमा उभ्याउन सफल छन्। बी.ए., बी.एड. उत्तीर्ण गरी शिक्षणसेवामा जीवनका थुप्रै क्षणहरू गुजारिसकेका यिनी कमलापछि तुलसीकै मायामोहमा आफूलाई समाहित तुल्याई छोरा दुई र छोरी चार हुर्काई - बढाई आफ्नो जीवनक्रम गुजार्दै छन्। वि. सं. 2022 मा भूमिसुधार भूमिका छपाइ सिर्जनामा प्रथमचोटि देखा परेका यिनी आफ्नै समाजको प्रेरणाले साहित्य लेखनमा अग्रसर भएको सन्दर्भ उल्लेख गर्छन्। अनुभूतिहरूको कलात्मक लेखन हो साहित्य भन्न रुचाउने यिनी लोककल्याण, लोकहितका लागि साहित्य सिर्जना हुनुपर्ने आफ्नो दृष्टिविम्ब रहेको बताउने गर्छन्। हालसम्म यिनका प्रकाशित पुस्तकहरूमा कवितातर्फ डोके, गौंकी र स्वराइ प्रकाशित छन्। उपन्यासतर्फ संस्मरण, सफर, निङ्गलाका छतरीहरु छन् छन्। यसै गरी नाटक विधामा गोरा, चैतालो (दुवै नाटक राष्ट्रिय नाटक महोत्सवमा मञ्चित) छन्।

कथासङ्ग्रहतर्फ डोट्याली दन्त्यकथा प्रकाशित छ। यिनका लोकसाहित्यमा आफ्नै खालको सक्रियता रहेकै कारणले लोकसाहित्यमा पनि खोजी - अनुसन्धानका प्रकाशित पुस्तकहरुमा डोट्याली कोश (लोकोक्तिखण्ड), डोट्याली लोकसंस्कृति तथा लोकसाहित्य, सुदूरपश्चिममा डोटी प्रदेशका लोकगाथा अवलोकन, थारु लोकसाहित्य परिचय कोश ग्रन्थहरू प्रकाशित छन्। भरिया दाइ (यात्रा संस्मरण) पनि प्रकाशित छ। समाजका भाइसाब भन्न सुहाउने वासुदेव भट्ट नाटकका निर्देशक भई राष्ट्रिय नाटक महोत्सवमा 2054, 2057 र 205८ मा भाग लिएर प्रशंसापत्र प्राप्त गर्ने

सफल भएका हुन्। वि.सं. 2052 मा नै राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त गरिसकेका भाइसाबलाई यिनले पुर्याएको सिर्जनशीलताका लागि सुदूरपश्चिमाञ्चल साहित्यिक समाज, कैलालीद्वारा 2059 मा अभिनन्दन गरिसकिएको छ।

मानवअधिकारकै खोजीमा लाग्दै गरेका वासुदेव महाकाली साहित्य संगममा संलग्न भई नेपाल प्रज्ञा परिषद्का सदस्य रहेर आफ्नो संलग्नता राष्ट्रमा देखाइरहेका छन्। लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौडेलका साहित्यिक सिर्जनाबाट प्रभावित यिनी रविन्द्रनाथ टैगोर, प्रेमचन्दका रचनाहरू मन पराएर अध्ययन गर्ने गर्छन्। जीवनप्रति आशावादी रहेका यिनी लोकसाहित्यको माध्यमबाट समाजसेवा गर्न मन पराउँछन्। डोटी खोलाको नाउँबाट डोटी रहेको सेती अञ्चलका एकजना प्रतिभावान् व्यक्तित्वका रूपमा राष्ट्रमा पहिचान देखाउन सफल वासुदेवका शैक्षिक क्रियाकलापका अनगिन्ती पानाहरू उक्त अञ्चलमा छरपस्ट छन्। मध्यकालमा बाइसी राज्यहरूमध्ये डोटी एक प्रभावशाली राज्य थियो। उक्त समयमा डोटी राज्यको फैलावट पश्चिममा काली कुमाउँदेखि पूर्वमा कर्णाली र उत्तरमा ठाकुरजीदेखि दक्षिणमा तराईसम्म फैलिएको सन्दर्भ इतिहास-पृष्ठमा लेखिएका छन्। यसै क्षेत्रको खोजी र अनुसन्धानमा जीवनका थुप्रै आयामहरू बिताइसकेका यिनी त्यस क्षेत्रबाट उदय भएका पछिल्लो पुस्ताका अग्रज अन्वेषक हुन्। इतिहासमा उल्लेख हुँदै आएको डोटीभित्रका सन्दर्भका ऐतिहासिक पानाहरू खोज्दै, डोट्याली शब्द, लोकसाहित्य र संस्कृतिका अध्येताका रूपमा आएको पहिचान देखाउन सफल एकजना चर्चित स्रष्टाका रूपमा परिचय कमाइसकेका व्यक्तित्व हुन् - वासुदेव सङ्कल्प बोकेर हिँड्नेहरू गन्तव्यमा पुग्न सक्छन्।

उद्देश्यमा कदम बढाउनेहरू आफ्नो उद्देश्यमा सफलता प्राप्त गर्छन्। यस्तै सङ्कल्प र उद्देश्यमा आफूलाई समर्पित तुल्याई आफ्नो गन्तव्यमा हिँड्न सफल रहेको कारणले वासुदेव भाइसाबले यात्रामा सफलता पाउन सफल रहे। डोटीका लोकसाहित्यका शब्दकोष भन्न सुहाउने यिनको परिचयका हरफहरू डोटीका लोकशब्द र भाषासँग प्रत्यक्ष सम्बन्धित छन्। यिनै वासुदेव भाइसाबले सुदूरपश्चिमलाई राष्ट्रमा चिनाउन निकै परिश्रम पोखेका छन्। नेपाली राष्ट्रिय संस्कृतिको मूलप्रवाहमा त्यस क्षेत्रको उपस्थिति जनाउनका लागि यिनले खर्चेका योगदानहरू अविस्मरणीय र उदाहरणीय छन्।

जीवनमा उद्देश्य बोकेर कुद्नेहरूले नै सफल जीवनको प्राप्ति गर्छन्। यिनी पनि जीवनमा आफ्नो उद्देश्य बोकेर सफल जीवन प्राप्तिका लागि कुदिरहेका छन्। यिनको प्रयास स्तुत्य छन्। यिनले खोजी गरेका लोकसाहित्यका हरफहरू उल्लेखयोग्य छन्। ठाउँ जहाँकै होस्, व्यक्ति कुनै जातिका होऊन् तर उद्देश्य र सङ्कल्प सपाट भएपछि विजय निश्चित छ। वासुदेव भाइसाब यस अर्थमा यस क्षेत्रका चर्चित प्रतिभा हुन्। शिक्षणसेवामा आफ्नै छवि र बर्कत देखाउन सफल शिक्षक। समाजसेवामा सेवाका मर्महरू पोख्न सफल समाजसेवक। साहित्य सिर्जनामा आफ्नै पन देखाउन सक्षम साहित्यकार। साहित्यिक क्रियाशीलतामा आफूसक्दो सेवामा समर्पण गर्न जानेका योद्धाका रूपमा परिचय देखाउन सफल वासुदेवको योगदान सुदूरपश्चिमाञ्चलकै लागि अत्यन्त महत्वपूर्ण रहेको देखिन्छ।

साहित्य, कला, संस्कृतिका क्षेत्रमा निरन्तर क्रियाशील यिनी सेती भएर बग्दै महाकाली अञ्चलका चर्चित स्रष्टा तथा द्रष्टाका रूपमा आफूलाई सफलतापूर्वक उभ्याउन सफल छन्। कविता, कथा, उपन्यास, नाटक

Notes

लेखनमा पनि आफ्नो कर्म र सिर्जना देखाउँदै आएका यिनी लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौड्यालबाट विशेष प्रभावित छन्। यिनी लोकसाहित्यको माध्यमबाट समाजसेवा गरेर दिन बिताउन चाहन्छन्। यिनले मलासिनी मासिकको सम्पादन गर्नुका साथै बालअधिकार र कर्णालीको सेरोफेरो ग्रन्थको सम्पादन गरेर आफूलाई सफल सम्पादकका रुपमा उभ्याउन पनि सफल छन्। खोजी अनुसन्धान गर्दै अर्काको परिचय दिन कञ्जुस्याइँ गर्नेहरूका लागि वासुदेव ओझेलमा परेका नाम र नसुनिएका लेखक हुनसक्छन्। तर मेरो दृष्टिमा यस्तै सुन्दर मान्छेहरूको उत्खनन भएपछि मात्र नेपाल सुन्दर र सौम्य राष्ट्र हुनसक्छ।

## 4.4 लोक साहित्यको विशेषता

कुनै पनि जातिको साहित्य, जीवन आदिमा लोकसाहित्यका विशेषता विशेष महत्वको हुन्छ। रचनाकार अज्ञात रहनु, मौखिक रूपमा जीवित रहनु, मौलिक एवं परम्परागत हुनु, सामाजिक भावना, कल्पनाको सम्भावना, सरल र सहज हुनु, मनोरञ्जनपूर्ण हुनु, परिवर्तनशील हुनु, राष्ट्रियता एवं देश रक्षाका लागि, परिवर्तित राजनीतिलाई आत्मसात गर्नु, स्थानीय झलक वा आञ्चलिकतालाई लोकसाहित्यका विशेषताका हुन्। लोकसाहित्यले 'जनयुद्ध' र राजनीतिसितसमेत जोडेर हेर्ने गर्छ भने यो मांगलिक, शैक्षिक, मनोरञ्जन र राजनीतिक आदि क्षेत्रमा समेत प्रयोग हुने गर्दछ ।

लोकसाहित्यका सामाजिक, ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक, भाषिक, शैक्षिक, राजनीतिक र आर्थिक महत्वको रूपमा रहेको हुन्छ । 'जनयुद्ध' राजनीतिक विषय भएकाले राजनीतिक महत्वअन्तर्गत नै त्यसको

छ्यानव्यान हुन सक्ने हुनाले लोकसाहित्यको महत्वको अध्ययन गर्दा 'जनयुद्धको महत्व' उपशीर्षक दिई अध्ययन गरिरहनुपर्ने देखिँदैन। लोकसाहित्य र अन्य शास्त्रबीच 'सम्बन्ध' - मा लोकसाहित्यको पुरातत्व, समाजशास्त्र, इतिहास, संस्कृति, धर्म, दर्शन, अर्थशास्त्र, भूगोल, भाषाविज्ञान, मनोविज्ञान, कृषि, चिकित्सा विज्ञान, शिष्ट साहित्य, राजनीतिसितको सम्बन्ध रहेको पाइन्छ । यस बाहेक लोकसाहित्यको लिखित तथा लेख्य साहित्यबीच समानता मात्र होइन तिनीहरूबीचको अन्तससम्बन्ध पनि रहेको हुन्छ ।

लोकसाहित्यलाई लोकसंस्कृतिकै अंग वा हाँगाका रूपमा मानिन्छ । लोकसंस्कृति समष्टि भए लोकसाहित्यलाई व्यष्टिका रूपमा लिइने गरिन्छ । लोक साहित्यका लेखकले समाजको निर्माणमा लोकसंस्कृतिको महत्वपूर्ण स्थानबारे गरेको खोजीमा लोकसाहित्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विशेषगरेर आजको समयमा लोक साहित्यमा नरमाउने को होला र ? तर, यस विषयका अध्येता थोरै छन्। त्यही थोरैमध्येका एक अध्येता हुन्, मनोहर लामिछाने। वि. सं. 2065 मा 'लोकसाहित्य र संस्कृतिका केही पाटाहरू' प्रकाशित गरेका उनको 'लोकसाहित्यः सामाजिक प्रतिबिम्ब' (2072) नामक अर्को कृति प्रकाशित भएको छ। यसले उनी लोकसाहित्यिक अध्ययनमा अनवरत क्रियाशील रहेको पुष्टि गर्छ।प्रस्तुत कृतिमा लोकसाहित्यको सैद्धान्तिक तथा प्रायोगिक गरी 12 मूल शीर्षक र आवश्यकताअनुसारका उपशीर्षकअन्तर्गत लोकसाहित्यबारे लेखिएको छ। पुस्तकको पहिलो क्रममा रहेको 'लोकसाहित्यको परिचय' शीर्षकमा यसबारे केही परिभाषा प्रस्तुत गर्दै अथ्र्याउने प्रयास गरिएको छ। 'लोक'को अर्थ सर्वसाधारण जनता र स्थान दुवै हो भनेका छन् लेखकले र तिनीहरूकै साहित्यलाई लोकसाहित्य भन्नु उपयुक्त हुने निष्कर्ष निकालेका छन्।

पुस्तकको दोस्रो अध्याय लोकसाहित्यका विशेषताबारे छ। रचनाकार अज्ञात रहनु, मौखिक रूपमा जीवित रहनु, मौलिक एवं परम्परागत हुनु, सामाजिक भावना, कल्पनाको सम्भावना, सरल र सहज हुनु, मनोरञ्जनपूर्ण हुनु, परिवर्तनशील हुनु, राष्ट्रियता एवं देश रक्षाका लागि, परिवर्तित राजनीतिलाई आत्मसात गर्नु, स्थानीय झलक वा आञ्चलिकतालाई लोकसाहित्यका विशेषताका हुन्, भन्छन् लेखक। लोकसाहित्यलाई यहाँ 'जनयुद्ध' र राजनीतिसितसमेत जोडेर हेरिएको छ।'लोकसाहित्यको प्रयोजन' शीर्षकको तेस्रो अध्यायमा लोकसाहित्यको मांगलिक, शैक्षिक, मनोरञ्जन र राजनीतिक आदि क्षेत्रमा हुने प्रयोगबारे छलफल गरिएको छ। त्यस्तै, 'लोकसाहित्यको महत्व' शीर्षकको चौथो अध्यायमा लोकसाहित्यका सामाजिक, ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक, भाषिक, शैक्षिक, राजनीतिक र आर्थिक महत्वको उदाहरणसहित चर्चा भएको छ। 'जनयुद्ध' राजनीतिक विषय भएकाले राजनीतिक महत्वअन्तर्गत नै त्यसको छ्यानव्यान हुन सक्ने हुनाले लोकसाहित्यको महत्वको अध्ययन गर्दा 'जनयुद्धको महत्व' उपशीर्षक दिई अध्ययन गरिरहनुपर्ने देखिँदैन।

लोकसाहित्य र अन्य शास्त्रबीच 'सम्बन्ध' शीर्षकको पाँचौं अध्यायमा लोकसाहित्यको पुरातत्व, समाजशास्त्र, इतिहास, संस्कृति, धर्म, दर्शन, अर्थशास्त्र, भूगोल, भाषाविज्ञान, मनोविज्ञान, कृषि, चिकित्सा विज्ञान, शिष्ट साहित्य, राजनीतिसितको सम्बन्धबारे छलफल गरिएको छ। 'लोकसाहित्य र लिखित साहित्य' शीर्षकको छैटौं अध्यायमा लोकसाहित्य र लेख्य साहित्यबीच समानताको चर्चा गर्दै तिनीहरूबीचको अन्तरलाई बुँदागत केलाउने काम भएको छ।

लोकसंस्कृति शीर्षकको सातौं अध्यायमा लोकसाहित्य र लोकसंस्कृतिबीचको सम्बन्धलाई अझ विस्तृत रूपमा व्याख्या गरिएको छ। यस क्रममा यहाँ लोकसाहित्यलाई लोकसंस्कृतिकै अंग वा हाँगाका रूपमा प्रस्तुत गरिएको छ। लोकसंस्कृति समष्टि भए लोकसाहित्यलाई व्यष्टिका रूपमा लिइएको छ। लेखकले यहाँ समाजको निर्माणमा लोकसंस्कृतिको महत्वपूर्ण स्थान हुने बताएका छन्। 'जनयुद्ध र लोकसाहित्य' शीर्षकको आठौँ अध्यायमा जनयुद्धको परिचयको आवश्यकता र औचित्य व्याख्या गर्दै नेपालका सन्दर्भमा माओवादीले गरेको एक दशकको 'जनयुद्ध'ले नेपाली लोकसाहित्यमा प्रभाव पारेको बताइएको छ।

**लोकसाहित्यको अध्ययन परम्परामा एक नयाँ आयाम शीर्षकमा राजनीतिज्ञ एवं सांस्कृतिक विश्लेषक चैतन्यले प्रस्तुत कृतिले लोकसाहित्यिक अध्ययनका क्षेत्रमा नयाँ आयाम थपेको उचित टिप्पणी गरेका छन्।** 'लोकसाहित्यमा सामाजिक प्रतिबिम्ब' शीर्षकको नवौँ अध्यायमा लोकसाहित्यले सामाजिक-राजनीतिक संघर्षलाई ऊर्जा दिएको र लोकसाहित्यमा सामाजिक राजनीतिक प्रतिबिम्ब हुने तथ्यलाई विभिन्न लोकगीतको उदाहरण दिएर पुष्टि गरिएको छ। यस क्रममा यहाँ आर्थिक विपन्नता, वर्गीय असमानता, ईश्वरीय आस्थाप्रति अनास्था, रोजीरोटीको खोजीमा बिदेसिनुको पीडा, सुदिनको आशा, राज्यकोष रित्याउने सांसदको भीडभाड, सीमा अतिक्रमण, जालीफटाहा, वर्गद्वन्द्व आदि झल्काउने लोकगीतका अंश प्रस्तुत गरिएका छन्। यहाँ जनताबीच रहेका विभिन्न असमानता र सामाजिक उत्पीडनविरुद्ध ग्रामीण समाजकै लोकभाका प्रभावकारी हुने प्रस्ट्याइएको छ।

लोकसाहित्यको प्रचलित क्षेत्र, माध्यम, प्रस्तुति, उपयोग, सहभागी, जाति, रूपस्वरूप, आयाम, उमेर, प्रकार्य आदि विभिन्न आधारमा विभिन्न तरिकाले वर्गीकरण हुन सक्छ। 'लोक साहित्यको वर्गीकरण' शीर्षकको दशौं अध्यायमा भने यसको विधागत वर्गीकरणलाई मात्र आधार मानिएको छ। यसपछिको क्रममा लोकगीत शीर्षक रहेको छ, तर विषयसूचीको रखाइ हेर्दा लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, उखान, टुक्का र गाउँखाने कथा स्वतन्त्र शीर्षकका अध्याय नभएर लोकसाहित्यको वर्गीकरण अध्याय शीर्षकका उपशीर्षकजस्ता देखिन्छन्। तसर्थ लोकसाहित्यका विधाहरू वर्गीकरणकै क्रममा आएकाले यिनमा तत्तत् विधाको विधागत परिचय र परिभाषा, तिनको महत्व, विशेषता, प्रकारको उदाहरण दिँदै विश्लेषण गरिएको छ भने उदाहरण प्रायः मध्य र सुदूरपश्चिम क्षेत्रमा प्रचलित लोकरचनाबाट लिइएको छ।

एघारौं र बाह्रौं अध्याय क्रमशः ठाडी भाकामा गाइने केही लोकगीत र दोहोरी गीतका केही नमुना भन्दै तिनका व्याख्या गरिएको छ। यी लोकगीत यस ग्रन्थमा हुनु उचित र सान्दर्भिक पनि हो। यिनलाई लोकगीतकै अध्ययनका क्रममा दिई व्याख्या-विश्लेषण गर्दा उपयुक्त हुन्थ्यो। यहाँ त्यसो नभई अध्यायका हैसियतमा पाठ मात्र राख्ता भने दाँतमा ढंगा लाग्ने विषय बन्न गएको छ।अध्येता लामिछाने दुर्गम जिल्ला सल्यानको सुइकोटमा जन्मेका हुनाले उनमा मध्य र सुदूरपश्चिमको लोकसाहित्य र संस्कृतिको गहिरो छाप पर्नु स्वाभाविकै हो। यस ग्रन्थमा उदाहरणका रूपमा दिइएका लोकगीत, लोकगाथा आदिबाट यो कुरा प्रस्ट हुन्छ।

लोकसाहित्यमा लोकभावना मुखरित हुन्छ। लोकका आँसु, हाँसो, दुःख, व्यथा, पीडा तथा आफूउपर भएका अन्याय, अत्याचार, शोषण,

दमन र उत्पीडन लोकसाहित्यको विषयवस्तु भएर आउँछन्। समाज जस्तो छ लोकसाहित्यमा समाजको त्यस्तै चित्र, छवि वा प्रतिबिम्ब हुन्छ। साहित्यको क्षेत्रमा लोकसाहित्यका अध्ययन परम्पराले मानवलाई एउटा नयाँ आयाममा पुराउँदछ । समग्रमा लोकसाहित्य र यसका विधा, लोकसाहित्य र समाजको अध्ययन गर्न चाहने जो कोहीका लागि लोकसाहित्य उपयोगी देखिन्छ। जनयुद्ध र लोकसाहित्य अनि लोकसाहित्यमा सामाजिक प्रतिबिम्बजस्ता विषय केही पृथक देखिन्छन्। त्यहाँ पनि लोकसाहित्यिक अध्ययनको सामाजिक दृष्टिकोणको झलक पाइन्छ। लोकसाहित्यको अध्ययन परम्परामा एक नयाँ आयाम शीर्षकमा राजनीतिज्ञ एवं सांस्कृतिक विश्लेषक चैतन्यले प्रस्तुत कृतिले लोकसाहित्यिक अध्ययनका क्षेत्रमा नयाँ आयाम थपेको प्रतीत हुन्छ ।

जिन्दगीको मोडैपिच्छे ठाउँ बनाएको छ मध्य तथा सुदूरको लोकसाहित्य र संस्कृतिले । हाम्रो आफ्नो भौगोलिक धरातल भन्नु नै त्यही लोकसाहित्य र संस्कृति हो । जहाँ हरेक स्थानमा उपस्थिति जनाएको छ जिन्दगीले । संस्कृति भनेकै जीवन र कला दुबै हो । हामी जति हाम्रो कला र संस्कृतिको व्यवास्था गर्छौं त्यति नै मात्रामा बोकिरहन्छ जिन्दगीले घाउ । दुखिरहन्छ जिन्दगी नजानिँदो पाराले । तर त्यो दुखाईको आनन्द छुट्टै हुन्छ जसको अनुभूति सुनाएर गए चल्लेसाइ, ठगी महरा,लङ्गरी खड्का, मानवल बिष्ट, डमरी, भागा, झीरु, हस्वाँ कानो, गंगाराम बलायर, देउराम बलायर लगाएत कैयौ ड्यौडीयाहरुले । डेउडा मध्य तथा सुदूरपश्चिमको लोकसाहित्यको दरिलो हाँगो हो । जहाँ मुटुको गहिराइ छ । समाजको चित्रण छ । अस्तित्वको कलेवर छ । समय र परिस्थितिका किरण छर्छन गिता ेहरु । क्षणभरको लागि मात्र भए पनि सेकिन्छन् त्यसैभित्र लाखौ मनहरु । जिन्दगीको गोरेटोमा परेली

पुछ्दै गर्दा पनि केही हलुकाे हुन्छ मन जब सुनिन्छन् हृदय पगाल्ने लयसँगैका गहकिला शब्दहरु, गुइला भाकाहरु ।

डीक्रादेवीका गीतले औंल्याउन खोजेको घाउ सजिलै देखिने कुनै सपाट घाउ हैन । त्यस्तो चरम निराशाको घाउ पनि हैन । त्यो त्यही संघर्षको घाउ हो । समस्या समाधानको खोजिमा जादै गर्दा देखिएको घाउ हो । छाउपडी गोठले बोकेको घाउ हो । देउकीको छातीले बोकेको घाउ हो । कहिल्यै निको नहुने देशी रोगले बनाएको घाउ हो । मातृत्वका छालहरुले बनाएको घाउ हो । परदेशीका सुस्केराले बनाएको घाउ हो । छोडी जानेको यादले बनाएको घाउ हो । अनाथको हेराइ र हलीको सुस्केरा बोकिरहेको घाउ हो । अनि गरिबको आँगनले बोकेको घाउ हो । अभावका धर्साहरुले निम्त्याएको घाउ हो । सबैभन्दा बढी त इमान्दारी र स्वाभिमानी जिन्दगी बाँच्न गाह्रो हुँदा बनेको घाउ हो ।

हिजै मात्र कुनै मित्रले जागिर सरुवा गराउन सम्राटहरुका दैलामा निकै नै धाएको कुरा सुनाएका थिए । "महिनैपिच्छे काठमाडौं पुग्नु पर्छ उपचारका लागि । यतै सरुवा गराउन सके पक्कै पनि केही राहत मिल्थ्यो । आखिर धाउनु मात्रै पनि त काम बन्नु रहेनछ"-उनले कथाको साराशं बताए । राम्ररी बुझे कुराकानी र निस्कर्ष निकालें - आखिर भीक माग्नलाई पनि पहिले पैसा नै खर्च गर्नु पर्दो रहेछ यो सहरमा । गरिवको कुनै अर्थ छैन कि भनेझैं आभाष हुन्छ सहरमा । इमान्दारिता र स्वाभिमान त फुटपाथको घुम्ती पसलझै निरिह देखिन्छ अचेल । त्यसैले आज खुब गुनगुनाउन मन लागेको छ सिरानीका पक्तिहरु । हरेकलाई चाहिएको छ । हरेकले कुनै न कुनै ढंगले सोधिरहेकै छन्, खोजिरहेकै छन् त्यही घाउरुपी जिन्दगीको ओखती । जिन्दगीको घाउको औषधी गर्ने कोही छैन जगतमा । यदि छ भने उही परमात्मा छ । तर डीक्रादेवी लगाएत हामी

जस्ता सामान्य मानिसका लागि परमात्मा सामु पुग्न कहाँ सजिलो हुनु । जब जिन्दगी घाउ बनेर दुख्यो तब औषधी खोज्न हिँडे सिद्धार्थ गौतम । मध्यरातमा दुई वर्षे पुत्र राहुल र यशोधरालाई छोडेर ।

आफ्नो घाउरुपी जिन्दगीको उपचारमा हिँडेका सिद्धार्थ गौतमको यात्राले यशोधरा र राहुलको जिन्दगीमा अर्कै घाउ बनाइ दियो । जुन केवल बिछोडको घाउ थियो । त्यही कुरा मनन् गरेर लेखे भारतका राष्ट्रकबि मैथलीशरण गुप्ताले यशोधरा शीर्षकको कबिता । 'सखी † वह कुछ कहकर तो जाते †' । यो पंक्तिमा यशोधराको जिन्दगीको घाउ देखाउन खोजे कबि गुप्ताले । यशोधराको जिन्दगीमा बनेको घाउ स्रष्टाहरुको सिर्जनाको स्रोत बन्यो । अरुलेझैं उनले पनि बोकिरहिन् जिन्दगीभरी त्यो घाउ । हिजोआज एकातिर यहाँ मान्छे सहरमुखी बन्दै गयो । जे गरेर भए पनि धन सम्पत्ति जोड्नुपर्छ, चिल्ला गाडी चढ्नुपर्छ, ठूलाठूला महल बनाई सहरको रमझममा जिन्दगी सजाउनुपर्छ भन्ने सोचले ग्रसित भैरह्यो । बारम्बार घुम्तीमा लडिरह्यो । यो मानवरूपी निरीह र दुःखी प्राणीले घूसको खेती गरिरह्यो, दम्भको बीउ छरिरह्यो, चाटुकारिताको मन्त्र रटिरह्यो, ढोङ्गी बन्यो, बेइमान बन्यो, शोषक बन्यो, जीवनका घुम्तीभित्र यस्तै रयाडहरू छोडिरह्यो । र दुखिरह्यो बारम्बार ।

अर्कातिर घरपरिवार चलाउन गाह्रो हुँदा लाहुरतिर छिर्न थाल्यो मान्छे र दुखिरह्यो यादै यादका घाउहरु टल्काएर लाहुरे जिन्दगी र त्यो जिन्दगीको घाउका बारे निकै मार्मिक शब्दहरु रचिएकाछन् सुदूरपश्चिममा । हिजोका दिनमा अधिकांश लोग्नेमान्छेहरु कोही बिबाह गरेको हप्तादिन नपुग्दै पुगिसक्थे भारतका बिभिन्न सहरमा चौकिदारी गर्न । कोही बालबच्चा बुढा आमाबुवा र श्रीमति छोडेर विवशताको यात्रामा निस्कन्थे त्यही चौकीदारी गर्न । आज केही अरव कतार साउदी दुबइतिरको यात्रा गर्दैछन्

। साहुको ऋणले बनेको घाउ एकातिर हुन्छ । बिछोडको घाउ अर्कोतिर । कही कतै ठुलो डिब्बामा प्याक भएर स्वदेश फर्किने दुर्भाग्य निम्तियो भने कति ठुलो घाउ बन्ला परिवारका लागि जिन्दगी । त्यस्तै कुरालाई मनन गरेर रचेका होलान् कसैले यी पक्तिहरु -

*अग्लो डाँडो भत्किदेओस् मेरो साइ देखियोस्*

*कोख बसी दिन बिताउनु कर्ममा लेखियोस्*

यो गीतले भनेजस्तो पुगिहाल्दा पनि देखिन्छ तत्काल अर्को घाउ । सिर्जना गरिदिन्छ जिन्दगीले अर्कै अभावको । समयले छोडेर गएका घाउहरु एकातिर छन् । बिभाजनको रेखामा टल्किएका घाउहरु अर्कोतिर छन् । ठग लुटेरा र घुस्याहाले बनाइ दिएका घाउहरुले दुखाएकै छ आज पनि उस्तै प्रकारले । सत्तामा पुगेकाहरुले निमुखा र गरिबलाई न्याय दिन नसक्दा, बिकास निर्माणका कार्यहरु बर्षौसम्म थलापरिरहँदा देखा परिरहेका छन् मान्छेमा निराशाका घाउहरु । वर्षसम्म मात्र चर्चामा सिमित पश्चिम सेतीको दुखाई अनि पश्चिम सेती जलविद्युत बन्ला भनी कुर्दाकुर्दै डाँडामाथिको घाम बनिसकेकाहरुले बोकेको घाउ उस्तैछ । यहाँ मान्छे मात्रै कहाँ हो र यो सानो भूखण्ड पनि बोकिरहेछ कैयौं घाउहरु ।

मान्छे युगौंदेखि खोजिरहेछ जिन्दगीका घाउको औषधी । तर एउटा घाउ निको नहँुदै वा पुरिन नपाउँदै देखा परिहाल्छ अर्को घाउ । मान्छे अरु प्राणीभन्दा निकै नै जटिल छ । कुटिलताले परिपूर्ण छ । अनि बेरिएको छ रहस्यका पानाहरुले । जिन्दगीरुपी घाउ बोकेर खुब भौतारिन्छ मान्छे । तर पनि होस कहिल्यै आउँदैन । सधैंजसो दुःखमै लपेटिन्छ । पीडाकै भेलमा बगिरहेको हुन्छ । काडाँमाथि टेकिरहेको हुन्छ तर सपना फुल कै देख्छ । त्यो फुल कहिल्यै भेटिँदैन । भेटिन्छ सधै जसो उही काँडा

जसले कोतर्छ जिन्दगी र बनाइरहन्छ घाउ । अरुकै चिजबिज राम्रो देख्ने, सधै अरुको इष्र्या र डाह मात्र गरिरहने मान्छेले एक्काइसौ सताब्दीसम्म आइपुग्दा हरेक क्षेत्रमा निकै नै प्रगति गरिसक्यो । धेरै कुरा पत्ता लगायो । धेरै चिज कमायो । कैयौं रोग पत्ता लगायो । ती रोगका औषधी पत्ता लगायो तर सकेन जिन्दगीका घाउको औषधी पत्ता लगाउन । विज्ञानले आफ्नो चमत्कारी देखाइरहेको, डरत्रास फैलाइरहेको यो दुनियाँमा मान्छेको जिन्दगी सधैँभरि दुखिरहेछ । गल्ली-गल्लीमा मरिरहेछ । ठूलाठूला महलहरूमा मरिरहेछ । त्यही उपचारबिहीन जिन्दगीका बारे लेखे फिराक गोरखपुरीले ।

**"मौतका भी इलाज हो शायद**

**जिन्दगीका कोइ इलाज नही"**

फिराक गोरखपुरी जन्मिनु भन्दा अघि नै सुनिन्थे डीक्रादेबीले गाएका जस्ता गीतहरु मध्य तथा सुदूर पश्चिममा । मृत्यु बोकेर हिँड्छ जिन्दगी । प्रेम बोकेर हिँड्छ जिन्दगी । अभाव बोकेर हिँड्छ जिन्दगी । मातृत्वको भारी बोकेर हिँड्छ जिन्दगी । परदेशीका यादहरु बोकेर हिडँ्छ जिन्दगी । के बोक्दैन र जिन्दगीले । जब तिनै स्वस्फुर्त ढंगले निर्दोषतामा बनेका घाउहरु बोकेर हिँड्छ जिन्दगी तब सल्बलाउँछन् सिर्जनाका केस्राहरु । तिनै घाउहरु बन्न थाल्छन् सिर्जनाका मुहान । तिनै घाउले सिकाउँछन सिर्जनात्मक जिन्दगी जीउन पनि ।

लोकसाहित्य अन्तर्गत भौतिक संस्कृति (भाँडावर्तन, कलाकौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् । लोकजीवनसँग युगानुकूल भएर आफ्नै आत्मा र आफ्नै मुटुको स्पन्दनमा

आफ्ना जीवनशैलीलाई सरस र सुन्दर तथा सुखमय र कल्याणामय बनाउनका खातिर तिनीहरूद्वारा सिर्जना गरिएको मनोवैज्ञानिक अभिव्यक्तिले लोकसंस्कृतिको रूपधारण गर्न पुग्यो जसभित्र थरी थरीका लोकविश्वास, लोकमान्यता र लोकपरम्पराहरू, लोकरीतिरिवाज र लोकप्रथाहरू तथा उखानटुक्का, गाउँखानेकथा, दन्त्यकथा, लोकगीत आदि समावेश हुन आउँदछन् । सङ्क्षेपमा भन्नुपर्दा संस्कृति मानवीय सचेत सिर्जना र व्यवहारका यावत कुरा समाहितगर्ने समग्र मानवीय शिल्पचातुर्य हो, जुनभाषा, चिह्न, सङ्केत, विश्वास, परम्परा, भेषभूष, खानपान, रहन - सहन आदिका रूपमा मूर्तिकरण हुन्छ ।

प्रत्येक जाति, प्रत्येक ठाउँ र प्रत्येक देशको आफ्नै परम्परागत व्यवहार हुन्छ र यसैबाट जातीय तथा समष्टिगत राष्ट्रिय सभ्यताको निर्माण हुन्छ । अनन्तपूर्वदेखि आचारविचार आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरुप झल्कने मौलिक संस्कृति कला - साहित्य, दर्शन - भाषा, धर्म - सामाजिक रीतिस्थिति आदि मूल्यपरम्पराको माध्यमबाट विकसित लोकवार्ता राष्ट्रिय सभ्यताको बाहक पनि हो । साधा्रम अर्थमा लोकसाहित्य भन्नाले लोकसित सम्बन्धित घटकलाई बुझिन्छ । लोक र साहित्य दुई शब्दको योगले बनिएको लोकसाहित्य कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोक जीवनले भोगेका यथार्थ,  गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकसाहित्य वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ ।

लोकसाहित्यका विशेषताहरूलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ -

१. **बेनामी सृजना** - लोकसाहित्यको विशेषता नै रचनाकार अज्ञात रहनु हो । यसमा पनि रचनाकार ज्ञात हुदैँन । लोकसमाजले पुस्ता (पुस्तामा हस्तान्तरण गर्दै यसको परम्परा निरन्तर चलिरहेको पाईन्छ ।

२. **मौखिक परम्परा** - लोकसाहित्यले जब लिखित रुप लिन्छ त्यसले शिष्ट साहित्यतिर उन्मुख हुने बाटो तय गर्दछ । त्यसैले यसको विशेषता नै मौखिक परम्परामा जीवित रहनु हो । धमारी पनि मौखिकरुपमा हस्तान्तरण हँुदै लोकसमाजमा विद्यमान रहेको पाईन्छ ।

३. **लयात्मकता** - लयात्मकताले लोककाब्य श्रुतिरम्य बन्दछ र यसले लोकलाई प्रभावित बनाउने क्षमता राख्छ । यसमा स्वतन्त्र लोकछन्दको प्रयोग हुन्छ र यो गेयात्मक हुन्छ ।

४. **स्थानियताको रङ्ग** - लोकसाहित्यले प्रशस्त मौलिकता बोकेको हुन्छ र त्यो मौलिकता स्थानिय भाषा संस्कृति, परिवेश रहनसहनका कारणले देखापर्दछ । धमारीले पनि भौगोलिक दूरी र अवस्थिति अनुसार प्रशस्त स्थानियताको रङ्ग बोकेर मौलिक भेदसहित संयोजित रहेको पाउन सकिन्छ ।

५. **नैसर्गिकता** - यसमा आत्मपरक प्रस्तुतिको न्यूनता र वस्तुपरक तथा विषयपरकताको अधिकता पाईन्छ । बौद्धिक कलात्मक नभई सरल नैसर्गिक प्रकारको प्रस्तुति रहन्छ ।

६. **पुनरावृत्ति** - टेकपद वा स्थायी पंक्तिको पटक-पटक पुनरावृत्ति सम्झनाकालागि भएपनि कतै यो कलात्मक देखिन्छ भने कतै पट्यारलाग्दो पनि हुन्छ ।

७. **मनोरञ्जनात्मकता** - परोक्षरुपमा जुनसुकै सन्देश बोकेको भएपनि यसको मुल उद्देस्य लोकमनोरञ्जन नै रहेको पाईन्छ ।

८. **ऐतिहासिक सन्दिग्धतता** - यसमा प्रयोग भएका घटना, पात्र, तिथि मिति प्रमाणिक मान्न सकिदैन । किनभने मौखिक परम्परामा विद्यमान रहेका कारण प्रत्येक पुस्तामा यसले प्रशस्त मौलिकता बोकेर आउँछ । त्यसकारण यसमा उल्लेख भएका तथ्यहरु ऐतिहासिक प्रमाणिकताको आधार बन्न सक्दैन ।

## 4.5 उपसंहार

लोकसाहित्यलाई लोकसंस्कृतिकै अंग वा हाँगाका रूपमा मानिन्छ । लोकसंस्कृति समष्टि भए लोकसाहित्यलाई व्यष्टिका रूपमा लिइने गरिन्छ । लोकसाहित्यका लेखकले समाजको निर्माणमा लोकसंस्कृतिको महत्वपूर्ण स्थानबारे गरेको खोजीमा लोकसाहित्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । लोकसाहित्यका सामाजिक, ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक, भाषिक, शैक्षिक, राजनीतिक र आर्थिक महत्वको रूपमा रहेको हुन्छ ।

कुनै पनि जातिको साहित्य, जीवन आदिमा लोकसाहित्यका विशेषता विशेष महत्वको हुन्छ। रचनाकार अज्ञात रहनु, मौखिक रूपमा जीवित रहनु, मौलिक एवं परम्परागत हुनु, सामाजिक भावना, कल्पनाको सम्भावना, सरल र सहज हुनु, मनोरञ्जनपूर्ण हुनु, परिवर्तनशील हुनु,

राष्ट्रियता एवं देश रक्षाका लागि, परिवर्तित राजनीतिलाई आत्मसात गर्नु, स्थानीय झलक वा आञ्चलिकतालाई लोकसाहित्यका विशेषताका हुन्। लोकसाहित्यले 'जनयुद्ध' र राजनीतिसितसमेत जोडेर हेर्ने गर्छ भने यो मांगलिक, शैक्षिक, मनोरञ्जन र राजनीतिक आदि क्षेत्रमा समेत प्रयोग हुने गर्दछ ।

लोकसाहित्य अन्तर्गत भौतिक संस्कृति (भाँडावर्तन, कलाकौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् । लोकजीवनसँग युगानुकूल भएर आफ्नै आत्मा र आफ्नै मुटुको स्पन्दनमा आफ्ना जीवनशैलीलाई सरस र सुन्दर तथा सुखमय र कल्याणामय बनाउनका खातिर तिनीहरूद्वारा सिर्जना गरिएको मनोवैज्ञानिक अभिव्यक्तिले लोकसंस्कृतिको रूपधारण गर्न पुग्यो जसभित्र थरी थरीका लोकविश्वास, लोकमान्यता र लोकपरम्पराहरू, लोक रीति - रिवाज र लोकप्रथाहरू तथा उखान - टुक्का, गाउँखाने कथा, दन्त्य कथा, लोकगीत आदि समावेश हुन आउँदछन् । सङ्क्षेपमा भन्नुपर्दा संस्कृति मानवीय सचेत सिर्जना र व्यवहारका यावत कुरा समाहितगर्ने समग्र मानवीय शिल्पचातुर्य हो, जुनभाषा, चिह्न, सङ्केत, विश्वास, परम्परा, भेषभूष, खानपान, रहन - सहन आदिका रूपमा मूर्तिकरण हुन्छ ।

लोकसाहित्यको विशेषता नै रचनाकार अज्ञात रहनु हो । यसमा पनि रचनाकार ज्ञात हुदैँन । लोकसमाजले पुस्ता पुस्तामा) हस्तान्तरण गर्दै यसको परम्परा निरन्तर चलिरहेको पाईन्छ । लोकसाहित्यले जब लिखित रुप लिन्छ त्यसले शिष्ट साहित्यतिर उन्मुख हुने बाटो तय गर्दछ । त्यसैले यसको विशेषता नै मौखिक परम्परामा जीवित रहनु हो । धमारी पनि मौखिकरुपमा हस्तान्तरण हँुदै लोकसमाजमा विद्यमान रहेको

पाईन्छ । लयात्मकताले लोककाब्य श्रुतिरम्य बन्दछ र यसले लोकलाई प्रभावित बनाउने क्षमता राख्छ । यसमा स्वतन्त्र लोकछन्दको प्रयोग हुन्छ र यो गेयात्मक हुन्छ । लोकसाहित्यले प्रशस्त मौलिकता बोकेको हुन्छ र त्यो मौलिकता स्थानिय भाषा संस्कृति, परिवेश रहनसहनका कारणले देखापर्दछ । धमारीले पनि भौगोलिक दूरी र अवस्थिति अनुसार प्रशस्त स्थानियताको रङ्ग बोकेर मौलिक भेदसहित संयोजित रहेको पाउन सकिन्छ ।

## 4.6 सार

यस प्रखण्डमा **लोक साहित्यको परिचय, स्वरूप र विशेषता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- लोकसाहित्यलाई लोकसंस्कृतिकै अंग वा हाँगाका रूपमा मानिन्छ ।
- लोकसंस्कृति समष्टि भए लोकसाहित्यलाई व्यष्टिका रूपमा लिइने गरिन्छ ।
- लोकसाहित्यका लेखकले समाजको निर्माणमा लोकसंस्कृतिको महत्वपूर्ण स्थानबारे गरेको खोजीमा लोकसाहित्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।
- लोकसाहित्यका सामाजिक, ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक, भाषिक, शैक्षिक, राजनीतिक र आर्थिक महत्वको रूपमा रहेको हुन्छ ।
- कुनै पनि जातिको साहित्य, जीवन आदिमा लोकसाहित्यका विशेषता विशेष महत्वको हुन्छ।
- रचनाकार अज्ञात रहनु, मौखिक रूपमा जीवित रहनु, मौलिक एवं परम्परागत हुनु, सामाजिक भावना, कल्पनाको सम्भावना, सरल र

सहज हुनु, मनोरञ्जनपूर्ण हुनु, परिवर्तनशील हुनु, राष्ट्रियता एवं देश रक्षाका लागि, परिवर्तित राजनीतिलाई आत्मसात गर्नु, स्थानीय झलक वा आञ्चलिकतालाई लोकसाहित्यका विशेषताका हुन्।

- ❖ लोकसाहित्यले 'जनयुद्ध' र राजनीतिसितसमेत जोडेर हेर्ने गर्छ भने यो मांगलिक, शैक्षिक, मनोरञ्जन र राजनीतिक आदि क्षेत्रमा समेत प्रयोग हुने गर्दछ ।
- ❖ प्रत्येक जाति, प्रत्येक ठाउँ र प्रत्येक देशको आफ्नै परम्परागत व्यवहार हुन्छ र यसैबाट जातीय तथा समष्टिगत राष्ट्रिय सभ्यताको निर्माण हुन्छ । अनन्तपूर्वदेखि आचारविचार आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरुप झल्कने मौलिक संस्कृति कला - साहित्य, दर्शन - भाषा, धर्म - सामाजिक रीतिस्थिति आदि मूल्यपरम्पराको माध्यमबाट विकसित लोकसाहित्य राष्ट्रिय सभ्यताको बाहक पनि हो ।
- ❖ साधाऱम अर्थमा लोकसाहित्य भन्नाले लोकसित सम्बन्धित घटकलाई बुझिन्छ । लोक र साहित्य दुई शब्दको योगले बनिएको लोकसाहित्य कुनै नयाँ अवधारणा होइन ।
- ❖ यो मानव समाजको विकासक्रमसँगै सामान्य लोक जीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।
- ❖ मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकसाहित्य भनिन्छ।
- ❖ यो श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित तथा बाच्ने हुने गर्दछ ।

यस प्रखण्डको अध्ययनले **लोक साहित्यको परिचय, स्वरूप र विशेषता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकसाहित्यको अवधारणा र यसको परिचय, स्वरूप र विशेषता आदि सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 4.7 अनुशीलनी

1. लोकसाहित्यको अर्थबारे चर्चा गर्दै यसको परिभाषाबारे टिप्पणी प्रस्तुत गर्नुहोस् ।

2. लोकसाहित्यको उत्पत्ति कहिले र कहाँबाट भएको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकसाहित्यको स्वरूपबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. लोकसाहित्यको अध्ययनको क्षेत्रबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस्।

5. लोकसाहित्यको सीमा र विस्तारबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. लोकसाहित्यको विशेषताबारे चर्चा गर्दै यसको उपयोगिता र महत्वलाई चिनाउनुहोस् ।

7. आजको सन्दर्भमा लोकसाहित्यको महत्त्व र मूल्य के कस्तो रहेको छ ? आफ्नो तर्क प्रस्तुतु गर्नुहोस् ।

८. लोकसाहित्यका मुख्य - मुख्य प्रकारहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

9. नेपाली लोकसाहित्य सम्बन्धि अध्ययन गर्दै नेपाली लोकसाहित्यका विविध बिशेषताहरूलाई चित्रण गर्नुहोस् ।

10. लोककथा, लोकगाथा, लोकसंस्कृति, लोकनृत्य, लोकवार्ता, लोकसाहित्य आदिबारे टिप्पणी लेख्नुहोस् ।

## 4.8 अतिरिक्त अध्ययन


1. उपाध्याय, कृष्णदेव - **लोकसाहित्यकी भूमिका, इलाहवाद ।**

2. चालिसे, विजय - **डोटेली लोकसंस्कृति र साहित्य ।**

3. दिवस, तुलसी - **नेपाली लोककथाः केही अध्ययन ।**

**4** .गिरी, जीवेन्द्रदेव - **लोक साहित्यको अवलोकन ।**

5. गिरी, जीवेन्द्रदेव - **नेपाली लोक साहित्यमा जन जीवन ।**

6. उपाध्याय, कृष्णदेव - लोक साहित्य की भूमिका ।

7. थापा, दिनबहादुर - गलाकोट क्षेत्रमा प्रचलित लोकगीतहरुको सर्वेक्षण र अध्ययन ।

८. थापा, धर्मराज र हंसपुरे सुवेदी - नेपाली लोकसाहित्य ।

9. पन्त, कालीभक्त - हाम्रो सांस्कृतिक इतिहास ।

10. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।

11. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - नेपाली लोक साहित्यको रूपरेखा ।

12. पौड्याल, राजेन्द्र - नेपाली लोकगीतको परम्परा र विकास ।

13. पौड्याल, षडानन्द - नेपाली लोकगीतमा धवलागिरि अञ्चलको योगदान : एक अध्ययन ।

14. मल्ल, राधिका - म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन ।

15. बन्धु, चूडामणि - लोकसाहित्य ।

16. राणा, युद्धवीर - नेपाली समाज र संस्कृति ।

17. शर्मा, जनकलाल - हाम्रो समाज र संस्कृति ।

1८. गुरूङ, एम. एम. - बिर्सिएको संस्कृति ।

19. कोइराला, शम्भुप्रसाद - लोक साहित्य : सिद्धान्त र विश्लेषण ।

20. पोखरेल, बालकृष्ण - खस जातिको इतिहास ।

## 4.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

१६. लोकसाहित्यको सामान्य परिचय ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. लोकसाहित्यको अर्थ र परिभाषा ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. लोकसाहित्यको स्वरूप ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. लोकसाहित्यको विशेषता ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.4 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

२०. लोकसाहित्यको मूल्य र महत्व ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.4 को खण्डअन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 5, लोक साहित्यका विधाहरू र वर्गीकरणका आधार

**संरचना**

5.0 उद्देश्य

5.1 परिचय

5.2 लोक साहित्यको अवधारणा

5.3 लोक साहित्यका विविध विधाहरू

5.4 लोक साहित्यका वर्गीकरणका आधारहरू

5.5 उपसंहार

5.6 सार

5.7 अनुशीलनी

5.8 अतिरिक्त अध्ययन

5.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 5.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोक साहित्यको सामान्य परिचय
- लोक साहित्यको अवधारणा
- लोक साहित्यका विविध विधाहरू
- लोक साहित्यका वर्गीकरणका आधारहरू

## 5.1 परिचय

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)‘ लोक ’ शब्द बनेको हो । जसको अर्थ हुन्छ - हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा ‘जन ’ ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । हितेन सह सहित ’ - ‘सहितस्य भाव साहित्य ’ अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो ।

लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ । सामान्यतया भाषाको गुण अथवा अवगुण ज ेभने पनि जस्तो सुनिन्छ त्यस्तो लेखिदैँन त्यसैले लोकसाहित्यमा जे बोलिन्छ जे गरिन्छ त्यसलाई त्यही रुपमा लिपि चिन्ह मा (लेख्य) गर्न सकिदैँन । लोक साहित्यको लेखन र नाटक ( प्रदर्शन) नाटकीकरण हुनु भनेको लोक साहित्यकोमृत्यु हुनु हो । किनभने लोकसाहित्य श्रुतिमा बाँचेको हुन्छ । मानसखण्ड लोकसाहित्य श्रुति र परम्परामा बाँचेको छ भने धर्मसंस्कृतिसँग मानसखण्ड लोकसाहित्यको अन्योन्याश्रित सम्बन्ध रहेको छ । संस्कृति अर्थात् धर्म लोकसाहित्यको आत्मा हो । धर्म विना संस्कृति र संस्कृति बिना लोकसाहित्य जीवित रहदैँन ।

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)‘ लोक ’ शब्द बनेको हो । जसको अर्थ हुन्छ - हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा ‘जन ’ ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । हितेन सह सहित ’ - ‘सहितस्य भाव साहित्य ’ अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य

भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो । यो बनावटी हुदैँन । लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ । सामान्यतया भाषाको गुण अथवा अवगुण जे भने पनि जस्तो सुनिन्छ त्यस्तो लेखिदैँन त्यसैले लोकसाहित्यमा जे बोलिन्छ जे गरिन्छ त्यसलाई त्यही रुपमा लिपि चिन्ह मा (लेख्य) र नाटक गर्न सकिदैँन । लोक साहित्यको लेखन ( प्रदर्शन) नाटकीकरण हुनु भनेको लोक साहित्यकमृत्यु हुनु हो । किनभने लोकसाहित्य श्रुतिमा बाँचेको हुन्छ ।

## 5.2 लोक साहित्यको अवधारणा

'लोक ' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो ।

डा. कृष्णदेव उपाध्याय भन्छन्- प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक'

भनिन्छ र तिनीहरूको सुख-दुखको साहित्य नै लोकसाहित्य हो । लोक साहित्यमा नरमाउने को होला र ? तर, यस विषयका अध्येता थोरै छन्। त्यही थोरैमध्येका एक अध्येता हुन्, मनोहर लामिछाने। लोकसाहित्यमा समाजको प्रतिबिन्ब र यसको अध्ययनले जातिको चिन्हारी पुष्टि गदर्छ। डा. वासुदेव त्रिपाठीका अनुसार सारांशमा जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो । योगी नरहरिनाथका अनुसार लोक व्यवहारमा, लोकहितका लागि, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । माधव घिमिरेले लोकसाहित्यको चरित्रको बारेमा काव्यात्मक पारामा भन्छन्- ‘सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा’ ।

धर्मराज थापा र हंसपुरे सुबेदी भन्छन्- लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । तुलसी दिवस भन्छन्- सही अर्थमा लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतित्रिम्ब मात्र नभएर सम्बाहक पनि हो । सरस्वती घिमिरे भन्छिन्- वेद भन्नु नै लोक साहित्य हो । यसरी माथिका परिभाषाहरूले हाम्रा वेद अर्थात् मुन्धुमलाई साहित्य अर्थात् लोक साहित्य मानेको छ । बुँदागत रूपमा लोक साहित्यसम्बन्धी चिन्तनको सार टिपोट यसरी गर्न सकिन्छ-

1. यो युगौं युगदेखि श्रुति परम्परामा जीवित रहेको हुन्छ ।

2. यो सरल वाणीमा लोकानुभूतिको अभिव्यक्ति हो ।

3. यो लोकजीवन तथा संस्कृतिको सम्बाहक हो ।

4. यो आदिमता र नवीनताको संगम पनि हो ।

Notes

5. यो लेख्य साहित्य पूर्व पीठिका हो ।

6. यो शास्त्रीय बन्धन विहीन निरन्तर परिवर्तनशील सहजानुभूति युक्त मौखिक साहित्य हो ।

लिखित साहित्य मात्र साहित्य होइन । लिपिको आविष्कार हुनुपूर्व संसारका हरेक भाषामा अलिखित लोक साहित्य समृद्ध थियो । यसरी यसको मूल सम्बन्ध लिपीसंग नभई भाषासंग भएको देखिन्छ । लोकसाहित्यको सर्वकालिक मूलतम् विशेषताहरू पनि यसप्रकार छन् -

1. रचयिता अज्ञात रहनु,

2. मौखिक एवं परम्परागत हुनु,

3. सर्वाङ्गीण सामाजिक परम्पराको उद्वोधन,

4. सचेत अलंकरणबाट मुक्त प्राकृतता,

5. कोरा औपदेशिकताको अभाव,

6. ऐतिहासिकता र लोकसंस्कृतिको बाहक हुनु ।

## 5.3 लोक साहित्यका विविध विधाहरू

लोकसाहित्यका विविध विधाहरू छन् । यी वविभिन्न विधाहरूलाई निम्नरूपमा यसरी अध्ययन गरिएको छ -

## 5.3.1 लोकगाथा -

लोकगाथा लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । स्थानिय समुदायले लोक मनोरञ्जनकालागि प्रस्तुत गर्ने गाथाले जुनसुकै उद्देश्य राखेको भए पनि मुलतः लोकमनोरञ्जन गर्नु नै यसको प्रमुख उद्देश्य देखिन्छ । नेपाली लोकसाहित्यमा लोक गाथाहरु धेरै प्रकारका पाईन्छन् । तिनीहरु जातिय समुदाय भौगोलिक क्षेत्र वा वर्गमा फरक फरक नाममा चिनिन्छन् । खासगरी लामा कथात्मक गीतहरु जसलाई बौद्घिक वर्गले गाथा भनेर नामाकरण गरेको भएपनि यो जुन समुदायमा प्रचलनमा छ त्यो समुदायमा आफ्नै प्रकारको नाममा चिनिन्छ । यसलाई पढेलेखेका जान्ने बुझ्ने क्षिरनिरविवेकी भनिने र साहित्य शास्त्रीय चिन्तनका आधारमा समीक्षा गर्नेहरुले मात्र गाथा भनेका हुन् । यस्तै नाम मध्य धमारी एक हो ।

नेपालको कर्णाली तथा डोटी क्षेत्रतिर प्रचलनमा रहेको (पराजुली,2057 ः312) भनिए पनि सुदूर तथा मध्यपश्चिमका अधिकांश जिल्लामा यो प्रचलनमा रहेको पाईन्छ । साथै भारतमा कुमाउ तथा राजस्थानतिर यसको स्वरुप फेला परेको छ । लोकसमाजमा गीतहरुमा संरचित गरिएका कथाहरु गाथा हुन् । गाथाको ऐतिहासिकता खोतल्ने हो भने ई. पु 4000 वर्ष अघि रचना भएको मनिएको पूर्विय प्राचीन ग्रन्थ ऋग्वेदसम्म पुग्न सकिन्छ । ऋग्वेदमा कथा गायकलाई गाथिन शब्दको प्रयोग गरिएको छ । वेदमा इन्द्र,वरुण,उषा,शोमका सुक्तहरु गाथाका रुपमा रहेका छन् । गाथा भन्न जान्ने मान्छेलाई गाथिन भनिएबाट पूर्वीय पौराणिक समाजमा गाथाको महत्वलाई दर्शाउँछ । यसैगरी पश्चिमी समाजमा पनि गाथाको परम्परा होमरका प्राचिन महाकाव्य ओडिसी र इलियड सम्म पुगिन्छ किनभने तत्कालिन समाजमा रहेका ट्रोय युद्धका वीरहरुका गाथाहरुको

मौखिक परम्परावाट यी ग्रन्थहरुको श्रोत रहेको मानिएको छ । गाथाको समानार्थि शब्द व्यालेड मानिन्छ । नाच्नुको अर्थ व्यालेड शब्द इटालेली भाषाको द्यबििबचभ बाट ब्युत्पन्न भएको हो ।

माथिका परिभाषाहरु केलाउदा समग्रमा लोकगाथा आख्यान तत्व भएका लामा गीतहरुमा आवद्ध कथाहरु नै हुन् । जसलाई लोक समाजले एक पुस्तावाट मौखिक तथा श्रुति परम्परामै अर्को पुस्तालाई हस्तान्तरण गर्दछ । आख्यानात्मकता, गेयात्मकता, प्राचिन, धार्मिक वा समसामयिक घटनाको प्रस्तुति, अनिश्चित रचनाकार, मौलिक,मौखिक परम्परा,लोक संस्कृतिको सम्वाहक, स्थानियताको प्रचुरता, स्वभाविक, सरल, वोधगम्य, सामाजिक सम्पत्ति, लोक समाजमा प्रभाव पार्न सक्ने सामथ्र्य आदि यसका विशेषता रहेका छन् ।

**लोकगाथाका तत्वहरु यसप्रकार छन् -**

(1) कथानकः-कुनै न कुनै कथा भएका गीतहरु लामा हुन् वा छोटा लोकगाथा भनिएकाले यसमा कथानक मुल तत्वका रुपमा रहेको हुन्छ । कथा कालक्रमिक घटनाक्रममा विन्यस्त तुल्याउँदा कथानक बन्दछ । यो सरल,लोकसमाजले बुझ्न सक्ने स्थानियताको रंग सहित भावमय रुपमा प्रस्तुत हुन्छ । कथानक प्रायः रैखीय ढाँचामै पाइन्छ ।

(2) चरित्र ः- कथानक कुनै न कुनै चरित्रको माध्यमले आवश्यक द्वन्द्वका साथ अघि बढ्ने भएकाले गाथामा पनि पात्र वा चरित्रको महत्वपूर्ण भूमिका हुन्छ । लोकगाथामा मानविय वा मानवेत्तर दुवै प्रकारका पाात्रहरुको भूमिका हुने गर्दछ । पात्र वा चरित्र गाथाको अनिवार्य तत्व मानिन्छ ।

(3) परिवेश ः- परिवेशले कथालाई विश्वसनिय बनाउन भूमिका खेल्दछ । कथानकमा आवश्यक परिवेशको चित्रण गरिएको हुन्छ । त्यसैले लोकगाथामा पनि परिवेश अनिवार्य तत्वका रुपमा रहेको हुन्छ ।

(4) उद्देश्य ः- शिक्षा, अर्ती ,उपदेश दिनु, अनुभवको साझेदारी गनर्,ु वितेको ऐतिहासिक घटना उजागर गर्नु जस्ता पक्ष लोकगाथामा भएपनि यसको उद्देश्य मूलतः लोकमनोरञ्जन नै रहेको पाइन्छ ।

(5) भाषा शैली ः- भाषा अभिव्यक्तिको माध्यम भएकोले भाषाले नै मानविय भाव सम्प्रेषण गर्दछ । विषय वस्तु अनुसार भाषा फरक हुने गर्दछ । लोकगाथामा सरल वोधगम्य भाषाको प्रयोग भएको पाइन्छ । लयात्मक, कोमल मधुर तथा साङ्गीतिकतापूर्ण भाषाको प्रयोग लोकगाथामा हुने गर्दछ । लोकले बुझ्न सक्ने प्रकारको भाषा भएकोले सरल शब्दहरुको प्रयोग लोकगाथामा पाइन्छ । गाथा लोकगीतहरु द्वारा संयोजित भएका कारणले लोकगीत प्रस्तुतीको शैली सरल हुन्छ । कुनै एकल र कुनै युगल वा समूहद्वारा वार्तालाप संवाद वा वर्णनात्मक शैलीको प्रयोग हुन्छ ।

### 5.3.2 लोककथा –

लोककथा कुनै समाज तथा संस्कृतिमा परापूर्वकाल देखि मौखिक तथा लिखित रूपमा चलिआएको कथा हो । लोककथामा समाजका सास्कृतिक परम्परा तथा चालचलन सहितका दन्त्यकथा, परी कथा, चुटकिला, ऐतिहासिक कथा आदि समावेस गरिएको पाइन्छ । आख्यानात्मकता गुण भएको धार्मिक पौराणीक कथा, ऐतिहासिक वीर पुरुषका कथा, सामाजिक सांस्कृतिक विषयवस्तु समेटिएका कथाहरु संरचित गरिएका हुन्छन् ।

आख्यानात्मक हुनु लोककथाको मूल विशेषता हो । आख्यान संबादात्मक र वर्णनात्मक दुबै प्रकारको हन्छ् ।

लोकसाहित्यका विविध विधाहरू मध्ये लोककथा प्रमुख विधा हो । यो गाउँघरमा कामकाजबाट फुर्सद मिलेपछि वसिवियाँलो गर्न र ज्ञानगुन पाउन कथा भन्ने र सुन्ने चलनसँगै अघि बढेको पाइन्छ । लोककथाको उत्पतिबारे कुनै पनि तिथिमिति स्पष्ट हुदैन र यसका लेखक पनि हुदैनन् किनभने यो मानवसभ्यता तथा लोकभाषासँग बिकसित हुदै सामुहिक रुपमा एक गलाबाट अर्को गला हुदै आजको रुपसम्म आइपुगेको हो । यसरी तत्कालिक समाजको धार्मिक, सामाजिक एवं साँस्कृतिक मान्यता र परम्पराको जीउँदो रुप लोककथा हो । नेपाली वृहद शब्दकोष अनुसार 'परम्परादेखि लोक जीवनमा मौखिक रुपले चलि आएको कथालाई लोककथा भनिन्छ ।' त्यस्तै गरी अमरकोशको अनुसार 'खासगरी जुगौं जुग देखि जनताको मुखमुखै एकनासले चलि आएका काल्पनिक घटना प्रधान कथालाई लोककथा भनिन्छ ।' त्यसैले लोककथा भन्नाले तपाई हाम्रो माझमा मौखिक रुपले चलि आएको कथा भन्ने बुझिन्छ । यसरी लोककथा र समाजका विच नङ र मासुको जस्तो सम्बन्ध रहेको देखिन्छ । यो कुनै व्यक्ति तथा देशको उपज नभई विश्वकै सम्पदा मानिन्छ ।

भौगोलिक स्थिति, जाति, संस्कृति आदिको कारणले फरक फरक भए पनि तात्विक रुपमा एकै हुन्छ । प्राय: जसो नेपाली लोककथामा 'एकादेश' बाट शुरु गर्ने र कथाको अन्तमा सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला आदिबाट कथा टुङ्ग्याउने गरिन्छ । लोककथाहरु पशुपंक्षी, बोट विरुवा, भूत प्रेत, पौराणिक धार्मिक, साँस्कृतिक ऐतिहाँसिक, उपदेशात्मक, साहस सु¥याई, दैवी, हास्यव्यंगात्मक मनोरञ्जनात्मक इत्यादि प्रकारका हुन्छन् । जो मार्फत लोक जीवनले बौद्धिक ज्ञान,

नैतिक सन्देश र मनोरञ्जन पाउँछन् । यसको मूल थलो समाज हो जो जीवनजगतकै सेरोफेरोमा चहार्दै घुम्छ र पुस्ता प्रतिपुस्ता सर्दै जान्छ ।

लोककथालाई सुन्ने कथा, दन्त्य कथा का साथै कर्णाली र सुदुर पश्चिम क्षेत्रमा सिल्लोक पनि भनिन्छ । नेपाली लोक कथाहरु हाम्रो पैत्रिक सम्पति हुन् । नेपालका प्राकृतिक भण्डार हुन् । नेपाली लोककथाले लोक संस्कृति तथा राजा महाराजा, देवी देवता, मठ मन्दिर, पशुपंक्षी, वनस्पति आदिको कथा प्रस्तुत गरेको पाइन्छ । जहाँ हुन नसक्ने कुराहरु पनि सम्भव भएको देखिन्छ । खासगरी बूढाबूढीहरुले आफ्ना सन्तानहरुलाई भुलाउन, फकाउन र मनोरञ्जन दिन यस्ता कथाहरु भनिएको पाइन्छ । जस्तैः खीरपाक ताउली, सिस्नेकीरा, कन्जुस बुढी, ठूला ढुंगाको दैत, स्याल र बाघ, पैकेलोको कथा आदि । यसरी लोककथा परम्परा देखि सुनाइदै आएको लोकजीवनको श्रुति स्मृतिमा आउने कथा हो । आजकल लोककथामा समय सापेक्ष थपघट हुनुका साथै आधुनिकताको पनि प्रभाव परेकोछ । तर, यसको रुप, सौन्दर्य नबिगारी जस्ताको तस्तै लिखित रुपमा संरक्षण गर्नु हाम्रो ठूलो कर्तव्य मानिनेछ।

## 5.3.3 लोकगीत –

आधुनिक साहित्यको माउ भनेको लोकसाहित्य हो । लोकसाहित्यको माउ लोकोक्ति र लोकगीतहरु हुन् । भक्त राईका अनुसार लोकसाहित्यको लोकपद्य अन्तरगत पर्ने प्रमुख विधा लोकगीत हो । संसारका प्रायः सबै भाषामा, सबै मुलुकमा यसको प्रचलन रहेको देखिन्छ । लोकगीतलाई लोकसाहित्यको सबैभन्दा प्राचिन विधा मानिन्छ । संसारमा भाषाले लेख्यरुप प्राप्तगर्न अगावै मानिसले वाणीको प्रयोग गर्न थाले, यसैबेलादेखि लोकगीतको प्रयोग भएको देखिन्छ ।

लोकगीत नै लोकजीवनको रागात्मक स्वतः स्पूmर्त सरल एवम् लयात्मक प्रस्तुति हो । आदिवासी जनजाति कोइँच सुनुवार साहित्यको उत्पत्ति पनि यिनै लोकोक्ति र लोकगीतहरु नै हो । विशेषगरी आमा बजुले वाचन गरेका कथा, गीत, थैँका, क्लाइँदास र नाअÞसोे, पोइँबो-ग्याँमिले भन्दै आएका सासि मुक्दुमका कथा सालाक, पूर्खा प्रार्थना पिदार, शाँदार गीतहरु नै आदिवासी जनजाति कोइँच साहित्यको जग हो । यिनै कथ्य परम्परामा बाँचीरहेको तर नेपाली साहित्यीक आकाशमा गुम्नाम एक विधाको नाम हो थेअनि । कुनै एक बिषयबस्तुलाई टेकेर अर्को बिषयको गुण र महत्वलाई व्याख्या गर्ने थेअनिमा विम्व तथा प्रतिकहरुका साथ मिथकको प्रयोग आदिमकालदेखि नै लोक जनजिब्रोमा श्रुति र स्मृतिको रुपमा रहँदैबस्दै आएको पुरानो लोकसाहित्य हो ।

भनिन्छ साहित्य समाज परिवर्तनको सम्वाहक हो । साहित्य शैक्षिक सामग्री पनि हो । तर नेपालको सन्दर्भमा कुरा गर्दा मुखले भन्ने बेला साहित्य सामाजको ऐना हो भनिन्छ तर व्यवहारमा त्यो साहित्यिक ऐनालाई पेवा बनाएर आफ्नु अनुहारको प्रतिविम्ब मात्र हेर्ने प्रवृतिका कारण रैथाने नेपाली साहित्य पाखा लागेको अबस्था छ । लोगगीत सुनाउनेलाई सुनाउनुको आफ्नै मज्जा, सुन्नेलाई आमोदप्रमोदको मज्जा, छोटो उक्तिमा सिंगै दर्शन अटाउन सकिने ल्याकत राख्दछ । हाइकु, तान्का, सेनेरियो, चोका, सायरी जस्ता जापनीज साहित्यको स्वाद पस्किने तर पृथक परम्परागत कोइँच साहित्यमा लुकेर बसेको, हाम्रै माटोको सुवास आउने एक मौलिक बिधा हो । जनजिब्रोमा प्रचलित चलनचल्तीका लोकगीतहरुको विम्व, प्रतिकको प्रयोग, मिथक, अनुप्राश मिलन र शैलीलाई विचार गर्दा निम्नानुसार विशेषतामा पाइन्छ । अगेनाबाट शुरु भई तला, चोटा, कोठा, धुरी, टोल, गाउँ, सहर, देश र

विश्वब्रह्माण्डको यात्रा गर्दै पुनः आँगन, पिँढी, ढोकाबाट फर्केर आगेनामै प्रार्थना टुङ्गिने मुक्दुमको चक्रीय शुन्य दर्शनको छाप लागेको लोकगीतहरूले साहित्यको विकास गर्न राज्यले चासो लिए अवश्य पनि नेपाली साहित्यमा मौलिक साहित्यिक विधाले स्थान पाउने छ र नेपालको आफ्नै मौलिक रैथाने खोकी खोक्न सक्ने छ ।

**लोकगीत** अथवा **लोक सङ्गीत** लोक संस्कृतिकै प्रमुख अङ्ग हो । यसलाई नेपाली प्राकृतिक कविता पनि भन्ने गरिन्छ । यसले आफ्नो रूप र विधा आफैंले जन्माउँछ । यो सरल, सुबोध र लोकप्रिय हुन्छ । यसको कलेवरमा लोक जनजीवन छर्लङ्गिने ऐना हुन्छ । त्यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । लोक सङ्गीत अथवा लोकगीत जनसमूदायको गीत हो । यो एकपछि अर्कोमा मौखिक रुपमा हस्तान्तरिक हुने गर्दछ । लोकगीतका रचनाकार पाइदैनन् । यो समाजको गीत हो । यो समाजले गाएको हुन्छ, समाजले बचाएको हुन्छ र समाजले नै एक पूस्ताबाट अर्को पूस्तामा हस्तान्तरण गर्दै जान्छ । नेपाल विश्वको मानचित्रमा 1,47,1८1 वर्ग कि. मि. क्षेत्रफल ओगटेको सानो मुलुक हो । नेपाल सानो भएर पनि विश्वमा एउटा सुन्दर मुलुकको रुपमा चिनिन्छ । नेपाललाई सुन्दरताको खानीको रुपमा स्थापित गर्न तीन तत्वको विशेष भूमिका रहेको छ । प्रथमतः भौगोलिक, दोस्रो प्राकृतिक र तेस्रो यहाँको सांस्कृतिको विविधता हो । भौगोलिक दृष्टिकोणबाट नेपाल अति नै सुन्दर मुलुकको रुपमा विश्वमा परिचित नाम हो । विश्वको अग्लो हिमाल सगरमाथा रहेको देशको रुपमा छुट्टै पहिचान बोकेको देश हो । यहाँको भौगोलिक बनावट आफैमा सौन्दर्ययुक्त छ । हिमाल, पहाड, तराईको भौगोलिक अवस्थाले नेपालका जनताले तीनै भुभागको परिवेशलाई महसुस गर्न सक्छन् ।

नेपाल प्राकृतिक रुपमा धनी मुलुकको रुपमा विश्वमा चिनिन्छ । नेपालको वन - जंगलहरूले, खोलानालाहरूले यहाँको सौन्दर्यतामा सुनमा सुगन्ध थपिदिएको छन । हिमाली भेगमा चिसो मौसम, पहाडमा न चिसो न तातो मौसम र तराईमा गर्मी मौसम यी तीनै वातावरण पाइने सुन्दर देश नेपाल । चारैतिर हरियाली वनजंगलले नेपाली वातावरणलाई मनमोहक बनाउँदछ । त्यसैले भनिन्छ हरियो वन नेपालको धन । नेपालको 6 हजार नदिनालाले नेपालभूमिलाई सिचाईं दिएर सिञ्चित गरेको छ । नेपाली भूमिको उर्वरा शक्तिलाई बढाइदिएको छ । जलस्रोतको धनी मुलुक नेपाल जलविद्युतको प्रचुर सम्भावना बोकेको छ । नेपालको सुन्दर पक्ष वा तत्व भनेको यहाँको प्राकृतिक स्रोत हो । नेपालको अर्को सुन्दर पक्ष भनेको सांस्कृतिक विविधता हो । नेपालको तथ्याङ्क विभागको सन् 2011 को रिपोर्ट अनुसार नेपालमा कुल 130 जाति रहेको उल्लेख छ । प्रत्येक जातिको आ-आफ्नै संस्कार, संस्कृति रहेको छ । विविध संस्कृतिले सजिएको सुन्दर नेपाल विश्वमा सांस्कृतिक पक्षमा धनी मुलुकको रुपमा पहिचान बनाएको छ । कुनै पनि राष्ट्रको संस्कृति भनेको त्यसदेशको सम्पत्ति हो । एकसय तीस जातिका विविध संस्कृति रहेको नेपाल, सांस्कृतिक रुपमा आफ्नो छुट्टै पहिचान बोकेको राष्ट्रको रुपमा स्थापित छ । संस्कृतिको बलियो पक्ष संगीत हो । यहाँका प्रत्येक जातजातिका आआफ्नै संस्कार, सस्कृति रहेका छन् । उनीहरूको आफ्नै लोकसंगीत, लोकसंस्कार, लोकसंस्कृति रहेको छ । लोकसंगीत भनेको लोकगीत, लोकवाद्य र लोकनृत्य हो । लोकसंगीत भित्रको लोकगीतलाई यहाँ अध्ययनको विषय बनाइएको छ ।

लोकगीत वस्तुतः त्यही हुन सक्छ जसमा रचयिताको निजी व्यक्तित्व हुँदैन । रचयिताले लोकमाससँग तादात्म्य राख्छ र समस्त लोकको

व्यक्तित्व उत्रने र लोकले आफ्नै चीज भन्न थाल्ने व्यक्तित्वहीन रचना गर्छ । त्यही रचना लोकको आफ्नो गीत हुन्छ, जुन गीत परम्परामा गाँसिन्छ र परम्पराले समय - समयमा अनुकूल परिवर्तन गर्दै रहन्छ । जन समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत लोकगीत हो । लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनको दुःखसुख, आँसु - हाँसो, आशा - निराशाका साथै लोकका चाल चलन, विधि व्याहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ । लोकगीत सामान्य जनताका संवेदनशील भावुक हृदयका त्यस्ता उद्‌गार हुन् जुन सङ्गीतका सुदृढ धारामा छन्दोबद्‌ध भएर प्रवाहित हुन्छन् र तिनले लोकगीतको नाम धारण गर्छन् । लोकसमुदायले परम्परागत रुपमा गाउदै सुनाउदै आएको सर्वाधिक प्रिय गेयात्मक लोकसाहित्यिक विधा लोकगीत हो ।

लोकगीतमा लोक जीवनमा लहरिदै बड्ने र प्रसार हुने हुँदा लोकगीतमा स्वाभाविक रुपमा लोकसमुदायका आँशु - हाँसो, सुख - दुःख, मिलन - विछोड, जीवन यापनका अनेक उकाली ओराली, लोकपरिवेश, लोकमान्यता र लोकविश्वास आदिले स्थान पाएको हुन्छन् । आफ्नै विषय, आफ्नै परिवेश र आफ्नै लयमा आफैले परम्परादेखि प्रयोगमा ल्याइआएको हुँदा तथा त्यसको विशिष्ठ लयात्मकता, गेयात्मकता, समेतका कारणले लोकगीत लोकसमुदायमा सर्वाधिक रुचि र उपयोगको विधा रहिआएको छ । विभिन्न भूभागमा बस्ने मानवजातिहरूले आफ्नो जातिय र राष्ट्रिय भाषामा आआफ्नो परम्परागत जातीय संस्कृति र दुःखसुखका आन्तरिक भावहरू सरल र मौखिक रुपमा अभिव्यक्त गरेको पाइन्छ । त्यही नै पछि गएर लोकगीत हुन जान्छ । साधारण अर्थमा लोकगीत भन्नु नै लोकको गीत हो । लोकगीत लोकहृदयको स्वस्फूर्त सुकोमल लयात्मक

अभिव्यक्ति हो । लोकजीवनको रागात्मक प्रवृत्तिका क्रममा समानसंभ्यता र संस्कृतिमा प्रकाश पार्दै मौखिक परम्परामा जीवन्त रहेर जातीय जीवनलाई चिनाउँदै लोकको साझा ढुकढुकी हुनु यसको गरिमा हो । धर्तीका काखमा सुखदुःख भाग्दै रमाएका असङ्ख्य जनाका हृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलबलाउने अविच्छिन्न तथा सहज गीतिप्रवाह नै हो लोकगीत ।

लोकगीत भन्नाले साधारण शब्दमा लोकले गाउने अथवा लोकको गीत भन्ने बुझिन्छ । सजिलो प्रकारबाट गाउन सकिने साथै जनसाधारणले बुझ्ने गीतलाई लोकगीत भनिन्छ । यसकारण जनसाधारणको गीत नै लोकगीत हो । लोकगीत जनसाधारणबाट जन्मेको हुन्छ, जनसाधारणले नै सुरक्षित गरीराखेको हुन्छ । लोकगीत जनसाधारणबाट नै प्रचार प्रसार तथा संरक्षण र सम्बर्धन भएको हुन्छ । लोकगीतमा सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक, ऐतिहासिक, सांस्कृतिक परिस्थितिहरुको चरित्र चित्रण पनि पाईन्छ । त्यसैले विद्‌वानहरूले लोकगीतलाई लोकजीवनको वास्तविक दर्पण पनि भनेको छन् । लोकगीत सरल हुन्छ, प्रचार प्रसार मौखिख रुपमा नै हुन्छ । लोकगीत कुनै पनि स्थानका जाति, समाजबाट जन्मेको हुन्छ । त्यस लोकगीतमा त्यसै स्थानको रहनसहन, चाडपर्व, उत्सव, रीतिरिवाज, संस्कृकितआदिको वर्णन पाईन्छ । लोकगीत कुनै पनि जाति, स्थान, समाजको साझा सम्पत्ति हो ।

**लोकगीतका तत्वहरू**

एउटा पूर्ण लोकगीत हुनका लागि आवश्यक पर्ने अङ्गहरूलाई(संरचनालाई) लोकगीतको तत्वको भनिन्छ । लोकगीतको तत्वको बारेमा विभिन्न

विद्वानहरूले आआफ्नै धारणाहरू व्यक्त गरेका छन् । लोकगीतको लागि अत्यावश्यक तत्वहरूको बारेमा यहाँ चर्चा गरिएको छ ।

**भाका**

लोकजीवनमा गीत गाउने खास तौरतरिका वा शैली नै भाका हो । लोकगीतको शैली भनेको मुख्यतः लोकगीतको गायन वा कथन शैलि वा तरिका हो । कुनै विषय वा विचारको कथन गर्न अंगालिएको ढङ्ग पिन लोकगीतको शैली हो । भाषै पिच्छे, ठाउँवैपच्छि भाका फरक हुन सक्छन् । एउटै भाषाका लोकगीतमा पनि फरक ठाउँमा फरक फरक भाका हुनसक्छन् । यस दृष्टिले भाका भनेको लयको सूक्ष्म र स्थानिय वा क्षेत्रगत भेद हो । भाकाले लोकगीतलाई अझ विशिष्ट तुल्याउँदछ । लोकभाकाले स्थानीय ठाउँको, क्षेत्रको प्रतिविम्ब देखाउदछ । जुन ठाउँ, क्षेत्रको लोकभाका हो त्यसले त्यसै ठाउँ, क्षेत्रको पहिचान झल्काउदछ । जस्तै हाक्पारे भाकाले पूर्वको पहिचान बोकेको हुन्छ यसलाई पूर्वको भाकाको रुपमा सहजै बुझ्न सकिन्छ । देउडा भाकाले पश्चिमको पहिचान बोकेको हुन्छ, यसलाई पश्चिमको भाकाको रुपमा सहजै सकिन्छ । त्यसैले लोकगीतको परिचय नै लोकभाकाले दिएको हुन्छ । लोकगीतका लागि अनिवार्य तत्व भाका हो ।

**भाषा**

अभिव्यक्तिको प्रमुख माध्यम भाषा हो । लोकगीत पनि भाषाका माध्यमबाट प्रकट हुन्छ । त्यसैले लोकगीत पनि एक प्रकारको भाषिक अभिव्यक्ति हो । लोकगीतको भाषिक अभिव्यक्ति लयात्मक हुन्छ । लोकगीतमा लोकले प्रयोग गर्ने भाषाको प्रयोग भएको हुन्छ । लोकगीत भाषिक अभिव्यक्तिको कला हो । लोकगीतको उत्पत्ति पनि भाषिक प्रयोगसँगै भएको हो । भाषाविना लोकगीतको रचना असम्भव छ ।

फरकफरक भाषिक समुदायमा फरकफरक किसिमका लोकगीतको प्रचलन भेटिन्छ । लोकगीतमा व्याकरणको सीमा भित्र मात्र नरहने हुदाँ लोकगीतमा लेख्य र कथ्यभन्दा पनि बेग्लै भाषाको समेत प्रयोग भेटिन्छ । लोकगीतको अभिव्यक्तिको माध्यम वा लोकभावनालाई प्रकट गर्ने साधन भाषा हो । लोकभावनाले भाषामा प्रकट भई मूर्तरुप प्राप्त गर्दछ । लोकगीतको भाषा लोककोभाषा हुन्छ । लोकभाषा भनेको बोलीचालीको कथ्य भाषा हो, जुन कथ्य स्वरुपमा सम्पादन भएको पाइन्छ । बोलीचालीको कथ्य भाषामा ठेट र झर्रा शब्द हुन्छन् । लोकगीत प्रस्तुतकर्ताको भाषाको माध्यमबाट जनसमुदाय सम्म पुग्ने गर्दछ । त्यसैले भाषा लोकगीत अभिव्यक्ति गर्ने माध्यम हो । लोकगीतको भाषामा स्थानियता पाईन्छ, ठेट र झर्रा शब्दहरू प्रयोग भएका हुन्छन् । लोकगीतमा स्थानिय चलनचल्तिका भाषा प्रयोग गरिएको हुन्छ । लोकगीत व्याकरण सिमा भित्रमात्र नरहने हुँदा लोकगीतको भाषा लेख्य, कथ्य भन्दा पनि केहि फरक भाषाको प्रयोग लोकगीतमा पाईन्छ । अर्थात लोकगीतको भाषा आफ्नै प्रकारको पाईन्छ भन्न सकिन्छ । त्यसैले लोकगीतको महत्वपूर्ण तत्व मध्ये भाषा एक हो।

**कथ्य**

लोकगीतको गायकले लोकगीतमा कुनै न कुनै भाव व्यक्त गरेको हुन्छ । लोकगीतमा कैयौं अर्थहीन शब्द वा पङ्क्तिहरूको प्रयोग हुन सक्ने भए पनि हरेक लोकगीतमा कुनै न कुनै कथ्य, वा समष्टि भाव व्यक्त भएकै हुन्छ । यसलाई विषय बस्तुको रुपमा लिन सकिन्छ । लोकगीतमा भाव र कथ्यकै माध्यमबाट सन्देश वा जीवन दर्शन समेत उपलब्ध हुन्छ । लोकगीतमा जे भनिन्छ त्यो नै कथ्य वा भाव हो । लोकगीतमा यो वा

यस्तै कथ्य हुन्छ भन्न सकिन्न तापनि लोकजीवनका विविध पक्ष, विचार र विश्वासहरू लोकगीतमा कथ्य वा भावका रुपमा व्यक्त भएका हुन्छन् । मायाप्रीति, मिलनविछोड, हर्षविस्मात्, सुखदुःख, मेलापात, खेतीपाती, चाडपर्व, संस्कार, उकालीओराली आदि लोकगीतका कथ्य हुन् । लोकगीत भन्ने वित्तिकै यसमा कुनै न कुनै कथ्य वा भाव हुन्छ भन्ने स्पष्ट हुन्छ । उपयुक्त भाव भए लोकगीत अधिक प्रभावकारी हुन्छन् ।

## 5.3.3 लोक सङ्गित –

लोक सङ्गीतको कुरा गर्दा लोक र सङ्गीतको फरक फरक अर्थ लाग्ने भएकाले यहाँ लोक र सङ्गीतको फरक फरक अर्थला प्रष्ट पार्न आवस्यक पर्छ । लोक र सङ्गीतको अर्थलाई नियालेर हेर्दा निम्नानुसारको भिन्नता पाइन्छ । **लोक** ब्रह्माण्डको कुनै एक भाग अथवा खण्ड संसार, जगत्, दुनियाँ, समान संस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसको समुदाय जन समुह भनि नेपाली बृहत शब्दकोशमा लोकलाई परिभाषित गरेको छ । लोक शब्दको प्रचलन प्राचीन कालदेखि नै विभिन्न रुपमा प्रयोग हुँदै आएको छ । वैदिक कालदेखि लोक शब्द जन को पर्यायवाची शब्दका रुपमा प्रयोग गरिएको छ । भने ऋग्वेदमा प्रयुक्त देहि लोकम्का अनुसार लोकको प्रयोग स्थानका अर्थमा पनि भएको छ । संहिता, ब्राह्मणग्रन्थ र उपनिषदहरूमा लोक शब्दलाई मूलतः जगत वा ब्रह्माण्डका रुपमा ग्रहण गरिएको र समयान्तरमा यस शब्दलाई मूलतः जगत्वा ब्रह्माण्डका रुपमा ग्रहण गरिएके र समयान्तरमा यस शब्दले स्वतन्त्र अर्थ लिदै गएको स्पष्ट हुन्छ ।

वैदिक साहित्यमा समेत चर्चित लोक शब्द उत्तरवैदिक कालमा वेदभिन्न भन्ने रुढ अर्थ लिँदै वेद र लाकजस्ता विपरीतार्थी प्रकृतिमा पनि

Notes

परिभाषित हुँदै आएको छ । वैदिक साहित्य र लौकिक साहित्य भन्ने भेदले यस कुराको पुष्टि गर्छ । फलस्वरुप रामायण, महाभारत र भगवद्गीता जस्ता ग्रन्थहरूमा लोक शब्द वेदइतर काव्यसृजनाका सन्दर्भमा समेत अभिहित हुन पुगेको छ । ऐतहासिक क्रममा पनि अशोकको शिलालेखमा आइपुग्दा यस शब्दको प्रयोग समस्त प्रजाजनका हितका निम्ति भएको पाइन्छ । यसरी प्राचीनकाल देखि नै लोक शब्दको प्रयोग हुँदै आएको पाईन्छ । लोक शब्दलाई मुख्यतय जन र ठाउँ गरी दुई अर्थमा प्रयोग हुँदै आएको छ । लोक जनको अर्थ लोकविश्वास, लोकप्रथा, लाकधर्म, लोककल्याण, लोककला आदि हो भने लोक ठाउँको पृथ्वीलोक, स्वर्गलोक, सत्यलोक, मत्र्यलोक, मृत्युलोक, परलोक आदिको रुपमा प्रयोग हुदै आएको छ । ऋग्वेदमा लोकलाई जन, ठाउँ (जीव, स्थान)को रुपमा प्रयोग हुदै आएके पाईन्छ । अथर्ववेदमा ठाउँ (पार्थिवलोक, दिव्यलोक) - को रुपमा, उपनिषद्मा ठाउँ (प्रत्येक वस्तुमा व्याप्त) - को रुपमा, अष्टाध्यायी ठाउँ (लौकिक, सार्वलौकिक) - को रुपमा नाट्यशास्त्रमा जन (साधारण जनता) - को रुपमा, महाभारतमा जन(सामान्य जनता)को रुपमा, गीतामा जन (साधारण जनता) - को रुपमा, बौद्ध दर्शनमा जन (समस्त मानव) - को रुपमा प्रयोग भएको पाईन्छ ।

लोक शब्दको अर्थविस्तार हुँदै जाँदा त्यसले विभिन्न अर्थग्रहण गरेको छ । शब्दकोशहरू यस शब्दको भिन्न भिन्न अर्थ दिइएको छन्, जस्तो संसार, जगत, प्रदेश, दुनिया, जनता, समाज आदि लोककै विविध अर्थ हुन् । आमरकोशमा लोकस्तु भुवने जने भनेर लोक शब्दको अर्थ संसार र जनतालाई बताइएको छ । यस प्रकार लोक शब्दले व्याप्ति लिँदा विभिन्न अर्थ अँगालेको र निकै ठूलो परिधि ओगटेको पाइन्छ । व्यवहारमा भने

आवरकोले जनाए जस्तै प्राय यसशब्दका दूइटा अर्थ विशेष रुपमा प्रचलित देखिन्छन्, एउटा विशाल भूमिका साथै त्यसअन्तर्गत आउने स्थानविशेष र अर्को लोकव्यवहारमा रमाउने जनसामान्य । भूत, वर्तमान र भविष्य तिनै कालका जनसमुदायलाई समेट्ने लोक शब्दमा सबैतिर फन्को मार्न सक्ने विशेष व्याप्ति निहित छ । वस्तुतः विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक एकाइको समष्टिरुप मानवजगत् हो । यसमा जनता मात्र नभएर भूमि, देश, गाउँ, बस्ती, समुदाय धेरै थोक हुन्छन् तापनि संस्कृति र साहित्यका सन्दर्भमा लोक शब्दले लोक भूमिलाई नै अँगालेको छ र यस शब्दले जनसामान्यसितै सम्बन्ध गाँसेको छ । यसरी विविध रुपमा लोकसंस्कृति, लोकसाहित्य एवं लोकसङ्गीत जस्ता जनताका व्यवहार र बोलिसँग गाँसिएको लोक शब्दको अर्थ पनि जनसाधारणका रुपमा नै प्रचलित भएर यसले आफ्नै प्रकारको महत्वपूर्ण परिचय दिने गरेको छ । सामान्यतया जनसाधारण भन्ने अर्थमा लोक शब्द अर्थिदै बहुप्रचलित र चर्चित हुन पुगेको छ । यसैले विशेष भूखण्डमा बसोबास गर्ने सर्वसामान्य जनता लोक हुन् र उनीहरूका संस्कृति, साहित्य, सङ्गीत, गीत नै लोकसंस्कृति, लोकसाहित्य, लोकसङ्गीत, लोकगीत हुन्।

**सङ्गीत** हिन्दू दर्शनका अनुसार सङ्गीतको उत्पति वेदका निर्माता ब्रह्मादवारा भएको हो भनिएको छ भने बौद्ध दर्शनका अनुसार बुद्ध द्वारा सङ्गितको निर्माण भएको हो भन्ने छ । हिन्दू दर्शन अनुसार यो सङ्गीत कला ब्रह्माले शिवलाई दिए र शिवद्धारा सरस्वतीलाई प्राप्त भयो । अतः सरस्वतीलाई वीणा - पुस्तक धारिणी भनेर सङगीत र साहित्यकी अधिष्ठात्री मानिएको छ । सरस्वतीद्धारा संङगीतको कला नारदलाई प्राप्त भयो । नारदले स्वर्गका गन्दर्भ, किन्नर तथा अप्सरालाई सङगीत शिक्षा दिए । यसरी नै

भरत, नारद, हनुमान आदि ऋषि संङ्गीतकलामा पारङ्गत भई भू–लोक (पृथ्वी) - मा संगीतकलाको प्रचारकोलागि अवतरित भए । गन्दर्भलाई गाउने, किन्नरलाई बजाउने र अप्सरालाई नाच्ने पात्रको रुपमा स्थापित गरी शिक्षा दिक्षा दिइएको स्पष्ट हुन आउछ । यसरी सङ्गीतलाई पारिभाषिक रुपमा अध्ययन गर्दा उत्पत्तिदेखिनै गायन, बादन र नृत्यलाई एउटै संङ्गीतको रुपमा प्रारम्भ भएको स्पष्ट हुन्छ ।

संगीत रत्नाकरका अनुसार गीतं वाद्यं तथा त्रयं सङ्गीतं मुच्यते अर्थात गायन, बादन र नृत्यको संगमलाई सङ्गीत भनिन्छ । गायन, वादन र नृत्य यी तीन कुराको समष्टि रुपनै सङ्गीत हो । लोकको अर्थ कुनै पनि भूभाग वा त्यहाँ बस्ने मानवजातिहरूको समूह भन्ने बुझाउँदछ । यस अर्थमा लोक शब्दले एकातिर धरातल बुझाउँदछ भने अर्कातिर धरातलमा बसोबास गर्ने मानवसमूह भन्ने अर्थ दिन्छ । लोक सङ्गीतले कुनै पनि भूभागमा बस्ने मानवसमूहको आप्mनो परम्परागत लोगगीत, लोकवाद्य र लोकनृत्यलाई बुझाउदछ । लोकसङ्गीत भनेको लोकगीत, लोकवाद्य, लोकनृत्य हो । लोकङ्गीत भित्रको लोकगीतलाई यस अध्ययनको विषय बस्तु बनाइएको छ ।

लोक सङ्गितमा गायनका क्रममा जीवन जगत्का विभिन्न पक्षहरूमध्ये कुनै पनि पक्षलाई लोकगीतको विषय वस्तु बनाउने गर्दछन् । धर्म, पुराण, इतिहास, राजनीति, समाज, संस्कृति आदिका कुनै पनि विषयलाई वाणी दिइएको हुन्छ । लोक सङ्गितले कुनै न कुनै भाव बोकेको हुन्छ । एउटा विचार प्रस्तुत गरेको हुन्छ । प्रत्यक्ष अप्रत्यक्ष एउटा सन्देश दिएको हुन्छ । त्यसैले लोकगीतमा कथ्य महत्वपूर्ण तत्व हो । लोक सङ्गितमा लय अनिवार्य तत्व हो । दुइ क्रिया विचको समय लय कहलाउँदछ । घडीको सुइको पहिलो झड्का एक सेकेण्डमा भयो र

दोस्रो झड्का डेड सेकेन्डमा भयो भने सङ्गीतको भाषामा त्यो लय विग्रिएको मानिन्छ । जव घडिको सुइ प्रत्येक झड्का 1 सेकेण्डका दरले बड्छ अर्थात समान रुपमा चल्छ तब सङ्गीतको भाषामा लय मानिन्छ । द्रुत लय, मध्यलय र विलम्बित लय गरी लय मुख्य तीन प्रकारको हुन्छ । समयको समान चाललाई लय भनिन्छ । द्रुत, मध्य र विलम्वित गरी मुख्यतया तीन प्रकारको हुन्छ ।

१. **द्रुत लय:-** दुरतको अर्थ चाँडो हो । जुन लयको चाल छिटो हुन्छ त्यो दुरत लय हो । घडिको एक झड्कालाई  एक मात्रा मान्ने हो भने सोह्र झड्कामा सोह्र मात्रा हुन्छ ।

२. **मध्यलय-:** जुन लयको चाल छिटो पनि हुदैन ढिलो पनि हुदैन भने त्यसलाई मध्यलय भनिन्न्छ ।  घडिको 2 झड्कालाई एक मात्रा मान्ने हो भने 32 झड्कामा 16 मात्रा   हुन्छ ।

3 .**विलम्वित लय:-** जुन लयको चाल ढिलो हुन्छ त्यो विलम्वित लय हो । घडिको 4 झड्कालाई एक मात्रा मान्ने हो भने 64 झड्कामा सोह्र मात्रा हुन्छ ।

लोकगीतमा लयको अर्थ लोकगीतको समयको समान चाललाई बुझाउदछ । लोकगीतको लय  स्थान, विषयबस्तु, वातावरण अनुसार फरकफरक हुने गर्दछ । विरहका भाका वा लोकगीतहरू प्रायः केहि ढिलो हुने गर्दछन् भने मनोरञ्जनका लोकगीतहरू छिटो लयमा गाउने गरिन्छ । नेपालका अधिकांश लोकगीतमा बढि मध्य र केहि दुरतलयमा पाउन सकिन्छ भने विलम्वित लयको लोकगीत भने अतिनै कम पाईन्छन् । कतिपय एउटै लोकगीतमा फरक फरक लय हुने गर्दछ । जस्तै, मध्य पश्चिमका चुड्काहरूमा पाइन्छ । पूर्व - पश्चिम जुनसुकै स्थानको लय

भए पनि जति फरकफरक लय भएपनि अन्तत्वगत्व दुरत, मध्य र विलम्वित लयमा नै लोकगीतहरू बाँधिएको पाईन्छ । लोकगीतलाई लयले बाँधेको हुन्छ अर्थात लोकगीत लयमा नङ र मासुको सम्बन्ध रहेको हुन्छ । त्यसर्थ लयलाई लोकगीतको महत्वपूर्ण तत्वको रुपमा मानिन्छ ।

संगीतमा समय नाप्ने साधन वा यन्त्रलाई ताल भनिन्छ । जसरी भाषाको लागि व्याकरणको आवश्यता पर्दछ त्यसै गरी संगीतमा तालको आवश्यकता पर्दछ । समयको नापलाई ताल भनिन्छ । गायन वादन वा नृत्यको समय नाप्ने क्रियालाई ताल भन्दछन् । ताल विभिन्न प्रकारहरु हुने गर्दछन् । झ्याउरे ताल 6 मात्राको हुन्छ, ख्याली ताल 16 मात्राको हुन्छ आदि । लोकगीतको सृजनामा स्वतः तालको उपस्थिति हुने गर्दछ, भलै समय, परिस्थितिले हातको तालिमात्रै बजाएर गाउने परम्परा भए होलान् तर जहा हातको तालि बजाउन सकिन्छ त्यो नै बास्तवमा ताल हो लोकगीतको समयलाई नाप्ने यन्त्र हो, हातको हरेक तालिले नै लोकगीतको समयलाई नापिरहेको हुन्छ । कुनै पनि सृजना गीत हुनको लागि समान गतिको आवश्यकता पर्दछ, जसबाट मात्र मानवको मनलाई ध्यानाकार्षण  गर्न सक्दछ ।

लोकगीत लोकको गीत भएकोले प्रायः लोकगीत समूहमा गाईन्छ । एकैचोटि सामूहिक रुपमा गाउनको लागि लोकगीतको लय समानहुन अति नै आवश्यक हुन्छ । त्यो कसैले 1, कसैले 2, कसैले 1.5 सेकेण्डमा उठाएर हुदैन । एकै समयमा उठाउने र एकै समयमा छाड्ने गर्नु पर्ने हुन्छ । यसरी एकै समयमा उठाउनु र छाड्नु भनेको तालको नियममा रहनु हो यसर्थ लोकगीतको अभिन्न अंगको रुपमा താललाई बुझ्न सकिन्छ । समग्रमा भन्ने हो भने गन्दर्भलाई गाउने, किन्नरलाई बजाउने र अप्सरालाई नाच्ने पात्रको रुपमा स्थापित गरी शिक्षा दिक्षा दिइएको

प्रसङ्गले संङ्गीतको प्रचलन प्राचिनकाल देखिकै मान्न सकिन्छ । ऋग्वेदमा, अथर्ववेद, उपनिषद्, अष्टाध्यायी, नाट्यशास्त्र, महाभारत, गीता, बौद्ध दर्शनअादिमा लोक शब्दको प्रयोग पाइन्छ । जसबाट लोकसंङगीतको प्रचलन प्राचीनतम रहेको स्पष्ट पार्दछ ।

## 5.4 लोक साहित्यका वर्गीकरणका आधारहरू

लोकसंस्कृति र लोकसाहित्यका अध्येताहरुले लोकसाहित्यको वर्गीकरण विभिन्न तरिकाले गरेका छन् । तर मानसखण्डको लोकसाहित्य एक विशिष्ट र प्राचीनसाहित्य भएको हुनाले यसको वर्गीकरण गर्ने आधारहरु भिन्न रहेका छन् । मानसखण्डमा अपी (वनरोउते) निषाद ( हिममानव) प्राचीन जाति जो नेपालकै अन्य भाग लगायत विश्वमा कही पनि जस्ता पाइदैँनन् । यस्ता जातिकोवसोवास भएको हुनाले पनि मानसखण्डको साहित्य संस्कृति र इतिहास प्राचीन रहेको स्पष्ट हुन्छ । मानसखण्ड लोकसाहित्यको वर्गीकरणलाई रेखाचित्रमा यसरी देखाउन सकिन्छ ।

**लोकसाहित्यका दुई पक्ष रहेका छन्ः**

**1) विशिष्ट पक्ष**

मानस साहित्यका विभिन्न विधाका आधारभुत वाङ्मयलाई यस अन्त्तगत राख्न सकिन्छ । जसले लोकसाहित्यको महत्वपूर्ण भावलाई समेटेको हुन्छ । विशिष्ट पक्षभित्र निम्न विधाहरु रहेका छन् ।

**क) लोककाव्य :** पुस्तौं देखि लोकमानसमा रहि आएका कविताहरुको समूहलाई लोककाव्य÷गाथा भन्न सकिन्छ । यस्ता लोकगाथा अथवा लोककाव्य महाकाव्य लायक गुण भएका र खण्ड काव्य चम्पूकाव्य र

फुटकर काव्यका रुपमा पनि मानसखण्ड लोकसाहित्य पाइन्छन् । लोककाव्यमा निम्नलिखित काव्य÷गाथा लाई लिन सकिन्छ ।

**1) अठेबाली-** गौरापर्वमा गाईने आठ आवली (अध्याय) भएको गौरा महेश्वरको चरित्र , यसलाई मानसखण्ड लोकसाहित्यमा लोकमहाकाव्यका रुपमा पनि लिन सकिन्छ ।

**2) चाँचरी :** एतिहासिक राजा महाराजाहरुको जीवनीलाई आधार बनाएर लेखिने अन्त्यानुप्रास युक्त लयात्मक र गेयात्मक साहित्यिक रचना हो । जस्तैँः रिपुमल्लको चाँचरी , भरतहरिको चाँचरी आदि ।

**3) चैत :** पौराणिक तथा एतिहासिक व्यक्तिको चरित्र गाथालाई चैत भनिन्छ । चैत भित्र ठाडोखेल, धमारी, दुएको लामो ठुस्को पनि हुन्छ ।

**ख) लोककथा** - कुनै समाज तथा संस्कृतिमा परापूर्वकाल देखि मौखिक तथा लिखित रूपमा चलिआएको कथा हो । लोककथामा समाजका सास्कृतिक परम्परा तथा चालचलन सहितका दन्त्यकथा, परी कथा, चुटकिला, ऐतिहासिक कथा आदि समावेस गरिएको पाइन्छ ।

**ग) लोकगीत -** लोकगीत अन्तर्गत चुड्का अथवा चुट्का , ख्याली, बालन, सोरठी, मारूणी आदि विभिन्न गीतहरू पर्दछन् । ती मध्ये एउटा ख्याली हो । **ख्याली** विशेष चाडपर्वमा वा पूजाआजामा खैंजडी, मुजुरा आदि बजाउँदै, गाइने लोकगीत; चुड्का हो । ख्याली श्रृङ्गारप्रधान र भक्तिप्रधान गरी दुई प्रकारको हुन्छ। तन्नेरीतरुनीहरू भेला भई गाइने एक प्रकारको जुवारी श्रृङ्गारप्रधान हुन्छ भन जात्रा, देवाली पूजा जस्ता विशेष चाडपर्वमा वा पूजाआजामा भक्तिप्रधान ख्याली गाउने गरेको पाइन्छ। खैँजडी र मजुराको प्रयोग गरी विशेष प्रकारको थेगोलाई दोहोर्याउँदै लय र तालमा फेरबदल गर्दै गाइने ख्याली लोक गीतको एउटा

प्रसिद्ध भाका हो। 'खेली गीत' नेपाली लोकगीतको एउटा महत्वपूर्ण प्रकार हो ।

'खेली' शब्दको व्युत्पत्ति खोज्दै गयो भने 'खेल' मूल शब्दमा 'ई' प्रत्यय लागेर 'खेली' बनेको हो । तर लोकगीतका सन्दर्भमा भने यसको अर्थ 'नेपाली लोकगीतको एक प्रकार' भन्ने बुझिन्छ । हाँसखेलका रूपमा व्यक्त हुने अर्थात् कुनै पूजा-आजा, रोदी आदिमा युवायुवतीहरू जम्मा भएर व्यक्त गर्ने सरस र प्रेमपूर्ण अभिव्यक्तिलाई खेली भनिन्छ । यो गीत कहिले भजन बनेर, कहिले प्रेमगीत बनेर त कहिले चुड्का बनेर नेपाली समाजमा गुञ्जिँदै आएको छ । यस खेली गीतलाई विभिन्न विद्वान् तथा अनुसन्धानकर्ताहरूले आ–आफ्नै तरिकाले खेली, ख्याली, आँधीखोले भाका, रोइला, चुड्का, लोइरो गीत, तीन ठ्याके गीत आदि नामले पुकारेको पाइन्छ । वृहत् नेपाली शब्दकोशमा 'खेली' नभएर 'ख्याली' शब्दलाई खेलीको अर्थमा अथ्र्याइएको छ । जसको अर्थ

- (1) विशेष चाडपर्व वा पूजाआजामा खैँजडी मजुरा आदि बजाउँदै गाइने लोकगीत, चुड्का
- (2) तन्नेरी, तरुनी भेला भई गाइने एक प्रकारको जुवारी
- (3) खूब ख्याल, ठट्टा गर्ने स्वभावको, ठट्यौलो ।

खेली लगायतका लोकगीतहरूलाई पहिले पहिले एक प्रकारको खेलको रूपमा लिइने चलन पनि थियो । जहाँ जीतहारको सवाल हुन्छ त्यसलाई खेल मान्न सकिन्छ । भनिन्छ, खेली गीतको जुहारी अथवा दोहोरी यस्तो घम्साघम्सीले चल्थ्यो कि सात दिन सात रातसम्म जीतहारको टुङ्गो लाग्दैनथ्यो र जित्नेले बिहे गरेरै लाने वा जानेसम्म हुन्थ्यो । त्यसरी

ख्याल ख्यालैमा हँस्यौली-ठट्यौली पाराले पनि निकै समय गाइने हँदा पनि यसलाई खेली भनिएको कुरामा सहमत हुन सकिन्छ ।

**चुड्का** अथवा **चुट्का** छोटो लयमा छिटछिटो गाइने र चाँडचाँडो विश्राम गरिने एक प्रकारको नेपाली लोकगीत हयस्ता गीत गाउँदा चुड्की बजाइने हुनाले यसलाई चुड्का भनिएको हो। चुड्कालाई रोइला पनि भनिन्छ।

चौधौं पन्ध्रौं शताब्दिमा हिन्दुहरूको संस्कारमा लोकप्रिय गीत वा श्लोक नै/ बालन हो । विशेष गरी एकादशी पर्वमा एकादशी महात्म्यलाई मूल आधार बनाएर बालन नाचिन्छ । बालन नाँचले सबैलाई मोहित बनाउँछ । बालनमा प्रयोग भएका शब्दलाई हेर्दा भारतबाट नेपालतिर यो नाँच वा गीत आएको हो भनेर अनुमान गर्न सकिन्छ ।

**रसुवा जिल्लाको बालन**

सत्य सुकिर्ती, गणपति ब्रम्हा

लम्बोदर ठर दाता।

तुमारा नगरीमा खेल आयौं

आज्ञा देउ धरती माता ।।

अघि पाला पूर्वमा भारत खण्डमा

उदाए नी नगरीमा ।।

एकादशी ब्रतमा जो अन्न खाला

बन्दीखानमा बस्न जाला ।।

*रोइला गीत* नेपालका विभिन्न ठाउँ तथा क्षेत्रहरूमा गाइने एक प्रकारको नेपाली मौलिख गित हो । रोइला गीत एकल तथा दुई जनाले वा समुहमा पनि गाँउन मिल्ने खालको गित हो । मुख्य गरि यो गीतको जन्म

थलोका रूपमा स्याङ्जा जिल्लाको आँधिखोलालाई लिन सकिन्छ । रोइला गितको परिचय तिर्खा लाग्दा पानी,असेट् लाग्दा काँ जानी, असेट् लाग्दा काँ जानी,, भाका बलामैको,पानी मीठो बिर्घाको,लाईदेऊ माया निर्भाको, स्याङ्जा जिल्ला, आँधिखोलाको सेरोफेरोमा एक्लै वा दोहोरीका रूपमा गाइने, तीन पाउको, 6-7-7 को अक्षर संरचना भएको, स्थायी र अन्तराको भेद नभएको, नेपालीमा गाईने सामान्य लोकगीतलाई रोइला भनिन्छ । त्यसैले रोइला लाई सामान्य नियममा बाँधिएको नेपाली लोकगीतको एउटा भेद भन्दा फरक पर्दैन । 'आधिखोले' वा 'नुवाकोटे' पनि भनिने रोइला गुल्मी जिल्लाबाट उम्रेको भनिन्छ, तर महाकालीभन्दा पश्चिमका पहाडमा पनि अझ प्रशस्तै रूपमा रोइला गाइन्छ । अझ गुल्मी जिल्लाका बाहुन समाजमा रोइला ज्यादा प्रचलित रहेको छ । आँधीखोला (स्याङ्गजा)को सीमित सेरोफेरोलाई पहिले पल्लो नुवाकोट भन्ने चलन थियो । अतः यी आँधीखोले लोकगीतलाई "नुवाकोटे "भनेर पनि कसैकसैले भनेको विभिन्न लोक साहित्य का पुस्तकहरू उल्लेख रहेको छ ।

स्याङ्जामा रोइला भनिने यस्ता गीतलाई पाल्पाका केही ठाउँमा चुड्का पनि भनिन्छ । एकथरीको भनाइअनुसार रोइला गीतहरू चुड्का गीतबाटै विकसित भएका हुन् । यो बाह्रै महिना र जुनसुकै समय गाउन सकिने सामान्य लोकगीत हो । यो मूलतः दोहोरीका रूपमा गाइन्छ, तर यो एक्लै वा समूह गायनका रूपमा पनि गाउन सकिन्छ । यो लघु आयामको (मात्र तीन पाउको) लोकगीत हो । यसमा स्थायी र अन्तराको भेद हुँदैन । यो खैंजडी र मुजुरा वा मादल बजाएर गाइन्छ र बिनावाद्य पनि गाउन सकिन्छ । यदा कदा अघि कारणवश क्षेत्रीबाहुनले 'झ्याउरे गीत'को बहिष्कार गरेदेखि रोइला नै प्राय अपनाएका थिए भन्ने विभिन्न पुस्तकहरूमा उल्लेख भएको पाइन्छ । रोइला गीतको जननी

आभ्यन्तरमा झ्याउरे, चुड्का, चुड्का ख्यालीलाई र बाह्यमा आँधीखोलाको सेरोफेरोलाई मानिन्छ । यस गीत (आँधीखोले रोइला)को मूल ठाउँ स्याङ्जाको नुवाकोट हो, भनिन्छ तर आजभोलि यस गीत पश्चिमी भेग तथा देशै भरी विस्तार भएको छ ।

रोइला गीत पहिले पहिले क्षेत्रीबाहुनको समाजमा बढी मात्रामा लोकप्रियता भएपनि आजभोलि समाज विस्तासँगै अन्य जातीहरूका समाजमा पनि यो गीत उत्तिकै लोक प्रिय हुन थालेको छ । यो गीत पूर्वका स्याङ्जा, तनहुँ र कास्कीका बनबुटा, गोठ, पँधेरा ,चौतारी , भन्ज्यांग , मेला पात अनि टार,खेत बारी हरूसम्म बढी गाउने गरेको पाइन्छ । त्यसो त यो गीत महाकाली छेउछाउका पहाडहरूमा पनि गाइने गर्दछ ।

रोइला गीतका नमुनाहरू -

- मन्पेट् मलाई द्यौ न, टक मैमा लाईद्यौ न, तिमी मेरी भैद्यौ न
- छट्टु रुचाइँदैन, छोटी माया लाइँदैन, फुस्ल्याइँमा आइँदैन
- स्याङ्जा मेरो जिल्ला, वालिम मेरो बसोबास, लाउँला माया खसोखास
- कति छेपौली र, आँधीखोले पानीले, रामकोसकी नानीले
- बोलाए बोलूँ कि?, त्यसै लरी परूँ कि?, सधैँ वालिम झरूँ कि?
- भाका बलामैको, पानी मिठो बिर्घाको, लाईदेऊ माया निर्भाको
- कुन्नि पत्याम्दिन, हेला झैँ त मान्दिन, हेला झैँ त मान्दिन
- कति राम्रो भाका, सुनिरम् कि फूल भोरम्, जोवन दिम् कि मै मोरम्
- मायालुको नामको, रुमाल खस्यो राम्दीमा, म फर्केर आम्दिन

- हुने रैछ भेट, आउनी जानी गरे त, बेसी मकै छरे त
- पारी बनपालेमा, ठूलो रूख टुनी हो, बैनी सारै खुनी हो
- तिर्खा लाग्दा पानी, असेट् लाग्दा काँ जानी, असेट् लाग्दा काँ जानी
- अचार करेलीको, तिहुन मिठो लौकाको, नछोड्नुस् है मौकाको
- त्यसो नभन न, कमलो मन रोइभ्याउँछ, काँ जाम् काँ जाम् भैभ्याउँछ
- पारि बनपालेमा, बदाम खाइयो अघाइयो, कन्ये केटि भगाइयो

**घ) लोकनृत्य -** लोकनृत्य अन्तर्गत सोरठी, सङ्गीनी, मादले, बालन, मारूनी आदि नाचहरू पर्दछन् । यो सबै नेपाली जातिका परम्परागत लोक नृत्य हुन् । मारूनी नृत्यमा भर्खरका कलिला केटा मान्छेलाई केटीका परम्परागत लुगाहरू लगाएर मारूनी बनाई मादलको तालमा पुराना पौराणिक कथाहरूमा आधारीत गीतहरू गाएर नाचिने यो नाच नेपालका मगर, कुमाल, खस जाती, लिम्बू जातीहरूको मुख्य संस्कृति रहेता पनि यो नाच प्राय सबै ठाउँमा सबै जातीले अपनाएको देखिन्छ। परम्परागत रुपमा नाचिने यो नाच प्रायः दशैं, तिहारमा नाच्ने नाच हो । धान काटेर थन्काइ सके पछि मारुनी नाच फुकाउने परम्परागत प्रचलन रहेको छ । कुनै ठाउँमा मारुनी नाच तीजको दिनमा सुरु गरिन्छ भने कुनै ठाउँमा दशैंको कालरात्रीको दिन सुरु गरिन्छ । मारुनी नाच सुरु गर्नुलाई नाच बाँध्ने भनिन्छ ।

नाच बन्द गर्नुलाई नाच फुकाउने भनिन्छ । वर्षमा करिब तीन महिनाको अवधी भित्र मात्र कुनै कुनै दिन नाचिने यस परम्परागत नृत्यमा रामायण, महाभारत आदी धार्मिक ग्रन्थहरूका कथालाई लोक गाथामा मिलाएर गाउने गरिन्छ । मादलको तालमा मारुनी र मादले

नाच्ने यस नाचमा ताल पनि परम्परागत नै हुन्छ । यो परम्परागत नृत्य बुढा पाकाहरूले मात्र जानेका र हालको पिंढीले झन्झट मान्ने भएकाले अब आएर यो मारुनी नाच लोप हुने परिस्थीतीमा पुगी सकेको छ। कति पय समूदायमा त लोप नै भई सकेको यो परम्परागत नृत्यको जगेर्ना गर्नु पर्छ भन्ने विचारले

अहिले पाल्पा, पर्वत, डडेल्धुरा, म्याग्दी, कास्की, बागलुङका केही स्थानियहरू लागि परेका छन् । दुई अथवा तिन जना मादले, दुई वा तिन जना मारुनी, एक पुर्सिङ्गे अथवा पुछ्रुङ्गे, कम्तीमा आठ जना बढीमा बिस जना गायकहरू मिलेर समूहगत रुपमा नाचिने यस परम्परागत नृत्यमा सबै काम नियम पूर्वक हुनु पर्ने परम्परा छ ।

नाच आरम्भ गर्दा र नाच समाप्त गर्दा ठोकन राख्नु पर्ने यस नृत्यको परम्परागत नियम हो । ठोकन राख्दा कसै कसैलाई देवता चढेर काँप्न पनि थाल्छन् । ठोकन राखे पछि ढोका उघार्ने गित गाएर नाचको आरम्भ गरिन्छ । आरम्भ पछि देवी बन्दना गर्ने देवी गित गाएर यो दिनको नृत्य अगाडी बढाइन्छ । यसै गरि रामायण, महाभारतका गाथाहरू गाएर नाच्ने र बीच बीचमा ख्याली र टप्पा गाएर रमाईलो गर्ने, समय भएमा डाँडी गित गाउँने, अन्तमा आशिका गित गाएर बिट मारि सके पछि ठोकन राखेर नाच समाप्त गरिन्छ ।[7] मारुनी नाचको परम्परागत नियमहरूमा प्रायः एक रुपता पाइए पनि नाचमा प्रयोगहुने गितहरूको लय र भाषामा स्थान र समुदाय अनुसार फरक फरक रहेको छ। गितमा एक रुपता पाइए पनि गितमा प्रयोग हुने लय र शब्दहरूमा कतै पनि एक रुपता पाईंदैन ।

**सिलोक** अथवा **श्लोक** पद्यात्मक शैलीमा लेखिएको लयात्मक रचना हो । यसलाई लोकपद्य पनि भनिन्छ । सिलोकहरू प्राय विवाहका बेलामा र

अन्य उत्सवमा अनुभवी बुढापाकाहरूले गाउने प्रचलन छ । सिलोक विभिन्न प्रकारको हुन्छ । विवाहमा यज्ञमण्डपमा दुलहीतर्फका घरगाउँलेहरू र दुलाहातर्फका जन्तीहरूबीच प्रश्नोत्तरका रूपमा भनिने प्रतिस्पर्धात्मक सिलोकलाई जन्ते सिलोक भन्ने चलन छ । यसका अलावा गोठाला, खेताला, मेलापात, जाग्रामका बेलामा सहज रूपमा समय बिताउन सिलोक भट्याइन्छ ।

**विवाहमा गाइने सिलोकका केही नमुना यस्ता छन्-**

सवाल- कहाँबाट आयौ तिमी जन्ती कहाँ बस्यौ बास ?

जन्तीका मुखमा फुरौला अड्के कहाँबाट फेर्छौ सास ?

जवाफ- घरबाट आयौँ हामी जन्ती यहीँ बस्यौँ बास

जन्तीका मुखमा फुरौला अड्के नाकबाट फेर्छौं सास।

सवाल- कति बाट्यौ दाम्लानाम्ला कति बाट्यौ कुचा ?

कति आयौ बूढापाका कति आयौ फुचा ?

जवाफ- चाहिँदो बाट्यौँ दाम्लानाम्ला चाहिँदो बाट्यौँ कुचा चाहिँदो आयौँ बूढापाका चाहिँदो आयौँ फुचा।

सवाल- कसकी छोरी श्रीसीता रानी कसका छोरा राम ?

कसका छोरा वीर हनुमान कसका छोरा जूनघाम ?

जवाफ -जनककी छोरी श्रीसीता रानी दशरथका छोरा राम पवन -वायु) का छोरा वीर हनुमान कश्यपका छोरा जूनघाम।

सवाल- कहाँ पलायो कर्कलो निगुरो कहाँ पलायो तामा कसका हौ तिमी नातिपनातिको हुन् तिम्रा मामा ?

जवाफ- खोलाखाली पलायो कर्कलो निगुरो बाँसमा पलायो तामा

जिजुबाजेका हौँ नातिपनाति आमाका दाजुभाइ हुन मामा।

सवाल- तुलसीको लिङ्गो नौठाउँ बाङ्गो नवौँ ठाउँ लायो चरीले गुँड

ईन ईन चरीका के के नाम लाउँछौ अर्थ कि छोड्छौ ठाम ?

जवाफ- तुलसीको लिङ्गो नौठाउँ बाङ्गो नवौँ ठाउँ लायो चरीले गुँड

ईन ईन चरीका हीरामोती नाम लायौँ अर्थ छोड्दैनौ ठाम।

## 5.5 उपसंहार

'लोक' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो ।

प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख-दुखको साहित्य नै लोकसाहित्य हो । लोक साहित्यमा नरमाउने को होला र ? तर, यस विषयका अध्येता थोरै छन्। त्यही थोरैमध्येका एक अध्येता हुन्, मनोहर लामिछाने। लोकसाहित्यमा समाजको प्रतिबिन्ब र यसको अध्ययनले जातिको चिन्हारी पुष्टि गदर्छ। जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो । योगी नरहरिनाथका

अनुसार लोक व्यवहारमा, लोकहितका लागि, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्यमा 'सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा' ।

लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतिबिम्ब मात्र नभएर सम्बाहक पनि हो । वेद भन्नु नै लोक साहित्य हो । हाम्रा वेद अर्थात् मुन्धुमलाई साहित्य अर्थात् लोक साहित्य मानेको छ । बुँदागत रूपमा लोक साहित्यसम्बन्धी चिन्तनको सारमा यो युगौं युगदेखि श्रुति परम्परामा जीवित रहेको हुन्छ । यो सरल वाणीमा लोकानुभूतिको अभिव्यक्ति हो । यो लोकजीवन तथा संस्कृतिको सम्बाहक हो । यो आदिमता र नवीनताको संगम पनि हो । यो लेख्य साहित्य पूर्व पीठिका हो । यो शास्त्रीय बन्धन विहीन निरन्तर परिवर्तनशील सहजानुभूति युक्त मौखिक साहित्य हो । लिखित साहित्य मात्र साहित्य होइन । लिपिको आविष्कार हुनुपूर्व संसारका हरेक भाषामा अलिखित लोक साहित्य समृद्ध थियो । यसरी यसको मूल सम्बन्ध लिपीसंग नभई भाषासंग भएको देखिन्छ ।

लोकसाहित्यको सर्वकालिक मूलतम् विशेषताहरूमा यसको रचयिता अज्ञात रहनु , मौखिक एवं परम्परागत हुनु , सर्वाङ्गीण सामाजिक परम्पराको उद्वोधन, सचेत अलंकरणबाट मुक्त प्राकृतता, कोरा औपदेशिकताको अभाव,  ऐतिहासिकता र लोकसंस्कृतिको बाहक हुनु । लोकसाहित्यमा सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति

हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ ।

## 5.6 सार

यस प्रखण्डमा **लोक साहित्यका विधाहरू र वर्गीकरणका आधार**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ‘लोक’ शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको ‘लोक दर्शन’ धातुमा ‘धञ’ प्रत्यय लागेर बनेको शब्द हो ‘लोक’ ।

- यसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो ।

- यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो ।

- प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित

तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख-दुखको साहित्य नै लोकसाहित्य हो ।

- ❖ लोकसाहित्यमा समाजको प्रतिबिन्ब र यसको अध्ययनले जातिको चिन्हारी पुष्टि गदर्छ। जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो ।

- ❖ योगी नरहरिनाथका अनुसार लोक व्यवहारमा, लोकहितका लागि, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ ।

- ❖ लोकसाहित्यमा 'सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा' ।

- ❖ लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो ।

- ❖ लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतित्रिम्ब मात्र नभएर सम्बाहक पनि हो । वेद भन्नु नै लोक साहित्य हो ।

- ❖ हाम्रा वेद अर्थात् मुन्धुमलाई साहित्य अर्थात् लोक साहित्य मान्न सकिन्छ ।

- ❖ लोक साहित्यसम्बन्धी चिन्तनको सारमा यो युगौं युगदेखि श्रुति परम्परामा जीवित रहेको हुन्छ । यो सरल वाणीमा लोकानुभूतिको अभिव्यक्ति हो । यो लोकजीवन तथा संस्कृतिको सम्बाहक हो ।

- ❖ यो आदिमता र नवीनताको संगम पनि हो । यो लेख्य साहित्य पूर्व पीठिका हो । यो शास्त्रीय बन्धन विहीन निरन्तर परिवर्तनशील सहजानुभूति युक्त मौखिक साहित्य हो । लिखित साहित्य मात्र साहित्य होइन ।

- ❖ लोकसाहित्यको सर्वकालिक मूलतम् विशेषताहरूमा यसको रचयिता अज्ञात रहनु , मौखिक एवं परम्परागत हुनु , सर्वाङ्गीण सामाजिक परम्पराको उद्वोधन, सचेत अलंकरणबाट मुक्त प्राकृतता, कोरा औपदेशिकताको अभाव, ऐतिहासिकता र लोकसंस्कृतिको बाहक हुनु ।

- ❖ लोकसाहित्यमा सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।

- ❖ मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ ।

- ❖ लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ ।

यस प्रखण्डको अध्ययनले **भाषा, भाषा विज्ञानको परिचय, भाषाको स्वरूप, प्रकृतिगत विशेषता र क्षेत्र**बारे बुनियाँदी जानकारी प्राप्त भयो । भाषाको परिभाषा र यसको स्वरूप, प्रकृतिगत विशेषता, क्षेत्र आदि सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 5.7 अनुशीलनी

1. लोकसाहित्यको अर्थबारे चर्चा गर्दै यसको परिभाषाबारे टिप्पणी प्रस्तुत गर्नुहोस् ।

2. लोकसाहित्यको उत्पत्ति कहिले र कहाँबाट भएको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकसाहित्यका विविध विधाहरूबारे एउटा गरिलो लोख तयार पार्नुहोस्।

4. लोकसाहित्यको अध्ययनको क्षेत्रबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस्।

5. लोकसाहित्यको सीमा र विस्तारबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. लोकसाहित्यको विशेषताबारे चर्चा गर्दै यसको उपयोगिता र महत्वलाई चिनाउनुहोस् ।

7. लोकसाहित्यका वर्गीकरणका आधारहरू के के हुन् ? आफ्नो तर्क प्रस्तुतु गर्नुहोस् ।

८. लोकसाहित्यका मुख्य - मुख्य प्रकारहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

9. नेपाली लोकसाहित्य सम्बन्धि अध्ययन गर्दै नेपाली लोकसाहित्यका विविध बिशेषताहरूलाई चित्रण गर्नुहोस् ।

10. लोकनृत्य, लोकगाथा, लोकसंस्कृति, लोकनृत्य, लोकवार्ता, लोकसाहित्य आदिबारे टिप्पणी लेख्नुहोस् ।

## 5.8 अतिरिक्त अध्ययन

1. श्रीवास्तव, पूर्णिमा - **लोकगीतों में समाज** ।

2. लुइटेल, खगेन्द्रप्रसाद - **लोक साहित्य परिचय** ।

३. पराजुली, कृष्णप्रसाद - **नेपाली लोकगीतको आलोक ।**

४. तिवारी, शोभा - **लोकसङ्गीत तार्पण ।**

५. बर्मा, धीरेन्द्र - **हिन्दी साहित्य कोष, भाग 1 ।**

६. बन्धु, चूडामणि - **नेपाली लोकसाहित्य ।**

७. अनिल, सन्तराम - **कन्नौजी लोकसाहित्य ।**

८. लामिछाने, कपिलदेव - **नेपाली लोकगीतको अध्ययन ।**

९. गिरी, जितेन्द्रदेव - **नेपाली लोकवार्ता ।**

१०. आचार्य, गोविन्द - **लोकगीतको विश्लेषण ।**

११. न्यौपाने, कुसुमाकर - **लोकगीत सिद्धान्त ।**

१२. गिरी, जिवेन्द्रदेव - **लोकसाहित्यको अवलोकन ।**

१३. पन्त, देवकान्त - **डोटेली लोकसाहित्य ।**

१४. परमार, श्याम -**लोक साहित्य विमर्श ।**

१५. पराजुली, कृष्णप्रसाद -**नेपाली लोकगीतको आलोक ।**

१६. पराजुली, मोतीलाल -**नेपाली लोकगाथा ।**

१७. लामिछाने, कपिलदेव - **नेपाली लोकगाथाको अध्ययन ।**

१८. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल -**लोकवार्ता विज्ञान र लोकसाहित्य ।**

19. उपाध्याय, कृष्णदेव - **लोकसाहित्यकी भूमिका, इलाहवाद ।**

20. चालिसे, विजय - **डोटेली लोकसंस्कृति र साहित्य ।**

21. दिवस, तुलसी - **नेपाली लोककथाः केही अध्ययन ।**

22. थापा, धर्मराज र हंसपुरे सुवेदी - **नेपाली लोकसाहित्य ।**

23. पन्त, कालीभक्त - **हाम्रो सांस्कृतिक इतिहास ।**

24. पराजुली, कृष्णप्रसाद - **नेपाली लोकगीतको आलोक ।**

25. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - **नेपाली लोक साहित्यको रूपरेखा ।**

26. पौड्याल, राजेन्द्र - **नेपाली लोकगीतको परम्परा र विकास ।**

27. राणा, युद्धवीर - **नेपाली समाज र संस्कृति** ।

2८. कोइराला, शम्भुप्रसाद - **लोक साहित्य : सिद्धान्त र विश्लेषण** ।

29. पोखरेल, बालकृष्ण - **खस जातिको इतिहास** ।

## 5.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

२१. लोकसाहित्यको सामान्य परिचय ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२२. लोकसाहित्यको अवधारणा ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२३. लोकसाहित्यको विविध विधाहरू ।

.......................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२४. लोकसाहित्यका वर्गीकरणका आधारहरू ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.4 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

२५. लोककथा र लोकगीत ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.3.2 र 5.3.3 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 6, लोक साहित्यका विविध विधाहरूको स्वरूप रवैशिष्ठ्यको अध्ययन

**संरचना**

6.0 उद्‌देश्य

6.1 परिचय

6.2 लोक साहित्यको सामान्य परिचय

6.3 लोक साहित्यका विविध विधाहरूको स्वरूप

6.4 लोक साहित्यका वैशिष्ठ्यको अध्ययन

6.5 उपसंहार

6.6 सार

6.7 अनुशीलनी

6.8 अतिरिक्त अध्ययन

6.9 मूल्यबृद्‌धिको निम्ति उत्तर

## 6.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोक साहित्यको सामान्य परिचय
- लोक साहित्यका विविध विधाहरूको स्वरूप
- लोक साहित्यका वैशिष्ठ्यको अध्ययन

## 6.1 परिचय

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)‘ लोक ’ शब्द बनेको हो । जसको अर्थ हुन्छ - हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा ‘जन ’ ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । हितेन सह सहित ’ - ‘सहितस्य भाव साहित्य ’ अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो । यो बनावटी हुदैँन । लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ । सामान्यतया भाषाको गुण अथवा अवगुण जे भने पनि जस्तो सुनिन्छ त्यस्तो लेखिदैँन त्यसैले लोकसाहित्यमा जे बोलिन्छ जे गरिन्छ त्यसलाई त्यही रुपमा लिपि चिन्ह मा (लेख्य) गर्न सकिदैँन । लोक साहित्यको लेखन र नाटक ( प्रदर्शन) नाटकीकरण हुनु भनेको लोक साहित्यकोमृत्यु हुनु हो । किनभने लोकसाहित्य श्रुतिमा बाँचेको हुन्छ ।

‘लोक’ शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको ‘लोक दर्शन’ धातुमा ‘धञ’ प्रत्यय लागेर बनेको शब्द हो ‘लोक’ । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्रयान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो । डा. कृष्णदेव उपाध्याय भन्छन् - प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक

सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख-दुखको साहित्य नै लोकसाहित्य हो ।

## 6.2 लोक साहित्यको सामान्य परिचय

**लोक** शब्दसँग **साहित्य** शब्द जोडिएर **लोकसाहित्य** शब्द बन्दछ । संस्कृत भाषामा हितेन सह सहित ' - 'सहितस्य भाव साहित्य ' अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो । यो बनावटी हुदैँन । लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ ।

'लोक' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो । डा . कृष्णदेव उपाध्याय भन्छन्- प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो ।

विभिन्न विद्वानहरूले लोकसाहित्यको अवधारणालाई आ - आफ्नै ढङ्गले परिभाषित गरेका छन् । डा. वासुदेव त्रिपाठीका अनुसार सारांशमा जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो । योगी नरहरिनाथका अनुसार लोक व्यवहारमा, लोकहितका लागि, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । माधव घिमिरेले लोकसाहित्यको चरित्रको बारेमा काव्यात्मक पारामा भन्छन्- 'सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा' । धर्मराज थापा र हंसपुरे सुबेदी भन्छन्- लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । तुलसी दिवस भन्छन्- सही अर्थमा लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतिबिम्ब मात्र नभएर सम्बाहक पनि हो । सरस्वती घिमिरे भन्छिन्- वेद भन्नु नै लोक साहित्य हो ।

यसरी माथिका परिभाषाहरूले हाम्रा वेद अर्थात् मुन्धुमलाई साहित्य अर्थात् लोक साहित्य मानेको छ । उपर्युक्त विद्वानहरूका धारणाअनुसार लोकसाहित्य युगौं युगदेखि श्रुति परम्परामा जीवित रहेको हुन्छ । यो सरल वाणीमा लोकानुभूतिको अभिव्यक्ति हो । लोकसाहित्य लोकजीवन तथा संस्कृतिको सम्बाहक हो । यो आदिमता र नवीनताको संगम पनि हो । लोकसाहित्य लेख्य साहित्य पूर्व पीठिका हो । यो शास्त्रीय बन्धन विहीन निरन्तर परिवर्तनशील सहजानुभूति युक्त मौखिक साहित्य हो । लोकसाहित्यले जब लिखित रुप लिन्छ त्यसले शिष्ट साहित्यतिर उन्मुख हुने बाटो तय गर्दछ । त्यसैले यसको विशेषता नै मौखिक परम्परामा जीवित रहनु हो । यसैले यो मौखिकरुपमा हस्तान्तरण हुँदै लोकसमाजमा विद्यमान रहने गर्दछ । यो लयात्मकताले लोककाब्य श्रुतिरम्य बन्दछ र

यसले लोकलाई प्रभावित बनाउने क्षमता राख्छ । यसमा स्वतन्त्र लोकछन्दको प्रयोग हुन्छ र यो गेयात्मक हुन्छ । लोकसाहित्यले प्रशस्त मौलिकता बोकेको हुन्छ र त्यो मौलिकता स्थानिय भाषा संस्कृति, परिवेश रहनसहनका कारणले देखापर्दछ ।

लोकसाहित्य भौगलिक दूरी र अवस्थिति अनुसार प्रशस्त स्थानियताको रङ्ग बोकेर मौलिक भेदसहित संयोजित रहेको पाउन सकिन्छ । सहामी लिखितलाई मात्र साहित्य हो भन्न सक्दैनौं । लिपिको आविष्कार हुनुपूर्व संसारका हरेक भाषामा अलिखित लोक साहित्य समृद्ध थियो । यसरी यसको मूल सम्बन्ध लिपीसंग नभई भाषासंग भएको देखिन्छ । यसैले लोकसाहित्यको सर्वकालिक मूलतम् विशेषताहरूहरूमा यसको रचयिता अज्ञात हुन्छ भने यो मौखिक एवं परम्परागत हुन्छ । लोकसाहित्य सर्वाङ्गीण सामाजिक परम्पराको उद्वोधन हो र यो सचेत अलंकरणबाट मुक्त प्राकृतता रहन्छ । यसको कोरा औपदेशिकताको अभाव र ऐतिहासिकता र लोकसंस्कृतिको बाहक हुनु मूल गुण मानिन्छ ।

## 6.3 लोक साहित्यका विविध विधाहरूको स्वरूप

लोकसाहित्य विभिन्न विधाहरूले संयोजित भएको हुन्छ । यी विधाहरूलाई लोकसाहित्यको अभिन्न अङ्ग पनि मानिने गरिन्छ । यसको मुख्यविधाहरूलाई निम्नरूपमा यसरी अध्ययन गरिएको छ । ती हुन् -

### 6.3.1 लोकगीत –

लोकगीत लोकसाहित्यको अत्यन्तै निकट रहेको जनप्रिय विधा हो । यसलाई लोक साहित्यको पुरानो विधा मानिन्छ । लोक गीतले अरु विधा भन्दा धैरै क्षेत्र ओगटेको छ । लोकगीत जन जीवनको हाँसो, आँशु,

भोगाइ, रहन सहन, संस्कृति, धर्म, परम्परा आदिले सिर्जित हुन्छ। “लोक भन्नाले ती सम्पूर्ण जनताहरू हुन् जो नगर र गाउँमा फैलिएर बसेका छन् र जसको व्यावहारिक ज्ञानको आधार किताब होइन।” पाश्चातय धारणा अनुसार लोक शब्दलाई असंस्कृत जनसामान्यको आधारमा प्रयोग गरिएको छ । लोक शब्दको उत्पती यहाँ बाट भएको हो । यो एग्लो सेक्शन शब्द हो जसलाई जर्मन भाषामा ख्यपि भनिन्छ अङ्ग्रेजी प्रयोगका दृष्टिमा हेर्दा फोक असंस्कृत र मुढ समाज जातिको द्योतक हो । तर विवेचनात्मक रूपमा हेर्ने हो भने यसलाई साह्रै संकुचित र एकपक्षीय दृष्टिकोण व्यक्त गर्ने शब्द भनिन्छ ।

अङ्ग्रजी विश्वकोषमा फोक शब्दबारे यसरी भनिएको छ - “आदिम ति सबै व्यत्तिः जसको मेलबाट यो समाज बनेको छ लोक हो ।” योगी नरहरिनाथका अनुसार “लोक साहित्यले इतिहासको कटुसत्यको यथार्थ प्रतिबिम्ब प्रस्तुत गरेको हुन्छ ।” अछाममा पनि लोकगीतहरू धैरै पुरानो समयदेखि गाइँदै आएका छन् भन्दा पनि परापूर्वकालदेखि नै चल्दै र एक पिढीबाट अर्को पिँढीमा हस्तान्तरित हुँदै आएको हो । मान्छेलाई बाँच्न हावापानी चाहिए जस्तै मानवताको विकासका लागि पनि सामाजिकता र संवेदनशीलता चाहिन्छ । यसै कुरालाई लिएर डोटेली लोकसाहित्यका अध्येता जयराज पन्तले मानवजातिले नाकको एउटा प्वालबाट ग्रहण गर्न श्वासप्रश्वासलाई संवेदनशीलता भनेका छन् । त्यसै गरी लोकगीत भनेको त्यो संगीत वा गीत हो जुनमानव समाजमा मातृभाषाका नाताले मानिसहरूमा नैसर्गिक रूपले सुखदुखको अनुभवमा दयामाया, प्रेमभाव अभिव्यक्त हुँदा स्वयमभेव उद्‌गारका रूपमा निस्केर लयदार तरजमा काव्यमयी शैलीमै सिर्जना हुन्छ । अछाम जिल्ला पनि लोकगीतका लागि

प्रसिद्ध जिल्ला हो । जहाँको चिनारी नै हरेक ठाउँमा लोकगीतका माध्यमबाट दिने गरिन्छ । जसका केही उदाहरणहरू यसप्रकार छन् -

**१. डोटी राम्रो डडेल्धुरा अछाम राम्रो साँफे**
**मलाई पनि उडाइलैजा हिउँचुलिका डाँफे**

**२. हुम्लो जाँच्या जुम्लो जाँच्या अछाम जाँचियान**
**धन साँचिया मन साँचिया जोवन साँचियान**

**३. बान्नी राम्रा बरदा देबी कोटघर कालिका**
**अछाम त बैकुण्ठ रैछ धन्य होमालिका।**

यसरी अछाम जिल्लाको चिनारी त्यहाँको लोकगीत र लोकभाकाले र लोकगीतको चिनारी अछाम जिल्लाले दिएर अछामको साहित्यकोमात्रै हैन नेपाली साहित्यको पनि सेवा गर्न भ्याएको छ ।

## 6.3.2 लोककथा –

लोककथा लोकसाहित्यको प्रमुख विधा हो। गाउँघरमा फुर्सदका समयमा मेलापात, जुनेलीरातमा र अन्य समयमा समय काट्न हाँसो वा मनोरञ्जन गर्न होस् अनेक कथा हाल्ने चलन हाल मुद्रणयुग आइसकेपछि पनि विद्यमान रहेकै छ। लोककथा लोकले भन्दै सुनाइ आएका केही तथ्य र केही काल्पनिक घटनावलीको सयुक्त सिलसिला बुद्धपर्ने लोककथा हो लोककथा, नैतिक शिक्षा उपदेशत्मक शिक्षा दिने खालका हुन्छन्। समालोचक रत्नध्वज जोशी लोककथाका प्रचलनबारे यस्तो भन्दछन्। "कथासित कुनै शिक्षा सन्देशआदिको सम्बन्ध राख्ने प्रथा पछिबाट मात्र आएको हुनु पर्छ यो भन्दा पहिले कुनै वक्ता अथवा वीरको

सफलता विजयको उल्लास आदि व्यक्त गर्नको लागि कथा भन्ने चलन आएको होला।" यी लोककथाहरूलाई केही समयपूर्व दन्त्यकथा भनिन्थ्यो। लोककथाको सन्दर्भमा तुलसी दिवस भन्दछन् - "लोककथा भन्ने हाम्रो परम्परा अत्यन्त प्राचीन हो। त्यसैले यसको प्रारम्भिक मानव सभ्यता तथा बोलिने भाषासँग घनिष्ट सम्बन्ध हुन्छ। मौखिक परम्परामा जीवित भएकाले केही काल अघिसम्म नेपाली समाज लोककथालाई दन्त्यकथाका रूपमा बढी चिन्दथ्यो।" कुनै चाडपर्वमा भेला भएका बेला होस् या कृषिकार्यहरू सकेर सबै जना सँगै बसेका बेला होस् केटाकेटीलाई झुलाउने बेलामा होस् या यहाँका स्थानीय पर्वमा जमघट भएका बेला होस थकाइमार्ने बेला होस् लोककथा भनिने गरिन्छ। यसको उठान एकादेशबाट गरिन्छ र सुन्नेलाई सुनकोमाला, भन्नेलाई फूलकोमाला यो कथा बैकुण्ठ जाला, फेरी फेरी फर्की आउला भनेर टुङ्ग्याइन्छ। अछाममा पनि यस्ता थुप्रै लोक कथा छन् जसमा कोही नितान्त काल्पनिक छन् भने कोही सत्य भनाइमा आधारित पनि छन्। यहाँ प्रचलनमा आएको केही लोककथाहरू निम्नानुसार छन् -

1. कदु मुल्याको लोककथा ।
2. सुनकेस्रो रानीको लोककथा ।
3. बटुके मूल्याको कथा ।
4. चलाख राजकुमारको कथा ।

### 6.3.3 लोकगाथा–

लोकगाथा लोकसाहित्यको अर्को महत्पूर्ण विधा हो। लोकका परम्परागत मूल्य र मान्यतालाई वा घटना परिघटनाहरूलाई गीतमा उनेर साहसी वीर पुरुषहरूका रोचक घटनाहरूलाई मौफीक रूपमा गाउँदै आएको पाइन्छ। लोकले परम्परादेखि मौखिक रूपमा गाउँदै भट्याउँदै आएका गीति कथालाई लोकगाथाका रूपमा

चिन्न सकिन्छ। लोकगाथामा गित र कथा दुवै रहेका हुन्छन्। लोकगाथाहरू वीरगाथा, भक्तिगाथा, देशभक्ति गाथा, नैतिक शिक्षासम्बन्धी र धार्मिक, आर्थिक र सामाजिक विकृति र विसङ्गति सम्बन्धी गाथाहरूलाई गीतमा उनेर गाउने परम्परा छ। यस्तो चलन ग्रामीण समाजमै जीउँदो भेटाउन सकिन्छ। हुड्को बजाएर गाइने गाथा भएकाले यसलाई कतै हुड्केली र कतै भारत पनि भन्ने गरिन्छ।

भारतको परिचय दिंदै डोटेली लोकसाहित्यका अन्वेषक जयराजपन्त भन्दछन –"खास वाद्यशैलीमा हुड्को बजाउँदै एक जना प्रमुख गायकको नेतृत्वमा थप चार वा पाँच जना सहायक गायकाको सामूहिक स्वरलहरी बीच–बीचमा निश्चित अंशको गायनमा घन्काएर पर्याप्त अभिनय, नृत्य र कथावाचनका साथ प्रस्तुत गरिने आफ्नै किसिमको लोकरचनालाई भारत भनिन्छ।"

## 6.3.4 लोकनाटक –

लोक साहित्यका विभिन्न विधाहरू मध्ये लोकनाटक पनि महत्वपूर्ण विधा हो। लोकले विभिन्न चाडपर्व र अवसरहरूमा संस्कृतिको अनुकरण गर्नै सम्वादका माध्यमबाट प्रस्तुत गर्ने विधा लोकनाटक हो। लोकनाटकमा लोकका विभिन्न अनभुवनहरूको प्रतिविम्ब झल्किएको हुन्छ। मुखयतया नेपालका लोकगित र लोकनृत्यका माध्यमबाट लोकनाटकको जन्म भएको प्रतीत हुन्छ। भदौमा देखाइने गाइजात्रे नाच, इन्द्रजात्रामा देखाइने दशावतार, लाखेझ्याली नाच, मारुनी नाच - सोरठी नाच लोकनाटकका उदाहरण हुन्। कृष्णलीला, हरिशचन्द्र, रामलीलाजस्ता नाटकहरू पनि लोकनाटकका नमूना हुन्।

## 6.3.5 गाउँखाने कथा –

गाउँ खाने कथा पनि लोकसाहित्यको त्यक्तिकै महत्वपूर्ण विधा हो। गाउँखाने कथा लोकजीवनको मौखिक रूपले प्रश्नोत्तरात्मक कूट

अभिव्यक्तिका रूपमा प्रचलनमा ल्याएको महत्वपूर्ण लोकोक्ति हो। यसले नेपाली लोकजीवनलाई प्रसस्त अनुप्राणीत पारेको छ। गाउँखाने कथाहरू प्रायः सबै ठाउँमा एउटै प्रकारका हुन्छनः गोठाला जाँदै, घाँस दाउरा गर्दा तथा मेलापात गर्दा वा गाउँघरमा साँझ सबै बसेका बेलामा गाउँखाने कथाको बीउ छर्ने काम हुन्छ। गाउँखाने कथाहरू विभिन्न प्रकृतिका हुन्छन्। सामाजिक, धार्मिक, आर्थिक, राजनीतिक, सांसकृतिक र नीति चेतना सम्बन्धी गाउँखाने कथाहरूको प्रचलन जतातितै पाइन्छ। गाउँखाने कथामा ससाना रोचक प्रश्न वक्ताले गर्छ भने श्रोताले सटीक जवाफ दिनपर्छ। उत्तर नजानेमा कुनै गाउँ दिनुपर्छ अनिमात्र प्रश्नकर्ताले यसको जवाफ दिनुपर्छ। श्रोताले उत्तर दिदा दिमाग खियाउनु पर्छ।

## 6.3.6 लोकोक्ति –

लोकसाहित्यको अर्को महत्वपूर्ण विधा लोकोक्ति हो। लोकोक्ति अन्तर्गत उखान र टुक्का पर्दछन्। हुन त उखान र टुक्कालाई अलग अलग विधा भनेर उल्लेख गरिएको पनि पाइन्छ, तर उखान र टुक्का दुवै लोकोक्तिकै उपज हुन्। उखान लोकसाहित्यको लोकोक्तिका क्रममा आउने महत्वपूर्ण उपविधा हो। उखानमा लोकजीवनका खारिएका अनुभवहरू पूर्ण उक्तिका रूपमा समेटिएर आएका हुन्छन्। नीति उपदेश, ज्ञान र अनुभवका कुराहरू यसमा समेटिएका हुन्छन्। उखान लोकले युगौंदेखि सँगालेका ज्ञानका भण्डार हुन्।

## 6.3.7 चाडपर्वहरू –

संसारमा थरी थरीका जात जातीका मान्छेहरूको बसोवास रहेका करणले यहाँको संस्कृतीमा धेरै भिन्नता पाइन्छ। अलग अलग जात जातीका मान्छेहरू सबैले आफ्नो आफ्नो रिती रिवाज अनुशार आफ्नो आफ्नो

परम्पराले मनाउदै आएका चाड पर्वहरू मनाउने गर्दछन्। नेपाली जाति धेरै सङ्ख्यामा बस्ने देश नेपाल र भारतमा मनाईने प्रमुख चाडपर्वहरूमा दशैं - तिहार, माघे संक्रान्ति, जनैपूर्णिमा, तीज, गाइजात्रा, कृष्णाष्टमी, फागु पूर्णिमा, शिवरात्री, चैते दशैं, स्वस्थानी, भस्सि जात्रा, भैले जात्रा, भैनी, पुष पन्ध्र, गल्लौडी, मालिका चतुर्दशी, रोपाईं जात्रा, सोह्र श्राद्ध, नाग पञ्चमी, गौरा पर्व, बिसु पर्व आदि हुन् ।

नेपाली जातिमा शक्तिस्वरूपा देवी भगवतीका अनेकौं स्वरूप शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री आदि रहेका छन् । यसर्थ नेपाली समाजमा देवीको यस रूपको पूजा - आराधना दसैंका नौ दिनसम्म क्रमैसँग गरिने प्रचलन छ । यसर्थ देवी दुर्गालाई **नवदुर्गा**का नामले चिनिन्छ । विशेषत: नेपाली जाति वा समाजमा नवदुर्गाको पूजा गर्नाले सारा पाप नाश भै मनका चाहना पूरा हुने विश्वास गरिन्छ । यी देवीहरू समस्त प्राणीका शरीरमा माता, विद्या, लक्ष्मी, शक्ति, बुद्धि, माया, शान्ति, धृति, क्षमा, दया, निद्रा आदि स्वरूपमा विराजमान छन । दसैंका बेलामा आफूमा निहित ती शक्तिलाई प्रकट गरेर अभीष्ट पूरा गर्ने मनसायले प्रेरित भै मानिसहरूले अनेकौं साधना गर्छन ।

घटस्थापनाका दिनदेखि सुरु हुने दसैंको पहिलो दिन देवी स्थापना गरेर जमरा राख्ने कार्य हुन्छ । उक्त दिन व्यक्तिगत रूपमा घरैमा तथा सामुहिक रूपमा विभिन्न देवी मन्दिर एवं कोतघरहरूमा जमरा राखिन्छ । सम्पूर्ण विधि पुर्याएर जमरा राख्ने कार्यसँगै दुर्गा शप्तशतीको पाठ पनि गरिन्छ । बिहान नुहाइधुवाइ गरी शुद्ध भएर पाठपूजा गर्ने, बेलुका सधैं आरती गर्ने कार्य दसैंभरि नियमित गर्नुपर्छ । पाँचौं दिनसम्म यही क्रम जारी रहन्छ भने छैटौं दिन विल्व निमन्त्रणा अर्थात् बेलको पातले पूजा

गरिन्छ । सातौं वा सप्तमीका दिन फूलपाती भित्र्याइन्छ । फूलपाती भित्र्याउन केरा, दारिम, धान, हलेदो, बेलपत्र, अशोक, जयन्ती, उखु र मानेजस्ता नौवटा लहरापात एवं जातजातका फूल चाहिन्छ । अष्टमीका दिन राति कालरात्रिको पूजा गरेर बलि दिने तथा होमादि गर्ने कार्य हुन्छ । त्यस दिन कसैकसैले रातभरि भजन - कीर्तन पनि गर्छन । नवमीका दिन देवीलाई बोका, कुखुरा, हाँस, परेवा, राँगा, पाठी आदि पशुबलि दिइन्छ । नेपाली लोक - संस्कृतिमा रहेको बलीप्रथाले भारतेली नेपाली जातिको सौष्ठवतालाई बहन गरेको मान्न सकिन्छ । यस जातिको जातीय विशेषता पनि मानिने बलिप्रथा भारतको कुना - कुनामा छरिएर बसेका नेपालीहरूले पालन गर्छन् यसबारे आस्था र विश्वास राख्छन् । ,

माथी उल्लेखित प्रमुख चाडपर्वहरूका साथै विभिन्न जनजातीहरूले अन्य थुप्रै आफ्नो आफ्नो परम्परा अनुशारका चाडपर्व तथा उत्सवहरू मनाउछन्। यस्ता चाडपर्वमा यहाँ खानपान नाचगानका साथै फुटबल, भलिबल, बुद्धी चाल, दौड प्रतुयोगीता जस्ता खेल तथा अन्य कार्यक्रमहरूको आयोजना पनि गरिन्छ। तिहारको बेला यहाँ तास खेल्ने चलन पनि रहेको छ।

## 6.3.८ लोकनृत्य –

लोकनृत्य अन्तर्गत सोरठी, सङ्गीनी, मादले, बालन, मारूनी आदि नाचहरू पर्दछन् । यो सबै नेपाली जातिका परम्परागत लोक नृत्य हुन् । मारूनी नृत्यमा भर्खरका कलिला केटा मान्छेलाई केटीका परम्परागत लुगाहरू लगाएर मारूनी बनाई मादलको तालमा पुराना पौराणिक कथाहरूमा आधारीत गीतहरू गाएर नाचिने यो नाच नेपालका मगर, कुमाल, खस जाती, लिम्बू जातीहरूको मुख्य संस्कृति रहेता पनि यो नाच प्राय सबै ठाउँमा सबै जातीले अपनाएको देखिन्छ।

परम्परागत रुपमा नाचिने यो नाच प्रायः दशैं, तिहारमा नाच्ने नाच हो । धान काटेर थन्काइ सके पछि मारुनी नाच फुकाउने परम्परागत प्रचलन रहेको छ ।

कुनै ठाउँमा मारुनी नाच तीजको दिनमा सुरु गरिन्छ भने कुनै ठाउँमा दशैंको कालरात्रीको दिन सुरु गरिन्छ । मारुनी नाच सुरु गर्नुलाई नाच बाँध्ने भनिन्छ । देउडा नाच, मारूनी नाच, पैंसेरी नाच, हुड्के नाच, फुर्की नाच, पुतला नाच, रत्यौली आदी परमपरागत नृत्यहरूको सुन्दर झलक देख्न पाइन्छ। यो जिल्लामा मनाईने प्रमुख चाडपर्वहरू यस प्रकार रहेका छन्।

## 6.4 लोक साहित्यका वैशिष्ठ्यको अध्ययन

साधारणतया साहित्य भन्नाले हामी कथा, कविता, निबन्ध, उपन्यास आदिलाई बुझ्दछौं तर लोकसाहित्य शिष्ट साहत्यिको पृष्ठभूमि हो भन्ने थाहा पाउन केही वेर लगाउदैछौं । यसो हुनुको अर्थ लोकसाहित्यको अध्ययनको कमीले हो । लोकसाहित्य अन्तर्गत पर्ने लोकगीत, लोककथा, लोकनाटक, उखान टुक्का, गाउँखाने कथा आदिबारे हामी अनभिक्ष हुन पुग्छौं । संसारभरि आफ्नो भनाइ वा विचारलाई समाजलाई बुझाउनको लागि लोकसाहित्यको प्रयोग हुन्छ । लोकसाहित्य मानवसभ्यताको संस्कार र कार्यव्यवहारको रूपमा व्यक्त हुँदै आएका बिभिन्न पक्षहरूको साहित्यिक अभिव्यक्ति हो ।

लोकगीत, उखान - टुक्का, लोककथा, लोकगाथा, लोक कविता, गाउँ खाने कथा, लोकनाटक आदि बिभिन्न रूपमा लोकसाहित्य व्यक्त हुँदै आएको छ । लोकसाहित्य आमजनताको पहु“चमा रहेको हुन्छ । यो जीवनसंस्कार, मृत्युसंस्कार, विवाहसंस्कार, कृषि कार्य, मेलापात, बनपाखा

आदि स्थानहरूमा स्वतःस्फूर्त व्यक्त भइरहेको हुन्छ । समयसन्दर्भ मिलाएर गाइने लोकगीत, दोहोरी, गाइने, घा“से, असारे रोपाई आदि गीतहरूको ठूलो अर्थ हुन्छ । त्यस्तै बिभिन्न संस्कारहरूमा विधि, नियम, आदि कुराहरूको परम्परा व्यक्त हुन्छ । तिनीहरूले इतिहास र पुर्खालाई पनि अवगत गराउने काम गर्दछन् । बनपाखामा गाइने गीतहरूबाट मर्मस्पर्शी भाव स्वतःस्फूर्त व्यक्त हुने गर्दछ । नेपाली समाजमा विशेष गरेर गाउ“घरमा सर्वसाधारण, हली, गोठाला, किसानहरूले गीत, कथा वा उखानटुक्काको माध्ययमबाट आफ्नो भनाइलाई अप्रत्यक्ष रूपले प्रतिकात्मक रूपमा व्यक्त गर्छन् । गोठाला, खेतालाहरू वनपाखा पखेरामा घा“स दाउरा लिन जा“दा आउ“दा गाइने झ्याउरे गीतहरू अत्यन्त मार्मिक हुन्छन् ।

नेपाली समाजमा पहिले पहिले झ्याउरे गीत गाउने चलन (दोहोरी गीत) थियो । प्रायजसो गीतहरू मायाप्रीतिकै हुन्थे । जीवनमा मानिसले झेलिरहेका कठिनाइको बारेमा झ्याउरे गीतको माध्यमबाट प्रकट गर्ने प्रचलन थियो र अहिले पनि कहींकहीं छ । सर्वसाधारण मान्छेहरू चार्डपर्व मेलाहरूमा आफ्ना वेदना र पीरमर्काहरू झ्याउरे गीतको माध्यमबाटै प्रकट गर्छन् । लोकसाहित्य, गीत, कथा, नाटक, उखानटुक्का आदिको माध्ययमबाट मानिसहरूले शासनव्यवस्थाका विरूद्ध आफ्ना विचारहरू राखेको पाइन्छ । कतिपय गीतहरू शासनप्रणालीप्रति व्यङ्ग गरेर समाजमा परिवर्तन ल्याउने काम पनि हुन्छ । पहिलेपहिले लोकगीत र लोककथा तथा लोकनाटकहरूमा व्यक्त हुने धारणाले शासकवर्गलाई घोचपेच, सामाजिक कुरीतिको पर्दाफास गर्ने काम धेरै नै हुने गरेको पाइन्छ । उहिलेको सामन्ती युगमा स्वतन्त्र र खुला ढङ्गले मानिसहरूले

विचार राख्न नपाएपछि लोकसाहित्यलाई माध्ययम बनाएर एक अर्कामा सूचना प्रवाह गर्ने र असन्तुष्टि बा"ड्ने काम हुन्थ्यो ।

लोकसाहित्यको माध्ययमबाट शत्रुपक्षको बद्ख्वाइ" गर्ने परम्परालाई नेपाली लोकगीति परम्परामा रोइला भनेर बुझ्न सकिन्छ । शत्रुलाई होच्याउनुपर्दा, आलोचना गर्दा वा आफ्नो पक्षलाई जागरूप तुल्याउनका लागि पनि लोकगीत, लोकनाटक, लोककथा आदि लोकसाहित्यको व्यापक प्रयोग हुने गरेको पाइन्छ ।नेपालमा पंचायती व्यवस्थाको निरंकुश दमनका बेला रक्तिमका साथै अन्य बिभिन्न कलाकारहरूले निरंकुश पंचायती व्यवस्थाको जुवामुनि नेपाली जनताले भोगेका पीडा, अन्याय, अत्याचारको विरूद्धमा जनतालाई चेतनशील बनाउने रे संगठित गर्ने अभियानमा ऐतिहासिक भूमिका रहेको छ ।

गीत संगीतको माध्यमबाट चराचर जगतलाई बुझ्ने, जनताको शत्रु को हो मित्र को हो ? भन्ने कुरा सर्वासधारण जनतलाई संगीतकोको माध्यमबाट जति चा"डो विषयवस्तु बुझाउन सकिन्छ, लामालामा भाषण, ठूला ठूला बौद्धिक प्रवचनबाट बहुसंख्यक शोषित पीडित जनतलाई सम्झाउन, बुझाउन मुस्किल पर्दछ । लोकसाहित्यमा उखानटुक्का धेरै शक्तिशाली हुन्छ । यसको अर्थलाई सर्वसाधारण जनताले सजिलै व्यक्ताउन सक्दछन् । सजिलै गरी सर्वसाधारण जनताको पहु"चमा रहने र सजिलै बुझिने भएकोले उखानटुक्का लोकप्रिय रहन गएको हो । उखानटुक्काको धेरै पहिलेदेखि प्रचलन छ । यसको प्रयोग संसारभरि नै हुन्छ । तर सबैले गर्न सक्दैनन् । यसको माध्ययमबाट भन्न खोजेको कुरालाई छोटकरी र साङ्केतिक रूपमा बुझाउन सकिन्छ । उखान टुक्का एउटा प्रतिकात्मक शब्द पनि हो । नेपाली समाजमा साधारण मान्छेदेखि लिएर ठूला-ठूला बुद्धिजीवीहरू लेखक साहित्यकारहरूले पनि आफ्नो भनाइलाई समाजमा

बुझाउन उखान टुक्काको प्रयोग गर्दछन् । कसैले “एउटा उखान टुक्का भन त” भनेर कर लगाएर उखान टुक्का आउन्न । सबै ठाउ“मा सबै परिस्थितिमा उखान टुक्का उपयुक्त हु“दैन र त्यसो हुनाले कर्ताले पनि त्यसरी उखान टुक्का हाल्दैन । तर सन्दर्भवश आफूले भनेको भनाइलाई पुष्टि गर्नेबेलामा भने कहिलेका“ही उखान टुक्का फुर्ने गर्दछ । उखान टुक्कामा व्यङ्ग्य, पुष्टि आदि पक्षहरू घनिभूत भएर रहेका हुन्छन् । त्यसैले कहिलेका“ही समाज, शासक र शत्रुपक्षलाई सीधा बचनबाट आक्रमण गर्नुपर्ने हु“दैन, उखानटुक्काले मात्रै पनि अर्थ प्रष्ट पार्ने काम गर्दछ र जनता जागरूप हुने गर्दछन् । त्यस्तै गाउ“खाने कथा, नाटकहरूको प्रदर्शन, लोककथाहरूले पनि नैतिक शिक्षा उपलब्ध गराउनका साथै परिवर्तनका लागि चेतना प्रदान गर्ने काम गर्दछन् ।

सर्वसाधारण र निरक्षर जनताले कलात्मक साहित्यलाई बुझ्न सकिरहेका हु“दैनन् । त्यसैले उनीहरूले मौखिक साहित्यलाई बढी रूचाउ“छन् । किनभने त्यो साहित्य भनेको लोकसाहित्य नै हो । माथि चर्चा भइसकेको छ कि लोकसाहित्य लोकजीवनको रहनसहन, संस्कार र कार्यव्यवहारको अभिव्यक्तिको रूपमा अगाडि आएको हुन्छ र यो जनजिब्रोमा जीवित भइरहेको हुन्छ । त्यसरी लोकसाहित्यले समाज परिवर्तनको लागि ठूलो भूमिका खेलेको कुरा प्रष्ट छ ।

साहित्य जुन प्रकारको भएपनि हरेक क्षेत्रमा काम गर्दा दृष्टिकोणको पक्षमा स्पष्ट हुनुपर्छ । दृष्टिकोण सही भएको खण्डमा मात्र साहित्यको अभिव्यक्ति मानवताका पक्षमा हुनसक्दछ । दृष्टिकोण भनेको जीवन, जगत, जनता, स्वतन्त्रता, अधिकार, न्याय, समानता आदि पक्षलाई मानवजातिको समृद्धि र हितस“ग जोडेर हेर्ने वा यिनीहरूबाट अलग पारेर विचार गर्ने वा हेर्ने विपरित दार्शनिक धारणाहरू हुन् । जसले

मानवहितको विषयलाई सबैभन्दा माथि राखेर विचार गर्दछ, त्यसअनुसार आफ्नो कार्ययोजना अगाडि बढाउ"छ, त्यो उच्च र सही दृष्टिकोण हो । ठीक त्यस्तै प्रकारले दृष्टिकोणको कुरा कलाकारहरूमाथि पनि लागू हुन्छ । दृष्टिकोण सही भए कलाकारको लोकगीत वा कलात्मक कविताले जनतालाई अग्रगतिमा हिडाउनका लागि योगदान दिन सक्दछ ।

त्यसैगरी अनुशासनको विषयलाई पनि गम्भीरतापूर्वक कार्यान्वयन गर्नुपर्दछ । बहुसंख्यक शोषितपीडित जनताको मुक्तिको लागि संघर्षरत कलाकार, संगीतकारहरूले अनुशासनलाई गम्भीरतापूर्वक लिनुपर्छ । लोकसाहित्यमा होस् वा कलात्मक साहित्यमा होस्, अनुशासित लेखक, कलाकार, साहित्यकारहरूले मात्रै समाज परिवर्तन गर्न सक्छन् । कतिपय कलाकार, लेखक, साहित्यकारहरूले अनुशासन मान्नु भनेको पार्टी विशेषको दास बन्नु हो भन्ने गलत धारणा राख्छन् र आफ्नो सृजनात्मक योग्यता र क्षमतालाई सबैतिर व्यापार गर्न पाउनुपर्छ भन्ने धारणा राख्छन् । त्यसैले उनीहरूले संगठित रूपले योगदान दिन सक्दैनन् । आजसम्मको इतिहासमा समाज परिवर्तन गर्ने कार्य संगठित शक्तिले मात्रै गर्न सकेको पाइन्छ । संगठनमा बस्न अनुशासन चाहिन्छ, त्यसैले सबै साहित्यिक आन्दोलनहरूमा त्यो पक्षलाई ध्यानमा राख्नुपर्छ ।

साहित्य, संस्कृतिले पनि निश्चित वर्गको स्वार्थको प्रतिनिधित्व गर्दछ । हामीलाई थाहा भएकै कुरा हो, समाज वर्गीय छ । बहुसंख्यक जनता शोषितपीडित छन्, अल्पसंख्यकको हातमा अहिले पनि संसारको ऐश्वर्य कब्जामा छ ।

कतिपय कलाकार वा साहत्यिकारहरू दुवैतिर साखिलो हुन खोज्छन् । दुवैतिर साखिलो हुन खोज्दा विस्तारै विस्तारै अल्पसंख्यकको क्याम्पमा सामेल हुन्छन् । महान बैज्ञानिक विचारक कार्लमाक्र्सले भने जस्तै ठूलो

विद्वान, वैज्ञानिक, लेखक, संगीतकारहरू करोडौं शोषित पीडित जनताको पक्षमा भन्दा मुठ्ठिभर शोषकहरूको कारिन्दा हुन मन पराउ"छन् । यो के हो भने वर्गीय समाजको शक्तिको प्रयोगको कुरा हो । समाजमा मुठ्रठीभरको वर्गले आफ्नो हैकम कायम गरिरहेको सामाजिक व्यवस्थाको चरित्र कलाकार, साहित्यकार वा वैज्ञानिकहरूमा परिरहेको हुन्छ । उनीहरू त्यसका शिकार भइरहेका हुन्छन् । तात्कालीन रूपमा दबदबामा रहेको त्यो मुठ्ठीभरवर्गको पक्षमा रहेपछि उनीहरूलाई लाभ, प्रतिष्ठा र पुरस्कारको प्रलोभनले विचलन गराउ"छ । त्यसैले उनीहरू मुठ्ठीभर रहेको वर्गको कारिन्दा हुन पुग्दछन् । त्यसैले वर्गीय समाजमा यो कुरा गाह्रो छ ः लोकसाहित्य होस् वा आधुनिक साहित्य, मुख्य कुरा त्यसले बहुसंख्यक जनताको पक्षमा आफ्नो अभिमत दिन सक्छ वा सक्दैन ? भन्ने कुरा प्रमुख हो । अहिले पनि संसारभरि अल्पसंख्यक मुठ्ठीभर शोषकहरूको हातमा धर्तीको ऐश्वर्य कब्जामा छ । बहुसंख्यक मानवसमुदायले नारकीय जीवन बिताइरहेको छ । लोकसाहित्यलाई जनताले बुझ्न सक्छन् र त्यो उनीहरूको व्यवहार हो भने कलाधर्मीहरूले जनताको पहु"चमा पुग्ने लोकसाहित्यको महत्वमाथि ध्यान दिंदै निरन्तर रूपमा बहुसंख्यक शोषितपीडित मानवजातिको पक्षमा काम गर्ने र समाज बदल्ने अभियानमा दृढतापूर्वक लागिरहनुपर्छ ।

नेपाली लोकसाहित्य समाजबाटै हराउँदै गएको चासो र चिन्ता बढिरहेका अवस्थामा आज प्रत्येक नेपालीहरूले विभिन्न सङ्गोष्ठि, कार्याशाला आदिको आयोजना गरेर लोक साहित्यको जगेका गर्नु जरूरी देखिन्छ । समाजको सामूहिक अभिव्यक्तिका रूपमा लिइने लोकसाहित्यले मानिसलाई नैतिकताको बोध गराउँदै राष्ट्रिय एकताको भावना जगाउने काम गर्ने भए पनि पछिल्लो समयमा लोप हुँदै गएको वास्तविकतामा

सबैलाई थाहा छ । यसर्थ यस्ता सङ्गोष्ठि, कार्याशालामा लोकसाहित्यका विभिन्न विधाहरूमा छलफल गरेर नेपाली लोकसाहित्यको विकासमा महत्वपूर्ण कार्य गर्नु पर्दछ । संसारभरि आफ्नो भनाइ वा विचारलाई समाजलाई बुझाउनका लागि लोक साहित्यको प्रयोग हुन्छ । लोक साहित्य मानव सभ्यताको संस्कार र कार्यव्यवहारको रूपमा व्यक्त हुँदै आएका विभिन्न पक्षहरूको साहित्यिक अभिव्यक्ति हो । लोकगीत, उखानटुक्का, लोककथा, लोकगाथा, लोक कविता, गाउँखाने कथा, लोकनाटक आदि विभिन्न रूपमा लोक साहित्य व्यक्त हुँदै आएको छ ।

लोकसाहित्य आमजनताको पहुँचमा रहेको हुन्छ । यो जीवनसंस्कार, मृत्युसंस्कार, विवाहसंस्कार, कृषि कार्य, मेलापात, बनपाखा आदि स्थानहरूमा स्वतःस्फूर्त व्यक्त भइरहेको हुन्छ । समयसन्दर्भ मिलाएर गाइने लोकगीत, दोहोरी, गाइने, घाँसे, असारे रोपाई आदि गीतहरूको ठुलो अर्थ हुन्छ । त्यस्तै बिभिन्न संस्कारहरूमा विधि, नियम, आदि कुराहरूको परम्परा व्यक्त हुन्छ । तिनीहरूले इतिहास र पुर्खालाई पनि अवगत गराउने काम गर्दछन् । बनपाखामा गाइने गीतहरूबाट मर्मस्पर्शी भाव स्वतःस्फूर्त व्यक्त हुने गर्दछ । नेपाली समाजमा विशेष गरेर गाउँघरमा सर्वसाधारण, हली, गोठाला, किसानहरूले गीत, कथा वा उखानटुक्काको माध्ययमबाट आफ्नो भनाइलाई अप्रत्यक्ष रूपले प्रतिकात्मक रूपमा व्यक्त गर्छन् । गोठाला, खेतालाहरू वनपाखा पखेरामा घाँस दाउरा लिन जाँदा आउँदा गाइने झ्याउरे गीतहरू अत्यन्त मार्मिक हुन्छन् । नेपाली समाजमा पहिले पहिले झ्याउरे गीत गाउने चलन (दोहोरी गीत) थियो । प्रायजसो गीतहरू मायाप्रीतिकै हुन्थे । जीवनमा मानिसले झेलिरहेका कठिनाइको बारेमा झ्याउरे गीतको माध्यमबाट प्रकट गर्ने प्रचलन थियो र

Notes

अहिले पनि कहीङ्कहीं छ । सर्वसाधारण मान्छेहरू चार्डपर्व मेलाहरूमा आफ्ना वेदना र पीरमर्काहरू झ्याउरे गीतको माध्यमबाटै प्रकट गर्छन् ।

लोकसाहित्य, गीत, कथा, नाटक, उखानटुक्का आदिको माध्ययमबाट मानिसहरूले शासनव्यवस्थाका विरुद्ध आफ्ना विचारहरू राखेको पाइन्छ । कतिपय गीतहरू शासनप्रणालीप्रति व्यङ्ग गरेर समाजमा परिवर्तन ल्याउने काम पनि हुन्छ । पहिलेपहिले लोकगीत र लोककथा तथा लोकनाटकहरूमा व्यक्त हुने धारणाले शासकवर्गलाई घोचपेच, सामाजिक कुरीतिको पर्दाफास गर्ने काम धेरै नै हुने गरेको पाइन्छ । उहिलेको सामन्ती युगमा स्वतन्त्र र खुला ढङ्गले मानिसहरूले विचार राख्न नपाएपछि लोकसाहित्यलाई माध्ययम बनाएर एक अर्कामा सूचना प्रवाह गर्ने र असन्तुष्टि बाँड्ने काम हुन्थ्यो । लोकसाहित्यको माध्यमबाट शत्रूपक्षको बद्ख्वाइँ गर्ने परम्परालाई नेपाली लोकगीति परम्परामा रोइला भनेर बुझ्न सकिन्छ । शत्रुलाई होच्याउनुपर्दा, आलोचना गर्दा वा आफ्नो पक्षलाई जागरूप तुल्याउनका लागि पनि लोकगीत, लोकनाटक, लोककथा आदि लोकसाहित्यको व्यापक प्रयोग हुने गरेको पाइन्छ । नेपालमा पञ्चायती व्यवस्थाको निरङ्कुश दमनका बेला रक्तिमका साथै अन्य बिभिन्न कलाकारहरूले निरङ्कुश पञ्चायती व्यवस्थाको जुवामुनि नेपाली जनताले भोगेका पीडा, अन्याय, अत्याचारको विरुद्धमा जनतालाई चेतनशील बनाउने रे सङ्गठित गर्ने अभियानमा ऐतिहासिक भूमिका रहेको छ ।

गीत सङ्गीतको माध्यमबाट चराचर जगतलाई बुझ्ने, जनताको शत्रु को हो मित्र को हो ? भन्ने कुरा सर्वासधारण जनतलाई सङ्गीतकोको माध्यमबाट जति चाँडो विषयवस्तु बुझाउन सकिन्छ, लामालामा भाषण, ठुला ठुला बौद्धिक प्रवचनबाट बहुसङ्ख्यक शोषित पीडित जनतलाई

सम्झाउन, बुझाउन मुस्किल पर्दछ । लोकसाहित्यमा उखानटुक्का धेरै शक्तिशाली हुन्छ । यसको अर्थलाई सर्वसाधारण जनताले सजिलै व्यक्ताउन सक्दछन् । सजिलै गरी सर्वसाधारण जनताको पहुँचमा रहने र सजिलै बुझिने भएकोले उखानटुक्का लोकप्रिय रहन गएको हो । उखानटुक्काको धेरै पहिलेदेखि प्रचलन छ । यसको प्रयोग संसारभरि नै हुन्छ । तर सबैले गर्न सक्दैनन् । यसको माध्ययमबाट भन्न खोजेको कुरालाई छोटकरी र साङ्केतिक रूपमा बुझाउन सकिन्छ । उखान टुक्का एउटा प्रतिकात्मक शब्द पनि हो ।

नेपाली समाजमा साधारण मान्छेदेखि लिएर ठुला-ठुला बुद्धिजीवीहरू लेखक साहित्यकारहरूले पनि आफ्नो भनाइलाई समाजमा बुझाउन उखान टुक्काको प्रयोग गर्दछन् । कसैले "एउटा उखान टुक्का भन त" भनेर कर लगाएर उखान टुक्का आउन्न । सबै ठाउँमा सबै परिस्थितिमा उखान टुक्का उपयुक्त हुँदैन र त्यसो हुनाले कर्ताले पनि त्यसरी उखान टुक्का हाल्दैन । तर सन्दर्भवश आफूले भनेको भनाइलाई पुष्टि गर्नेबेलामा भने कहिलेकाँही उखान टुक्का फुर्ने गर्दछ । उखान टुक्कामा व्यङ्ग्य, पुष्टि आदि पक्षहरू घनिभूत भएर रहेका हुन्छन् । त्यसैले कहिलेकाँही समाज, शासक र शत्रूपक्षलाई सीधा बचनबाट आक्रमण गर्नुपर्ने हुँदैन, उखानटुक्काले मात्रै पनि अर्थ प्रष्ट पार्ने काम गर्दछ र जनता जागरूप हुने गर्दछन् । त्यस्तै गाउँखाने कथा, नाटकहरूको प्रदर्शन, लोककथाहरूले पनि नैतिक शिक्षा उपलब्ध गराउनका साथै परिवर्तनका लागि चेतना प्रदान गर्ने काम गर्दछन् । सर्वसाधारण र निरक्षर जनताले कलात्मक साहित्यलाई बुझ्न सकिरहेका हुँदैनन् । त्यसैले उनीहरूले मौखिक साहित्यलाई बढी रूचाउँछन् । किनभने त्यो साहित्य भनेको लोकसाहित्य नै हो ।माथि चर्चा भइसकेको छ कि लोकसाहित्य लोकजीवनको

रहनसहन, संस्कार र कार्यव्यवहारको अभिव्यक्तिको रूपमा अगाडि आएको हुन्छ र यो जनजिब्रोमा जीवित भइरहेको हुन्छ । त्यसरी लोकसाहित्यले समाज परिवर्तनको लागि ठूलो भूमिका खेलेको कुरा प्रष्ट छ ।

साहित्य जुन प्रकारको भएपनि हरेक क्षेत्रमा काम गर्दा दृष्टिकोणको पक्षमा स्पष्ट हुनुपर्छ । दृष्टिकोण सही भएको खण्डमा मात्र साहित्यको अभिव्यक्ति मानवताका पक्षमा हुनसक्दछ । दृष्टिकोण भनेको जीवन, जगत, जनता, स्वतन्त्रता, अधिकार, न्याय, समानता आदि पक्षलाई मानवजातिको समृद्धि र हितसँग जोडेर हेर्ने वा यिनीहरूबाट अलग पारेर विचार गर्ने वा हेर्ने विपरित दार्शनिक धारणाहरू हुन् । जसले मानवहितको विषयलाई सबैभन्दामाथि राखेर विचार गर्दछ, त्यसअनुसार आफ्नो कार्ययोजना अगाडि बढाउँछ, त्यो उच्च र सही दृष्टिकोण हो । ठीक त्यस्तै प्रकारले दृष्टिकोणको कुरा कलाकारहरूमाथि पनि लागू हुन्छ । दृष्टिकोण सही भए कलाकारको लोकगीत वा कलात्मक कविताले जनतालाई अग्रगतिमा हिडाउनका लागि योगदान दिन सक्दछ ।

त्यसैगरी अनुशासनको विषयलाई पनि गम्भीरतापूर्वक कार्यान्वयन गर्नुपर्दछ । बहुसङ्ख्यक शोषितपीडित जनताको मुक्तिको लागि सङ्घर्षरत कलाकार, सङ्गीतकारहरूले अनुशासनलाई गम्भीरतापूर्वक लिनुपर्छ । लोकसाहित्यमा होस् वा कलात्मक साहित्यमा होस्, अनुशासित लेखक, कलाकार, साहित्यकारहरूले मात्रै समाज परिवर्तन गर्न सक्छन् । कतिपय कलाकार, लेखक, साहित्यकारहरूले अनुशासन मान्नु भनेको पार्टी विशेषको दास बन्नु हो भन्ने गलत धारणा राख्छन् र आफ्नो सृजनात्मक योग्यता र क्षमतालाई सबैतिर व्यापार गर्न पाउनुपर्छ भन्ने धारणा राख्छन् । त्यसैले उनीहरूले सङ्गठित रूपले योगदान दिन सक्दैनन् ।

आजसम्मको इतिहासमा समाज परिवर्तन गर्ने कार्य सङ्गठित शक्तिले मात्रै गर्न सकेको पाइन्छ । सङ्गठनमा बस्न अनुशासन चाहिन्छ, त्यसैले सबै साहित्यिक आन्दोलनहरूमा त्यो पक्षलाई ध्यानमा राख्नुपर्छ ।

साहित्य, संस्कृतिले पनि निश्चित वर्गको स्वार्थको प्रतिनिधित्व गर्दछ । हामीलाई थाहा भएकै कुरा हो, समाज वर्गीय छ । बहुसङ्ख्यक जनता शोषितपीडित छन्, अल्पसङ्ख्यकको हातमा अहिले पनि संसारको ऐश्वर्य कब्जामा छ । कतिपय कलाकार वा साहत्यिकारहरू दुवैतिर साखिलो हुन खोज्छन् । दुवैतिर साखिलो हुन खोज्दा विस्तारै विस्तारै अल्पसङ्ख्यकको क्याम्पमा सामेल हुन्छन् । महान बैज्ञानिक विचारक कार्लमाक्र्सले भने जस्तै ठुलो विद्‌वान, वैज्ञानिक, लेखक, सङ्गीतकारहरू करोडौं शोषित पीडित जनताको पक्षमाभन्दा मुठ्‌ठिभर शोषकहरूको कारिन्दा हुन मन पराउँछन् । यो के हो भने वर्गीय समाजको शक्तिको प्रयोगको कुरा हो । समाजमा मुठ्‌ठीभरको वर्गले आफ्नो हैकम कायम गरिरहेको सामाजिक व्यवस्थाको चरित्र कलाकार, साहित्यकार वा वैज्ञानिकहरूमा परिरहेको हुन्छ ।

लोकसाहित्यको सन्दर्भमा कुरा गर्दै जाँदा दोस्रो विश्वयुद्‌धको समयमा इन्डिया र ब्रिर्टिस आर्मीहरु गाउँ-गाउँमा आएर क्याम्प बनाएर बस्थे । त्यहाँ उनीहरुले गाउँका युवाहरुलाई भेला गरेर आर्मी हुनको लागि छनोट गर्दथे । गाउँका युवालाई भर्ती गरेर लिएर गएपछि गाउँ खुशीसँगै पीडामा हुन्थ्यो । लाहुरे हुन गएको मान्छे फर्कन्छ कि फर्कदैन भन्ने डर परिवार र गाउँलेमा हुन्थ्यो । जब लाहुरे पहिलो छुट्‌टीमा घर आउँदा रोधी बस्ने क्रममा त्यही पीडालाई गीतमा पोखिन्थ्यो । त्यसलाई 'गल्लैलाउरे' भनिन्छ । यसमा दोस्रो विश्वयुद्‌धसँग गाँसिएको कथा छ । गल्लाहरुको

विदाई तथा गाउँका जवानहरुको विदाइको समयमा तारभर नाचगानका कार्यक्रमहरु गर्ने चलन त्यतिबेला थियो । उदाहरण -

*'ए दाई मरे असेटैले,*

*मरी दैन भन्थेउनी,*

*भेटै नहुनलाई लायो पापी बरिखा'*

*'झम्टी रुन आको,*

*सम्झी रुनी उही थियो ।'*

यी शब्दलाई ख्याली रोइला भाकामा गाइने गरिन्थ्यो । पर्वतको हुवास, त्रिवेणी, वस्यालडाँडा, लगायत स्याङ्जा जिल्लाको पश्चिमी भेग गीतको उर्भरभूमी मानिन्छ । त्यहाँ बसोबास गर्ने विशेषत ब्राहमण तथा क्षेत्री जातका मानिसहरूले र सँगसँगै मगर तथा गुरुङ जातका मानिसहरूले समेत लामो लयमा यो गीत गाउने गर्दछन् । यीनै भाकालाई समावेश गरी लोकसंगीतका अनुसन्धानकर्ता तुलसी प्रवासले नेपालमै पहिलो पटक अनुसन्धान गरी निर्माण गरेको 'गल्लैलाउरे' लोक चलचित्र 7 औं अन्तर्राष्ट्रिय 'लोक चलचित्र महोत्सव - 2017' का लागि मनोनयनमा परेको थियो । यस गीतलाई पहिलो पटक नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान अन्तर्गत रहेर प्रवासले अनुसन्धान गरेका हुन् । उनकै अनुसन्धान, लेखन, निर्देशन र निर्माणमा यो लोकचलचित्र निर्माण भएको हो ।

## 6.5 उपसंहार

'लोक' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो ।

प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो । लोक साहित्यमा नरमाउने को होला र ? तर, यस विषयका अध्येता थोरै छन्। त्यही थोरैमध्येका एक अध्येता हुन्, मनोहर लामिछाने। लोकसाहित्यमा समाजको प्रतिबिन्ब र यसको अध्ययनले जातिको चिन्हारी पुष्टि गर्दछ। जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो । योगी नरहरिनाथका अनुसार लोक व्यवहारमा, लोकहितका लागि, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्यमा 'सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा' ।

लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतित्रिम्ब मात्र नभएर सम्बाहक पनि हो । वेद भन्नु नै लोक साहित्य हो । हाम्रा वेद अर्थात् मुन्धुमलाई साहित्य अर्थात् लोक साहित्य मानेको छ ।

बुँदागत रूपमा लोक साहित्यसम्बन्धी चिन्तनको सारमा यो युगौं युगदेखि श्रुति परम्परामा जीवित रहेको हुन्छ । यो सरल वाणीमा लोकानुभूतिको अभिव्यक्ति हो । यो लोकजीवन तथा संस्कृतिको सम्बाहक हो । यो आदिमता र नवीनताको संगम पनि हो । यो लेख्य साहित्य पूर्व पीठिका हो । यो शास्त्रीय बन्धन विहीन निरन्तर परिवर्तनशील सहजानुभूति युक्त मौखिक साहित्य हो । लिखित साहित्य मात्र साहित्य होइन । लिपिको आविष्कार हुनुपूर्व संसारका हरेक भाषामा अलिखित लोक साहित्य समृद्ध थियो । यसरी यसको मूल सम्बन्ध लिपीसंग नभई भाषासंग भएको देखिन्छ ।

लोकसाहित्यको सर्वकालिक मूलतम् विशेषताहरूमा यसको रचयिता अज्ञात रहनु , मौखिक एवं परम्परागत हुनु , सर्वाङ्गीण सामाजिक परम्पराको उद्वोधन, सचेत अलंकरणबाट मुक्त प्राकृतता, कोरा औपदेशिकताको अभाव, ऐतिहासिकता र लोकसंस्कृतिको बाहक हुनु । लोकसाहित्यमा सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ ।

## 6.6 सार

यस प्रखण्डमा **लोक साहित्यका विविध विधाहरूको स्वरूप र वैशिष्ठ्यको अध्ययन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ‘लोक’ शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको ‘लोक दर्शन’ धातुमा ‘धञ’ प्रत्यय लागेर बनेको शब्द हो ‘लोक’ । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि ।

- लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ ।

- प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो । डा. कृष्णदेव उपाध्याय भन्छन् - प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई ‘लोक’ भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो ।

- **लोक** शब्दसँग **साहित्य** शब्द जोडिएर **लोकसाहित्य** शब्द बन्दछ ।
- संस्कृत भाषामा हितेन सह सहित ’ - ‘सहितस्य भाव साहित्य ’ अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् ।
- लोकसाहित्यमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् ।

- लोकसाहित्य लोकको यथार्थ चित्र हो । यो बनावटी हुदैँन । लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ ।

- लोकसाहित्यको सर्वकालिक मूलतम् विशेषताहरूमा यसको रचयिता अज्ञात रहनु , मौखिक एवं परम्परागत हुनु , सर्वाङ्गीण सामाजिक परम्पराको उद्वोधन, सचेत अलंकरणबाट मुक्त प्राकृतता, कोरा औपदेशिकताको अभाव, ऐतिहासिकता र लोकसंस्कृतिको बाहक हुनु ।

- लोकसाहित्यमा सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।

यस प्रखण्डको अध्ययनले **लोक साहित्यका विविध विधाहरूको स्वरूप र वैशिष्ठ्यको अध्ययन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकसाहित्यको परिभाषा र यसका विविध विधाहरूको स्वरूप र वैशिष्ठ्य सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 6.7 अनुशीलनी

1. लोकसाहित्यको अवधारणाबारे चर्चा गर्दै यसबारे विभिन्न विद्वानहरूले दिएको परिभाषालाई प्रस्तुत गर्नुहोस् ।
2. लोकसाहित्यको उत्पत्ति कहिले र कहाँबाट भएको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकसाहित्यका विविध विधाहरूका स्वरूपबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. लोकसाहित्यको अध्ययनको क्षेत्रबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस्।

5. लोकसाहित्यको सीमा र विस्तारबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. लोकसाहित्यको वैशिष्ठ्यबारे चर्चा गर्दै यसको महत्व र प्रयोजनलाई चिनाउनुहोस् ।

7. आजको युगमा लोकसाहित्यका अवस्था कस्तो रहेको छ ? आफ्नो तर्कलाई प्रस्तुतु गर्नुहोस् ।

८. लोकसाहित्यका मुख्य - मुख्य विधाहरू के के हुन् ? विश्लेषण गर्नुहोस्।

9. नेपाली लोकसाहित्य सम्बन्धि अध्ययन गर्दै नेपाली लोकसाहित्यका विविध बिशेषताहरूलाई चित्रण गर्नुहोस् ।

10. लोकनृत्य, लोकगाथा, लोकसंस्कृति, लोकनृत्य, लोकवार्ता, लोकसाहित्य आदिबारे टिप्पणी लेख्नुहोस् ।

## 6.8 अतिरिक्त अध्ययन

1. लुइटेल, खगेन्द्रप्रसाद - **लोक साहित्य परिचय** ।

2. पराजुली, कृष्णप्रसाद - **नेपाली लोकगीतको आलोक** ।

3. तिवारी, शोभा - **लोकसङ्गीत तार्पण** ।

4. बर्मा, धीरेन्द्र - **हिन्दी साहित्य कोष, भाग 1** ।

5. बन्धु, चूडामणि - **नेपाली लोकसाहित्य** ।

6. अनिल, सन्तराम - **कन्नौजी लोकसाहित्य** ।

7. लामिछाने, कपिलदेव - **नेपाली लोकगीतको अध्ययन** ।

8. गिरी, जितेन्द्रदेव - **नेपाली लोकवार्ता** ।

9. आचार्य, गोविन्द - **लोकगीतको विश्लेषण** ।

10. न्यौपाने, कुसुमाकर - **लोकगीत सिद्धान्त** ।

11.गिरी, जिवेन्द्रदेव - **लोकसाहित्यको अवलोकन** ।

12.पन्त, देवकान्त - **डोटेली लोकसाहित्य** ।

13.परमार, श्याम -**लोक साहित्य विमर्श** ।

14. पराजुली, कृष्णप्रसाद -**नेपाली लोकगीतको आलोक** ।

15.पराजुली, मोतीलाल -**नेपाली लोकगाथा** ।

16.लामिछाने, कपिलदेव - **नेपाली लोकगाथाको अध्ययन** ।

17. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल -**लोकवार्ता विज्ञान र लोकसाहित्य** ।

1८. उपाध्याय, कृष्णदेव - **लोकसाहित्यकी भूमिका ।**

19. चालिसे, विजय - **डोटेली लोकसंस्कृति र साहित्य ।**

20. दिवस, तुलसी - **नेपाली लोककथाः केही अध्ययन ।**

21. थापा, धर्मराज र हंसपुरे सुवेदी - **नेपाली लोकसाहित्य ।**

22. पन्त, कालीभक्त - **हाम्रो सांस्कृतिक इतिहास ।**

23. पराजुली, कृष्णप्रसाद - **नेपाली लोकगीतको आलोक ।**

24. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - **नेपाली लोक साहित्यको रूपरेखा ।**

25. पौड्याल, राजेन्द्र - **नेपाली लोकगीतको परम्परा र विकास ।**

26. राणा, युद्धवीर - **नेपाली समाज र संस्कृति** ।

27. कोइराला, शम्भुप्रसाद - **लोक साहित्य : सिद्धान्त र विश्लेषण** ।

२८. पोखरेल, बालकृष्ण - **खस जातिको इतिहास** ।

## 6.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

२६. लोकसाहित्यको सामान्य परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२७. लोकसाहित्यका विविध विधाहरूको स्वरूप ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२८. लोकसाहित्यका वैशिष्ठ्यको अध्ययन ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२९. लोकगीत र लोकगाथा ।

..........................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3.1 र 6.3.2 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

३०. लोकगाथा र लोकोक्ति ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3.3 र 6.3.6 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 7, लोक साहित्यको सामाजिक र सांस्कृतिक परिप्रेक्ष्य

**संरचना**

7.0 उद्देश्य

7.1 परिचय

7.2 समाज शब्दको अर्थ र परिभाषा

7.3 संस्कृति शब्दको अर्थ र परिभाषा

7.4 लोक साहित्यको सामाजिक पक्ष

7.5 लोक साहित्यको सांस्कृतिक पक्ष

7.6 उपसंहार

7.7 सार

7.8 अनुशीलनी

7.9 अतिरिक्त अध्ययन

7.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 7.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- समाज शब्दको अर्थ र परिभाषा
- संस्कृति शब्दको अर्थ र परिभाषा
- लोक साहित्यको सामाजिक पक्ष
- लोक साहित्यको सांस्कृतिक पक्ष

## 7.1 परिचय

'लोक' - को अर्थ सर्वसाधारण जनता र स्थान दुवै हो भनेका छन् लेखकले र तिनीहरूकै साहित्यलाई लोकसाहित्य भन्नु उपयुक्त हुने निष्कर्ष निकालेका छन्। 'लोक ' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो । डाकृष्णदेव उपाध्याय भन्छन् .- प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो ।

लोकसाहित्यबारे विभिन्न विद्वानहरूले आ - आफ्नै रूपमा परिभाषा दिएका छन् । डा. वासुदेव त्रिपाठीका अनुसार सारांशमा जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो । योगी नरहरिनाथका अनुसार लोक व्यवहारमा, लोकहितका लागि लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । माधव घिमिरेले लोकसाहित्यको चरित्रको बारेमा काव्यात्मक पारामा भन्छन्- 'सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा' । धर्मराज थापा र हंसपुरे सुबेदी लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो भनेका छन् । तुलसी दिवसले सही

अर्थमा लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतित्रिम्ब मात्र नभएर सम्बाहक पनि हो भनेका छन् । सरस्वती घिमिरे भने वेद भन्नु नै लोक साहित्य हो भनेकी छन् ।

उपर्युक्त विद्वानहरूका परिभाषाअनुसार हाम्रा वेद अर्थात् मुन्धुमलाई साहित्य अर्थात् लोक साहित्य मान्न सकिन्छ । मुलरूपमा लोकसाहित्य युगौं युगदेखि श्रुति परम्परामा जीवित रहेको हुन्छ । यो सरल वाणीमा लोकानुभूतिको अभिव्यक्ति हो । लोकसाहित्य लोकजीवन तथा संस्कृतिको सम्बाहक हो । यो आदिमता र नवीनताको संगम पनि हो । लोकसाहित्य लेख्य साहित्य पूर्व पीठिका हो । यो शास्त्रीय बन्धन विहीन निरन्तर परिवर्तनशील सहजानुभूति युक्त मौखिक साहित्य हो । हामीले लिखित साहित्यलाई मात्र साहित्य मान्नु हुँदैन । लिपिको आविष्कार हुनुपूर्व संसारका हरेक भाषामा अलिखित लोक साहित्य समृद्ध थियो । यसरी यसको मूल सम्बन्ध लिपीसंग नभई भाषासंग भएको देखिन्छ । लोकसाहित्यको सर्वकालिक मूलतम् विशेषताहरूमा यसको रचयिता अज्ञात हुन्छ र यो मौखिक एवं परम्परागत रूपमा रहेको हुन्छ । लोकसाहित्यमा सर्वाङ्गीण सामाजिक परम्पराको उद्वोधन हुन्छ भने यो सचेत अलंकरणबाट मुक्त प्राकृतता रहेको हुन्छ । यसमा कोरा औपदेशिकताको अभाव हुन्छ भने यो ऐतिहासिकता र लोकसंस्कृतिको बाहक रूपमा हुन्छ।

## 7.2 समाज शब्दको अर्थ र परिभाषा

समाजलाई मानिसद्वारा निर्मित एउटा व्यवस्था मानिन्छ। समाज कुनै पनि युगमा एक समान रहँदैन । यो व्यक्ति - व्यक्तिको व्यवस्थाद्वारा परिवर्तन भइ रहन्छ । यसरी मानव संसारमा समाज परिवर्तन सँगसँगै

मानवमूल्यपरम्पराहरू पनि परिवर् तन हुँदै जान्छन् । मूलतः ब्रिटिश औपनिवेशिकरणको कारण सामाजिक मूल्यहरूको सङ्घर्ष तथा सङ्क्रमणको अनेक स्थिति भारतीय समाजमा दृष्टिगोचर छन् । भारतीय समाजलाई अन्धविश्वास, रूढी, स्वर्ग - नर्कमा विश्वास राख्ने सामन्ती युगमा बाँचेको पछौटे समाज मान्न सकिन्छ । प्रारम्भमा यस भारत देशमा मूलरूपमा मुसलमान तथा हिन्दू जाति उपजाति बसोबास -गर्दथे । त्यसमय भारतीय समाज सानो - उँच ,ठूलो - नीच कस्ता जातीय भावना तथा शोषणमूलक भेदभावमा डुबेको थियो।

साम्प्रदायिक इर्ष्या तथा द्वेष, अनेका प्रकारका कुरीति र सामाजिक संस्कार र अश्पृष्टता आदिले समाज बनिएको छ । वास्तवमा यिनै सामाजिक कुरीतिका कारण भारतीय समाजमा त्यससमय शैक्षिक, धारमिक तथा राजनैतिक जागरण आउन नसकेको मानिन्छ । यस समय भारतवर्ष आन्तरिक बेमेल तथा कलहमा डुबेको मानिन्छ । भारतीयहरू यसरी आन्तरिक कलहमा डुबेको मौका पाएर विदेशी अङ्ग्रेज उपनिवेशवादीहरूले भारतको विभिन्न भू - भागमाथि आफ्नो आधिपत्य जमाउन सफल भएका मान्न सकिन्छ । यसर्थ भारतीय समाजशास्त्री सत्यकेतु विद्यांलकरले भारतीयहरूमा ब्रिटिस उपनिवेशवादी दमन र शोषणको विरुद्ध स्वतन्त्रता आन्दोलनको तीव्र भावना उत्पन्न हुनुको मूल कारण ब्रिटिशहरूको भारतीयहरूप्रतिको आर्थिक र सामाजिक शोषणलाई मानेका छन् । उनको यस विचारअनुसार उपनिवेशवादको मूल तात्पर्य आर्थिक शोषण र सामाजिक शोषणमा निहित हुन्छ भन्ने बुझ्नुन्छ।

भारतीय समाजलाई अध्ययन गर्दा यस समय भारतमा वर्ण र जातीय भेदगत् नीतिहरूको उदय भएको देखिन्छ । यही वर्ण र जातीय भेदगत्

नीति र विचारहरूलाई उपनिवेशकहरूले आफ्ना शोषणका मूल अस्त्र बनाएको पनि मानिन्छ । त्यससमय भारतीय समाज शिक्षा जस्तो क्षेत्रमा धेरै पछौटे भएको कारण उनीहरूलाई विभिन्न जातगत् विभेदहरू ब्रिटिश औपनिवेशिकहरूले सजिलै देखाउँन सक्थे । यस्तै सामाजिक औपनिवेशिकको शोषणमा अफ्रीका महाद्वीपका काला वर्णको मानिसहरू पनि पिसिएको मानिन्छ । शारीरिक, बौद्धिक तथा भावनात्मक अस्तित्वका लागि समाजमाथि यति बढी निर्भर छ कि समाजको सीमाभन्दा बाहिर उसका विषयमा विचार गर्नु र त्यसलाई बुझ्नु असम्भव प्रायः छ । यो त्यही नै 'समाज' हो, जसले मानिसलाई भोजन, वस्त्र, आवास, कामको औजार, भाषा, विचारहरूको रूप र त्यसका अधिकांश अन्तर्वस्तु दिन्छ, उसको जीवन वर्तमान र विगतका ती लाखौँ - लाख मानिसको श्रम र कौशलको कारणले मात्रै चलिरहेको हुन्छ, ती सबै मानिस यो छोटो शब्द 'समाज' - को पछाडि हराइरहेका हुन्छन् ।

समाज एकभन्दा धेरै मानिसहरुको समुदाय हो। समाजले एउटै रहन-सहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समुहलाई बुझाउँछ। यसले कुनै विशेष उदेश्य लिएर निर्माण गरिएका संघ, संस्थालाई पनि बुझाउने गर्दछ। उदारणका लागि आर्य समाज, ब्रम्ह समाज, थारु समाज, नेवार समाज, आदिलाई लिन सकिन्छ। उक्त समाज भन्ने शब्द अङ्ग्रेजी शब्द ***Society -*** बाट लिइएको हो। 'समाज' शब्दले गाउँटोल वा सहरका बेग्लाबेग्लै घरमा बस्ने व्यक्तिहरुको समुहलाई बुझाउँछ। समाज समिष्टि हो। मानव परिवारको एकाईहरुको सम्पूर्णता हो। समाज विषयबारे अध्ययन गर्नुलाई समाजशास्त्र भनिन्छ ।

समाजमा विभिन्न कर्ताहरूका समावेश हुने गर्दछन् , जसमा अन्तक्रिया रहने गर्दछ । यस अन्तक्रियाका भौतिक र पर्यावरणात्मक आधार समाजमा स्थापित हुने गर्दछ । सार्वभौमिक आवश्यकताहरूको पूर्ति समाजका अस्तित्वलाई अक्षुण्ण बनाइराख्नका निम्ति अनिवार्य हुँदछ । समाजको संरचनाका निर्धारण विशेष मानवद्वारा नै हुनेगर्दछन् । संयोजक तत्वले समाज र मानव बीच अन्तक्रियाको माध्यम सन्तुलिन वातावरण सिर्जना गर्दछ । यही नियन्त्रण हेतु समाजमा मावको संस्थाकरणद्वारा कर्ताहरूको सम्बन्धहरू तथा क्रियाहरूका समायोजन हुने गर्दछ । यसबाट पारस्परिक सहयोगको वृद्धि हुँदछ भने अन्तर्विरोधी भावहरूलाई शमन गर्ने गर्दछ । सामाजिक प्रणालीमा व्यक्तिको कार्य र पद, दण्ड र पुरस्कर, योग्यता तथा गुणहरूसित सम्बन्धित सामान्य नियमहरू र स्वीकृत मानदण्डहरूका आधारमा प्रदान गरिने गरिन्छ । यस अवधारणाहरूलाई विसङ्गतिको स्थितिमा व्यक्ति समाजका मान्यताहरू र विधाहरूअनुसार आफ्नो व्यवस्थापन गर्न पाउँदैनन र उसको सामाजिक व्यवहार विफल भएर पनि जाँदछ । यस्तो स्थिति उत्पन्न भए उसको लक्ष्यका सिद्धि प्रापत हुन सक्दैन । कारण यही हो कि उसले समाजका अन्य सदस्यहरूका सहयोग प्राप्त गर्न सक्दैनन । यसर्थ समाज भन्ने कुरो मानवको निम्ति अपरिहात्य तत्व मान्न सकिन्छ ।

## 7.3 संस्कृति शब्दको अर्थ र परिभाषा

मानव जीवनको पहिचानका रूपमा रहेको संस्कृतिसँग साहित्यको पनि निकट सम्बन्ध रहेको हुन्छ । प्रायः सबैजसो साहित्यिक कृतिहरूमा पनि कुनै न कुनै ढङ्गले संस्कृति अभिव्यक्त भएको हुन्छ । साहित्यले

संस्कृतिको निर्माण गर्ने र संस्कृतिले साहित्यलाई मार्ग प्रशस्त गर्ने सन्दर्भमा यी दुवै परस्परव्यापी हुन्छन् । कुनै पनि साहित्यमा प्रयुक्त संस्कृतिको अध्ययन -विश्लेषणका लागि सर्वप्रथम संस्कृतिको पहिचान गर्नु आवश्यक हुन्छ ।

कुनै वस्तुलाई परिमार्जन गरेर वा सुसंस्कृत रूप दिएर चम्किलो तुल्याउने काम संस्कृति हो । **संस्कृति** शब्दको निर्माण **कृ** धातुमा **सम्** उपसर्ग र **ति** प्रत्यय लागेर भएको छ । यस शब्दले आफ्ना सन्ततिहरूलाई सुमार्गतर्पm उन्मुख गराउन पुर्खाहरूद्वारा प्रतिपादित विभिन्न खालका क्रियाकलापलाई बोध गराउँछ । हरेक मानव समुदाय कुनै न कुनै ढङ्गले कुनै न कुनै प्रकारको संस्कृतिमा आबद्ध हुन्छ । एउटा जाति वा सम्प्रदायको संस्कृति अर्को जाति वा सम्प्रदायको भन्दा भिन्न हुनसक्ने भएकाले संसारमा संस्कृतिगत विविधता पाइन्छ र यही विविधताका कारण हरेक जातिका चालचलन, रीतिथिति, रहनसहन, आचारविचार, भावना आदिमा पनि विविधता रहेको देखिन्छ । प्रत्येक जातीय संस्कृतिको योगबाट राष्ट्रिय संस्कृतिको निर्माण हुनसक्ने भएकाले जातीय संस्कृति राष्ट्रिय संस्कृतिको अभिन्न अङ्ग हुन्छ ।

कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थनीति, चालचलन, गीत, नृत्य, वाद्यवादन, चाडबाड, जात्रा, कला आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदि झल्काउने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भनिन्छ । धेरै लामो समयदेखि देशकाल सापेक्ष भई आन्तरिक, वैचारिक एवं परम्परागत धारणाका रूपमा विकसित हुँदै समाजले आत्मसात गरिसकेको रहनसहन, आचारविचारसम्बन्धी भावना र तिनका माध्यमबाट कुनै राष्ट्र, वर्ग, समाज, जाति आदिको पहिचान गराउने मूल्यमान्यता, भौतिक

अभिव्यक्तिहरूसमेतको सामूहिक नाम नै संस्कृति हो । यसका साथै संस्कृतिले कला, भाषा, साहित्य, दर्शन, धर्म, नीति, इतिहास आदि विभिन्न विषयको समग्रतालाई पनि बुझाउँछ । संस्कृतिलाई पारम्परिक गीत, नृत्य, वाद्यवादन, चाडबाड, तीर्थ, व्रत, पर्व, धर्म, संस्कार, मूर्तिकला, चित्रकला, वास्तुकला, जात्रा आदिका सन्दर्भबाट पनि अथ्र्याइएको पाइन्छ । परम्परित मूल्यमान्यता, रीतिरिवाज, चालचलन, धर्म, संस्कार, आस्था, व्यवहार, इतिहास पूर्वजन्म, पुनर्जन्म, कर्म, भाग्य, ईश्वरीयता, लोकोक्ति, लोकप्रचलन मात्र नभएर नवसिर्जित मूल्यमान्यता आदि पनि संस्कृतिभित्र पर्न सक्छन् । यसका साथै संस्कृतिको निर्माण गर्न मनोविज्ञानले पनि महत्वपूर्ण भूमिका खेल्छ र सञ्चारका विभिन्न माध्यमहरू पनि संस्कृतिको विकासका संवाहक हुनसक्छन् ।

भौगोलिक स्थिति, रहनसहन, लवाइखवाइ, शिक्षादीक्षा आदिले संस्कृतिमा विविधता पैदा गर्छन् । संस्कृति परिवर्तनशील हुनाका साथै र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरणीय हुन्छ । समयक्रममा देखिने राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रका राजनैतिक-आर्थिक घटना तथा परिवर्तनले पनि संस्कृतिलाई प्रत्यक्ष-परोक्ष प्रभाव पार्दछन् । सामाजिक प्रचलनबोधक संस्कृतिलाई विविधतामय तुल्याउन स्थान, समय, जात, धर्म आदिले पनि महत्वपूर्ण भूमिका खेल्छन् । कुनै ठाउँ, समय, जात र धर्मको संस्कृति अर्को ठाउँ, समय, जात र धर्मका लागि बेठीक, विपरीत र अस्वीकार्यसमेत हुने गरेको पनि पाइन्छ । यसका साथै राम्रो-नराम्रो, असल-खराब, ठीक-बेठीक भन्ने कुरा पनि सापेक्षित हुन्छन् । कुनै स्थान वा जातिविशेषको संस्कृति अर्को स्थान वा जातिविशेषका लागि अनौठो र अग्राह्य हुन पनि सक्छ ।

मूलतः मानव र मानवताको संरक्षण एवं संवद्र्धनका लागि निर्मित साहित्य, कला, दर्शन, सङ्गीतलगायत यावत् गतिविधि र क्रियाकलापहरू तथा मानवीय जीवनपद्धति सबै संस्कृतिभित्रै अटाउँछन् । ज्ञान-विज्ञान दुवैलाई समेट्ने सांस्कृतिक सन्दर्भबाटै मानव जाति र सिङ्गो विश्व मानव समुदाय परिचालित हुनेहुँदा संस्कृतिभित्र मानव समुदायले गर्ने सम्पूर्ण आध्यात्मिक-भौतिक गतिविधि र क्रियाकलाप पर्छन् । राजनैतिक-आर्थिक दृष्टिले संस्कृतिको परिभाषा सामन्तवादी-पूँजीवादी, समाजवादी, प्रजातन्त्रवादी, प्रगतिवादी, जनवादी, साम्यवादी आदि भनेर गरिएको पनि पाइन्छ । कतिपय धार्मिक आस्थाले समेत सामाजिक सम्बन्धको विस्तार गरी विभिन्न संस्कृतिको निर्माण गर्न सहयोग पु¥याउँछ । यसरी अत्यन्त व्यापक र विस्तृत क्षेत्र ओगट्ने संस्कृतिलाई कतिपय सन्दर्भमा देश, काल, जाति, धर्म आदिमा सीमित गरेर हेर्ने अवस्था पनि रहनसक्छ, तर त्यसरी हेर्दा पनि यसको व्यापकतालाई भने भुल्नु हुँदैन ।

## 7.4 लोक साहित्यको सामाजिक पक्ष

वर्तमानमा लोकसाहित्य मानवका समाजबाटै हराउदै गएको देखिन्छ । समाजको सामूहिक अभिव्यक्तिका रुपमा लिइने लोकसाहित्यले मानिसलाई नैतिकताको बोध गराउदै राष्ट्रिय एकताको भावना जगाउने भए पनि पछिल्लो समयमा यस्ता साहित्य लोप हुँदैगएका प्रतीत हुन्छ । जाति विशेषका कम शिक्षित समुदायमा प्रचलित लोकप्रिय रीतिस्थिति, परम्परा, संस्कृतिलगायतको अभिव्यक्ति मानिने लोकसाहित्य समाजबाटै हराउन थालेको देखिन्छ ।

लोकसाहित्यको सजेरा र संरक्षणबारे सर्वप्रथम समाजबाटै सठिक पहल हुनु जरूरी देखिन्छ । मानिसक बस्ने देश - विदेशमा लोकसाहित्यको

महत्व दर्शाउदै आधुनिक पुस्तामा यसको प्रचार - प्रसार, विकास, अध्ययन परम्परा र अनुसन्धानमा एकरुपता ल्याउने उद्देश्का साथ यो गोष्ठी आयोजना गरिएको हुनुपर्दछ । विश्वविद्यालयमा नेपाली साहित्य पढ्ने तथा पढाउने व्यक्तिले लोकसाहित्यको अध्ययन गरेको भए पनि तिनको सविस्तार सोलोडोलो अध्ययन हुनसकेको छैन । लोकसाहित्य अन्तर्गत लोकगीत, लोकगाथा, लोककबिता, लोक काव्य, लोककथा, उखान टुक्का, गाउँखाने कथा पर्ने गोष्ठीका प्रचार - प्रसार हुनु आवश्यक देखिन्छ। नेपालमा लोकसाहित्यको अध्ययनको परम्परा भने लामो समयदेखि हुँदै आएको पाइन्छ । तर यसको समरक्षण भने समाजबाटै नभएकोले आज यो लोप हुने स्थितिमा पुगेको देखिन्छ ।

नेपाली समाजका विभिन्न जातीय, धार्मिक र भाषिक समूहमा लोकपरम्पराहरू अत्यन्त शक्तिशाली रहेका छन् । लोक परम्पराभित्र सम्बन्धित जातीय, धार्मिक वा भाषिक समूहमा धर्म, चाडपर्व, नृत्य सङ्गीत जन्म विवाह मृत्यु जस्ता घटनाहरूलाई लिने र तिनलाई मान्ने वा ग्रहण गर्ने परम्परा र प्रक्रियाहरू पर्दछन् । पूर्वीय संस्कृतिको नेपाली समाजका प्रत्येक व्यक्तिहरू आफ्ना आमाबुबाको विवाहदेखि नै कुनै न किसिमको धार्मिक वा सांस्कृति कर्मकाण्ड हुँदै अघि बढ्ने परम्पराबाट गुज्रने हुँदा धर्म र संस्कृतिको बलियो हस्तक्षेप रहेको हुन्छ । नेपाली संस्कृतिमा अधिकांश जातीयता र सांस्कृतिक समूहमा गर्भाधारण पछि दही चिउरा खुवाउने परम्परा रहेजस्तै क्रिश्चियन युरोपियन समाजमा द्यबदथ क्यधभच को प्रचलन हुन्छ ।

नेपाली परम्परामा सुस्वास्थ्य र सफल जन्मको कामना गर्दै आशीर्वाद र शुभकामना दिँदा केही महत्त्वपूर्ण खाद्य पदार्थ खुवाउने गरिन्छ भने अङ्ग्रेजी र युरोपियन परम्परामा गर्भवतीलाई र उसको हुनेवाला बच्चालाई

आवश्यक लत्ताकपडा र खेलौनाहरू समेत दिइन्छ । गर्भधारण पछि जब बच्चा जन्मन्छ त्यसपछि छैँठी, न्वारान, व्रतबन्ध, विवाह, चौरासी पूजा (भीमरथारोहण) लगायतका अनेक कर्मकाण्डहरू धार्मिक मान्यता अनुसारकै परम्परामा प्रत्येक समुदायले पालन गर्दै आउँछ । जन्मदेखि नै कर्मकाण्ड, सांस्कृतिक परम्परा र सो परम्परा सुहाउँदो लुगाफाटो, खानपिन र ढोगभेट, भेटघाटको परम्परा व्यक्तिले पालन गर्छ । व्यक्तिमा प्रत्येक गतिविधि उसको सांस्कृतिक चेतना अनुरूप नै रहने हुँदा उसको लेखनमा पनि आफु जन्मेको समाजका क्रियाकलाप र सांस्कृतिक समझहरू ऊजागर हुनु स्वाभाविकै हो । बहुधार्मिक, बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक समाजमा साहित्य सिर्जनामा पनि व्यक्ति र समाजले भोग्ने सांस्कृतिक बिम्बहरू देखा पर्नु वा सांस्कृतिक प्रभाव अभिव्यक्त हुनु सामान्य नै हो । नेपाली आख्यानमा पनि सांस्कृतिक विविधताका आयामहरू फरक सांस्कृतिक समुदायका व्यक्ति लेखकका रचनामा स्पष्टतः दृष्टिगोचर हुन्छन् । बहुसांस्कृतिक र बहुभाषिक समाजका अधिकांश व्यक्तिहरू बहुभाषिक छन्, अधिकांश चाडपर्व र संस्कृति साझा रहेका छन् र एक अर्काका सांस्कृतिक परम्परा राम्ररी बुझ्छन् ।

भनिन्छ, अङ्ग्रेजी भाषी संसार विश्वभर फैलेको छ । अमेरिका, क्यानडा, अस्टे«लिया, बेलायत जस्ता मूल अङ्ग्रेजी भाषी राष्ट्रहरूसँगै अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका धेरै देशमा ठुलो अङ्ग्रेजी भाषी समुदाय छ र अङ्ग्रेजी पठन, लेखनको परम्परा शक्तिशाली रही आएको छ । तर अमेरिकी अङ्ग्रेजी, बेलायती अङ्ग्रेजी, भारतीय अङ्ग्रेजी, मोरिससको अङ्ग्रेजी, अफ्रिकी अङ्ग्रेजी र श्रीलङ्काको अङ्ग्रेजी लेखनमा भाषा बाहेक अन्य सबै विषयहरू फरक देखिन्छन् । भाषिक बाहेक अन्य सांस्कृतिक

फरक विश्वव्यापी अङ्ग्रेजी भाषाको साहित्यमा स्पष्ट देखिन्छ । नेपाली भाषामा लेख्ने लेखकहरू विभिन्न धार्मिक, जातीय, भाषिक, सांस्कृतिक र क्षत्रीय परम्परा साथ आउँछन् र आप्mनो परम्परा र संस्कृति अनुसार नै रचना गर्छन् । उनीहरूले प्रयोग गर्ने बिम्ब प्रतीक, जीवन र प्राकृतिक चित्रणमा त्यस्तो मौलिकता स्पष्ट दृष्टिगोचर हुन्छ ।

भवानी भिक्षुले गरेको सामाजिक स्थितिको चित्रण गोविन्द गोठाले, विजय मल्ल, रमेश विकल, पासाङ गोपर्मा वा काजीमान कन्दङ्वा कसैसँग पनि मिल्दैन । त्यस्तै नेपालको नेपाली भाषामा लेखिने कतिपय सांस्कृतिक र जातीय बिम्बहरू नेपाल बाहिर खास गरी भारतीय नेपाली भाषीहरूका प्रयुक्त बिम्बसँग स्पष्टै छुट्टिन्छन् । तर नेपाल भित्रका भाषिक, जातीय र सांस्कृतिक समूहका नेपाली वा नेपाली बाहेककाभन्दा भाषाका रचनामा केही सांस्कृतिक बाहेक अन्य बिम्बहरू एकनास नै रहेको यथार्थका कारण नेपाली जातिको सांस्कृतिक सम्वाद र मिश्रण एक हदसम्म हुन सकेको कुरा लोकसाहित्यका विविध विधाहरूमा स्पष्टै देख्न सकिन्छ ।

## 7.5 लोक साहित्यको सांस्कृतिक पक्ष

लोकसाहित्यमा विभिन्न जातिका लोक संस्कृतिका अनेक पक्षहरूको रचनात्मक आरोपण गरिएको हुन्छ । भाषा, भेषभुषा, खाना, गीतसङ्गीत र नृत्य र पेशाका अनेक भँगालामा बाँडिएको मानव समाज यही विविधताबाट शक्ति प्राप्त गरेर राष्ट्रिय मूलधारमा हेलिएको छ । यस सन्दर्भमा संस्कृतिको अर्थ, आख्यानमा यसको चेतनाको प्रयोग र प्रभाव जस्ता विषयको साथसाथै प्रगतिशील संस्कृति, साइबर संस्कृति, कृषि संस्कृति, छुवाछुत र दलित संस्कृति जनजातीय तथा क्षेत्रीय संस्कृति, नारीवादी संस्कृति आदि संस्कृतिका सङ्केतहरू नेपाली आख्यानमा कसरी

प्रयोग गरिएका छन् तथा मूलभूत रचनाकारहरूको रचनाबारे पनि संक्षिप्त प्रकाश पारिएको छ । सांस्कृतिक चेतना लोकसाहित्यको मूल्यको पहिचान रहेको हुनाले समकालीन सन्दर्भको महत्त्वपूर्ण घटकको रूपमा संस्कृतिले लोकसाहित्यमा स्थान बनाएको हुन्छ ।

लोकसाहित्य आधुनिकताबाट यात्रा प्रारम्भ गर्ने विशिष्ट विधा हो । यसले प्रत्येक जातिका संस्कृत काव्यशास्त्र वा अन्य सौन्दर्यशास्त्रीय परम्पराको हात समातेर जीवनयात्रा प्रारम्भ गर्नु गर्दछ । विश्वकै अत्याधुनिक चेतना र सृजन परम्पराको आलोकमा नयाँ विषय, चेतना र सृजन पथको यात्रा प्रारम्भ यसमा भएको हुन्छ । नेपाली लोकसाहित्यको क्षेत्रमा कुरा गर्दा लगभग पाँच हजार वर्षको सेरोफेरोबाट नयाँ समयको नयाँ मूल्य र जीवन दृष्टिको रचनात्मक आरोपण लोकसाहित्यमा भएको पाइन्छ । लोकसाहित्य मात्र नभएर आख्यान विधाभित्र सामान्यतया नाटक, उपन्यास र कथाहरूमा पनि नेपाली संस्कृतिको साँचो चित्रण भएको पाइन्छ । मूलतः लोकसाहित्यमा सांस्कृतिक चेतनाको चर्चा गर्ने प्रयत्न विभिन्न नेपाली विद्वानहरूले आ - आफ्नै रूपमा गरेका छन् । यद्यपि साहित्यका अन्य विधाहरू कविता, कथा, नाटक र उपन्यासका क्षेत्रमा भन्दा लोकसाहित्यको क्षेत्रमा भने जस्तो सांस्कृतिक पक्षको समुद्धाचन भएको पाइन्न ।

नेपाली संस्कृतिको सबैभन्दा ठूलो शक्ति यसको शक्तिशाली श्रुति र स्मृति सहित प्रवाहमान लोक चेतनालाई मान्नु पर्दछ । नेपाली रचनाकारहरूले आख्यान रचनामा नेपाली संस्कृतिको यही शक्तिशाली सिर्जनात्मकता, मौलिकता र जनपक्षधरतालाई आधारको रूपमा प्रयोग गरेका छन् । नेपालका सबै भाषाका लिखित र मौखिक रचनाकार आफ्नो भाषिक र सांस्कृतिक परिवेश, मूल्य, विश्वास र स्थानीयताका विविधता

र जमिनसँग जोडिएका भोगाइहरूलाई रचनामा सामेल गर्न प्रतिबद्ध छन् । नेपाली आख्यानमध्ये नाटकका क्षेत्रमा केही पद्य नाटकहरू वि.सं. 1991 अगावै देखिएका र मञ्चन भएका समेत देखिन्छन् । केही अनुवाद नाटकहरू गद्यमै पनि राजा महाराजाका डबलिमा मञ्चन भएको इतिहास रहेको छ । तर मौलिक र नेपाली भाषाको नयाँ चेतनाको नाटक पनि समको 'मुकुन्द इन्दिरा' र रिमालको 'मसान' मै खोज्नु पर्ने भएकोले नाटक, कथा र उपन्यासको प्रारम्भताकाको रूप नितान्त नयाँ नै हो भन्न सकिन्छ ।  नेपाली लोकसाहित्यमा सांस्कृतिक चेतना विषयमा लगभग लेखिएकै छैन । थोर बहुत अध्ययन भएको भए तापनि त्यो अत्यन्त प्रारम्भिक खालको मात्र छ । यस पत्रमा नेपाली लोकसाहित्यको समकालीन परिदृश्यमा सांस्कृतिक चेतनाको आरोपण बारे अध्ययन गर्ने प्रयत्न विभिन्न लेखकहरूले गरेका छन् ।

लोकसाहित्यको सांस्कृतिक पक्षलाई अध्ययन गर्नु भन्द पूर्व **संस्कृति** शब्दको अवधारणालाई स्पष्ट गर्नु यहाँ उचित देखिन्छ । नेपाली बृहत् शब्दकोश अनुसार संस्कृति भन्नाले 'परिस्कार वा परिमार्जन, कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल तथा बौद्धिक विकास आदिमा प्रतिबिम्बित हुने सम्पूर्ण क्रियाकलापको परिस्कृत रूप, धेरै समयदेखि देशकाल सापेक्ष भई आन्तरिक वैचारिक तथा परम्परागत धारणाका रूपमा विकास हुँदै आएको र आचार विचार रहनसहन आदिका माध्यमले कुनै राष्ट्र समाज जाति आदिको स्वरूप खुट्टिने यावत मान्यता, भावना, चिन्तन मनन्, मौलिक अभिव्यक्तिहरू समेतको समूह वा साधन, कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभन्नि विषय वा मूल्य परम्पराको समष्टि नाम (**नेपाली बृहत् शब्दकोश**, वि. सं. 2040, पृ. सं.

12८0) । संस्कृतिको क्षेत्र यस बाहेकका अनेकौँ अर्थहरूभित्रका सक्रियता र कार्यहरूका अन्तर्निहित तात्पर्यहरूबाट विस्तारित र निरन्तर प्रवाहित रहेको देखिन्छ ।

संस्कृतिलाई मूलतः दुईवटा श्रेणीमा विभाजन गर्न सकिन्छ । ती हुन् -

क. परम्परागत वा स्थापित संस्कृति, जसलाई आत्मिक संस्कृति पनि भनिन्छ ।

ख. निर्मित संस्कृति, जसलाई भौतिक संस्कृति समेत भनिन्छ ।

नेपाली बृहत् शब्दकोशले उल्लेख गरेको संस्कृति परम्परागत स्थापित संस्कृति हो भने समय क्रममा मानिसले वा मानव समाजले सृजना, निर्माण, उत्पादन वा आविस्कार गरेको भौतिक र चिन्तनगत संस्कृति निर्मित संस्कृति हो । आत्मिक संस्कृतिभित्र नै अनेक धार्मिक, जातीय वा क्षेत्रीय विश्वासका आधारमा विकसित धार्मिक शास्त्र, कर्मकाण्ड र अनुष्ठान लगायतका लोकाचार, सदाचार, साहित्य कला सङ्गीत र अन्य कलाकौशलहरू पनि पर्दछन् । पछिल्लो समय संस्कृतिका भेद-उपभेदहरूलाई अझ ससानोमा टुक्र्याइ अध्ययन गर्ने परिपाटी र विशेषज्ञताको चिन्तन सुरू भएको छ । जसले गर्दा संस्कृतिको अध्ययन टुक्राहरूमा विभाजित गरि गहिरोसँग हेर्ने परिपाटी सक्रिय रहेको छ । आत्मिक संस्कृति लामो अनुभव, चिन्तन र परिक्षणबाट बन्ने हुँदा यो लामो समयसम्म टिक्छ । निर्मित संस्कृति भने छोटो अवधिमा बन्छ र छोटो अवधिमै हराउँछ पनि । सभ्यता र संस्कृतिलाई भिन्नै अर्थका ठान्नेहरूको सङ्ख्या पनि कम छैन । तर धेरैको मतमा सभ्यता संस्कृतिको भौतिक विकास मात्र हो । र संस्कृति जिर्ण वा असफल भए पछि सभ्यताले जन्म लिन्छ । धेरैले संस्कृतिलाई जीवन दृष्टि, मूल्य र परिवर्तनशील सामाजिक अग्रगमनको रूपमा पनि स्वीकार्छन् । टाइलरले

संस्कृतिलाई 'एक जटिल समग्रता जसमा ज्ञान, विश्वास, कला, आचार, कानुन, प्रथा तथा यस्तै अन्य क्षमता र आदतहरू समाविष्ट हुन्छन् र मान्छेले यसलाई समाजको सदस्य हुनुको नाताले प्राप्त गर्दछ' (टाइलर, इ. वि. 1८74 ः 1) । संस्कृतिमा केही विशेषताहरू निम्न बमोजिम रहेका छन् -

क. संस्कृति पूर्णतः सामाजिक सिकाई र अनुभवमा आधारित हुन्छ । यसको चरित्र पुरै सामूहिक हुन्छ र प्रयोग सङ्गठित र व्यवस्थित रूपमा गरिन्छ । संस्कृतिको एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुने गुण हुन्छ । कुनै पनि समाजको सामूहिक जीवन विधि अन्तर्निहित रहन्छ ।

ख. संस्कृतिमा अनुकूलनको क्षमता पनि हुन्छ । भूगोल र परिस्थितिसँगै संस्कृतिको अनुकुलनले नै जीवन र जीवनको कार्यव्यापार सम्भव तुल्याउँछ ।

ग. संस्कृति परिवर्तनशील हुन्छ । समाज विकासको प्रक्रियामा लामो समय लिए पनि संस्कृति परिवर्तनशील हुन्छ ।

घ. संस्कृति मनुष्यको आवश्यकताको पूर्तिको साधन पनि हो ।

ङ. संस्कृतिमा एकरूपता हुँदैन । प्रत्येक समाजका विशिष्टताले गर्दा र एकभन्दा अर्को समाज भिन्न भएकोले पनि संस्कृतिमा भिन्नता देखा पर्दछ । संस्कृतिमा एक आपसमा जोड्न सक्ने समानताका सूत्रहरू पनि विद्यमान रहेका हुन्छन् । संस्कृतिले नै मानिसलाई सामाजिक प्राणीका रूपमा विकास गर्न सहायता पु¥याउँछ ।

च. संस्कृतिको विकासका निश्चित आधार हुन्छन् । यो शुन्यमा जन्मँदैन । यसको विकास उत्पादन र श्रम सम्बन्धबाट हुन्छ । उत्पादन सम्बन्धमा परिवर्तन आउँदा सस्कृतिमा पनि परिवर्तन आउँछ । आर्थिक व्यवस्था संस्कृतिको आधार हो भने साहित्य, दर्शन, कानुन, कला आदि

विचार र दृष्टिकोणका विविधता चाहिँ अधिरचनाहरू हुन् । अधिरचनाको रूपमा रहेको संस्कृतिमा परिवर्तन हुँदा आधारमा परिवर्तन हुन जान्छ ।

छ. संस्कृतिको चरित्र वर्गीय र सासकीय दुवै हुन्छ । यसले राजनीतिक प्रभुत्व र वर्गाधारसँग जोडिएर शासक वर्गको संस्कृतिको विस्तार गर्छ र अन्य संस्कृतिको दमन पनि गर्दछ ।

नेपालको संस्कृतिमा संस्कृतिको विस्तार र अर्को संस्कृतिको दमनका कुराहरू प्रशस्त उठेका देखिन्छन् । सानो माछालाई ठुला माछाले खान्छ र ठुलो माछालाई मारेर मान्छेले खान्छ भनेझैँ शासक र उच्च वर्गीय संस्कृतिले अन्य संस्कृतिलाई दमन गर्दछ । शासक एवं उच्चवर्गीय संस्कृति पनि बाह्य संस्कृतिबाट दमन गरिन्छ । बाह्य दमनका रूपमा शक्तिराष्ट्रको प्रत्यक्ष दबाब मात्र होइन भूमण्डलीय पुँजीका अन्य प्रत्यक्ष र अप्रत्यक्ष साधनहरू पनि दमनकारी शक्तिको रूपमा पर्छन् । आजको वर्चश्वकारी पुँजीवादले सामरिकभन्दा सांस्कृतिक हस्तक्षेप सघन बनाउँदै लगेको छ र यस सिलसिलामा उच्चवर्गीय संस्कृति र सत्ता स्वार्थसँग घाँटी जोड्न लागेको प्रत्यक्षतः देखिन्छ । संस्कृतिमा हस्तक्षेप, दमन र आक्रमण जति बढ्छ, प्रतिरोधको शक्ति पनि त्यसरी नै बढ्छ । प्रतिरोधको वा प्रतिपक्षको संस्कृतिको पक्षधरता नै नेपाली कथा परम्पराको प्रमुख स्वर रहँदै आएको छ । कथा नाटक र उपन्यास तिनवटै विधामा सांस्कृतिक प्रतिरोध बलियो रहेको र शास्त्रीयता तुलनात्मक रूपमा कमै रहेको देखिन्छ । सृजनाको सापेक्षमा आलोचना कमजोर रहेको र सिर्जनाको सापेक्षमा आलोचना शास्त्रीयतापरस्त समेत रहेको स्थितिमा पनि नेपाली आख्यानको प्रतिरोध क्षमता निकै शक्तिशाली देखिएको छ ।

सांस्कृतिक अध्ययनलाई पछिल्लो समयमा उत्तर आधुनिकतावादी र नव माक्र्सवादीहरूले निकै जोडका साथ अघि बढाएका छन् । उत्तर आधुनिकतावादीहरू बहुलवादी प्रवृत्तिको आधारमा र अन्तर्विषयक अध्ययन पद्धतिको रूपमा सांस्कृतिक अध्ययनलाई बहुपक्षीय र बहुमार्गी समेत मान्छन् भने माक्र्सवादी अवधारणालाई एकलवादी । प्रा. मोहनराज शर्मा माक्र्सवादी अवधारणालाई आलोचना गरिरहनु भएको छ 'साइबर (उत्तर आधुनिक) समालोचना बहुलवादी हो भने माक्र्सवादी एकलवादी, एकलवादीले आफ्नो गोरूको बाह्रै टक्का गर्ने हुँदा अरूका जुनसुकै कुरालाई पनि अमान्य गर्छ । प्रगतिवादीले साइबर समालोचनाको विरोध गर्नु पनि यही एकलवादी दृष्टिकोणको परिणाम हो' (मोहनराज शर्मा, समकालीन साहित्य, पूर्णाङ्क 72 ः 110) । त्यस्तै नवमाक्र्सवादी मत वर्ग, वर्ण र आर्थिक पक्षसँग संस्कृतिलाई जोड्छ । 'समाज, लिङ्ग, जाति, धर्म, क्षेत्रसँगै वर्गबिचको द्वन्द्वबाट सञ्चालित छ र संस्कृतिले अर्थव्यवस्थाले जस्तै त्यही रूपमा जनतामा पहिचानको चेतनालाई आकार दिन्छ' (ताराकान्त पाण्डेय, भृकुटी पूर्णाङ्क 19, पृ. 172-193) । राजनीति, लैङ्गिकता, जनजातियता, कलाका विविध रूप र चरित्रहरू, पहिचानका अनेक रूपहरूसँग जोडिएर अहिले संस्कृतिको व्यापक अर्थ विस्तार भएको छ । विड्नेको मतमा संस्कृतिका चार घटक हुन्छन् -

1. कृषि सम्बन्धी
2. मन सम्बन्धी
3. प्रविधि सम्बन्धी
4. समाज सम्बन्धी

यी चारवटा घटकभित्र संस्कृतिको समग्रता अटाउँछ । राल्फ टर्नरले 'मूलतः भाषा र अन्य प्रतीकहरू मार्फत प्राप्त हुने धनराशी संस्कृति हो '

भनेका छन् । संस्कृतिको उदय हुनुमा भाषाको केन्द्रीय महत्त्व त छँदैछ । संस्कृतिका अधिकांश कुरा र लक्षणहरू भाषाबाट नै उद्घाटित र विस्तार हुन्छन् भन्ने कुरामा अविश्वास गर्न सकिँदैन ।  सभ्यता र संस्कृति एउटै हुन् वा बेग्लै हुन् भन्ने कुराको विवेचना पनि महत्त्वपूर्ण ठहरिन्छ । सभ्यता गणना गर्न सकिने र दैनिक जीवनमा प्रयोग गर्न सकिने विषयहरूको उपयोगितासँग सम्बन्धित छ । यसले गर्दा सभ्यता तुलनात्मक रूपमा चलायमान र संस्कृति अपेक्षाकृत स्थिर विषय पनि भन्न नसकिने होइन ।

संस्कृतिलाई अघि बढाउन प्रयास गर्नु पर्छ भने सभ्यता विना प्रयास पनि अघि बढ्छ । यस्तै लोकप्रिय संस्कृति सनसनीपूर्ण हुने भएकोले विना प्रयास विना विज्ञापन फैलने चरित्रको हुन्छ । प्रथम विश्वयुद्धदेखि सन् 1930 को महामन्दी र द्वितीय विश्वयुद्धको बिच र पछि विश्वमा ठुलो आर्थिक र राजनीतिक परिवर्तन भयो । हजारौँ वर्षदेखि एकाधिकार साथ सञ्चालनमा रहेको पुँजीवादी व्यवस्थाको विकल्पको रूपमा वैज्ञानिक समाजवादी विश्व दृष्टिकोण एकैसाथ प्रस्तुत भयो । यसले अर्थतन्त्र, दर्शन, संस्कृति र परम्परागत मूल्यलाई हेर्ने दृष्टिकोण पनि नवीन बोकेर आएकोले यसका व्यापक प्रभावहरू परे । रेडियो, सिनेमा, टेलिभिजन र तारयुक्त र वेतार सञ्चार साधनले नयाँ संस्कृतिलाई जन्म दिए । द्वितीय विश्वयुद्ध पछि पुँजीवादी र समाजवादी शिविरमा गहिरिएको शितयुद्धले व्यापक निरासा एकातिर देखाप¥यो भने अर्कोतिर साम्राज्यवाद र उपनिवेशवाद विरूद्ध समाजवादी शिविरको नेतृत्वको अन्तर्राष्ट्रिय जागरणले सयौँ देशहरू उपनिवेशबाट मुक्त भए । फलस्वरूप जाति, जनजाति, क्षेत्र, लिङ्ग र वर्गीय विषयहरू बहसमा आउन थाले । पुँजीवादी संस्कृतिको वर्चश्वलाई चुनौती दिन समाजवादी संस्कृति देखा

प¥यो भने सूचना प्रविधि, आर्थिक उत्पादन, वर्ग र श्रम सम्बन्धको नयाँ संस्कृतिले नै पुरै विश्वलाई चलायमान पाएको अनुभव हुन्छ ।

विभिन्न नाममा सांस्कृतिक राष्ट्रवाद, सांस्कृतिक पुनरूत्थानवाद र फाँसीवादका अतिवादी स्वरहरू नेपाली आख्यान वा साहित्यमा देखिन थालेका छन् । साम्प्रदायिकता, उपभोक्तावाद, प्रविधिको गौरवमण्डन, व्यक्तिवादी संस्कृति र पम्परागत मूल्यको विघटन नेपाली साहित्यमा विस्तारै देखिँदै आएका छन् । उत्तर आधुनिकताको नाममा आएको सूचना प्रविधि र साइबर संस्कृतिको तिव्र विकास हुँदैछ । खासगरि डायस्पोरिक साहित्यको मूल हिस्सा अनलाइन श्रोतबाट उत्पादन र प्रचार प्रसार भई रहेको छ । अनलाइन साहित्यको एउटा पुस्ता नै जन्मेको भन्दा पनि हुन्छ । लेख्नासाथ प्रविधिले प्रत्येक कम्प्युटर स्क्रिनमा पु¥याउने अनलाइन संस्कृतिको साहित्यले तुरून्तै प्रतिक्रिया पाउने, फैलने आलोचना प्रत्यालोचना प्राप्त गर्ने हुँदा यो तत्क्षण सम्पेक्षणमा शक्तिशाली देखिएको छ । अनलाइन बिक्रीको लागि आजका अधिकांश साहित्यिक रचनाका डिजिटल भर्सन उपलब्ध छन् । खासगरि उपन्यास र कथा यसरी डिजिटल भर्सनमा सर्वाधिक बिक्री हुने पुस्तकहरूमा पर्छन् । साइबर संस्कृति विस्तारै पुस्तक प्रकाशन, मार्केटिङ र बिक्री वितरणको महत्त्वपूर्ण श्रोतको रूपमा स्थापित हुँदैछ ।

हिन्दु वर्णाश्रम धर्मका चार जातको वर्गीकरणमा तल पारिएको दलित समुदाय शताब्दीयौँदेखि जातीय भेदभाव र छुवाछुतको भेदभावले पीडित रहेको छ । वि. सं. 2021 सालका नेपालको मुलुकी ऐनमै जातीय भेदभाव गैरकानुनी गराइए पनि समाजबाट यस्तो नकारात्मक संस्कृति हट्न सकेको छैन । यस पृष्ठभूमिमा टि. आर. विश्वकर्मा, जवाहर रोका, रविमान लमजेल, आहुति, धनकुमारी सुनार आदिका भुक्तभोगी कलमबाट

निस्केका जातिभेद छुवाछुत विरोधी साहित्य महत्त्वपूर्ण छन् । आहुती र खगेन्द्र सङ्ग्रौलाका दलित चेतनाका सक्रिय प्रतिरोध र दलित चेतनालाई उठाउन आर्थिक - सामाजिक सक्रियताको आवश्यकता बोध गराउने रचनाहरू नेपाली आख्यानका महत्त्वपूर्ण प्राप्ति हुन् । दलितका पक्षधर प्रशस्त रचनाहरु अहिले नेपाली साहित्यमा देखिएका छन् । नेपाली साहित्यमा अहिले निजी क्षेत्रका प्रकाशन गृहहरूको शक्तिशाली उपस्थिति हुन पुगेको छ । साझा प्रकाशनको पतन र नेपाल एकेडेमीको नयाँ सृजनात्मक सङ्ग्रहहरू कम छाप्ने निर्णयले सामान्य लेखकहरू प्रभावित हुन पुगेका छन् । नयाँ प्रकाशन गृहहरूले उपन्यास, कथा, निबन्ध र संस्मरणका पुस्तकहरू भव्य कलेवर र साजसज्जामा प्रकाशन मात्र गरेका छैनन्, विज्ञापन, प्रचार प्रसार, समीक्षा, मार्केटिङका अनेक शैलीहरू प्रयोग गरेर लक्षित समूहसम्म पुराएर ठुलो सङ्ख्याका पुस्तक बेच्ने संस्कृतिको पनि प्रारम्भ गरिसकेका छन् । यसले गर्दा लोससाहित्यका अतिरिक्त उपन्यास, कथा, निबन्ध र संस्मरण निबन्धका नयाँ र व्यावसायिक सम्भावनाहरू पनि देखिएका छन् ।

लोकसाहित्यको संस्कृतिक पक्षलाई आफ्ना कृतिहरूमा उजागर गर्ने नेपाली लेखकहरूमा ध्रुवचन्द्र गौतम, खगेन्द्र सङ्ग्रौला, भाउपन्थी, हरिहर खनाल, प्रदीप नेपाल, नारायण ढकाल, नयनराज पाण्डे, शारदा शर्मा, मनिसा गौचन, उमा सुवेदी, आन्विका गिरी, अमर न्यौपाने, युग पाठक, कमल नियोल, राजन मुकारूङ, ऋषिराज बराल, विमल सुवेदी, आहुति, बुद्धिसागर, ब्रजेश खनाल आदिका लेखनमा सक्रिय, अर्थपूर्ण र सांस्कृतिक चिन्तन सहितको उपस्थितिले लोकसाहित्यको रूप, गुण र बजार समेत प्रभावित हुन पुगेको छ । त्यस्तै नाटकमा मोहनराज शर्मा, अभि सुवेदी, अविनाश श्रेष्ठ, अशेष मल्ल, गोपी सापकोटा, किशोर पहाडी,

गोविन्द सिंह राउत, शार्दूल भट्टराई, राजव, खगेन्द्रराज सिटौला, विप्लव ढकाल, रमेश रञ्जन, रोशन सुवेदी, कृष्ण शाह यात्री लगायतको सक्रियता रहेको छ । लोक नाट्य क्षेत्रमा खास काम भएको देखिँदैन प्रस्टमा, तर गाउँगाउँमा सक्रिय लोक नाट्य परम्परा भित्रभित्रै सक्रिय रहेको छ । नाटक लेखनकै हाराहारीमा मञ्चनका प्रयास पनि भइरहेका छन् । तर नेपाली भाषाको रङ्गमञ्च मूल रूपमा विकासे संस्कृतिबाट प्रभावित र लगानी समेत प्राप्त गर्ने क्रममा विदेशी नाटकको अनुवादलाई मञ्चन गर्ने क्रममा मूलतः संलग्न देखिएको छ । रङ्गमञ्च एक वर्गको सोखको विषयको रूपमा विकास हुनु त्यति राम्रो होइन ।

नेपाली भाषाका विपरित नेवार, मैथिली, भोजपुरी र अवधि भाषाका लोक परम्परा शक्तिशाली भएको कारण ती भाषाका संस्कृतिको नाटक, नृत्य र रङ्गमञ्च अहिले पनि प्रभावशाली र सांस्कृतिक सम्पन्नतायुक्त रहेको कुरामा भने सन्तोष मान्न सकिन्छ । ग्रामीण क्षेत्रमा प्रचलित नाट्यशिल्पहरू क्रमशः लोप हुँदैछन् । प्रदर्शनकारी संस्कृति अहिले सबैतिर सङ्कटमा परेको देखिन्छ । विवाह, व्रतबन्ध, पुजाआजा, षष्टिपूर्ति, चौरासीपूजा, तिज, दशैँ, तिहार, उधौली उभौली, चण्डी लगायतका लोक चाडपर्वहरू खर्चिला र संस्कृतिभन्दा पनि प्रदर्शनकारी ज्यादा देखिन थालेकोले यसको सांस्कृतिक असरबारे चिन्ता गर्नु पर्ने देखिन्छ ।

नेपाली लोकसाहित्यमा प्रारम्भदेखि नै विभिन्न किसिमका सांस्कृतिक सङ्केतहरू राम्रोसँग बुनिएका, टिपिएका छन् । यस्ता साहित्यले खास गरि सहरी मध्यमवर्गका अर्थ सामाजिक र मनोवैज्ञानिक विषयमा मात्र हस्तक्षेप गरेको वा कथ्यको रूपमा प्रयोग गरेको परिप्रेक्ष्यमा सांस्कृतिक सरोकार राख्दै नराखेको होइन, केही कम भने निसन्देह हो । तर जति कथा उपन्यास र नाटकमा सांस्कृतिक सरोकार राखिएको छ, तिनमा

टिपिएको सांस्कृतिक सचेतता र बिम्ब महत्त्वपूर्ण र अग्रगामी रहेको छ । त्यतिको लोकसाहित्यमा भने भएको पाइन्न । आगामी दिनमा संस्कृति सचेत आख्यान सिर्जना बढ्ने कुरा निश्चित छ । तर आख्यानमा नेपालको जनजातीय संस्कृतिका बिम्बहरू, प्राकृतिक सम्पदा, कृषि पशुपालन र परम्परागत उद्योग व्यापार तथा जनताको जीवनशैलीको समग्रताभन्दा व्यक्ति भित्रका कुण्ठा, घुुटन र मानसिक उहापोह व्यापक रूपमा देखिएको कुराले आख्यानको अग्रगमनलाई कुन रूप दिन्छ हेर्न बाँकी छ । सांस्कृतिक चेतनालाई दलालीको तथा पद र प्रतिष्ठा पाउने विषय बनाइएका गौँण घटनाले दीर्घकालमा सांस्कृतिक उत्थानमा बाधा पार्ने कुरा पनि मध्यनजर राख्नुपर्ने विषय हो ।

नेपाली लोकसाहित्यमा संस्कृतिसँग जोडिएर झन् मौलिक झन् जनमुखी र झन् अर्थपूर्ण हुन पुगेको कुरा एकातिर राख्ने हो भने पनि अर्कोतिर सिर्जनात्मकताले जमीन भेटेको र जमीन तथा जमीनका सहयात्रीहरूको आन्तरिक र बाह्य शक्ति, सङ्कट, पीडा र प्रतिरोधको केन्द्रमै घुमेर आफ्नो सिर्जनात्मक उन्मेशको प्रकटीकरण हुन पुगेको यथार्थले आगामी दिनमा सांस्कृतिक चिन्तन लोकसाहित्य रचनाको केन्द्रमा स्थापित हुने कुरामा एकमत हुन सकिन्छ । दलित, महिला, जनजाति र मधेसी समुदायलाई राज्यले दिने प्रतियोगिता र शिक्षा प्राप्तिका अवसरलाई आरक्षण दिएर राज्यले भेदभाव विरूद्ध सशक्तीकरणको सकारात्मक प्रयास प्रारम्भ गरेको छ । दलित आयोग, जनजाति आयोग र महिला आयोग मार्फत भेदभाव विरूद्धको प्रतिरोध र सांस्कृतिक जागरणको प्रयासले आगामी दिनमा सांस्कृतिक आन्दोलन अरू सशक्त र सक्रिय हुने आशा गर्न सकिन्छ ।

## 7.6 उपसंहार

'लोक' - को अर्थ सर्वसाधारण जनता र स्थान दुवै हो भनेका छन् लेखकले र तिनीहरूकै साहित्यलाई लोकसाहित्य भन्नु उपयुक्त हुने निष्कर्ष निकालेका छन्। 'लोक ' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि ।

लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ ।

प्रसिद्ध नृतत्वविद् फ्रयान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो । डाकृष्णदेव उपाध्याय भन्छन् .- प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो ।

समाजलाई मानिसद्वारा निर्मित एउटा व्यवस्था मानिन्छ। समाज कुनै पनि युगमा एक समान रहँदैन । यो व्यक्ति - व्यक्तिको व्यवस्थाद्वारा परिवर्तन भइ रहन्छ । यसरी मानव संसारमा समाज परिवर्तन सँगसँगै मानवमूल्यपरम्पराहरू पनि परिवर् तन हुँदै जान्छन् । मूलतः ब्रिटिश औपनिवेशिकरणको कारण सामाजिक मूल्यहरूको सङ्घर्ष तथा सङ्क्रमणको अनेक स्थिति भारतीय समाजमा दृष्टिगोचर छन् । समाज एकभन्दा धैरै मानिसहरुको समुदाय हो। समाजले एउटै रहनसहन-, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समुहलाई बुझाउँछ। यसले कुनै विशेष उदेश्य लिएर निर्माण गरिएका संघ,

संस्थालाई पनि बुझाउने गर्दछ। उदारणका लागि आर्य समाज, ब्रम्ह समाज, थारु समाज, नेवार समाज, आदिलाई लिन सकिन्छ। उक्त समाज भन्ने शब्द अङ्ग्रेजी शब्द ***Society* -** बाट लिइएको हो। 'समाज' शब्दले गाउँटोल वा सहरका बेग्लाबेग्लै घरमा बस्ने व्यक्तिहरुको समुहलाई बुझाउँछ। समाज समिष्टि हो। मानव परिवारको एकाईहरुको सम्पूर्णता हो। समाज विषयबारे अध्ययन गर्नुलाई समाजशास्त्र भनिन्छ । कुनै वस्तुलाई परिमार्जन गरेर वा सुसंस्कृत रूप दिएर चम्किलो तुल्याउने काम संस्कृति हो । **संस्कृति** शब्दको निर्माण **कृ** धातुमा **सम्** उपसर्ग र **ति** प्रत्यय लागेर भएको छ । यस शब्दले आफ्ना सन्ततिहरूलाई सुमार्गतर्पm उन्मुख गराउन पुर्खाहरूद्वारा प्रतिपादित विभिन्न खालका क्रियाकलापलाई बोध गराउँछ । हरेक मानव समुदाय कुनै न कुनै ढङ्गले कुनै न कुनै प्रकारको संस्कृतिमा आबद्ध हुन्छ । एउटा जाति वा सम्प्रदायको संस्कृति अर्को जाति वा सम्प्रदायको भन्दा भिन्न हुनसक्ने भएकाले संसारमा संस्कृतिगत विविधता पाइन्छ र यही विविधताका कारण हरेक जातिका चालचलन, रीतिथिति, रहनसहन, आचारविचार, भावना आदिमा पनि विविधता रहेको देखिन्छ । प्रत्येक जातीय संस्कृतिको योगबाट राष्ट्रिय संस्कृतिको निर्माण हुनसक्ने भएकाले जातीय संस्कृति राष्ट्रिय संस्कृतिको अभिन्न अङ्ग हुन्छ ।

## 7.7 सार

यस प्रखण्डमा **लोक साहित्यको सामाजिक र सांस्कृतिक परिप्रेक्ष्य**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ‘लोक’ - को अर्थ सर्वसाधारण जनता र स्थान दुवै हो भनेका छन् लेखकले र तिनीहरूकै साहित्यलाई लोकसाहित्य भन्नु उपयुक्त हुने निष्कर्ष निकालेका छन्।
- ‘लोक ’ शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको ‘लोक दर्शन’ धातुमा ‘धञ’ प्रत्यय लागेर बनेको शब्द हो ‘लोक’ । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि ।
- लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो ।
- यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो ।
- डाकृष्णदेव उपाध्याय भन्छन् .- प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई ‘लोक’ भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो ।
- समाजलाई मानिसद्वारा निर्मित एउटा व्यवस्था मानिन्छ। समाज कुनै पनि युगमा एक समान रहँदैन । यो व्यक्ति - व्यक्तिको व्यवस्थाद्वारा परिवर्तन भइ रहन्छ ।
- ब्रिटिश औपनिवेशिकरणको कारण सामाजिक मूल्यहरूको सङ्घर्ष तथा सङ्क्रमणको अनेक स्थिति भारतीय समाजमा दृष्टिगोचर छन् ।

- समाज एकभन्दा धेरै मानिसहरुको समुदाय हो। समाजले एउटै रहन-सहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समुहलाई बुझाउँछ।
- यसले कुनै विशेष उदेश्य लिएर निर्माण गरिएका संघ, संस्थालाई पनि बुझाउने गर्दछ। उदारणका लागि आर्य समाज, ब्रम्ह समाज, थारु समाज, नेवार समाज, आदिलाई लिन सकिन्छ।
- समाज शब्द अङ्ग्रेजी शब्द ***Society*** **-** बाट लिइएको हो। 'समाज' शब्दले गाउँटोल वा सहरका बेग्लाबेग्लै घरमा बस्ने व्यक्तिहरुको समुहलाई बुझाउँछ। समाज समिष्टि हो।
- मानव परिवारको एकाईहरुको सम्पूर्णता हो। समाज विषयबारे अध्ययन गर्नुलाई समाजशास्त्र भनिन्छ ।
- कुनै वस्तुलाई परिमार्जन गरेर वा सुसंस्कृत रूप दिएर चम्किलो तुल्याउने काम संस्कृति हो ।
- **संस्कृति** शब्दको निर्माण **कृ** धातुमा **सम्** उपसर्ग र **ति** प्रत्यय लागेर भएको छ । यस शब्दले आफ्ना सन्ततिहरूलाई सुमार्गतर्पm उन्मुख गराउन पुर्खाहरूद्वारा प्रतिपादित विभिन्न खालका क्रियाकलापलाई बोध गराउँछ ।
- मानव समुदाय कुनै न कुनै ढङ्गले कुनै न कुनै प्रकारको संस्कृतिमा आबद्ध हुन्छ । एउटा जाति वा सम्प्रदायको संस्कृति अर्को जाति वा सम्प्रदायको भन्दा भिन्न हुनसक्ने भएकाले संसारमा संस्कृतिगत विविधता पाइन्छ र यही विविधताका कारण हरेक जातिका चालचलन, रीतिथिति, रहनसहन, आचारविचार, भावना आदिमा पनि विविधता रहेको देखिन्छ ।

Notes

- ❖ प्रत्येक जातीय संस्कृतिको योगबाट राष्ट्रिय संस्कृतिको निर्माण हुनसक्ने भएकाले जातीय संस्कृति राष्ट्रिय संस्कृतिको अभिन्न अङ्ग हुन्छ ।

यस प्रखण्डको अध्ययनले **लोक साहित्यको सामाजिक र सांस्कृतिक परिप्रेक्ष्य**बारे बुनियाँदी जानकारी प्राप्त भयो । समाज र संस्कृतिको परिभाषा र लोकसाहित्यको सामाजिक र सांस्तिक पक्ष  सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 7.8 अनुशीलनी

1. लोकसाहित्यको अवधारणाबारे चर्चा गर्दै यसबारे विभिन्न विद्वानहरूले दिएको परिभाषालाई प्रस्तुत गर्नुहोस् ।
2. लोकसाहित्यको उत्पत्ति कहिले र कहाँबाट भएको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।
3. लोकसाहित्यका सामाजिक पक्षबारे एउटा गरिलो लोख तयार पार्नुहोस्।
4. लोकसाहित्यको संस्कृतिक पक्षबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस् ।
5. समाज शब्दको अर्थ र परिभाषाबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।
6. संस्कृति शब्दको अर्थ र परिभाषाबारे चर्चा गर्दै यसको लोकसाहित्यसितको सम्बन्धलाई चिनाउनुहोस्  ।
7. लोकसाहित्य सम्बन्ध समाजसित कतिको रहेको ठान्नुहुन्छ ? आफ्नो तर्कलाई प्रस्तुतु गर्नुहोस् ।

८. लोकसाहित्यका सांस्कृतिक मुख्य - मुख्य विशेषताहरू के के हुन् ? विश्लेषण   गर्नुहोस् ।

9. नेपाली लोकसाहित्य सम्बन्धि अध्ययन गर्दै नेपाली लोकसाहित्यका विविध बिशेषताहरूलाई चित्रण गर्नुहोस् ।

10. लोकनृत्य, लोकगाथा, लोकसंस्कृति, लोकनृत्य, लोकवार्ता, लोकसाहित्य आदिबारे टिप्पणी लेख्नुहोस् ।

## 7.9 अतिरिक्त अध्ययन


1. शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग** ।

2. प्रधान, कृष्णचन्द्र सिंह - **आधुनिक नेपाली उपन्यासमा सांस्कृतिक चेतना** ।

3. गिरी, अमर - **सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा**।

4. तामाङ, पेम्बा - **आख्यानदेखि पराख्यानसम्म** ।

5. लुइटेल, खगेन्द्रप्रसाद - **लोक साहित्य परिचय** ।

6. बन्धु, चूडामणि -**नेपाली लोकसाहित्य** ।

7. गिरी, जितेन्द्रदेव -**नेपाली लोकवार्ता** ।

८. गिरी, जिवेन्द्रदेव -**लोकसाहित्यको अवलोकन** ।

9. परमार, श्याम -**लोक साहित्य विमर्श** ।

10. लामिछाने, कपिलदेव - **नेपाली लोकगाथाको अध्ययन** ।

**11. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल -लोकवार्ता विज्ञान र लोकसाहित्य ।**

**12. उपाध्याय, कृष्णदेव - लोकसाहित्यकी भूमिका ।**

**13. दिवस, तुलसी - नेपाली लोककथाः केही अध्ययन ।**

**14. थापा, धर्मराज र हंसपुरे सुवेदी - नेपाली लोकसाहित्य ।**

**15. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।**

**16. कोइराला, शम्भुप्रसाद - लोक साहित्य : सिद्धान्त र विश्लेषण ।**

## 7.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

३१. लोकसाहित्यको सामान्य परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३२. समाज शब्दको अर्थ र परिभाषा ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३३. संस्कृति शब्दको अर्थ र परिभाषा ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३४. लोकसाहित्यको सामाजिक पक्ष ।

..........................................................................................

..........................................................................................

……………………………………………………………………………………

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.4 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

३५. लोकसाहित्यको सांस्कृतिक पक्ष ।

……………………………………………………………………………………

……………………………………………………………………………………

……………………………………………………………………………………

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.5 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन् )**